२८७


# भक्तपुर मासिक

Bhaktapur Monthly

असोज २०७७

ISSN 2705-4454

9 772705 445004




## भक्तपुर नगरपालिका

सम्पदा पुन: निर्माण तथा जीर्णोद्धार

## "सम्पदा पुन:निर्माण तथा जीर्णोद्धार"

सचित्र पुस्तक प्रकाशन


- नेपालको संविधान र स्थानीय तहको चुनौती
- संस्कारको परिचय र यसको आवश्यकता
- क्युवा र भक्तपुर नपा : शिक्षा र स्वास्थ्य
- महान वैज्ञानिक आइज्याक न्युटन
- विरुवा संरक्षणका केही उपायहरू
- भक्तपुर नपाका गतिविधि
- देश कतातिर पूँजीवाद वा समाजवाद
- भक्तपुरका ऐतिहासिक ढोकाहरू
- भारत-पाकिस्तान सम्बन्ध र कश्मिर मुद्दा
- आयुर्वेद जीवनका लागि आवश्यक विज्ञान
- स्वास्थ्य क्षेत्र निजीकरण र त्यसको परिणाम



चपाल भैरवनाथ द्यःछेँ पुनःनिर्माण सम्पन्न (वडा नं. ४)

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१०  फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

Bhaktapur Municipality

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४०  भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j ì{ #&⋆cÆ !!⋆g];❢!$)⋆lj-;❢@)&&c;f]h⋆A.D.2020

कार्यालय : भक्तपुर नगरपालिका कार्यालय भवन

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक : आशा कुमार चिकंबञ्जार

डेस्कटप : धनलक्ष्मी त्यात

आवरण सज्जा : रेणु ध्वजू

मुद्रण :

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

मूल्य रु. २५।-

तस्बिरहरू : भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)





'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन।

‘कसैको गुणको प्रशंसा गर्नमा आफ्नो सयम नष्ट नगर, उसको गुण अपनाउने प्रयत्न गर ।’–कार्ल मार्क्स

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) नेपालको संविधान र स्थानीय तहको चुनौती | प्रमुख सुनिल प्रजापति | ३ |
| २) देश कतातिर पूँजीवाद वा समाजवाद ? | क्रिश्चिना | ५ |
| ३) स्वास्थ्य क्षेत्र निजीकरण र त्यसको परिणाम | विवेक | ७ |
| ४) ‘उपत्यका छिर्ने नाकामा कडाइ गर्न नसक्दा उपत्यकामा सङ्क्रमण फैलियो’ | प्रमुख सुनिल प्रजापति | ९ |
| ५) सम्पदा संरक्षण र पर्यटनमा कोभिड १९ को चुनौती | उपप्रमुख रजनी जोशी | ११ |
| ६) कोरोना नियन्त्रणमा सहकारीहरूको भूमिका महत्त्वपूर्ण हुने | प्रमुख प्रजापति | १२ |
| ७) संस्कारको परिचय र यसको आवश्यकता | डा. हरिराम सुवाल | १४ |
| ८) भक्तपुरका ऐतिहासिक ढोकाहरू | ओम धौभडेल | १७ |
| ९) पञ्चामृत लेपन | तेजेश्वरबाबु ग्वंगः | २३ |
| १०) भारत–पाकिस्तान सम्बन्ध र कश्मिर मुद्दा | डा. बलराम कायस्थ | २५ |
| ११) क्युवा र भक्तपुर नपा : शिक्षा र स्वास्थ्य | डा. बालकृष्ण चाँगुभारी | २८ |
| १२) आइज्याक न्युटन | राजेन्द्रबहादुर कायष्ठ | ३४ |
| १३) कोभिड १९ रोगबारे आफूले जानेको कुरा | डा. रविन्द्र पाण्डे | ३८ |
| १४) विरुवा संरक्षणका केही उपायहरू | सबिन ख्याजू | ४० |
| १५) ‘हाम्रो अभ्यास २०७७’ पुस्तक अध्ययन गर्दा | कृतिका प्रजापति | ४३ |
| १६) अस्ट्रेलिया मेलबर्नको यात्रा संस्मरण | हेरा ख्याजू | ४५ |
| १७) ‘आयुर्वेद रोगको निदान गर्ने विज्ञानमात्र नभएर जीवनका लागि ... | डा. नदन कँडेल | ५१ |
| १८) ‘कोरोना सङ्क्रमितलाई हेला होइन सहयोग गरौँ’ | सुनिता खुसु | ५७ |
| १९) भक्तपुरका महिलाहरूले ‘रेस्क्यू’ गरेको रानीपोखरी | सुदीप श्रेष्ठ | ५९ |
| २०) रानीपोखरी (न्हू पुखु) लाई नयाँ जीवन दिने भक्तपुरका महिला कालिगड | जेनिश लागेजु | ६३ |
| २१) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | ६८ |
| २२) बजारमा बिक्ने होइन देश र जनताप्रति समर्पित जनशक्ति तयार गर्नु आवश्यक | – | ७८ |
| २३) अनलाइन कक्षा सञ्चालन र शुल्क सम्बन्धमा नगर शिक्षा समिति भक्तपुरका निर्णयहरू | – | ७९ |
| २४) विश्व पर्यटन दिवसको अवसरमा ‘सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार’ सचित्र पुस्तक विमोचन | – | ८० |
| २५) नगर प्रमुख प्रजापतिलाई संयुक्त परीक्षा समितिको ध्यानाकर्षण पत्र | – | ८२ |
| २६) आवश्यक सुविधासहित भक्तपुर नपाको आइसोलेसन केन्द्र सञ्चालन | – | ८३ |
| २७) ख्वपका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण | – | ८४ |
| २८) ख्वपमा कानुन विषयको अध्ययन र महत्त्वबारे प्रवचन | – | ८५ |
| २९) भक्तपुर नगरपालिकाबाट प्रकोप व्यवस्थापनमा एक करोड उनान्नसी लाख खर्च | – | ८६ |
| ३०) स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सहकारी संस्थाहरू सञ्चालन गर्न पहल गर्ने | – | ९० |
| ३१) कोरोना महामारी नियन्त्रणमा केन्द्र, प्रदेश र स्थानीयतहबीच समन्वय भएन | – | ९२ |
| ३२) ‘भक्तपुर नपाले स्वास्थ्य उपचार र अन्य सेवाको परामर्शको लागि चिकित्सक ... | – | ९३ |
| ३१) दुई तिहाइसँग अपेक्षा (सम्पादकको पृष्ठ) | – | १०८ |


**साथमा**


दशैं औपचारिकतामा सीमित गर्न छलफल–६/रङ्गीन पृष्ठ–५३/नेपालमा कोरोना सङ्क्रमण–६५/विश्वमा कोभिड–१९ को स्थिति–६६/परीक्षा सञ्चालनबारे अनलाइन अभिमुखीकरण–७७/बसिबियाँलो–८१/प्रमुखबाट रानीपुखुको निरीक्षण–८२/कोभिड रोकथामका लागि जनस्वास्थ्य सेवा केन्द्रबाट भएका कार्य–८६/सुरक्षा नीति अपनाएर व्यवसाय सञ्चालिन गरिने–९०/कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सहकारी संस्थाहरूको भूमिकाबारे छलफल–९१/निषेधाज्ञामा अनियमित निर्माण भत्काइयो–९१/भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा सङ्घ–संस्थाहरूको नामावली–९३/भक्तपुरमा पीसीआर मेसिनको लागि पहल–९४/निषेधाज्ञा खुकुलो–९४/आङ रितामा हार्दिक श्रद्धाञ्जली !–९५/स्वामी अग्निवेशको निधन–९६/गुणस्तरहीन सानिटाइजर प्रयोग नगरौँ–९६/ङातापोल्हँ निर्माण कथा (७)–९७/स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११) –१०४/SKETCHES FROM NIPAL (53) -Henry Ambrose Oldfield-107 ।

# g]kfnsf] ;+ljwfg / :yfgLo txsf] r'gf}tL

– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका



भनपा मेयर सुनिल प्रजापति

स्थानीय तह प्रजातन्त्रको जग हो र जनताको सबैभन्दा नजिकको जनप्रतिनिधि संस्था हो । जनतालाई कुनै पनि समस्या पर्दा सबैभन्दा पहिले पुग्ने ठाउँ भनेकै स्थानीय तहमा हो । त्यसैले स्थानीय तहलाई अधिकार सम्पन्न बनाइनु पर्छ र स्थानीय तह बलियो भएमा नै जनता बलिया हुन्छन् । जनआन्दोलन र संविधान निर्माणको बेला स्थानीय तहको स्वायत्तता र विकेन्द्रीकरणबारे निकै चर्चा भयो । स्वायत्तता र विकेन्द्रीकरणको राम्रोसँग कार्यान्वयन भएको भए सङ्घीयता आवश्यक हुने थिएन ।

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको व्यवस्था गऱ्यो । स्थानीय तहलाई कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकासहितको अधिकार सम्पन्न बनायो । संविधानको अनुसूचिमै स्थानीय तहको अधिकारहरू उल्लेख गरियो । मा.वि. तहसम्मको शिक्षा, आधारभूत स्वास्थ्य उपचार, नगर प्रहरी, सहकारीलगायत २२ वटा अधिकारहरू स्थानीय तहको एकल अधिकार भित्र राखिएको छ । ती अधिकारहरूको विषयमा आवश्यक ऐन, नियम, विनियमलगायत कार्यविधि बनाई त्यसको पूर्ण कार्यान्वयनको अधिकार स्थानीय तहलाई दिइयो । नेपालको संवैधानिक र कानूनी इतिहासमा संविधानमै स्थानीय तहको अधिकारको व्यवस्था गरेको यो पहिलो हो ।

स्थानीय तह अधिकार सम्पन्न भए पनि कतिपय स्थानीय तह 'कुहिरोको काग' झैँ भएको पनि पाइएको छ । पहिले सङ्घीयताको नारा लगाउनेहरू नै अहिले केन्द्र, प्रदेश र अधिकांश स्थानीय तहमा छन् तर सिंहदरबारको अधिकार स्थानीय तहसम्म दिन तिनीहरू आनाकानी गर्दैछन् ।

संविधानले मा.वि. तह (कक्षा १२) सम्मको सम्पूर्ण अधिकार स्थानीय तहलाई दिएको छ । सामुदायिक विद्यालयहरूमा कार्यरत सबै शिक्षकहरूको तलब स्थानीय तहले नै प्रदान गर्दै आएको छ तर केन्द्र सरकारले विभिन्न बहानामा खारेज भइसकेको जिल्ला शिक्षा कार्यालयलाई ब्युँटाउने कोसिस गर्दैछ । जिल्ला शिक्षा समन्वय एकाइ खडा गरेर शिक्षकहरूको सरुवा, बढुवा तथा पद मिलानको काम गर्दै आएको छ । अधिकांश नगरपालिकाहरूले शिक्षा ऐन बनाई कार्यान्वयन गरिरहेको अवस्थामा शिक्षा समन्वय एकाइ खडा गरी कार्य गर्नु संविधानको ठाडो उल्लङ्घन हो र यो स्थानीय तहको अधिकारमाथि हस्तक्षेप हो । केन्द्र सरकारले यस्ता संविधान विपरीत कार्यलाई तत्काल रोक्न आवश्यक छ । तलब प्रदान गर्ने स्थानीय तह र शिक्षकहरू माथिको नियन्त्रण केन्द्रको हुनु अनुचित मात्रै होइन अव्यवहारिक पनि छ ।

कति मन्त्रीहरूले शिक्षा र स्वास्थ्य जस्ता विषयहरू स्थानीय तहले जिम्मा लिनै सक्दैनन् भनी गैर जिम्मेवार अभिव्यक्ति दिएका छन् । ती मन्त्रीहरूले बुझ्नु पर्ने हो, भक्तपुर नगरपालिकाले ख्वप इन्जिनियरिङ कलेज, ख्वप कलेज अफ इन्जिनियरिङ, ख्वप कलेजलगायत सात वटा शैक्षिक संस्थाहरू सफलताका साथ सञ्चालन गरिरहेको छ । देशका ७६ जिल्लाका विद्यार्थीहरूले भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययन गरिसकेका छन् भने ६५ जिल्लाका करिब ६ हजार विद्यार्थीहरू अध्ययनरत छन् । भनपाले जनताका छोराछोरीलाई सस्तो र गुणस्तरीय उच्च शिक्षा हासिल गर्ने अवसर प्रदान गर्दै आएको छ । भनपाले ख्वप विश्वविद्यालय सञ्चालनको पनि तयारी गरिरहेको छ । विश्वविद्यालयको सम्बन्धन प्राप्त भएमा देशमै सस्तोमा चिकित्सा शिक्षा प्रदान गर्ने उद्देश्य पनि भनपाको छ । त्यसैगरी स्वास्थ्य क्षेत्रमा घरदैलो नर्सिङ कार्यक्रम, जनस्वास्थ्य केन्द्रहरूमार्फत सस्तो र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । हाल २५ शय्याको अस्पतालको स्वीकृति प्राप्त गरी भविष्यमा १०० शय्यासम्मको सेवा दिने तयारी गरी अस्पताल भवन निर्माण गर्दैछ ।

केन्द्र र प्रदेश सरकारहरूले नीतिभन्दा व्यक्तिगत पहुँचको आधारमा बजेट विनियोजन गर्दै आएका छन् । त्यसले गर्दा आवश्यकता एकातिर बजेट अर्कोतिर भएका थुप्रै उदाहरणहरू छन् भने बजेटको दुरूपयोग पनि भइरहेको छ । हरेक विषयमा जनप्रतिनिधिहरू सिंहदरबार धाउनुपर्ने सामन्तवादी बन्दोवस्तको संस्कारको अझै अन्त्य भएको छैन । सङ्घीयता पूर्ण कार्यान्वयन

गर्नुपर्नेमा सङ्घ सरकारमा बस्नेहरूले आदेश र निर्देशनको भरमा शासन चलाउन खोज्दैछन्। त्यो गलत अभ्यास हो। सङ्घीयता शब्दमा होइन, नेपाली जनता व्यवहारमा चाहन्छन्। स्थानीय तह आफ्नो क्षेत्रभित्र स्वायत्त भएको हुँदा संविधान र कानूनले प्रदान गरेका अधिकारहरूमाथि कहिं कतैबाट पनि हस्तक्षेप हुनुहुँदैन।

नेपाल सरकार शहरी विकास मन्त्रालयले स्थानीय तहको अनुमतिबिना काठमाण्डौ उपत्यकामा १ लाख रोपनीको १ ओटा र १० हजार रोपनीको ३ ओटा गरी ४ वटा ठूला सहरहरू निर्माण गर्न डिपिआर तयार गर्ने प्रकृया अगाडि बढाउँदै छ भन्ने समाचार छ। घना जनसङ्ख्याको कारण काठमाण्डौ उपत्यकामा फोहोर व्यवस्थापनको समस्या, खानेपानीको हाहाकार, अपराधको सङ्ख्यामा बृद्धि तथा ट्राफिक जाम जस्ता समस्या जनताले भोग्दैछन्। देशको सन्तुलित विकासको लागि उपत्यका बाहिर स-साना सहरहरूको विकास गर्नु आवश्यक छ। ती ठाउँहरूमा आवश्यक पूर्वाधाहरू र सुविधाको व्यवस्था गरी दिए जनतालाई काठमाण्डौं केन्द्रित हुने वाध्यता हुने थिएन। काठमाण्डौ उपत्यकालाई सांस्कृतिक संरक्षित केन्द्रको रूपमा विकास गर्दा विश्व सम्पदाको संरक्षण र बन्दोवस्त गर्न सहज हुनेछ।

स्थानीय तहलाई आवश्यक पर्ने कर्मचारी स्थानीय तहले नै राख्ने व्यवस्था हुन आवश्यक छ। केन्द्र र प्रदेशले स्थानीय तहमा कर्मचारीहरू पठाउनु स्थानीय तहको अधिकारको अपहरण हो। यो स्थानीय स्वायत्त शासन ऐन २०५५ भन्दा पनि प्रतिगामी छ।

देशव्यापी कोरोना महामारी छ। त्यस्तो विशेष परिस्थितिमा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वयमा कार्य अगाडि बढाउनु आवश्यक छ। सबैले आ-आफ्नो तरिकाले कार्य गर्दा समस्या देखिएको छ। तीनै तहका सरकारहरूबीच समन्वयमा काम सम्पन्न गर्न सक्यौं भने कोरोनाबाट देशलाई छिट्टै मुक्त गर्न सकिने छ।

देशको पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक महत्त्वका सम्पदाहरूको जीर्णोद्धार वा पुनःनिर्माण ठेक्कामा गर्न दिनु उचित होइन। ठेकेदारको पहिलो प्राथमिकता नाफा हुन्छ। त्यसैले उसले गुणस्तरलाई ध्यान दिँदैन। पुरातात्त्विक, ऐतिहासिक र सांस्कृतिक महत्त्वबारे ठेकेदारहरूले मतलब गर्दैनन्। त्यसकारण त्यस्ता सम्पदाहरू पुनःनिर्माण वा जीर्णोद्धार गर्दा उपभोक्तामार्फत् गराउनु उपयुक्त विकल्प हुनसक्छ। उपभोक्ताबाट काम गराउँदा सम्पदाप्रति जनताको अपनत्व कायम हुने, संरचना गुरणस्तरीय हुने, स्थानीय जनताले रोजगारी पाउने तथा नगरको पैसा नगरबासीहरूकै हातमा पुग्नेछ। यस विषयमा सङ्घ, प्रदेश र स्थानीय तहमा बस्ने पदाधिकारीहरूले गम्भीरतापूर्वक सोच्नु आवश्यक छ। सम्पदाको मौलिकता बचाइ राख्न यो नै सबभन्दा राम्रो विकल्प हुनसक्छ।

२०७७/६/३


# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

# सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०७७/०६/१५)**

भक्तपुर नगरपालिका नगर कार्यपालिकाको मिति २०७७।०६।०६ गते बसेको बैठकको निर्णयअनुसार यस नगरपालिका क्षेत्रभित्र सञ्चालित संस्थागत विद्यालयको आ.व.२०७६/७७ को लेखापरीक्षण सम्बन्धित विद्यालयबाट नियुक्तिका लागि सिफारिस भएकोले लेखापरीक्षकबाट लेखा परीक्षण गराउने व्यवस्था भएअनुसार सम्बन्धित विद्यालयहरूबाट तपसिलमा उल्लेखित कागजातहरूसहित भ.न.पा. को आन्तरिक लेखापरीक्षण शाखामा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र पत्र पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

**संलग्न गर्नुपर्ने कागजातहरू:**

१. सफाइ शुल्क तिरेको प्रमाण।
२. शिक्षा सेवा शुल्क तिरेको प्रमाण।
३. घर जग्गा/बहाल कर तिरेको प्रमाण।
४. विद्यालय व्यवस्थापन समितिबाट दर्तावाला लेखापरीक्षकको नाम सिफारिसको निर्णय।
५. लेखापरीक्षकको नागरिकता, आ.व. २०७६/७७ कर चुक्ताको प्रमाण, ICAN मा दर्ता तथा नवीकरण भएको प्रमाण।
६. आ.व. २०७५/७६ को विद्यालयको कर चुक्ताको प्रमाण।

# देश कतातिर पूँजीवाद वा समाजवाद ?

क्रिश्चिना

पूँजीवादी देशहरू क्रान्तिपश्चात् समाजवादतिर उन्मुख भएका थिए, क्रान्तिकारी नेता र कार्यकर्ताहरू शहीद भए र ज्येष्ठ हुँदै गए, नयाँ पुस्तामा पूँजीवादी विषयको प्रचार हुँदै गयो । सत्तासीन नेता र मन्त्री भएका पूँजीवादी तत्त्वहरूले सिद्धान्त र व्यवहारमा समाजवादको सट्टा एक – एक पाइला गर्दै पूँजीवादको पुनः स्थापना गरे । पूर्वी युरोपेली समाजवादीहरूको पतन र आजको हविगतको कारण यही हो ।

'हवाई नीति– २०७७ को मस्यौदा सार्वजनिक, निजी क्षेत्रलाई विमानस्थल बनाउन र सञ्चालन गर्न दिइने', शीर्षकको समाचार (राजधानी, १७ भदौ २०७७) ले देशको नेपाल वायु सेवा निगम अर्थात् सरकारको हवाई सेवा ध्वस्त गर्ने निश्चित छ ।

दुई–चार वर्षपछि अहिले देखिने निजी वायु सेवा एक–एक गरी भारत र पश्चिमी वायु सेवाको हातमा पुग्नेछ, नेपाल मगन्ते हुनेछ ।

### वीरको ओपीडी बन्द !

उपत्यका र देशकै सबभन्दा ठूलो सरकारी अस्पताल वीर अस्पतालका व्यवस्थापक वा सरल भाषामा हाकिमहरूकै कारण वीरमा '३९ स्वास्थ्यकर्मी सङ्क्रमित, ७५ जना क्वारेन्टिनमा, बिरामीको उपचारमा खटिने जनशक्ति अभाव' छ (कान्तिपुर, १७ भदौ २०७७) ।

यस्तो स्थिति आउनुमा अस्पतालका निर्देशक र हाँगा–बिँगा विभागका प्रमुखहरू जिम्मेवार छन् । त्यस्ता गैरजिम्मेवार पदाधिकारीहरूलाई तत्काल अन्तै सरुवा गर्नुपर्छ । बेवास्ता वा भ्रष्टाचारको छानबिन गरी मुद्दा चलाउनुपर्छ ।

आफ्नै कर्मचारीको सुरक्षा गर्न नसक्ने प्रमुखहरूले जनताको सेवा कसरी गर्लान् ? वीर अस्पताल ध्वस्त पारी निजी अस्पताल गुल्जार गर्ने नेका र नेकपाका नेताहरूको उद्देश्य हो ।

### के ओली सरकार ठेकेदारहरूले चलाउदै छन् ?

पप्पुलगायतका अर्बौं रकमका योजनाहरूका बदनाम ठेकेदारहरूले देशका मुख्य – मुख्य योजनाहरूमा काम गर्न होइन ती ठेक्काहरू अरूले लिन नपाऊन् भनी 'एड्भान्स बुकिङ' गराई देशको विकास अवरुद्ध गराएको बारे जनतामा धेरै चर्चा भएको कुरा नौलो होइन ।

पुलकै दुर्दशा बनाउने ठेकेदारहरूलाई कारबाही होइन, रेलमार्ग बनाउने जिम्मेवारी ?, जनतालाई मुआब्जाभन्दा पहिल्यै ठेकेदारलाई नगद दिने खेल हुँदा कहाँ छ देशको कानुन ? कहाँ छ अख्तियार ?, झापामा पुलको बिजोग बनाउने ठेकेदारलाई झापामै रेल कुदाउने जिम्मा, कञ्चनपुरमा पुल अलपत्र पार्ने ठेकेदार रेल गुडाउन झापा जाँदै – (नयाँ पत्रिका, १७ भदौ २०७७) ।

पञ्चायती कालमा केही सय किसानलाई वर्षमा दुई बाली लिई शोषण गर्ने धर्मप्रसाद ढकाललाई योजनाबद्ध तरिकाले हत्या गर्ने वर्तमान प्रम ओलीले ३ करोड जनता र देशलाई बर्बाद पार्ने ठेकेदारहरूलाई किन कारबाही गर्नसक्दैनन् !? आश्चर्य प्रकट गर्दै छन् जनता । त्यसबेला ओलीजीसँग खुकुरी लिएका केही दर्जनमात्र कार्यकर्ता थिए । आज देशको सेना, प्रहरी, सशस्त्र प्रहरी, गुप्तचर विभाग, अख्तियार, महान्यायाधिवक्ता आदि राज्यका सशक्त अङ्गहरू छन् । तर, किन यो दुर्दशा !?

के त्यसको कारण 'लगानी बोर्ड' र त्यसका नायकहरू होइनन् ? संसद्, मन्त्रिपरिषद् र अदालतभन्दा माथि बस्ने 'लगानी बोर्ड' को ऐन– कानुन के विदेशीले बनाइदिएका होइनन् ? यसमा अहिले चुरीफुरी गर्ने नेपाली कांग्रेस र एमालेका नेताहरू एवम् एमाओवादीका नेता प्रचण्ड जिम्मेवार छन् । तिनीहरूमध्ये कति बिते र कति जिउँदै मौन छन् । त्यस्ता कतिपय नेताहरू पुनः प्रधानमन्त्री र राष्ट्रपति बन्ने दाउमा छन् । निर्लज्जताको हद !

नयाँ पुस्ता र 'युवा नेतृत्व' को नाममा केही उफ्रिँदै छन्, देशमा छरिएका लासका हाडखोड भागबन्डा गर्न ! जनताको यो वितृष्णा र घृणालाई उपयुक्त जवाफ दिनु र चित्त बुझाउनु आवश्यक छ ।

### एक धार्नी चाकु खाएर पनि चाकुको स्वाद नपाउने सिंहदरबार !

१७ भदौ २०७७ को 'गोरखापत्र' को समाचारको मुख्य शीर्षक छ – '५० हजार टन युरिया पठाउन बङ्गलादेश तयार ।' अन्य पत्रिकाले त्यसै समाचारलाई 'बङ्गलादेशसँग ५० हजार मेट्रिक टन युरिया मल पैँचो' भनी लेखे ।

पञ्चायतकालमा यस्तो हाहाकार नहुने तर दुईतिहाइको सरकार अर्थात् जनता, साहु–महाजन, व्यापारी र ठेकेदार एवम् मित्र राष्ट्रहरूले पनि पत्याएको सरकारले चैत–वैशाख महिनामा व्यवस्था गर्नुपर्ने कृषि मल भदौको मध्यसम्ममा समेत बन्दोबस्त गर्न नसक्नु युवा कृषिमन्त्रीको अयोग्यता र नालायकीपन होइन ? मन्त्री र मन्त्रालयको जिम्मेवारीमा नेकपाले प्रधानमन्त्रीलाई किन अगाडि सार्ने काम गर्‍यो ? के 'युवा' मन्त्री अब मन्त्रालय जान छोडेकै हुन् वा व्यापारी वा

ठेकेदारहरूसँग मोलतोल नमिलेरै प्रमलाई बङ्गलादेशसँग वार्ता गर्ने मेसो मिलाइएको हो ?

सत्य यही हो भने, पञ्चायतकालमा पनि बङ्गलादेशसँग नेपालले मल किन्थ्यो ! ठुस्स परेर भारत बाटो छोड्दैनथ्यो । पेट्रोलियम पदार्थपछि रासायनिक मल नै ठूलो व्यापार थियो – त्यसबेला ! अथवा नेपाली जनताले भारतबाट धेरै ठगीको अनुभव गरेका हुँदा अहिले बङ्गलादेशसँग 'पैँचो' लिने र भारतबाट आवश्यक भाग पाएपछि बङ्गलादेशसँग मल किनेको कागज मिलाउने होला भनी जनतामा फैलिएको शङ्का र जिज्ञासालाई कुन मन्त्रालयले उत्तर दिने हो, स्पष्टीकरण भने दिनैपर्छ ।

## "नीतिभन्दा नेताकेन्द्रित" र "समकक्षीहरूमा प्रतिस्पर्धा" नेका र नेकपा पुन: "रअ" को खेलमा ?

नेपालमा शासक दलहरूको सम्मेलन, महाधिवेशन वा सरकार परिवर्तनको बेला काठमाडौँमा भारतीय गुप्तचर विभाग 'रअ' का प्रतिनिधिहरू विभिन्न तारे होटलहरूमा सक्रिय भएको अनुमान गर्नु अस्वाभाविक होइन । यो त सात दशकदेखि नेपाली जनताले भोगिआएकै विषय हो ।

राजधानीमै चलेको हल्लाअनुसार 'रअ' को नयाँ नेतृत्व नेपालका शासक दलहरूमा 'वंश परम्परा' नै उपयुक्त हुन्छ भन्ने विश्लेषणमा छ । शशाङ्क कोइराला, शेखर कोइराला वा प्रकाश कोइराला, सुजाता कोइराला र सुशील कोइरालाले आ–आफ्ना निर्वाचन क्षेत्रमा मात्रै होइन नयाँ ठाउँमा समेत जनताको मत पाएर नेकाको छविलाई कायम राखेकै थिए ।

तर, प्रकाशमान सिंह र विमलेन्द्र निधीबारे पनि 'रअ' को त्यही विश्लेषण हो भने नेपाली कांग्रेस र प्रजातान्त्रिक बुद्धिजीवी समुदायमा फरक मत सुनिन्छ । गणेशमानजीलाई त्याग समर्पणको प्रतीक मानिन्छ भने प्रकाशमान सिंहमा 'त्याग र समर्पण' नहुनु स्वाभाविक छ । उनमा आवश्यक सैद्धान्तिक चुस्तता, व्यवहार चातुर्य र राजनैतिक अगुवाइको कमी अनुभव गर्छन् प्रजातान्त्रिक चिन्तकहरू ।

महेन्द्रनारायण निधीको नेपालको तराईमा गान्धीवादीको रूपमा चर्चा हुन्थ्यो । बानी–व्यहोरामा आँखामा राख्दा पनि नबिझाउने नेता महेन्द्रनारायण निधीजी हुनुहुन्थ्यो । पञ्चायतकालमा नेपालभित्र नेकाले गरेको शान्तिपूर्ण आन्दोलनका पक्षपाती हुनुहुन्थ्यो र बीपी कोइरालालाई नेपालमै बसेर शान्तिपूर्ण आन्दोलनबाट चित्त बुझाउने व्यक्तिको रूपमा देखिनुहुन्थ्यो ।

तर, विमलेन्द्र निधीको बारेमा तराईमा भिन्न मत छ । उनी महेन्द्रनारायणजीको सादगी र चिन्तनको विपरीत गुण्डागर्दी, भ्रष्टाचार, फूट, ठगी, साम्प्रदायिक र जातिवादलाई प्रश्रय दिने अत्यन्त नकारात्मक प्रवृत्तिका प्रतीक मानिन्छन् । राजनीतिको साँचोमा बाबुको गुण छोरामा पनि हुने प्राणी विज्ञानको सिलसिलासँग मेल खाँदैन । नेपालको तराईबाट एक बौद्धिक र व्यावहारिकरूपले सबैले मान्ने खालको प्राज्ञिक र प्रजातान्त्रिक व्यक्तित्वको खाँचो अनुभव गरिँदै छ ।

*('श्रमिक' साप्ताहिकबाट)*

# दशैं औपचारिकतामा सीमित गर्न छलफल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा दशैंको अवधिमा हुने खम्ये जात्रा र दशैंसँग सम्बन्धित विभिन्न जात्राका सरोकारवालाहरूसँग दशैंलाई औपचारिकतामा सीमित गर्ने विषयमा असोज १८ गते छलफल गरियो ।

छलफलमा नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाभित्र कोरोना सङ्क्रमितहरूको अवस्था भयावह बनिरहेको विषम् परिस्थितिमा नजिकिँदै गरेको दशैं भीडभाड कम हुने गरी औपचारिकतामा सीमित गर्न सरोकारावाला पक्षहरूसँग छलफल सुरु गरेको बताउनुभयो ।

यस वर्ष कोरोना सङ्क्रमणको जोखिमका कारण भक्तपुरका सांस्कृतिक एवम् ऐतिहासिक महत्व बोकेका जात्रा तथा पर्वहरू सामान्य रूपमा सुरक्षित ढङ्गले सम्पन्न गर्नुपर्ने बाध्यता रहेको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले नगरबासी स्वयम् सचेत रहे कोरोना नियन्त्रण सहज हुने बताउनुभयो ।

कोरोना महामारीबीच पनि भक्तपुर नगरपालिकाले नगरबासी सङ्क्रमितहरूलाई लक्षित गरी ७५ शय्याको सुविधा सम्पन्न आइसोलेसन स्थापना गरेको बताउनुहुँदै उहाँले नगरको सुरक्षा र सरसफाइलाई प्राथमिकता दिएर नगरपालिका अगाडि बढिरहेको बताउनुभयो ।

छलफलमा भनपा वडा नं. ९ का वडाध्यक्ष रबिन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाभित्र कोरोना सङ्क्रमितहरूको पछिल्लो अवस्थाबारे अवगत गराउनुभयो । घना बस्ती भएको भक्तपुर नगरमा कोरोनाको जोखिम अझ धेरै भएको हुँदा कोरोना जोखिमका कारण यस वर्षको चाडपर्वहरू सुरक्षित ढङ्गले मनाउनुपर्ने बताउनुभयो ।

छलफलमा सरोकारवाला प्रतिनिधिहरूले दशैंमा कम भीडभाड हुने गरी जात्रालाई निर्धारित समयभन्दा छिटो सम्पन्न गर्नुपर्ने, जात्रा हुने स्थानहरूमा स्वयम्सेवक परिचालन गरी भीडभाड कम गर्नुपर्ने, भीड जम्मा हुने बाजागाजा बन्द गर्नुपर्ने, सचेतनामूलक माइकिङमार्फत नगरबासीहरूलाई सचेत रहन आग्रह गरिरहनुपर्नेलगायतको धारणाहरू व्यक्त गरियो ।

छलफलमा नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ तथा नवदुर्गा देवगण तथा जात्रा व्यवस्थापन समितिका प्रतिनिधिहरू, मुकुन्डो निर्माणकर्ता, कर्माचार्य, हाकुज्या (प्रजापति), शाही एवम् चित्रकारहरूका प्रतिनिधिहरूको उपस्थिति थियो ।

# :jf:Yo lf[ lghLs/0f / To;sf] kl/0ffd

विवेक

शक्तिशाली पूँजीवादी देशहरूले आर्थिक सहयोगको नाममा साना र कमजोर देशहरूको अर्थतन्त्रमाथि आफ्नो कब्जा जमाउँदै गए। राज्यको स्वामित्वमा रहेका कलकारखाना, उद्योगधन्दाहरू निजीकरण गर्दै कौडीको मूल्यमा पूँजीपतिहरूलाई बिक्री गर्न बाध्य पारिँदै लगियो। राज्यले व्यापार व्यवसाय गर्ने होइन, राज्य सबै विषयमा तटस्थ बस्नुपर्छ भन्ने नवउदारवादी सिद्धान्तअनुसार शिक्षा, स्वास्थ्यजस्ता आधारभूत विचारहरूसमेत पूँजीपति वर्गको नियन्त्रणमा गयो र राज्य क्रमशः कमजोर हुँदै गयो। यसबारे जनतालाई प्रष्ट पार्नुहुँदै का. रोहितले 'नवउदारवाद आक्रमक पूँजीवाद हो' भन्नुभएको थियो।

२०४६ सालपछि नेपाली कांग्रेसको सरकारले उदारवादी अर्थनीति अवलम्बन गर्‍यो। त्यसपछि गठन भएका सरकारहरूले त्यसलाई निरन्तरता दिँदै गए। निजी क्षेत्रलाई पनि विकासको साझेदार बनाउने नाउँमा देशमा पञ्चायती व्यवस्थाले स्थापना गरेका प्रायः सबैजसो उद्योगहरू एक एक गरी निजीकरण गरियो। सरकारी स्वामित्वमा अस्पतालहरू स्थापना गर्ने, भएका अस्पतालहरूलाई राम्रो र व्यवस्थित गरिनुको सट्टा निजी अस्पताल, नर्सिङ होम, मेडिकल कलेज, नर्सिङ कलेजहरू स्थापना गर्न स्वीकृति दिन थाल्यो। सरकारले ध्यान दिन नसक्दा निजी लगानीमा स्थापित अस्पतालहरूले कोरोना महामारीमा ब्रम्हलुट मचाए, कलेजहरूले मनपरी शुल्क असुले। सरकार निरीह भएर बस्यो। सरकारभन्दा निजी क्षेत्र बलियो भएको प्रमाण हो यो।

कोरोना महामारीको बेला स्वास्थ्य क्षेत्र निजीकरणको परिणाम नेपाली जनताले भोग्दैछन्। सरकारले उपत्यका बाहिरबाट आएका नागरिकहरूलाई पीसीआर परीक्षण अनिवार्य गर्‍यो। पीसीआर परीक्षणको रिपोर्टबिना घरबेटीहरू कोठामा राख्न मान्दैनन्, उद्योगपतिहरू उद्योगमा काम गर्न दिँदैनन्। पीसीआर परीक्षणको पर्याप्त सरकारी प्रयोगशालाहरू नहुँदा नागरिकहरू निजी क्षेत्रमा जान बाध्य भए। परीक्षणको लागि जनता रात दिन घाम पानी नभनी प्रयोगशाला कुर्दैछन्। निजी प्रयोगशाला सञ्चालन गर्ने अस्पतालहरूले महामारीलाई अकुत सम्पत्ति कमाउने अवसरको रूपमा लिए। सुरुमा जथाभावी शुल्क लिन थालेपछि सरकारले नै प्रतिव्यक्ति ५,५००।- तोक्यो, त्यसपछि ४,४००।- र पछिल्लो पटक भदौ २८ गतेको निर्णयअनुसार २०००।- भन्दा बढी शुल्क लिन नपाउने निर्देशन दियो।

ह्याम्स अस्पताल, मेडिसिटी अस्पताल, स्टार अस्पताललगायतले सरकारको निर्देशन अवज्ञा गर्दै पछिसम्म पनि प्रतिव्यक्ति ३,९००।- असुल्ने गरेको समाचार सार्वजनिक भयो। नेपाल सरकारले तोकेकोभन्दा बढी शुल्क लिएको पाइएमा प्रयोगशालाहरूको अनुमति नै खारेज गर्ने सूचना प्रकाशित गर्‍यो। त्यसको प्रतिक्रिया स्वरूप निजी अस्पताल सञ्चालकहरूको बैठकले असोज १७ गतेसम्म सरकारले तोकेको रु. २०००।- मा पीसीआर परीक्षण गर्ने त्यसपछि प्रयोगशाला नै बन्द गर्ने निर्णय गर्‍यो। यो सरकारलाई निजी क्षेत्रको हाँक हो।

स्वास्थ्यको जिम्मा निजी क्षेत्रलाई दिँदा आज सरकार पंगु बनेको छ। निजी क्षेत्रले आफ्नो व्यक्तिगत लगानीमा अस्पताल सञ्चालन गरेको हुँदा उसले नाफा खोज्नु स्वाभाविक हो तर उसको पनि सामाजिक उत्तरदायित्व हुन्छ भन्ने कुरा बिर्सनुहुँदैन। देशमा महामारी फैलिएको बेला सहयोग गर्नु के निजी अस्पतालहरूको सामाजिक दायित्व भित्र पर्दैन ? यही स्थितिले निरन्तरता पाउने हो भने सरकारले निजी अस्पताललाई क्रमशः राष्ट्रियकरण गर्नेतर्फ सोच्नु आवश्यक छ। तोकिएको दरमा पीसीआर परीक्षण नगर्ने प्रयोगशालाहरूको मात्रै अनुमति खारेज होइन, अस्पतालहरूकै दर्ता खारेज गर्नुपर्छ। महामारीलाई 'कम्युनिष्ट' दाबी गर्ने नेकपाको सरकारले स्वास्थ्य क्षेत्र सरकारको दायित्वभित्र ल्याउने अवसरको रूपमा लिनु बुद्धिमानी हुनेछ।

असोज १५ गते सर्वोच्च अदालतले नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकको व्याख्या गर्दै कोरोना भाइरसको परीक्षण निःशुल्क गर्न परमादेश जारी गर्‍यो। परमादेश उच्चस्तरीय आदेश हो। उक्त आदेश सरकार, सङ्घ-संस्था वा व्यक्तिले मान्न बाध्य हुन्छ। यो नागरिकको लागि सकारात्मक पक्ष हो। तर प्रतिव्यक्ति २०००।- रूपैयाँमा परीक्षण गर्न सरकारले निर्देशन दिंदासमेत अस्वीकार गर्दै तीन दिनको अल्टिमेटम दिने निजी अस्पतालका सञ्चालकहरूले यसलाई कसरी लिन्छन् ? त्यो भने हेर्न बाँकी नै छ।

नेपालको संविधान २०७२ को धारा ३५ मा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिनेछैन' भनी मौलिक हकमा उल्लेख छ। संविधानको त्यो प्रावधानको जनताले अनुभूत हुने गरी प्रयोग भएको छैन।

केही दिनअघिको घटना हो। मेडिसिटी अस्पतालले १ जना बिरामीलाई एक दिन भर्ना गरी भोलिपल्ट कोरोना पोजिटिभ देखिएपछि अन्तै रिफर गर्‍यो। त्यो एक दिनको

शुल्क रु. ३ लाख पीडितले बुझाउनु परेको घटना सार्वजनिक भयो। यसरी दिनको लाखौं तिर्न सक्ने नेपाली जनता हाम्रो देशमा कति होलान् ? विदेशी लगानीमा स्थापना भएका अस्पतालहरू नेपाली जनताको सेवाको निम्ति होइन व्यापार गर्न आएका हुन्। व्यापारीले कहिल्यै उपभोक्ताको हित हेर्दैन।

स्वास्थ्य निजी मामिला हो, आफ्नो सुरक्षा आफैले गर्ने हो, राज्यले व्यक्तिगत कुरा हेर्ने होइन र व्यापारी–व्यवसायीहरूलाई अनुकूल वातावरण बनाइदिने मात्र हो भन्ने नवउदारवादीहरूको मान्यता हो। यही मान्यताकै आधारमा नेका, एमाले, माओवादी नेतृत्वका सरकारहरू चले भने नेकपा नेतृत्वको सरकार पनि त्यही मान्यतामा चल्दैछ। नवउदारवादी सिद्धान्तले देशको अर्थतन्त्रको साँचो ठूला पूँजीवादी राष्ट्रहरूको नियन्त्रणमा जाने र उनीहरूको सहयोगबिना देशको कुनै पनि क्षेत्र चल्न नसक्ने अवस्थामा पुऱ्याउँछ।

देशमा दैनिक हजारौंको सङ्ख्यामा कोरोना सङ्क्रमितहरू बढ्न थालेका छन्। सरकारको कुनै व्यवस्थित तयारी छैन। लकडाउन, निषेधाज्ञा जारी गर्नु सजिलो छ तर त्यो मात्रै कोरोना रोकथामको विकल्प होइन। लामो समय लकडाउन गर्दा व्यापारी–व्यवसायीहरू, जनसमुदायले नै त्यसको हाकाहाकी उल्लङ्घन गर्न थाले। सरकारले चित्तबुझ्दो जवाफ दिन नसकेपछि कोरोना भयावह स्थिति बनिरहेकै बेला बजार, यातायात, वायुसेवा, उद्योगधन्धा खोल्न बाध्य भयो। लक्षण देखिएका र नदेखिएका सङ्क्रमितहरू राख्न सरकारले छुट्टाछुट्टै आइसोलेसन केन्द्रको व्यवस्था गर्न सकेको भए सङ्क्रमण यो गतिमा फैलिने थिएन।

मन्त्रालय फुटाएरै भए पनि आफ्नो कार्यकर्तालाई भाग पुऱ्याउन महिनौं विवाद गरिरहने नेताहरूले मन्त्रालय थप्न लाग्ने खर्च मात्रै कोरोना नियन्त्रणमा उपयोग गरेको भए कति राम्रो हुन्थ्यो ? एउटा मन्त्रालय थप्न वार्षिक झण्डै एक अर्ब रूपैयाँ राज्यमा भार थपिने बताइएको छ। एकातिर कोरोनाले छटपटाइरहेका सङ्क्रमितहरूलाई आवश्यक मास्क, स्यानिटाइजर र पन्जा तथा आवश्यक वस्तु वितरण गर्न सकेको छैन भने अर्कोतिर अर्बौंको राज्यको भार थप्ने काम भइरहेको छ। निर्लज्जता र गैरजिम्मेवारीपनको पनि हद हुन्छ।

हेर्नोस् त ६ अहिले स्वास्थ्य मन्त्रालयले होम आइसोलेसनमा बसेका सङ्क्रमितहरूलाई वितरण गर्न केही स्वास्थ्य सामग्री जिल्ला जिल्लामा पठाएको छ। त्यसमा मास्क ५० वटा, स्यानिटाइजर २ वटा, साबुन, थर्मोमिटरलगायतका वस्तुहरू छन्। तर त्यो सहयोग सामग्री मन्त्रालयको आफ्नो खर्चमा नभई अमेरिकी सहयोगमा गरेको पाइएको छ। सहयोग बाकसमा अमेरिकी सहयोगको छाप राखिएको छ। के स्वास्थ्य मन्त्रालय सङ्क्रमितहरूलाई त्यति सामान्य सहयोग गर्न पनि सक्दैन ? जनताको प्रश्न छ।

निजी अस्पतालहरूले मरेको मान्छेलाई समेत भेन्टिलेटरमा राखेर लाखौं असुल्ने गरेका घटनाहरू नेपालीका लागि नौलो होइन। पैसाको लागि पुँजीपतिहरू जस्तोसुकै घृणित र निकृष्ट काम गर्न पनि पछि पर्दैनन्। दोब्बर, तेब्बर नाफा हुने भए आफू 'फाँसीमा झुण्डिन पनि तयार हुने' यो पूँजीवादी व्यवस्थाकै चरित्र हो।

हालै भक्तपुरमा यस्तै एउटा घटना घट्यो। सामान्य उपचारको लागि निजी अस्पताल पुगेका बिरामी उपचारकै क्रममा मृत्यु भयो। स्थानीयहरूको विरोधपछि मृतक परिवारलाई केही आर्थिक सहयोग गर्ने सहमतिमा विवाद टुंग्याइएको बताइन्छ। तर जे होस् मान्छेको ज्यान गयो। त्यसको क्षतिपूर्ति पैसा र अन्य सहयोगले हुनसक्दैन। मन शान्त पार्न वा चित्त बुझाउन सकिएला पीडित परिवारका लागि त्यो पहिलेको अवस्था आउन सम्भव छैन।

'पूँजीवादीहरू प्रतिस्पर्धात्मक खुल्ला बजारको नीति जनताको हितमा हुने दाबी गर्छन्। त्यो एक प्रकारको भ्रम मात्रै हो। यथार्थमा त्यसले पूँजीपति वर्गकै हित गर्छ। संसारका गरिब तथा कमजोर अधिकांश देशहरूको अर्थतन्त्र विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू विश्व बैंक, एसियाली विकास बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषमार्फत ऋण सहयोगको नाउँमा पूँजीवादी देशहरूको नियन्त्रणमा गएका छन्। यसर्थ नवउदारवादको सशक्त विरोध गर्नु देशभक्त नागरिकको अहिलेको कर्तव्य हो।

## प्रतिक्षा गर्नुहोस्

विश्व कम्युनिष्ट आन्दोलनका एक शीर्षस्थ नेता तथा गुरू कामरेड किम इल सङ ८० वर्ष पुगेपछि लेख्न थाल्नुभएको संस्मरण **'शताब्दीका साथ'** नवौं भागको पहिलो नेपाली अनुवाद 'भक्तपुर' का पाठकहरूका लागि क्रमशः प्रकाशन गर्न गइरहेका छौं। जुछे सिद्धान्तका प्रतिपादक का.किमले संस्मरणको पहिलो भागको भूमिकामा लेख्नुभएको छ - *'जनतालाई विश्वास गऱ्यो र जनतामै भर पऱ्यो भने आफ्नो मुलुक मुक्त पार्न सकिन्छ र सधैंभरि विजय प्राप्त गर्न सकिन्छ र जनतालाई वास्ता गरेन र जनताद्वारा त्यागियो भने पक्कै असफल हुन्छ भन्ने सत्य र जीवन र सङ्घर्षका शिक्षा पछिको पुस्तालाई मैले लेखेको कुराले बताउन सकिन्छ भन्ने मैले आशा लिएको छु।'*

**कुराकानी**

# 'pkTosf l5g[gfsfdf s8f0 ug{g;Sbf pkTosfdf ;ª\qmd0f km}lnof]


भनपा मेयर सुनिल प्रजापति

काठमाडौं । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको तथ्याङ्क हेर्ने हो भने भक्तपुरमा सोमबारसम्म कोरोना भाइरस (कोभिड १९) सङ्क्रमित सङ्ख्या ७२४ पुगेको छ । जसमध्ये पुरुष ४२६ र महिला २९८ छन् ।

अहिले भक्तपुर नगरपालिकाभित्र मात्रै करिब १४० सक्रिय सङ्क्रमित रहेको भक्तपुर नगरपालिकाका मेयर सुनिल प्रजापतिले जानकारी दिए । तथ्याङ्क हेर्ने हो भने पछिल्लो समय भक्तपुरमा पनि सङ्क्रमण बढिरहेको उनी बताउँछन् । रोजगारीको हबको रूपमा स्थापित काठमाडौं उपत्यकामा बाहिरी जिल्लाबाट लाखौं मानिसहरू भित्रने गर्दछन् । उपत्यकाका मुख्य तीन जिल्लामा सङ्क्रमण फैलनुको मुख्य कारक पनि खुकुलो 'आउ–जाउ' लाई नै मानिएको छ । भक्तपुर नगर प्रमुख प्रजापति पनि यसमा सहमत छन् । उनी भन्छन्– 'उपत्यका छिर्ने नाकामा कडाइ गर्न नसक्दा उपत्यकामा सङ्क्रमण फैलिएको हो ।'

**भक्तपुरमा कसरी फैलियो सङ्क्रमण :**

कारण स्पष्ट छ, गृहमन्त्रीसँग बैठक बस्दा हामीले पटक पटक उपत्यका क्षेत्रका नाकाहरूमा कडाइ गरौं, अत्यावश्यक कामबाहेक बाहिरी जिल्लाबाट आउजाउ बन्द गरौं भनेका थियौं । तर उहाँले सुन्नुभएन ।

सुरुवाती चरणमा नै भारतीय सीमा नाकामा कडाइ गर्न सकिएको भए सायद अहिले यसरी नेपालमा फैलन पाउने थिएन । त्यतिबेला न कोरोनाको पीसीआर परीक्षणमा ध्यान दिइयो, न त क्वारेन्टिन नै व्यवस्थित बनाइयो । उल्टो क्वारेनटाइनबाटै सङ्क्रमण फैलियो । अधिकांशलाई जाँच नगरी घर पठाउँदा गाउँगाउँमा पुग्यो सङ्क्रमण । त्यही लापरवाहीको नतिजा हो यो ।

**सङ्क्रमण नियन्त्रणमा भक्तपुर नगरपालिकाका पछिल्ला गतिविधि**

कोरोनाको औषधि पत्ता नलागेको यो अवस्थामा नियन्त्रणको एउटा मुख्य पाटो भनेको सचेतना हो । भक्तपुर नगरपालिकाले जनसमुदायमा त्रासको अवस्था आउन नदिन दिनहुँ कर्मचारी र स्वयम् सेवकमार्फत् यी कार्यहरू निरन्तर गरिरहेको छ ।

त्यस्तै टोलटोलमा साबुनपानीको व्यवस्था गरिदिएका छौं । निसङ्क्रामक औषधिहरू छर्ने कामहरू पनि दिनहुँ भइरहेका छन् । भीडभाड हुन नदिन सम्पूर्ण जात्रा, पर्वहरू स्थगित गरी घरैमा मनाउन आग्रह गर्‍यौं । जनसमुदायले मान्नु पनि भयो ।

यति गर्दागर्दै पनि विस्तारै भक्तपुरमा सङ्क्रमण बढ्दै गएको छ । यसैलाई मध्येनजर गर्दै आवश्यक परेको खण्डमा जुनसुकै समयमा पनि उपचार तथा परामर्शका लागि दुईजना चिकित्सकहरूको नम्बर सार्वजनिक गरी खटाएका छौं । अन्य कार्यका लागि कर्मचारीहरूको सम्पर्क नम्बर सार्वजनिक गरेका छौं, जसमार्फत् घरैमा बसेर पनि स्थानीयले सेवा लिन सक्छन् ।

कन्ट्याक्ट ट्रेसिङका कामहरू पनि भइरहेको छ । आइसोलेसन, क्वारेन्टिन विस्तारको योजना पनि बनिरहेको छ ।

> 'केन्द्रले सांसद विकास कोषमा वर्षेपिच्छै अबौं रकम पठाएको हुन्छ । यो सबै रकम कोरोनासँग लड्न प्रत्येक नगरपालिकाहरूमा पठाउने हो भने यसले धेरै राहत मिल्छ ।'

**राहत प्याकेज**

लकडाउनको सुरुवाती चरणमा हामीले राहत वितरण गर्‍यौं । अहिले बाहिरी जिल्लाका नागरिकहरू पनि आफ्नै जिल्ला फर्किनुभएको अवस्थामा राहत प्याकेज राखेका छैनौं ।

हामीले अहिले स्वास्थ्य जाँच गरेर विभिन्न निर्माणका कामहरू सुचारु गरेका छौं । अब राहत दिएर साध्य लाग्दैन । त्यसैले काममा लगाउने, त्यसकै आधारमा ज्याला दिने गरेका छौं । कोही भोको हुनु नपरोस् भनेर काम र माम दुवै नभएकालाई भने राहत घोषणा नगरी नै सहयोग गर्ने गरेका छौं ।

**नागरिक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीसागको समन्वय**



सृष्टि नेपाल (द्वारिका)

नागरिकबाट सहयोग नभइ हामी अगाडी बढ्नै सक्दैनौँ । हामीले जात्रा, पर्वमा यस्तो नगर्नुहोस् भनेर आग्रह गर्‍यौँ, उहाँहरूले मानेर घरैमा बस्नुभयो । कानुनभन्दा पनि अत्यन्तै कडा त स्वःअनुशासन रहेछ भन्ने प्रमाणित गरेको छ कोरोनाले ।

उहाँहरूले कोरोना नियन्त्रणमा नगरपालिकाले गरेका सम्पूर्ण गतिविधि तथा कार्यक्रम स्वीकार्नु भएको छ । व्यवस्थित भएर बसिदिनु भएको छ । यद्यपि केही कमिकमजोरी भएका छन्, जसकारण भक्तपुरमा पनि अहिले सङ्क्रमण बढ्दै गएको छ । यसको थप जोखिम टार्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, प्रत्येक वडाका वडाध्यक्ष, कर्मचारीहरूसँग समन्वय गरी अगाडि बढेका छौँ ।

**चासो निषेधाज्ञाको : अझै लम्बिन्छ**

अहिले उपत्यकावासीमा मुख्य चासोको विषय भनेको निषेधाज्ञा बनेको छ, जुन २४ गतेसम्म जारी छ । हामीले त सुरुमा करिब १० दिनसम्म निषेधाज्ञा कडा गर्ने र विस्तारै खुकुलो बनाउँदै लैजाने योजना बनाएका थियौँ । तर उपत्यकाका सिडिओहरूले बिहान ९ बजेसम्म व्यापार व्यवसाय खोल्न दिने निर्णय गर्नुभयो, त्यसपछि यो अझै फितलो भएको हो । यसले सङ्क्रमण फैलिन मद्दत गर्‍यो ।

अब लामो समयसम्म निषेधाज्ञा लम्ब्याउँदा पनि समस्या सिर्जना हुनसक्छ । नगर्दा पनि समस्या नै छ । सुरुमा कडाइ गरेको भए अहिले विस्तारै खुकुलो बनाउँदै लगेर खुल्ला गर्न सकिन्थ्यो । अहिले त समुदायस्तरमै फैलिसकेको छ । ट्राभल हिस्ट्री नभएकाहरूमा समेत सङ्क्रमण देखिएको छ ।

**"केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक"**

वास्तवमा केन्द्र, प्रदेश र स्थानीय सरकारको समन्वयात्मक कार्यले कोरोना महामारी रोकथाम तथा नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न सक्छ । समन्वय हुन नसक्दा कोरोना 'महामारी' का रूपमा फैलिएको हो । सबैले आ–आफ्नो ढङ्गले गरे, कमजोरी यहीँनेर हुन गयो ।

आइसोलेसन कस्तो र कति बनाउने, भेन्टिलेटर कतिवटा राख्ने, नर्स, डाक्टरको बन्दोबस्त कसरी गर्ने, कति परिचालन गर्ने, पीसीआर मेसिनको बन्दोबस्त लगायतका कार्यमा केन्द्र र प्रदेश सरकारले स्थानीय तहलाई सहयोग गर्नुपर्ने हो, तर जे गर, नगरपालिका आफैले गर भनेर छोडिएको छ । नगरपालिकाहरूले पनि आफ्नो क्षमताअनुसार गरिरहेकै छन् । ठाउँठाउँमा पीसीआर मेशिन जनशक्तिसहित पठाइदिएको भए, तत्काल परीक्षण हुन्थ्यो । तत्काल रिपोर्ट आउँथ्यो । अहिले स्वाब परीक्षणको रिपोर्ट एक हप्तापछि आउँछ, रिपोर्ट आउने बेलासम्म एउटा मान्छेले धेरैलाई सङ्क्रमित बनाइसकेको हुन्छ । सङ्क्रमण तीव्र रूपमा फैलनुको मुख्य कारण पनि यही हो । केन्द्र, प्रदेश र स्थानीयको खर्च तथा सामाजिक जिम्मेवारी छुट्याउने हो भने धेरै राम्रोसँग काम गर्न सकिन्छ । न पीसीआर मेशिन राखिदिएको छ, न त स्वास्थ्यकर्मी, सुरक्षाकर्मीको मनोबल बढाउने काम नै भएको छ ।

आर्थिक सहायताको कुरा गर्ने हो भने प्रदेश सरकारले १२ लाख रूपैयाँ दिएको छ । अहिलेको समयमा यो हात्तीको मुखमा जीरा भनेजस्तै छ । सबै भार नगरपालिकाको टाउकामा थुपारिएको छ । यही स्थितिका कारण पनि नगरपालिकाहरूले फेरि राहत वितरण गर्न सक्ने अवस्था छैन । किनकी लकडाउनको सुरुवाती चरणमा नै नगरपालिकाले करोडौँको राहत वितरण गर्‍यो । अहिले खर्च अभाव छ । कर्मचारी प्रशासन पनि चलाउनै पर्‍यो । विकास निर्माणका कामहरूमा पनि खर्च गर्नैपर्‍यो ।

केन्द्रले सांसद विकास कोषमा वर्षैपिच्छै अर्बौं रकम पठाएको हुन्छ । यो सबै रकम कोरोनासँग लड्न प्रत्येक नगरपालिकाहरूमा पठाउने हो भने यसले धेरै राहत मिल्छ । धेरै कामहरू गर्न सकिन्छ । अहिले विकास निर्माणको सम्भावना कम छ । त्यो कोषको रकम कोरोना नियन्त्रणमा खर्च गर्ने हो भने महामारीबाट जोगिन मद्दत गर्छ ।

**सङ्क्रमण बढ्ने जोखिमः नियन्त्रणमा चुनौती र भावी योजना**

पछिल्लो समय कोरोना सङ्क्रमण समुदायस्तरमै फैलिसकेको अवस्था छ । यसलाई महामारीका रूपमा समुदायमा फैलन नदिन तथा रोकथाम गर्न पीसीआर परीक्षण बढाउनुपर्छ । अहिले धेरै सङ्ख्यामा पीसीआर गर्न सकिएको छैन । यो नै अहिलेको मुख्य चुनौती बनेको छ । प्रदेशमन्त्रीसँग पटक पटक पीसीआर मेशिनका विषयमा कुरा राखेका छौँ, तर अहिलेसम्म प्राप्त भएको छैन ।

कोरोनाको औषधि पत्ता नलागेसम्म स्वास्थ्य सुरक्षाका नीति अवलम्बन गरेर अगाडि बढ्नुको विकल्प छैन । जनचेतना फैलाउने काम जारी छ । व्यवसायी, उद्योगी तथा विद्यालयहरूसँग पनि समन्वय गरिरहेका छौँ । अहिले करिब २ सयजना अट्ने क्षमताको एकीकृत आइसोलेसन छ ।

क्वारेन्टिनकै लागि भनेर हामीले दुई चार वटा होटलसँग पनि समन्वय गरी व्यवस्था गर्दै आएका छौँ । भक्तपुर अस्पताललाई कोभिड अस्पतालका रूपमा सञ्चालन गरेका छौँ । यसलाई आवश्यकता अनुसार विस्तार गर्ने तयारीबारे छलफल हुँदैछ ।

*स्रोत : मकालु खबर डट कम, सेप्टेम्बर ८ मा प्रकाशित*

# सम्पदा संरक्षण र पर्यटनमा कोभिड १९ को चुनौती

- रजनी जोशी, उपप्रमुख भक्तपुर नगरपालिका



'पुर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति' को नाराका साथ भक्तपुर नगरपालिका अघि बढीरहेको र यस जीवन्त नगरका भौतिक एवं सांस्कृतिक सम्पदाहरूको संरक्षण र सम्बर्धन गर्दै आइरहेको हामी सबैमा विदितै छ। हाम्रा पुर्खाले सदियौँको मिहिनेतबाट बनाएका मठ–मन्दिर, पाटी–पौवा, ढुङ्गेधारा–इनार, दबली आदि इत्यादि हामीले उपभोग गरिरहेका छौँ। यी सम्पदाहरूसँग भूगोल र मौसम (ऋतु–समय) अनुसारको खेती उब्जनी र सोही अनुसारको चाड पर्व, रीतिरिवाजहरू पनि मनाउँदै आइरहेका छौँ। यिनै भौतिक एवं सांस्कृतिक सम्पदाहरूबाट हामी गौरवमय इतिहासबोकेर हिँडिरहेका छौँ। यसबाट हामी नेपालीहरूले आर्थिक लाभ पनि लिँदै आइरहेका छौँ। साथै हाम्रो गर्विलो इतिहास संसारमाझ उजागर हुँदै आइरहेको छ। यसमा भक्तपुर नगरपालिकाका पूर्वपदाधिकारीहरूको अद्वितीय देन रहेको छ। अहिले पनि यो कार्यलाई निरन्तर अनुकरण गर्दै संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको जिम्मेवारी हो, कर्तव्य हो।

भक्तपुर नगर देशकै सानो नगर भइकन देशकै जन घनत्व बढी भएको नगर पनि हो। यहाँ जति जनसङ्ख्या छन् त्यति नै विभिन्न विधाका कलाकार भएकै कारण पुर्खाद्वारा रचित कलालाई आजका दिनसम्म र आउँदा पुस्तालाई जस्ताको तस्तै हस्तातरण गर्दै जाने लक्ष्यका साथ अघि बढीरहेका छौँ। सँगसँगै यसबाट पर्यटन व्यवसाय र पर्यटन व्यवसायको माध्यमबाट यथेष्ट सहयोग पुग्दै आएको पनि हामी सबैले महसुस गर्दै आएका छौँ। यहाँको मानव निर्मित अद्वितीय नमूना/सम्पदा हेर्न, महसुस गर्न संसारभरका पाहुनाहरू आउने गर्दछन् र उहाँहरूबाट भ.न.पा.ले करिब २५ वर्षदेखि नगर प्रवेश शुल्क लिँदै त्यसबाट प्राप्त रकमबाट यहाँको शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, पर्यटकहरूको लागि आवश्यक पूर्वाधार निर्माण आदि कार्यमा सदुपयोग गर्दै आइरहेको पनि यहाँहरू सम्पूर्णमा विदितै छ। साथ साथै यहाँका नागरिकहरूले प्रत्यक्ष अप्रत्यक्ष रूपले रोजगार पाइरहेको छ। सहज र सुलभ शिक्षाले गर्दा यहाँका नयाँ पुस्ता धेरै अगाडि बढीरहेको हामीले पाएका छौँ। यहाँका नागरिकहरूको लागि स्वास्थ्य सुविधा बढाउँदै जान चाँडै नै २५ बेडको ख्वप अस्पताल सञ्चालन गर्दैछौँ र जनता थप लाभान्वित हुनेछन्।

पर्यटकहरूबाट उठेको शुल्कबाटै नगरका सम्पदाहरूको संरक्षण, मर्मत–सम्भार, चाडपर्व रीतिरिवाजहरूको प्रबर्द्धन गर्दै आइरहेको यहाँहरूमा जानकारी छ। यसरी नगरको सर्वाङ्गीण विकासमा पर्यटन क्षेत्रबाट सहयोग पुग्दै आइरहेको हामी सहर्ष भन्न सक्तछौँ।

२०७२ सालको विनाशकारी भूकम्पले गरेको क्षतिको पुनः निर्माण यहाँकै दक्ष प्राविधिक विशेषज्ञ डकर्मी, सीकर्मी कलाकर्मीहरूबाटै भइरहेको छ। भक्तपुर न.पा. ले यहाँका नागरिकहरूसँग हातेमालो गरी यहाँका मौलिक बाजा–गाजा, नाचगानको प्रतियोगिता गर्दै 'भक्तपुर नाचगानको राजधानी' को परिचयलाई निरन्तरता दिँदै आइरहेका छौँ।

तथापि आज हामी कोभिड १९ को विश्वव्यापी महामारीबाट गुज्रिरहेको अवस्थामा छौँ। हाम्रो सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिकलगायत पर्यटकीय क्षेत्रमा नकारात्मक असर परिरहेको हामी सबैले भोगिरहेका छौँ। यो कति समयसम्म रहन्छ भन्ने कुरामा विज्ञहरू नै अनविज्ञ छन्। विश्व स्वास्थ्य सङ्गठनले जारी गरेका स्वास्थ्य मापदण्डका कारण विश्वमा कुनै पनि माध्यमबाट भ्रमणमा रोक लगाइएको छ। यद्यपि सङ्क्रमण हाम्रो क्षेत्रमा पनि दिनानुदिन बढ्दै गइरहेको अवस्थामा छ। यसले पर्यटन क्षेत्र अझ बढी प्रभावित भएको छ। यस क्षेत्रमा लामो समयसम्म प्रभाव रहने विज्ञहरूले अनुमान गरेका छन्। किनभने पर्यटन व्यवसाय एक संवेदन शील व्यवसाय भएको कारणले गर्दा नै हो भन्न सकिन्छ।

एउटा अन्तर्राष्ट्रिय अध्ययनले पर्यटकहरूको आवतजावतमा ७८ प्रतिशतसम्म घट्ने र यसले करमा १२ लाख डलर कमी हुने, पर्यटन व्यवसायसँग जोडिएका १२ करोड मानिसहरू रोजगारबाट बञ्चित हुने देखाएको छ। कोभिड १९ ले अर्थशास्त्रमा इतिहासकै खराब प्रभाव परेको देखिन्छ। हाम्रोजस्तो देशको अर्थतन्त्र धानी रहेको अवस्थामा थप नकारात्मक असर परेको छ। हाम्रो पर्यटकीय नगर भक्तपुरमा पनि यसको प्रभाव अत्यन्तै ठूलो रहेको छ। तर योसँग हामीले सामना गर्नुको अर्को विकल्प नरहेको पनि हामीलाई थाहा छ।

यसका नकारात्मक पक्षसँग हामी लडिरहँदा रहँदै यस कोभिड १९ ले हामीलाई धेरै कुराहरूको, शिक्षा दिएका छन् र सोचमा परिवर्तन गर्नुपर्ने सिकाएको छ। नेपाल मजदुर किसान पार्टीका अग्रजहरूले समयमै भक्तपुरलाई 'ज्ञान विज्ञान र प्रविधिको केन्द्र' बनाउने उद्देश्यका साथ अघि बढीरहेको कारणले गर्दा आजको अवस्थामा हामीले अध्ययन अनुसन्धान गर्दै अघि बढ्नुपर्ने अवस्था छ। त्यस्ता जनशक्तिहरू हामीमाझ तयार ➲

# कोरोना नियन्त्रणमा सहकारीहरूको भूमिका महत्त्वपूर्ण हुने



– सुनिल प्रजापति, प्रमुख भक्तपुर नगरपालिका

आज हामी अत्यन्त विषम परिस्थितिमा छौँ । विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको कारण संसारभरका जनता आक्रान्त छन् । विश्वभर ३ करोडभन्दा बढीमा सङ्क्रमण फैलिएको र ९ लाख ५० हजारभन्दा बढीको ज्यान गइसकेको छ । सङ्क्रमण तीव्र गतिले फैलिरहेको छ । सारा विश्व प्रभावित पार्ने कोरोनाबाट नेपालमा झण्डै ६० हजारभन्दा बढी सङ्क्रमित भई ३८० भन्दा बढीको ज्यान गइसकेको छ ।

हालसम्म औषधिसमेत पत्ता नलागेको यो रोगबाट अरु कतिको ज्यान जाने हो अनिश्चित छ । २०७६ चैत्र ११ गतेदेखि सरकारले लकडाउन सुरु गऱ्यो । झण्डै ६ महिना देश ठप्प भयो । त्यसबेला गृहमन्त्री र सङ्घीय मामिला मन्त्रीसँगको बैठकमा हामीले भनेका थियौँ – 'उपत्यका छिर्ने नाकाहरूमा कडाइ गरौँ, कर्फ्यु लगाऔँ नभए भयावह स्थिति आउँछ ।' सरकारले हाम्रो सुझावलाई बेवास्ता गऱ्यो । व्यापारीहरूको दबाबमा सरकारले उद्योगधन्दा सञ्चालन गर्न भनी केही दिन खुकुलो गऱ्यो । त्यसपछि काठमाडौँ उपत्यकामा कोरोना फैलिने वातावरण तयार भयो । उपत्यका सुरक्षित नभएसम्म भक्तपुर मात्र सुरक्षित गर्न सम्भव छैन ।

२०७७ असोज १ गतेसम्म काठमाडौँ उपत्यकामा १४ हजार २ सय ३९ जना, भक्तपुर जिल्लामा १ हजार १९० जना तथा भक्तपुर नगरपालिकाभित्र सङ्क्रमितहरूको सङ्ख्या ३१० जना भइसकेको छ । सङ्क्रमितहरूको व्यवस्थापनबारे विभिन्न निकायहरूबीच छलफल गरेर भक्तपुर अस्पताल, खरिपाटीस्थित विद्युत तालिम केन्द्र र घरमै आइसोलेसनको व्यवस्था गर्दै आएका छौँ ।

आइसोलेसनमा बस्ने साथीहरूले कुनै किसिमको असहजता महसुस गर्न नपरोस् भनी स्वास्थ्य समस्याबारे जानकारीको लागि दुईजना डाक्टर, खाद्यान्नलगायत अन्य व्यवस्थापनको लागि दुईजना कर्मचारीहरू, फोहरमैला व्यवस्थापनको लागि एकजना कर्मचारी तोकी सम्पर्क नम्बर सार्वजनिक गर्दै आवश्यक सेवा प्रदान गर्दै आएका छौँ । वडाका जनप्रतिनिधि, कर्मचारी र स्वयम्सेवक साथीहरूले पनि त्यत्तिकै सहयोग प्रदान गर्दै आउनुभएको छ ।

दिन प्रतिदिन सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको हुँदा भक्तपुर अस्पताल र विद्युत तालिम केन्द्रमा आइसोलेसनको व्यवस्था गर्दै आएकोमा त्यतिले नपुग्ने र भक्तपुर नपाले छुट्टै आइसोलेसन बनाउनुपर्ने सुझाव विभिन्न ठाउँहरूबाट प्राप्त भयो । घरमै आइसोलेसनमा बसेकाहरूमा विविध कारणले सिंगै परिवार सङ्क्रमित भएको पाइएको हुँदा साथीहरूको सल्लाहमा छुट्टै आइसोलेसन केन्द्र बनाउने तयारीमा लाग्यौँ । खरिपाटीमा राख्ने ठाउँ नभएमा कुनै पनि बेला राख्न सक्ने गरी ५० बेडको आइसोलेसन तयारीको अन्तिम चरणमा छौँ । हामीले बनाएको आइसोलेसन सकेसम्म सरकारी मापदण्डअनुसार होस् भन्नेतर्फ विशेष ध्यान दिएका छौँ ।

हरेक वर्ष निश्चित समयमा साधारणसभा गर्नुपर्ने

---

➲ भइरहेको छ र त्यो जनशक्तिले अब समाजलाई नयाँ सोच, नयाँ ढङ्गले अघि बढाउने छ भन्नेमा हामीलाई विश्वास छ । इतिहासमा यस्ता महामारीहरू भूकम्प, बाढी, पहिरोजस्ता घटनाहरू भइनै रहने हामीले देख्यौँ, बुझ्यौँ । तसर्थ कोरोना महामारीलाई केन्द्र बनाई हाम्रो परिवेशसँग मिल्नेगरी नयाँ सोचका साथ अघि बढ्नुपर्ने आजको प्राथमिकतामा पर्दछ र यसै सभामार्फत् पर्यटनसँगै प्रविधि (IT) जोडेर वैकल्पिक एवं नमूना विधि यस व्यवसायसँग आबद्ध सम्पूर्णले अभियानको रूपमा लागु हुन आह्वान गर्दछु । यसबाट राम्रो र दिगो प्रभाव पर्नेमा पनि म विश्वस्त छु । साथसाथै भविष्यमा आउने यस्ता भयावह परिस्थितिहरूमा पनि समाज गतिशील भई अघि बढीरहने छ भन्ने लाग्दछ । यसरी वैज्ञानिक ढङ्गले गरिएको अध्ययन अनुसन्धानबाट मात्र यो सम्भव हुने देख्दछु । आजको यस विश्व पर्यटन दिवसको अवसरबाटै हामीले थालनी गरौँ र आउँदा दिनहरूको, आउँदा पुस्ताको उज्ज्वल भविष्य सुनिश्चित गर्न पुनः विचार गर्दै अघि बढौँ भन्दै स्वाथ्य सुरक्षाका सम्पूर्ण उपायहरू अपनाई आ–आफ्नो काममा अघि बढौँ, पर्यटन व्यवसायलाई नयाँ ढाँचाबाट अघि बढाऔँ ।

*(भक्तपुर नपाका उप प्रमुख रजनी जोशीबाट ४१ औं विश्वपर्यटन दिवसमा आयोजित अनलाइन कार्यक्रममा व्यक्त मन्तव्यको सारसंक्षेप)*

कानुनी बन्दोबस्त छ। तापनि भक्तपुर नगरपालिकाले कोभिड – १९ लाई ध्यानमा राखेर परिस्थिति सहज नभएसम्मको लागि सहकारी संस्थाहरूको साधारणसभा स्थगित गर्न सूचना जारी गरेको छ। हामी कानुनका लागि होइनौँ, हाम्रो लागि कानुन हो। आवश्यकताअनुसार कानुन निलम्बन, खारेज वा संशोधन गर्न सक्छौँ। यो विषम परिस्थितिलाई ध्यानमा राखेर यो वर्षको साधारणसभा तत्काल नगर्न यहाँहरू सबैमा हार्दिक आग्रह गर्दछौँ। हाम्रा साना गल्ती वा कमजोरीले ठूलो दुर्घटना निम्तिन सक्छ। कोरोनालाई ख्याल ठट्टाको विषय नबनाऔँ।

कोरोना हामी सबैको साझा शत्रु हो। साझा शत्रुसँग जित्न सबै एकजुट भएर लड्नु हामी सबैको साझा कर्तव्य हो। भक्तपुर नगरपालिकाको आग्रहलाई स्वीकार गर्दै सहकारी संस्थाहरूले निरन्तर साथ र सहयोग गर्दै आएका छन्। यसअघि हामीले सबैसँग सहयोगको आग्रह गर्‍यौँ। भक्तपुरमा कार्यरत १५४ ओटा सहकारी संस्थाहरूमध्ये ४७ वटा सहकारी संस्थाहरूले रु. ५ हजारदेखि १ लाख ११ हजारसम्म प्रकोप व्यवस्थापनमा सहयोग गरी सहकारीतर्फबाट मात्रै रु. ९ लाख १३ हजार रकम सहयोगस्वरूप प्राप्त भएको छ। कसले कति सहयोग गर्‍यो भन्दा पनि सहयोगी भावना नै सबैभन्दा महत्त्वपूर्ण पक्ष हो। यहाँहरूको सहयोगी भावनाको भक्तपुर नगरपालिका सम्मान गर्दछ।

भक्तपुर नगरपालिकाले १ करोड रूपैयाँको प्रकोप व्यवस्थापन कोष खडा गरी सहयोग प्राप्त रकम त्यसैमा जम्मा गरी खर्च गर्दै आएको छ। हालसम्म प्रकोप व्यवस्थापन कोषबाट रु. १ करोड ७९ लाख खर्च भइसकेको छ। यसमा विपदको बेला काम गर्ने कर्मचारीहरूलाई दिएको प्रोत्साहन भत्ता निर्माणाधीन आइसोलेसन केन्द्रको खर्च पनि जोडिएको छैन।

नगरपालिका नगरबासीहरूको आफ्नो साझा संस्था हो। नगरपालिकाले नगरबासीहरूलाई केन्द्रमा राखी काम गर्दैछ। यहाँहरूले दिनुभएको सहयोग नगरबासीहरूकै हितमा खर्च गर्नेछौँ। कहींकतै दुरूपयोग हुन दिनेछैनौँ।

भक्तपुरमा जति जनसङ्ख्या छ, करिब त्यतिकै सहकारी सदस्यहरू (१ लाख) छन्। आफ्ना सदस्यहरूको जीवनको सुरक्षा गर्नु प्रत्येक सहकारीको कर्तव्य हुनेछ। एकातिर यस्तो विपदको बेला गरेको सहयोग सदा स्मरणीय हुनेछ भने अर्कोतिर आफ्नो कर्तव्य पूरा गरेको ठहर्नेछ। हरेक कामको मूल्याङ्कन इतिहासले गर्नेछ। सहकारी संस्थाहरूले आ–आफ्नो सदस्यहरूको लागि अलग अलग पनि सेवा प्रदान गर्न नसक्ने होइन तर त्यसो गरेमा रोगको सङ्क्रमणमा थप जटिलता आउन सक्छ। सम्भावित त्यस जोखिमबाट बच्न पनि हामी एकीकृत ढङ्गले अगाडि बढ्नु उपयुक्त हुने हाम्रो विश्वास छ।

हामी केन्द्र र प्रदेश सरकारको भरमा नबसौँ। कोरोनाको यस्तो महामारीको रूपमा फैलिसक्दा पनि भक्तपुर नगरपालिकालाई प्रदेश सरकारबाट रु. १२ लाख बाहेक कुनै पनि सहयोग केन्द्र र प्रदेशबाट प्राप्त भएको छैन। केन्द्र र प्रदेशको आदेश र निर्देशनले कोरोनाको रोकथाम सम्भव छैन। हामी जहाँ छौँ त्यहींका जनतालाई विश्वास गर्छौँ र जनताकै भरमा हामी अगाडि बढ्दैछौँ। आजसम्मको भक्तपुर नगरपालिकाको सफलताको श्रेय जनतालाई नै जान्छ।

कोरोनाबाट भक्तपुर नगरबासीहरूको जीवन सुरक्षाको लागि भक्तपुर नगरपालिकाले जनचेतना दिने उद्देश्यले नियमित माइकिङ र क्लोरिन छर्ने कामलाई निरन्तरता दिएको छ भन्ने साबुन पानीले हात धुने व्यवहारलाई बानीको रूपमा विकास गर्ने प्रयत्न गर्दैछ। बिस्का जात्रा, गाईजात्रालाई औपचारिकतामा सीमित गर्‍यौँ, गुँला पर्व, पञ्चदानलगायत जात्रा तथा पर्व स्थगित गर्‍यौँ। साथै हामीले नगर बाहिरबाट आउने व्यक्तिहरू रोक्ने प्रयासस्वरूप लगत राख्ने सुरु गर्‍यौँ, छोटो दूरीको सवारीसाधन रोक्ने लगायतका कार्यहरू गर्‍यौँ। भक्तपुर नपाको कामबारे यहाँहरू सबै जानकार हुनुहुन्छ।

विदेशबाट फर्केका दाजुभाइ, दिदीबहिनीहरूलाई क्वारेन्टाइनको व्यवस्था, गरिब निमुखा जनताको निम्ति राहत वितरण जस्ता कार्यहरू गर्दै आएको पनि यहाँहरूलाई विदितै छ। हामी कुरालाई भन्दा काममा विश्वास गर्छौँ। प्रचारभन्दा बढी हामी काम गरेर देखाउने पक्षमा छौँ।

भक्तपुर अस्पतालमा पीसीआर परीक्षण मेसिन राख्ने सम्बन्धमा प्रदेश सरकारका स्वास्थ्यमन्त्रीले पटक पटक वचन दिनुभएको छ। अझै प्राप्त हुन सकेको छैन। हामी फेरि प्रदेश सरकारलाई त्यस कार्य गराउन निरन्तर जोड दिनेछौँ।
भक्तपुर नगरपालिकाका विविध गतिविधि सम्मिलित पुस्तक तथा प्रकाशनहरू मात्र नभई महत्त्वपूर्ण साहित्यहरू प्रकाशनतर्फ पनि ध्यान दिइरहेको छ।

अन्त्यमा, कोरोनासम्बन्धी जनचेतना जगाउन चिकित्सकहरू, सङ्क्रमणमुक्त भएका व्यक्तिहरू र सम्बन्धित विषयविज्ञहरूमार्फत जानकारी दिने कामलाई निरन्तरता दिँदै जानेछौं। आर्युवेदिक उपचार पद्धति हाम्रो मौलिक भएको हुँदा त्यसलाई पनि अगाडि बढाउन प्रयन्त गर्दैछौँ।

सम्पूर्ण साथीहरूलाई सहयोगको निम्ति धन्यवाद दिँदै यो कोरोनासँग संयुक्त लडाइँ लड्न हाम्रा सहकारी संस्थाहरूबाट विगतमाझैं आर्थिक, भौतिक सहयोगको लागि हार्दिक अनुरोध गर्दछौं।

*(भक्तपुर नगरपालिकाको आयोजनामा कोरोना भाइरसको सङ्क्रमण न्युनीकरणका लागि सहकारी संस्थाहरूको भूमिकाबारे असोज २ गते जुममार्फत भएको छलफल कार्यक्रममा नगर प्रमुख सुनिल प्रजापतिद्वारा प्रस्तुत विचार)*

# संस्कारको परिचय र यसको आवश्यकता



डा. हरिराम सुवाल

मानिसहरूले आफ्नो जीवनयापनको क्रममा विभिन्न व्यवहारहरू गर्दछन् । यस्ता व्यवहारहरू नै संस्कारहरू हुन् । सभ्यताको विकास क्रममा मानिसहरूले विभिन्न कालखण्डमा यस्ता व्यवहारहरू विभिन्न परिस्थिति तथा कारणले आफ्नो जीवनयापनको क्रममा गर्ने गर्दछन् । यस्तै व्यवहारहरू एकको अर्कोले सिक्दै जाने क्रममा संस्कारको रूपमा विकास भएको हो । यस्तो संस्कारले मानिसको जीवनलाई व्यवस्थित र सुसंस्कृत बनाउन निकै नै मद्दत गर्दछ । बाल बच्चा जन्मनु अघि देखिनै विभिन्न व्यवहारहरू गर्नुपर्दछ । बच्चा जन्मिसकेपछि नमरुन्जेलसम्म पनि विभिन्न व्यवहारहरू गर्नुपर्दछ । साथै मानिस मरिसकेपछि पनि केही वर्षसम्म विभिन्न व्यवहारहरू गर्दछन् । यसरी गरिने व्यवहारहरूनै संस्कार हो । संस्कार अन्तर्गत मानवले आर्जन गरेका ती समस्त कुरा आउँछन्, जुन कुरा उसले आफ्नो वंश-परम्परा वा सामाजिक परम्पराबाट प्राप्त गर्दछ । मानिस सामूहिक जीवन व्यतीत गर्ने एक सामाजिक प्राणी हो । उसको जीवन शैलीको निर्माणमा सामूहिक विश्वास, परम्परा, मूल्य मान्यताले संस्कारको रूप लिन्छन् । मानव जीवनसँग आवद्ध धर्म, दर्शन, चिन्तन, रचनात्मक आन्दोलन, आस्था, शिल्प, विश्वास, कला, सङ्गीत, नृत्य, आध्यात्मिक साधना, उपासना, चाडपर्व आदि सबै कुराहरू संस्कारभित्र पर्दछन् । नेपाली भाषामा संस्कार शब्दको अर्थ अङ्ग्रेजी भाषाको Culture को पर्यायका रूपमा लिइएको छ । अङ्ग्रेजी भाषाको Culture / Ritual शब्दको नेपाली रूपान्तरण संस्कार हो । अङ्ग्रेजी भाषाको Culture शब्द लेटिन भाषाको Cultura शब्दबाट आएको देखिन्छ । लेटिन भाषामा यसको अर्थ पशुपालन अर्थात कृषि फर्म भन्ने बुझिन्छ । Culture शब्दको अर्थ To cultivate हो । जसको अर्थ बीजारोपण हो । बीजारोपण गर्नु भनेको खराब चरित्रलाई परिष्कृत गरेर मानिसका परम्परागत सम्पूर्ण मूल्य र मान्यतालाई चम्किलो, उज्यालो र निखुट बनाई मस्तिष्कमा बीजारोपण गर्नु हो (**दाहाल**, २०६६, पृ. १५६) । कुनै निश्चित समूह वा राष्ट्रको परम्परा, कला, सामाजिक चलन नै संस्कार हो भने परिभाषा हर्नवी शब्दकोषले परिभाषित गर्न खोजेको छ । नेपाली मझौला शब्दकोशमा उल्लेख भए अनुसार संस्कारको अर्थ (१) कमीकमजोरी, दोष आदि सरण, उपनयन आदि कार्य (३) मान्छे मरेपछि गरिने काजकिरिया, अन्त्येष्टि (४) सभ्य एवं सचेत बनाउन दिइने शिक्षा दीक्षा हो (**ढुङ्गाना**, २०७१, पृ. ५१९) । Nepali English Dictionary का अनुसार संस्कार भन्नाले

1. Perfecting; finishing; purification; refining (पूर्ण, सम्पन्न, शुद्धता) । 2. Inborn power of faculty; instinct (विषयगत शक्ति, सम्पूर्ण) । 3. Sanctifying or purificatory rite (शुद्ध मान्यता) । 4. Investure with the sacred thread; sacred or purifying ceremony especially before burial or burning rites (शुद्ध उत्सव) (**गौतम**, २०६९, पृ. ८८१) ।

**नेपाल शब्द कोषका अनुसार संस्कार भन्नाले**

१. दोष, अवगुण आदि हटाएर ठीक पार्ने काम, सुधार । २. मरम्मत, जीर्णोद्धार । ३. पवित्र पार्ने काम, शुद्धि । ४. मन, वचन, विचार, आचार आदि सुधार्ने काम, परिष्कार । ५. भाँडा माझ्ने काम । ६. खाने कुरा पकाउने काम । ७. तयार पार्नु, दुरुस्त पार्नु । ८. स्मरण शक्ति, धारणा । ९. पूर्व जन्म, कुल मर्यादा, सङ्गति, शिक्षा आदिबाट मानिसमा पर्ने प्रभाव । १०. धर्म शास्त्रअनुसार द्बि-जातिका सोह्र कृत्य (गर्भाधान, पुंसवन, सीमन्तोत्रयन, जात-कर्म, नाम-कर्म, निष्क्रमण, अन्न-प्राशन, कर्ण-वेध, विद्यारम्भ, चूडा-कर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि) । ११. दाह-संस्कार, अन्त्येष्टि कर्म भने बुझिन्छ (**शर्मा**, २०१९, पृ. ३४३) ।

**नेपाली बृहद शब्दकोषअनुसार संस्कार भन्नाले**

१. अवगुण, दोष, कमजोरी आदि हटाई परिष्कार गर्ने काम, सुधार, शुद्धता । २. कुनै वस्तुको मरम्मत, जीर्णोद्धार । ३. पवित्र पार्ने काम, संशुद्धि । ४. खाने कुरा पकाइ-तुल्याइ गर्ने काम । ५. भाडाँकुँडा आदिको सरसफाइ । ६. रहन-सहन, मर्यादा, सम्पर्क, शिक्षा आदिका कारणबाट मान्छेका मनमा पर्ने प्रभाव, धारणा । ७. वैदिक विधिअनुसार गरिने ब्राह्मण जातिका सोह्र संस्कार वा कृत्य-गर्भाधान, पुंसवन, सीमन्तोन्नयन, जात-कर्म, नाम-कर्म, निष्क्रमण, अन्नप्राशन, कर्णवेध, विद्यारम्भ, चूडाकर्म, केशान्त, उपनयन, वेदारम्भ, समावर्तन, विवाह र अन्त्येष्टि) (**पराजुली**, २०४०, पृ. १२८०) ।

संस्कार शब्द संस्कृत मूल संस्कृघन (Samskrighan) बाट उत्पत्ति भएको हो । यसको अर्थ विशुद्ध वा ईश्वरका लागि शुद्धीकरण गर्ने भने बुझिन्छ (**Pande**, 2013, p. 15) । The study of culture as a way of life draws more on social history, anthropology and sociology, and focuses on the structures of everyday life and its forms of interactions- 'popu-

lar culture' (**Scannell, Schlesinger, Sparks**, 1992, p. 1). निश्चित मानिसहरूले समय क्रममा एउटा निश्चित व्यवहारको विकास गर्दछ, जुन व्यवहारले उनीहरूको समाजमा रहन सजिलो बनाउँछ । यसरी सजिलो बनाउने क्रममा विभिन्न चाल चलन, विधि व्यवहार, कला, संस्कार, परम्परा, भाषा आदिको विकास गर्दछ । यसरी कुनै निश्चित समय क्रममा विकास भएको चाल चलन, विधि व्यवहार, कला, संस्कार नै एक अर्थमा मानिसको संस्कार हो । जुन संस्कारले त्यस समूहको पहिचान गराउँछ । साहित्यकारहरूले सामाजिक आकर्षण एवम् बौद्धिकता प्रकट गर्न संस्कार शब्दको प्रयोग गरेका छन् । कसैले संस्कारलाई मानिसका परम्परागत रीतिरिवाज मात्र मानेका छन् भने कसैले संस्कारलाई मानिसको रहन सहन र वेशभूषामा मात्र केन्द्रित गरेको पाइन्छ । संस्कारले गर्दा नै मानव अन्य प्राणीहरूभन्दा उच्च स्थानमा पुगेको हो । संस्कारको अर्थ शुद्धिकरण वा अवगुण दोष कमजोरी आदि हटाई परिष्कार गर्नु हो । मानिस सामूहिक जीवन व्यतीत गर्ने एक सामाजिक प्राणी हो । उसको जीवन शैलीको निर्माणमा सामूहिक विश्वास, परम्परा, मूल्य मान्यताले संस्कारको आस्था, शिल्प, विश्वास, कला, सङ्गीत, नृत्य, आध्यात्मिक साधना, उपासना, चाडपर्व आदि सबै कुराहरू संस्कारभित्र पर्दछन् ।

**Bell** का अनुसार Ritual has been paired with belief as the component of religion by a range of theorists: Max Muller, Herbert Spencer, Willian James and others suggested that religion is about ideas while ritual/behavior were secondary and expressife of belief -Bell, 1992, p. 3). (म्याक्स मुलर, हर्बट स्पेन्सर, विलियम जेम्स र अरु विद्वानहरूको सिद्धान्तअनुसार संस्कार विश्वाससँग गाँसिने भएकोले यो धर्मको एउटा तत्व हो । वहाँहरूका अनुसार धर्म एउटा विचार हो जब संस्कार अर्थात व्यवहार द्वितीय र विश्वासको अभिव्यक्ति हो ।)

Sometimes ritual is described as action which is done without thought, an extreme bifurcation -Bell, 1992, p. 3) (केही संस्कारहरूको ब्याख्या कुनै विचार र विषम विभाजन बिनाकार्यको रूपमा गरिएको छ) ।

Ceremony, expression of shared feelings and attitudes through more or less formally ordered actions of an essentially symbolic nature performed on appropriate occasions. A ceremony involves stereotyped bodily movements, often in relation to objects possessing symbolic meaning. For example, people bow or genuflect, tip hats, present arms, slaughter cattle, salute flags, and perform a myriad of other actions. Ceremonies express, perpetuate, and transmit elements of the value and sentiment system and aim at preserving such values and sentiments from doubt and opposition; moreover, they intensify the solidarity of the participants. Ceremonies are found in all societies (**The Columbia Encyclopedia**).

(संस्कार, अनुभवको आदानप्रदान, र धेरै थोरै औपचारिक भाव औपचारिक अवसरमा व्यक्त गरिएको हुन्छ । संस्कारमा शरीरको चाल जसको निश्चित अर्थ हुने गर्दछ समावेश भएको हुन्छ । उदाहरणको लागि मानिसको अभिवादन अथवा घुँडा खुम्च्याउनु, टोपी झुकाउनु, हतियार प्रर्दशन गर्नु, पशुहरूको वध, झण्डा फहराउनु, कुनै कार्यको लागि जनप्रदर्शन गर्नु । संस्कारले मूल्य र भावनात्मक पद्धति संरक्षण गर्ने तथा शङ्का निवारण र विरोधलाई निषेध गर्दछ । सहभागीहरूको एकबद्धता अभिव्यक्त गर्दछ । सबै समाजहरूमा संस्कारहरू पाइन्छ ।) In Marxist aesthetics the concept aesthetics the concept of ideology came to be of cetral importance as a means of explaining how the dominant class remained in dominance through the control and imposition of their 'ruling iedas' (**Scannell, Schlesinger, Sparks**, 1992, p. 1) . Only those who are native-born can truly follow this cultural directing and, furthermore, nationality is perceived as being the permanent and most worthy extension of the ega (**Bhabha**, 20006, p 102).

मानव जीवनको अभिन्न अङ्गमा संस्कारहरू पनि पर्दछ । मानिस जन्मनु अघिदेखि नै विभिन्न संस्कारहरू शुरू हुन्छ र मानिस मरिसकेपछि पनि विभिन्न संस्कारहरू गर्नु पर्ने हुन्छ । त्यसैले मानिसको जीवन सहज र सजिलो पार्न साथै मानवीय क्रियाकलापहरूलाई नियन्त्रित र व्यवस्थित गर्न पनि संस्कारको महत्त्वपूर्ण भूमिका रहन्छ ।

मानव जातिको लागि संस्कारको निकै आवश्यकता रहेको छ । मानिस जन्मनुअघि देखि नमरून्जलेसम्म र अझ मरिसकेपछि पनि धेरै संस्कारहरू गर्नु पर्दछ । मानिसको जीवन विभिन्न संस्कारहरूबाट अलग्ग हुन सक्दैन । संस्कारले मानिसको जीवनलाई व्यवस्थित र मर्यादित बनाउँछ । संस्कारले मानिसलाई एउटा पद्धतिमा बाँच्न सिकाउँछ । सभ्यताको विकासक्रममा औपचारिक शिक्षा पद्धतिको विकास नभएको वेला संस्कारले नै मानिसको जीवन पद्धतिलाई मर्यादित र व्यवस्थित बनाएको थियो । संस्कारहरू मानवलाई सामाजिक महत्त्व राख्ने समस्याहरूको समाधानको निम्ति पनि सहायक हुन्छन् । उदाहरणका निम्ति गर्भाधान तथा अन्य प्राग्जन्म संस्कार तथा तिनमा निर्दिष्ट कर्तव्यहरू यौनविज्ञान तथा प्रजननशास्त्रसँग सम्बद्ध छन् । जुन बेला स्वास्थ्य विज्ञान तथा प्रजननशाश्त्रको

स्वतन्त्र विकास भएको थिएन त्यतिखेर संस्कारहरूले प्रशस्त मद्दत पुर्‍याएको थियो। यस्तै विद्यारम्भ तथा व्रतवन्धदेखि समावर्तनसम्मका सबै संस्कारहरूले शिक्षा एवम् अनुशासित शैक्षिक वातावरणको रूपमा काम गर्थे (**पन्थी**, २०७४, पृ. ३६)।

प्राचीन समाजमा सर्वसाधारण जनताका निम्ति अनिवार्य शिक्षा लागु गर्ने कुनै लौकिक नियम वा सरकारी व्यवस्था थिएन तापनि अनिवार्य भएकाले उपयुक्त संस्कारहरूबाट शैक्षिक आवश्यकताको पूर्ति हुन्थ्यो। शारीरिक तथा मानसिक दृष्टिबाट अयोग्य नभएमा प्रत्येक बालकलाई शिक्षाको अनिवार्य पाठयक्रम संस्कारबाटै प्राप्त हुन्थ्यो। जसलाई प्राप्त गर्न गुरुकुलमा रहने र अनवरत प्रगतिशील अध्ययन र कठोर अनुशासनको व्यवस्था छ। यसप्रकार गुरुकुलमा अध्ययन गरिने प्राचीन हिन्दू समाजमा स्वीकृत अनवरत प्रगतिशील शिक्षा प्रणालीले आजको विश्वविद्यालय शिक्षालाई चुनौती दिइरहेको छ। प्राचीन समयमा मानवको जीवन संस्कारले हरेक समयमा कुनै न कुनै रूपमा शिक्षा दिइरहेको हुन्थ्यो। वर्तमान समयमा यसलाई विश्वविद्यालय शिक्षा पद्धतिले पूरा गर्न खोजेको छ। जुन बेलामा औपचारिक शिक्षा पद्धति र गुरूकुलको विकास भएको थिएन त्यसबेला संस्कारको निकै भूमिका रह्यो।

मानवीय संस्कारमा वैज्ञानिकता पनि पाइन्छ। उदाहरणको लागि भान्छामा जुत्ता लगाएर जान नहुने संस्कारमा धेरै नै वैज्ञानिकता रहेको छ। भान्छामा जुत्ता लगाएर जान नहुने संस्कारले के बताउँछ भने खाना बनाउने ठाउँ भान्छामा बाहिरबाट जुत्ता लगाएर आएमा बाहिरका किटाणुहरू गएर खाद्यान्न तथा मानिसले तयार पारेको खाना दूषित भई मानिस बिरामी पर्छ भन्ने हो। ज्यापू जातिका नेवारहरूले भान्छामा जुत्ता लगाएर पनि जाँदैन भने भान्छामा बसेर खाना पनि खाँदैनन्। यसमा के वैज्ञानिकता पाइन्छ भने भान्छामा बसेर खाँदा जुठो हुन्छ जसले गर्दा किटाणुको संसर्ग हुन्छ भन्ने नै हो। किटाणुको संसर्गबाट जोगाउन सकियो भने मानिसलाई विरामी हुनबाट जोगाउन सकिन्छ। त्यसैले मानिसले विकास गरेका संस्कारहरूले मानिसको जीवनमा एउटा न एउटा शिक्षा दिइरहेको हुन्छ। वर्तमान समयमा त्यस्ता संस्कारहरू विस्तारै हराउँदै गएकोले बचाउन आवश्यक छ।

समुदाय विशेष र संस्कारबीच गहिरो सम्बन्ध छ। समाजमा अनेकन समुदायहरू हुन्छन्। भौगोलिक अवस्थिति अनुरूप मानव समाज विभिन्न समुदायमा विभाजित हुँदै आएका छन्। यस्तो अवस्था सबैजसो मुलुकहरूमा विद्यमान रहिआएको छ। नेपालमै पनि विभिन्न समुदायका मानिसहरू छन्। यहाँका चर्चित समुदायहरू राई, लिम्बु, तामाङ, गुरूङ, मगर, थारू, शेर्पा आदि हुन्। प्रत्येकको आ–आफ्नै समाज छ। समाजलाई व्यवस्थित र मर्यादित बनाउन आवश्यकताअनुसार सबैले सामाजिक नीति नियमहरू लागु गरेका हुन्छन्। त्यस्तै अनेक परम्पराहरू प्रचलित भएका हुन्छन्। आ–आफ्नो धर्म, संस्कार र आवश्यकताअनुसार मनाइने संस्कारहरू पनि हुन्छन्। त्यसले समाजका प्रत्येक सदस्यलाई सामाजिकीकरण र सुसंस्कृत बनाउँछ (**खत्री**, २०७३, पृ. ३३०)।

मानिसको जीवनमा गरिने विभिन्न चलनहरू नै संस्कार हो। यस्तो संस्कारहरू मानिस जन्मनु अघिदेखि मृत्युसम्मन् र अझ मरिसकेपछि पनि गर्नुपर्दछ। विभिन्न धर्ममा आ–आफ्नै किसिमको संस्कारहरू हुने गर्दछन्। हिन्दु धर्ममा पनि आफ्नै किसिमको चलनहरू रहेका छन्। हिन्दु धर्म मान्ने मानिसहरूको जन्मदेखि मृत्युसम्मन् पनि विभिन्न संस्कारहरू गर्ने चलन छ। अझ कतिपय हिन्दु धर्मावलम्बीहरू बच्चा आमाको पेटमा बसेदेखि मृत्यु भइसकेपछि पनि विभिन्न संस्कारहरू गर्दछन्। हिन्दुहरूमा गर्भाधान संस्कार, पुसंवन संस्कार, सिमंतोनयन संस्कार, जातकर्म संस्कार, निष्कर्म संस्कार, अन्नप्रासन संस्कार, चूडाकर्म संस्कार, कर्णवेध संस्कार, वेदारम्भ संस्कार, उपनयन संस्कार, समावर्तन संस्कार, विवाह र मृत्यु संस्कारहरू पर्दछन्। नेवार ज्यापूहरू पनि हिन्दु धर्म मान्ने भएकाले उनीहरूको संस्कार पनि हिन्दु धर्मबाट प्रभावित छन्। तर कतिपय नेवार ज्यापूहरूको संस्कार हिन्दु धर्मबाट प्रभावित भएता पनि आफ्नै संस्कारहरू नभएका होइनन्।

## सन्दर्भ सामग्री सूची

### नेपाली


खत्री, प्रे. (२०७३). **नेपालका जातीय सामाजिक संस्कार**, ललितपुरः साझा प्रकाशन।

गौतम, चु. (२०६९) नेपाल – **इङ्गलिश शब्दकोष**, काठमाडौं : गौतम प्रकाशन।

ढुङ्गाना, वि. (२०७१) **नेपाली मझौला शब्दकोश**, काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि.।

दाहाल, पे. (२०६६) **नेपालको इतिहास र संस्कार**, काठमाडौंः एम. के. पब्लिशर्स एण्ड डिष्ट्रिव्यूटर्स।

पन्थी, ल. (२०७४). **हिन्दू संस्कार परिचय र विमर्श**, काठमाडौँः रत्न पुस्तक भण्डार।

पराजुली, कृ. (सं). (२०४०). **नेपाली बृहत् शब्दकोश**, काठमाडौँः नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठान।

शर्मा, बा. (सं). (२०१९). **नेपाली शब्द–कोष**, काठमाडौँः रायल नेपाल एकेडेमी।


### English


Bell, C. (1992). **Ritual theory, ritual practice**,New York: Oxford University Press, USA

Bhabha, H., (2006), **Nation and Narratio**, Newyork: 270 Madison Ave, NY 10016

Pandey, R. (2013). **Hindu samskaras**, Varanasi: Motilal Banarsidass Publishers Pvt. Ltd.

**The Columbia Encyclopedia**, 6th ed. Copyright© 2018, The Columbia University Press.

Scannell, P., Schlesinger, P., Sparks, C. (1992). **Culture and Power**, New Delhi: SAGE Publications.

# भक्तपुरका ऐतिहासिक ढोकाहरू



ओम धौभडेल

नेपालमण्डलका प्राचीन बस्तीहरूमध्ये भक्तपुर किरातकालमै खोपृङ नामले प्रख्यात भैसकेको विभिन्न अभिलेख प्रमाण मौजूद छ । भक्तपुर नगरको गोल्मढी, तुलाछेँ, तालाक्व, इनाचो, भ्ःौखेल, ब्रम्हायणी पिठ लगायतका ठाउँहरूमा भेटिएका उत्तर लिच्छविकालीन अभिलेखहरूमा खोपृङको विविध रूपहरू बारे उल्लेख भएको सन्दर्भमा विकसित सभ्य नगरचाहिं मध्य लिच्छविकालमा मात्र भएको देखिन्छ । लिच्छवि राजा जयदेव द्वितीय पछि प्राकृतिक वा मानवीय दुर्घटना पश्चात करिव १४४ वर्षसम्मको अवधि अन्धकार रहेको देखिन्छ । त्यसपछि लिच्छवि राजा आनन्ददेव तीनवटा चोकसहितको साततले त्रिपुर दरबारले युक्त राजधानी शहर भक्तपुरको तुलाछेँ नेर बनाई सम्पूर्ण नेपालमण्डलको राजा बनेको थियो । राजा आनन्ददेव आफै वा उनका समकालीन विद्वानहरू मार्फत् वास्तु सम्बन्धी थुप्रै ग्रन्थहरू सार्न लगाएबाट यो नगर वास्तुमय नगर हो भन्ने आधारहरू देखिन्छ । त्यसमध्ये नेपाल संवत ४४ तिर एकजना बंगालीमूलका भक्तपुरवासी उदयपाल सोमले **किरण तन्त्र** नामको वास्तु पुस्तक नेवारी लिपिमा सारेको यहाँ उल्लेख गर्नु सान्दर्भिक हुन्छ । यो ग्रन्थमा गृह निर्माण, गृह लक्षण, द्वार लक्षण, अग्निकुण्ड बनाउने विधि, काठको प्रयोग, लिङ्ग निर्माण, पींध निर्माण जस्ता विविध विषयहरू रहेको छ । तत्कालीन समयको नगर निर्माणमा **किरण तन्त्र**को ठूलो प्रभाव परेको देखिन आउँछ । वास्तु सम्बन्धी यो ग्रन्थमा ३३ अध्याय छ । यसमा भूमि परीक्षादेखि नगर सन्निवेश, राजकुल, देवता विभाग, कूप, शाला, नवगृहलगायतका विविध विषयहरू समावेश छन् । यसमा ५ वटा अध्याय त द्वार सम्बन्धी छ । द्वार लक्षण अन्तर्गत नगर पस्ने ढोकादेखि मठमन्दिर, देवालय शिवालयलगायतका सम्पदा र निजी घरका ढोकासम्मको उल्लेख हुनु अत्यन्त महत्त्वको विषय हो । त्यसमध्ये पनि नगर पस्ने ढोकालाई प्रमुख स्थान दिने क्रममा प्रतोली शब्दबाट सम्बोधन हुनु अर्को महत्त्वपूर्ण पक्ष हो । प्रतोलीको खास अर्थ मुख्यद्वार नै हो । अर्थात मुख्यद्वार हुँदै मुख्य भवनलाई जोड्ने छानासमेतको मुख्य सडक, सिँढीसमेत भएको ढोका, ढोकाको छेउमा भवन द्वारकोट भएको अर्थ लाग्छ । प्राचीन काव्य नाटकहरूमा समेत प्रतोली शब्दको भरपूर प्रयोग भएबाट यसको थप महत्त्व झल्किन्छ । आचार्य मानसारकृत् **मृच्छकटिक** नाटकको अध्याय ६ पद २१६ मा नगर पस्ने मुख्यद्वारलाई प्रतोली भनिएको छ । त्यस्तै भिक्षु अश्वघोषले रचना गरेको **बुद्धचरित**मा पनि प्रतोलीले नगर पस्ने मुख्य द्वारको सङ्केत गरेको छ । रामायणमा पनि प्रतोलीलाई मुख्यद्वारको रूपमा प्रयोग भएको छ । त्यस्तै कौटिल्य अर्थशास्त्रले सिँढीसमेत भएको ढोका नै प्रतोली भनिएको छ । नेपालमा आजसम्म भेटिएको प्रमाणअनुसार यो शब्दको उपयोग सर्वप्रथम अंशुवर्माको संवत ३० मा हाँडीगाउँको अभिलेखमा भएको छ । उक्त अभिलेखअनुसार नगर पस्ने मुख्यद्वार प्रतोली भएपनि अरु पनि थुप्रै द्वार तथा ढोकाहरू हुने जानकारी पाइन्छ । त्यहाँ प्रतोलीका साथ दक्षिणद्वार, मध्यद्वार, मानगृहद्वार, उत्तरद्वार, पश्चिमद्वार आदिको उल्लेख भएबाट पुष्टि हुन्छ ।

लिच्छवि राजा आनन्ददेवले भक्तपुर नगर स्थापना गर्दा नगर पस्ने ढोकाहरू चारै दिशामा राखेको पुष्टि हुन्छ । उनले भक्तपुर नगर बसाउँदा नगरको मध्ये भागमा भैरव स्थापना गरी आठ दिशामा अष्टमातृका देवी स्थापना गरेको वंशावलीमा उल्लेख छ । सोही आठ दिशामा ठूलठूला ढोका रहेको मानिन्छ । भक्तपुर नगर सम्पूर्ण नेपालमण्डलको राजधानी भएको नाताले सुरक्षा दिने हेतुले तत्कालीन राजकुललाई घेर्ने गरी अरु थप ढोकाहरू पनि भएको तथ्य गोपालराज वंशावलीमा उल्लेख भएको चनिगल ध्वाका र सुगलध्वाकाहरूबाट थाहा पाउन सकिन्छ । समग्रमा भक्तपुरमा निम्न ढोकाहरू रहेको देखिन्छ ।

### ब्रम्हायणी ढोका / च्याम्हासिंह ध्वाका

भक्तपुर नगरको पूर्वतर्फ रहेको यो ढोका ब्रम्हायणी पीठ जाने मार्गमा रहेको छ । तत्कालीन समयमा नगरको पूर्वी किल्ला सिमानासमेत सिमाङ्कन गर्ने भएकोले यो ढोकाले ध्वाकां दुने (नगर भित्र) र ध्वाकां पिने (नगर बाहिर) भनि भेद छुट्टाउने गरेको थियो । विशेषगरी नगरको पूर्वी सिमानाको रूपमा ब्रम्हायणी ढोका रहेको टोल सूर्यमढी रहेता पनि सँगैको च्याम्हासिंह पोखरीको कारण अचेल च्याम्हासिंह ढोकाले नै बढी चिनिन्छ । नवदुर्गा भवानीसित प्रत्यक्ष सम्बन्ध राख्ने यो ढोकामा भगाष्टि (भलभलअष्टमी) को दिन नवदुर्गा भवानीको जलये बिज्याकेगु गर्नु पूर्व यहाँ सम्बन्धित उजाजुहरूले तीनवटा काँचो



इँटा राख्ने परम्परा छ। यो कार्य गर्दा यो ढोकामा भेटिने ब्यक्तिको अकालमा मृत्यु हुन्छ भन्ने धारणा छ। यता विजया दशमीको दिन ब्रम्हायणी पीठमा अति विभत्स ढङ्गले वध गरिएको खमेयूको मासु एकैचोटि नगर प्रवेश नगराई यो ढोका छेउ एकक्षण बिसाउने चलन छ। यता ढोकासँगै रहने प्रजापति खलकसमेत ध्वाकासीबाट चिनिन्छ। ढोकाभन्दा भित्र पट्टी महिलाहरूको मला (खुल्ला शौचालय) थियो। ढोकाभन्दा बाहिर पुरुषहरूको लागि ख्यो (खुल्ला शौचालय) हुन्थ्यो। साथै ढोका बाहिर खड्गी जातिको बसोबास हुन्थ्यो। जुन वर्तमान समयमा छैन।

नेपाल संवत ८९० कार्तिक शुदि ६ को दिन गोरखाली सेनाले भक्तपुरमाथि धावा बोल्दा अन्य ठाउँका ढोका खोल्न असमर्थ भएको समयमा यही च्याम्हासिंह ढोका खोली नगर पसेको थियो। नगर पसेका गोरखाली सेनाले त्यसपछि जनताको घरघरमा आगो लगाई भक्तपुरमाथि जीत हासिल गरेको थियो। यो ढोका छेउ एउटा सत्तल, पाटी र ढुङ्गेधारा रहेकोमा हाल यथास्थानमा यी सम्पदाहरू छैनन्। पहिलेको ढोका रहेको ठाउँमा एउटा लामो टेपु ल्वहँ मात्र बाँकी छ। सत्तल पाटी भत्किसक्यो। जोशीहरूको दत्त रहेको ढुङ्गेधारा सडक विस्तारको क्रममा १०० हात जति पूर्वतर्फ सरिसक्यो। भक्तपुर नगरपालिकाबाट २०५४ सालमा पुनर्निमार्ण गरेको यो ढोका २०७२ सालको भूकम्पले भत्केपछि २०७७ सालमा पुनर्निर्माण गरिएको छ।

## माहेश्वरी ढोका

भक्तपुर नगरको इशान दिशामा स्थापित माहेश्वरी पीठ जाने मार्गको उकालोमा रहेको थियो। नगरका सीमाका ढोकाहरू सुरक्षाको हिसावले उकालोमा रहने गरेको मनासिव देखिन्छ। अचेल यो ढोका यहाँ छैन। यो ढोका रहेको ठाउँमा अहिले एउटा लामो ढुङ्गामात्र रहेको छ। उक्त ढुङ्गाको साथमा यहाँ एउटा पुरानो शिलापत्र रहेको छ। संवत ३१ को अंशुवर्माको अभिलेख हो। यसबाट भक्तपुरमा रहेका ढोकाहरूमध्ये सबैभन्दा प्राचीन ढोका यही माहेश्वरीको ढोका हुन आउँछ। र तत्कालीन समयमा यस क्षेत्रमा ठूलो आवादीसमेत रहेको पुष्टि हुन आउँछ। वर्षको एकपटक बिस्का जात्रामा माहेश्वरी देवीलाई यही ढोका भएर नगर प्रवेश गराउने र पुनः फिर्ती गर्ने परम्परा छ।

## कुमारी ढोका / भः ध्वाका

भक्तपुर नगरको चारैतिर रहेका अष्टमातृकाहरूमा एक कुमारी पनि हो। कुमारी पीठ जाने मार्गको उकालोमा कुमारी ढोका रहेको थियो। टौमढी टोलबाट चलाखु हुँदै पूर्वतर्फ लाग्दा यो ढोका नाघेपछि कुमारी पीठ र पोडे टोल सजिलैसित पुगिन्थ्यो। ढोकासँगै एउटा पूर्व फर्केको कलात्मक ढुङ्गेधारा रहेको छ। ने.सं.८३४ मा भगवती मन्दिर बनेपछि यो ढोकाको नामाकरण समेत भः ध्वाका अर्थात भगवती ढोका हुनपुग्यो। अचेल यो ढोका अस्तित्वमा छैन।

## भद्रकाली ढोका / भेलुख्यः ध्वाका

भक्तपुर नगरका अष्टमातृकाहरूमा भेलुख्यः स्थित भद्रकाली अजिमा पनि एक हो। भद्रकाली पीठ जाने मार्गमा रहेको यो ढोकाको दायाँ एउटा इनार छ भने बाँयातिर एक ख्यो पोखरी रहेको छ। गहितिबाट भैरव र भद्रकालीको रथ गुड्ने बाटो खँला ढुङ्गाले छापेको ढलसहितको बाटो हो। यसको पुछारमा एउटा ढोका रहेको थियो। हाल यो ढोका अस्तित्वमा छैन। ढोकाबाट प्रत्येक वर्ष भैरवनाथ र भद्रकालीको रथ आवतजावत हुन्थ्यो। नेपाल संवत ७७२ को एउटा घटनामा यही ढोका मुनि भैरवनाथको रथ पल्टेको उल्लेख छ। भैरवनाथको रथ आवतजावत गर्न मिल्ने यो ढोकाको उचाइ कति अग्लो होला अनुमान गर्न सकिन्छ। ढोकासँगै रथ जाने मार्ग भएको सम्पदालाई **अमरकोष**ले प्रतोली रथ्या भनिएको छ। तसर्थ भेलुख्यः को ढोका प्रतोली रथ्याको नमूना हो।

## मंगलतीर्थढोका / माकचो ध्वाका

मंगलतीर्थ ढोका भक्तपुर नगरको दक्षिण दिशाको प्रमुख ढोका हो। नासमना हुँदै थाथुचाबाट मंगलतीर्थ पुग्ने बाटोमा रहेको कारण मंगलतीर्थ ढोका भनिएता पनि याक्ति अजिमा अर्थात बाराही पीठ जाने मुख्य ढोका यही हो। ढोका



प्रवेश गर्नासाथ एउटा अग्लो भागमा माकचो गणेश स्थापना भएको आधारमा स्थानीयबीच माकचो ध्वाका नामबाट प्रख्यात छ। भक्तपुर नगर प्रवेश गर्ने अष्टद्वारमध्ये हालसम्म अस्तित्वमा रहेको एउटै ढोका माकचो ढोकामात्र हो। मल्लकालीन ढोकाको वास्तुबारे थाहा पाउन यो ढोका महत्त्वपूर्ण छ।

### इन्द्रायणी ढोका



यो नगर वरपर रहेका अष्टमातृकाहरूमध्ये लायकु दरबारबाट अति नजिकको ढोका हो। इन्द्रायणी पीठ जाने उकालोमा रहेको यो ढोका सामरिक हिसावले पनि महत्त्वको छ। नेपाल संवत ८९० मा गोरखाली सेनाले भक्तपुर आक्रमण गर्दा यो ढोकामा ठूलो लडाइँ भएको थियो। भक्तपुर नगरपालिकाबाट पुनःनिर्माण गरिएपछि हाल यो ढोकाको भौतिक अवस्था राम्रो छ।

### महाकाली ढोका

यो भक्तपुर नगरको उत्तर दिशाअवस्थित अष्टमातृकाहरू मध्ये महाकालीसित सम्बन्धित ढोका हो। नगरको भोलाछेँ टोल हुँदै यो ढोका भई महाकाली पीठ पुगिन्थ्यो। हाल यो ढोका अस्तित्वमा छैन। ढोका रहेको ठाउँमा एउटा लामो ढुङ्गा देख्न सकिन्छ। नेपाल संवत ७८० मा कान्तिपुरका राजा प्रताप मल्लले चाँगु, भौखेल जित्दै यही ढोका भएर पस्न खोज्दा ढोका तथा किल्ला खोल्न सकेनन्। महिना दिनसम्म पनि भक्तपुरबासीले भित्रबाट ढोका बन्द गरी आफनो सीमा सुरक्षा गरेबाट यो ढोका अत्यन्त मजबुत रहेको पुष्टि हुन्छ। पछि भक्तपुरका राजाले कान्तिपुरे सेनालाई महाकाली ढोकासम्म आउन भूमिका खेल्ने दुवाकोटका केही खड्काहरूलाई यही ढोकानेर बलि दिएको इतिहासमा उल्लेख छ। दुवाकोटका खड्काहरू यो महाकाली ढोकानेर नजाने चलन थियो। जुन हिजोआज हटिसकेको छ।

### महालक्ष्मीस्थान ढोका

महालक्ष्मी पीठ जाने बाटोको यो ढोका कुन ठाउँमा थियो पत्ता लगाउन सकिएको छैन। महालक्ष्मी पीठ लगभग नगर भित्र जस्तै छ। यस्तो अवस्थामा महालक्ष्मी पीठ जाने बाटोमा पर्ने भोलाछेँ वा थालाछेँ तर्फ यो ढोका हुनुपर्ने देखिन्छ। तर त्यहाँ ढोकाको कुनै सङ्केत देखिदैंन। बरु महालक्ष्मी पीठभन्दा बाहिर बेखालनेर यो ढोका रहेको हुनुपर्छ। बेखाल पाटी, ढुङ्गेधारा तथा पोखरी रहेको ठाउँ नेर ढोका हुनुपर्ने देखिन्छ। यसको मुख्य कारण यहाँको भौगोलिक अवस्था हो। महाकाली ढोकादेखि बेखाल ढोकासम्म थोरै घर तथा सम्पदाहरू भएर मल्लकालमा यहाँ लिगांचा जस्तो छुट्टै बस्ती बसाउन खोज्नु र महालक्ष्मीस्थान ढोका पीठ भन्दा बाहिर बेखालतिर नै हुनु अवश्य पनि सामरिक हिसावले नै भएको देखिन्छ।

## सामरिक महत्त्वका ढोकाहरू

### इटाछेँ ढोका

यो ढोका नगरको पश्चिम दिशामा रहेको इटाछेँ टोलको ढोका हो। इटाछेँस्थित नः पोखरीको पूर्वतर्फको यो ढोका पोखरीको डिल भएर आउने ढोका हो। यहाँबाट नः पोखरीको पश्चिमतर्फको अर्को ढोका हुँदै इनमा पोखरी पुगिन्छ। त्यहाँबाट सल्लाघारी मूपुज्व हुँदै कान्तिपुर पाटन जाने गरिन्थ्यो। कान्तिपुरका राजा प्रताप मल्लले नेपाल संवत ७७२ तिर मूपुज्व हुँदै भक्तपुर दरबार आक्रमण गर्न आउँदा इटाछेँको ढोका खोल्न सकेन। त्यस्तै नेपाल संवत ८९० कार्तिकमा सुरप्रताप शाह नेतृत्वको गोरखाली सेनाले भक्तपुर आक्रमण गर्दा यो ढोका खोल्न नसकेको इतिहास साक्षी छ। पछि पूर्वको च्याम्हासिंहको ढोकाबाट गोर्खाली सेना नगर भित्र हुलि पश्चिमको यही इटाछेँ




ढोका खोले पछि यहाँबाट पृथ्वीनारायण शाह र सुरप्रताप शाह नगर छिर्न सकेको थियो । हाल भक्तपुर नगरपालिकाले इटाछेँ ढोकाको इतिहासलाई कायम गर्दै न:पोखरीको दक्षिण पश्चिम दिशामा मूलबाटोमा कलात्मक शैलीमा नयाँ ढोकाको निर्माण गरेको छ ।

## मूलढोका

भक्तपुर नगरको उत्तर पूर्व दिशामा रहेको यो ढोका पनि सुरक्षाको हिसावले निर्माण भएको देखिन्छ । महालक्ष्मी पीठभन्दा बाहिर परेको यो ढोका उत्तरलिच्छविकालमै अस्तित्वमा भैसकेको देखिन्छ । तत्कालीन समयमा क्वाथ किल्लालाई सुरक्षा दिने हेतुले बनेको यो ढोका पछि मुलाँला अर्थात मूलबाटोको ढोका हुँदै हाल मूलढोका बन्न पुगेको छ । लिच्छविकालको पूर्वाद्धमा वाने लायकुको सुरक्षार्थ क्वाथ किला बनेको ठाउँ हालको क्वाथण्डौ हो । यही क्वाथण्डौ टोल जाने मार्गमा मूलढोका रहेकोमा हाल यो ढोका अस्तित्वमा छैन ।

## भार्वाचो ढोका



भक्तपुर नगरको पश्चिमतर्फको अर्को महत्त्वपूर्ण ढोका भार्वाचो ढोका पनि हो । यो सेतो पोतेको मुगल शैलीको ढोका हो भने ढोकाको दायाँबायाँ सिंह राख्ने मल्लकालीन शैली पनि दरबारमा जस्तै नगरमा उपयुक्त भएको हुँदा यो ढोकाको मिश्रित इतिहास देखिन आउँछ । त्यसमा पनि भक्तपुरका राजकुमारी राजल्लदेवीसित विवाह गर्न बाहिरबाट ल्याएका राजकुमार जयस्थिति मल्ललाई यही ढोकाबाट भित्र्याई तेखाचोमा ६ महिना राखेको घटना इतिहासमा उल्लेख छ । भक्तपुरको सिंहध्वाका भनेर चिनिने यो ढोकाको दायाँबायाँ एकजोडा सिंह यसका आर्कषण हुन् । भक्तपुरमा बाहिरबाट दुलही यो ढोका भएर ल्याउने चलन छैन । यदि यस ढोकाबाट ल्याएमा दुलही उग्र स्वभावकी हुन्छे भन्ने मान्यता छ । त्यसैले नगरबाहिर दुलही लिन जाने बेलामा मात्र यो ढोकाको उपयोग गरेको हुन्छ । तत्कालीन समयमा नगरको तल्लो भेगको सुरक्षाको हिसावले बनेको यो ढोका अचेल भक्तपुर नगरको आकर्षण बनेको छ ।

## ब्यासी ढोका



भक्तपुर नगरको उत्तर दिशाको अर्को ब्यासी ढोका हो । जुन भक्तपुर दरबार क्षेत्रबाट नजिकको ढोका भएर यसको सुरक्षाको लागि तत्कालीन मल्ल परिवारका सदस्यहरूलाई जिम्मा दिई यसै ढोकाको भित्र बस्ती बसाएको थियो । तत्कालीन समयका राजपरिवारका सदस्य नायजुहरूको बस्ती यहाँ रहेको यस ढोकालाई क्वाथको रूपमा दिई उनीहरूलाई क्वाथनायक बनाई दिएबाट पुष्टि हुन्छ । तलेजु भवानी लायकुमा स्थापनापछि श्री तलेजु भवानीसित सम्बन्धित विविध पक्ष ब्यासी टोलको भएको सर्न्दभमा यसै ढोका भएर हरेक वर्ष निकुथु पर्साउन भौख्यः कोल्पाकोटबाट शुध्द जल ल्याउने परम्परा अद्यापी

छ। सबैभन्दा महत्त्वपूर्ण पक्ष त ब्यासी ढोका नजिक रहेका पहिजु थरका मानिसहरूको बसोबास लाई लिन सकिन्छ। विशेषगरि ढोकाको जिम्मेवारी पाएका पहिजु थरका यही ब्यासी टोलमामात्र हुनु अत्यन्त महत्त्वको विषय हो।

### चनिगल ढोका

यो भक्तपुरको इतिहासमा देखिएका ढोकाहरूमा एक प्राचीन तथा प्रामाणिक ढोका हो। जुन तत्कालीन त्रिपुर दरबारको मूल ढोका अर्थात प्रतोलीको रूपमा लिन सकिन्छ। श्री चण्डेश्वरी देवीलाई नगरभित्र पर्ने गरी चासुख्यः को उकालोमा निमार्ण गरिएको यो ढोका हाल अस्तित्वमा छैन। तथापि यहाँ एउटा लामो ढुङ्गा देख्न सकिन्छ। तत्कालीन नेपाल मण्डलको राजधानी भक्तपुर छँदा राजकुल त्रिपुर राजवास पस्ने मूलद्वार यही चनिगल ढोका रहेको प्रमाण गोपालराज वंशावलीको ठाउँ ठाउँमा उल्लेख भएबाट प्राप्त हुन्छ। डोय र पश्चिमी मल्ल राज्यबाट पटक पटक भक्तपुरमा आक्रमणको क्रममा यो ढोका युध्दको केन्द्र बन्यो। यस ढोकाको जिम्मेवारी यक्ष मल्लको पालादेखि क्वाथनायकको रुपमा मलेपतिहरूलाई दिएको देखिन्छ। हाल पनि यो ढोकाको नजिक मलेपतिहरूको मूल घर, इनार र जलद्रोणी देख्न सकिन्छ।

### सुकुलढोका / सुगलध्वाका

चनिगल ढोका जस्तै गोपालराज वंशावलीमा उल्लेख भएको अर्को ऐतिहासिक ढोका सुगलध्वाका हो। हाल सुकुलढोकाले प्रख्यात टोल बस्तीको भीमसेन मन्दिर र सुर्वणमहाविहारबाट लालाछैं जाने उकालोमा यो ढोका रहेको थियो। यो ढोकाको मूल उद्देश्य त्रिपुर दरबारको सुरक्षा गर्नु थियो। खस र डोयहरूले पटक पटक भक्तपुर आक्रमण गर्न पुग्दा यो ठाउँमा ढोका बन्न पुगेको इतिहास छ। तर पछि सुगलध्वाकाको अपभ्रंष सुकुलढोका हुन पुग्यो। यसको अर्थ सुकुलले बनेको ढोका भनी अर्थ्याउँदा एक ताका भक्तपुर महोत्सवको लागि त सुकुलले बनेको ढोका नै निर्माण गरियो। जुन सुगलध्वाकासित असम्बन्धित छ। अझ मल्लकालकै एक चर्चित भारदार भाजु कससँग सम्बन्ध राख्ने गरी यो ढोकासित जोडिएको किवंदन्ति वास्तविकताभन्दा धेरै टाढा रहेको हुँदा ऐतिहासिक एवम् प्रामाणिक ढोकाप्रति ठूलो अन्याय भएको छ।

### लायकु ढोका / लास्कु ध्वाका

भक्तपुरमा रहेका ढोकाहरूमा लास्कुढोका एक सांस्कृतिक ढोका हो। यो ढोका खासगरि स्वागतद्वार हो। लशकुश ढोकाबाट लास्कुध्वाका बन्न पुगेको यो ढोका लुप्त भैसकेको छ। दरबार क्षेत्रबाट इपाछैं जाने बाटामा रहेको यो ढोकामा वर्षको एकपटक श्री तलेजु भवानी र नवदुर्गा भवानीको स्वागत गर्ने चलनछ। यसरी श्री तलेजु भवानी र श्री नवदुर्गा भवानीको लशकुश गर्ने ढोका भएर पछि अपभ्रंष भई लास्कुध्वाका हुन पुगेको भाषाविज्ञानले पनि सटिक देखिन्छ। तर अचेल यहाँ ढोकाको कुनै सङ्केत देखिदैन। एउटा क्षेत्रपाल र सिंहको आकृतिमात्र देखिन्छ। ढोकाको एउटा लामो ढुङ्गा पनि देख्न सकिन्छ।

### सिंह ढोका



भक्तपुर लायकुस्थित मालती चोक पस्ने सिंहध्वाका एक ऐतिहासिक ढोका हो। नेपाल संवत ८१८ मा राजा भूपतीन्द्र मल्लले मालती चोक तथा त्यसमाथिको दरबार जाने मार्गमा दुईतिर बडेमाको सिंह र हनुमत्तभैरव तथा नृसिंहको अति आर्कषक मूर्ति राखी निर्माण गरिएको इतिहास छ। दुईतिर रहेको सिंहको कारण यो ढोकाको नाममात्र सिंह ढोका भएन, दरबारकै नाम सिंहध्वाका दरबार कहलिन पुग्यो। वि.सं. २०१६ सालदेखि यस ढोका भित्रको दरबारमा सङ्ग्रहालय सञ्चालन हुँदै आएको छ र वि.सं. २०७२ सालको भूकम्पले पूर्ण क्षति पुगेको छ।

### सुनको ढोका / लुँध्वाका

भक्तपुरका ऐतिहासिक ढोकामा सबैभन्दा बढी वैभवता बोकेको ढोकामा लुँध्वाका अर्थात स्वर्णद्वार हो। भक्तपुर दरबार क्षेत्रबाट श्री तलेजु भवानी प्रवेशद्वारको रूपमा नेपाल संवत ८७४ मा राजा रणजित मल्लले बनाउन लगाएको ढोका हो। तिव्वतसित ब्यापार गर्दा प्रशस्त फाइदा भएको अवसरमा निर्माण गरिएको यो ढोका बनाउने परिकल्पना रणजित मल्लभन्दा चार पुस्ता अगावै नरेश मल्लले गरेको थियो। नरेश मल्ल, जगतप्रकाश मल्ल, जितामित्र मल्ल र भूपतीन्द्र मल्ल गरी चार पुस्ताले निर्माण गर्न नसकेको यो ढोका निर्माण गर्न पाएकोमा अति गर्व गरी रणजितले आफूलाई नेपालमण्डेश्वर समेत उपाधि लेख्न लगाएका थिए। श्री तलेजु भवानीप्रति सर्मपित यो ढोका एक





धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्त्वको ढोका हो ।

### खौमा ढोका

भक्तपुर दरबार क्षेत्रलाई सिमाङ्कन गर्ने गरी मुगल शैलीमा बनेको ढोका हो । यस ढोकाभन्दा भित्र र बाहिर गरी छुट्टाछुट्टै नवदुर्गा नाच देखाउने परम्पराबाट यो ढोकाले सिमानाको काम गरेको स्पष्ट हुन्छ । परम्परागत ढङ्गले निर्माण भएको यो ढोका वि.सं १८९१ र वि.सं १९९० गरी दुईपटकको महाभूकम्पमा भत्केपछि राणाहरूले सेतो पोतेर मुगल शैलीमा बनाउन लगाएको थियो । यसमा उपयोग भएका कलाकृतिहरू समेत राणाकालीन शैलीका छन् । भक्तपुरमा रहेका ढोकाहरूमा खापा सहितको एउटै ढोका खौमा ढोका हो । वि.सं.२०७२ सालको भूकम्पले भत्केको सो ढोकाको पुनःनिर्माण भक्तपुर नगरपालिकाबाट भएको छ ।

### सन्दर्भ ग्रन्थ


१) **लिच्छविकाका अभिलेख**– धनवज्र वज्राचार्य

२) **अमरकोश**

३) **बुद्धचरित** दोश्रोभाग, पृष्ठ ७८– जनस्टन

४) **मृच्छकटिक** नाटक– आचार्य मानसार

५) **कौटिल्य अर्थशास्त्र**

६) **गोपाल राजवंशावली**

७) **वेल्जर सूची**

८) **प्रज्ञा** अङ्क ८३ ख

९) **नेपालको ऐतिहासिक तथा सांस्कृतिक दिग्दर्शन**–लिलाभक्त मुनंकर्मी

१०) **भक्तपुरमा गोर्खाली हमला**– देविचन्द्र श्रेष्ठ

११) स्थलगत अध्ययन



नगरपालिका नगरवासीहरूको संस्था हो ।

करदाताहरूले समयमै कर बुझाऔं

**नगरको विकासमा सघाऔं ।**

# k~rfd[t n]kg



तेजेश्वरबाबु ग्वंग:

एक मन मिल्दो मित्रले आफ्नो हुतहुती खन्याउनु भयो, 'हाम्रो धर्म कति अर्थ न बर्थ सबै बेर्थ'।

के पऱ्यो त्यस्तो अर्थ न बर्थ सबै बेर्थ ? जिज्ञाशा जाहेर गरेँ मैले ।

हेर्नुस् न कतै कहीं केही पूजा आजा होस्, होम, यज्ञ, श्राद्ध, जप, तप सबमा पञ्चामृत लेपन गर्नु पर्ने ! अनौठो चलन होइन त यो ?

कुरो यसो पो रैछ । बल्ल चाल पाउँदैछु । मैले भनेँ – घर गृहस्थमा रहँदा त्यस्ता सय्यौँ, कय्यौँ बृत्ति गर्नु पर्दो नै हुन्छ । तिनै व्यवहारसित जुटेका कतिपय विषयमा हामीले संस्कार मण्डित संस्कृतिका भित्री तहका मर्म बुझ्नु बुझाउन नसकेर अनर्थ लाग्दो बन्छ ।

शिला मूर्तिहरू कलाकृति निर्माता शिलाकार कलाकारहरूका आफ्ना शिल्प साधना हुन् । निराकार शिलामाथि आफ्ना साधना प्रयोग गरेर सुन्दर, आकर्षक, मनमोहक कलाकृति निर्माण गर्दछन् । तिनलाई दीर्घ आयु दिन ती पाषाण युगमै पञ्चामृत प्रयोग गर्न थालेथे ।

पञ्चामृतमा पाँच अमृत तत्त्व मिसिएका हुन्छन् । गाईको दूध, दस्धैबाट बनेको दही, दहीबाटै बनेको मही, मह, सखर प्रकृतिकै वरदान बनेका छन् । प्रकृतिका वरदान शाश्वत साधना रहे, बनेका छन् । शाश्वत प्रकृतिका वरदान पवित्र बनेका हुन्छन् । पवित्र भन्नु त प्राकृतिरूपमा रहेको, बनेको शुद्ध, विशुद्ध प्राकृत वस्तु तत्त्व नै हुन् । त्यसमा अरु कुनै मिसावट रहन्न तिनै पाँच बाहेक । प्रकृति पवित्र हुन्छ । पवित्र भन्नु निस्कलङ्क अवस्था । निस्कलङ्क अवस्था कुनै पनि दोष, दाग नलागेको शुद्ध चोखो शाश्वतपन हो । शाश्वतपनमा सत्य निष्ठ गुण हुन्छ । त्यहाँ कुनै बाहिरी प्रभाव रहेको हुन्न । बाहिरी प्रभाव मुक्त वस्तुतत्त्व मौलिक हुन्छ । मौलिक वस्तु आफ्नै हुन्छ । आफ्नै वस्तु तत्त्व राष्ट्रिय बन्छ । राष्ट्रिय तत्त्वमा न आमा ढाँट न बाबु ढाँट हुन्छ ... । यसका आयाम अनेक छन् । आयामिक वस्तुको निश्चित क्षेत्र नै हुन्न । असीमित अपरिमित गतिरूप आयामका स्वरूप बन्छ ।

प्रसङ्ग पञ्चामृत वस्तु तत्त्वको रहेको छ । यो पनि असीमित हुन्छ । संसारभरिकै शिलाकृति/मूर्तिका निमित्त एकै सूत्र एक छत्र रहन्न । शिला शिला नै रहन्छ, रहेका छन् भूगोलभरि नै यो । मात्र प्रकरणमा फरक । कुनै शिला प्रखर कालो, चिल्लो, कुनै पत्रदार, कुनै फुस्रो । कुनै औधि चिल्लो ऐना जतिकै । सिंहमरमर तुल्य । यो त सबै नै भए जो हाम्रै राष्ट्र नेपालमा भेट्टिएकै छन् । पञ्चामृत लेपन भने प्रकारान्तरले जेसुकै रहे, भए पनि एक छत्र समानान्तर रहेका छन् । सबै सबै नै शिलाहरूका रक्षक, संरक्षक बनिरहेको छ । मात्र संमिश्रण गर्ने धैर्य धारण गर्नु आवश्यक छ । पञ्चामृत पञ्चामृत नै हो, रहेको छ, रहिरहन्छ । सदा शिलाकृति बचाइरहन्छ ।

शैव, वैष्णव, बौद्ध, ईशा, मोहम्मद, जैन, हेब्रु चिन्दैन पञ्चामृत– पञ्चतत्त्व/पञ्चामृत विश्व जन्य वास्तुतत्त्व बनेका छन् । सदाबहार पञ्चामृत । गुणवती भएरै पञ्चामृत सदाकालीन सदाबहार बन्नसकेका छन् । आखिर त आफूमा सन्निहित, अन्तरङ्गले सबै सबैलाई सदाबहार बनाउँदो रहस्यात्मक सिकलाई शिक्षा लिइरहेछु । सिक्ने नै सदासयता भए रहे स–साना कुरैबाट अनेक रहस्यमय ज्ञान फेला पार्न सकिंदो रहेछ । यो घडी पञ्चामृत मुहूर्त बनिरहेको छ मेरो सदाबहार ! पञ्चामृत र पञ्चतत्त्व समानान्तर हेतु राख्दा रैछन् । पञ्चतत्त्व भन्नु जल, वायु, तेज, माटो, आकाश न हुन् । यी पञ्चतत्त्व बिना पञ्चामृत उद्भव नै नहुँदा हुन् । फरक फरक रूप, स्वरूप, रङ्ग जिउडाल, गुणका आकार–आकृतिका यावत प्राणिका उद्गमका मूलधार यिनै पञ्चतत्त्व नै त रहेका छन् । त्यसैले यहाँका यावत जीव–प्राणी स्थावर जङ्गमका जैविक जीवन आधार पनि पञ्चतत्त्व नै रहे, बनेका छन् ।

पञ्चामृत पाँचवटा अमृत वस्तुतत्त्व प्राणी मात्रमा सन्तुलित रहँदासम्म पञ्चतत्त्वकै संमिश्रण र सन्तुलन समानुपतिक रहन्छ । भौतिक विज्ञानसम्मत रहस्य अब जीव–जीवनसम्मत सत्य साबितिएको छ । दर्शनले स्थुल, अमूर्त तत्त्व ज्ञान मानिएका धारणा, अवधारणाहरूलाई विज्ञानले चरितार्थ गरिदिएको छ । दार्शनिक ज्ञान अवधारणा मूलक रहन्छ । वैज्ञानिक ज्ञान क्रियात्मक रहन्छ । क्रियात्मक भन्नु नतिजा मूलक । क्रियात्मक नतिजा अनुसन्धानले सत्य सावित गरेका पत्यक्ष नतिजामा आधारित हुन्छ । त्यो स्थुल  रहन्न प्रत्यक्ष रूपमै उपभोग्य रहन्छ । अहिले हामी सबैले जे जति भोगचलन गरिरहेका छौँ ती सबै विज्ञानकै चमत्कार रहेको छ । वर्तमान एक्लो छैन ।

हामी ज्ञान र विज्ञानको संयोगमा जीवन साधनारत छौं।

यसै अनुच्छेदको आरम्भमा पञ्चामृत र पञ्चतत्त्वको मिलावत सन्तुलित रहुञ्जेल हामी स्वस्थ र सजीव रहन्छौं भनेथें। स्वच्छ वातावरण, स्वस्थ जीवन ! अलिकति पनि वातावरण र त्यस अन्तरगतका पर्यावरणमा असन्तुलन हुँदा जीव जीवनमा विकार पैदा हुन पुग्छ। निकै ठूलो असम्भार असन्तुलन हुन पुग्दा अवसान नै हुन सक्छ। फलतः जीवन अवसान हुन्छ। यसैले संयमित जीवन यापन अनिवार्य ठहर्छ। संयमित जीवन सन्तुलित आहार व्यवहारमा आश्रित हुन्छ। आहारले सात्विक भोजन, संयमित आचरण, स्वस्थ चिन्तन, सतआत्मासित सङगत, सत्य बोली वचन, नियमित ब्यायाम र योगाभ्यास आदिलाई इङ्गित गर्छु। योगी महर्षिहरू यी र यस्तै साधनाका कारण दीर्घायु बनेका हुन्। पञ्चामृतका प्रसङ्गमा यी बखान भर्न पुगेछु। शिवपुरी बाबा स्वच्छ-शुद्ध पर्यावरणमा पालन गरिएका गोकुलबाट दोहन गरिएका विशुद्ध दूध, दही, मही साथै सखर र मह मिश्रित पञ्चामृत सेवन गरेरै १३५ वर्ष पर्यन्तका दीर्घायुधारण गरेथे।

मानव प्राणीलाई शताब्दी जीवन प्रदान गर्छ त शिलामूर्तिहरूलाई हजारौं हजार वर्ष पर्यन्त तन्दुरस्त रहन, राख्ने अमृत बुटीकै काम धाम गर्छ। पञ्चामृत लेपन गरेर सुरक्षित राखिएका हजारौं हजार वर्ष पुरान हाम्रा पुर्ख्यौली मूर्तिकला सम्पदा हाम्रो राष्ट्रिय गौरवशाली सम्पदा सुरक्षण गर्नु युग धर्म हो। धर्म मात्र अन्धपरम्परा होइन, हुन सकेनन् पनि। सम्पदा सुरक्षण युगीन धर्म-कर्म हुन आउँछ। सम्पदा मासिने कुनै पनि सोच विचार अधर्म हो। हाम्रा यावत धर्म कर्म लोकहितकारी क्रियाकर्ममा सन्निहित छन्। तिनलाई हामीले हाम्रै विवेक ब्रम्ह दिप ज्योतित पारेर उजिल्याएर झलमल्याइ राख्ने मुहूर्त हामी मै निहित छ। कर्म, सतकर्म र अकर्म आफ्नै सोच-विचारबाट उद्भव हुन्छ, प्रजनन हुन्छ। सोच-विचारलाई पञ्चामृत लेपन गरेर पवित्र, विशुद्ध र सकारात्मक राखौं, राख्न सकौं !!!

आदिम पूर्वीय जीवन दर्शनमा आधारित आयुर्वेद शास्त्र अरु अरु भन्दा अग्रीम चिकित्सा पद्धति रहे, बनेको छ। विश्वमा विविध चिकित्साशास्त्रका अनेक वैज्ञानिकहरूले आ-आफ्ना तौरतरिका प्रयुक्त गरेकै छन्। तिनमा उनीहरूले आ-आफ्नै प्रकारले अस्तित्व धारी छाप, नाम अङ्कित गरेका छन्। सबै सबै नै औषधिमूलोका आधार भने बनस्पतीय धनवन्तरी रहेका छन्। नाम संज्ञा भेष भूषा अनुरूपको संस्कार संस्कृति अनुसार स्थापित भाषिक नाम दिइएका छन्। यसरी सबै वस्तु तत्त्व एकै रहेर भाषिक नाम भने उही र एकै रहेका छैनन्। वैविध्य/विविधता भित्रको एकरूपता यसरी ठम्याउन सकिने आधार भेट्टिन आउँछ।

पञ्चामृत उसताका देखिकै लेपन तत्त्व भएरै अर्वाचिन विज्ञानले आविष्कार गरेका अनेकन क्रीम लोसन सरहकै अविष्कार हुन् भन्न मनपराउँछ। विज्ञानले प्रत्येक युगमा जन्मेका या युगले जन्माएका वैज्ञानिकहरूले गरेका आविष्कारकै क्रममा वर्तमान वैज्ञानिक उन्नतिका स्वरूप निर्धारण हुनसकेको निर्विवाद सत्य बनेको छ। परन्तु युगौंयुग पहिलेका पूर्वीय जीवन दर्शनमा आधारित वैदिक परम्परामा आधारित पञ्चामृत लेपन संस्कार अर्वाचिन क्रम, लोसन आदिका अग्रगण्यरूप त हो। अहिले हामी पाषाण युगमा छैनौं, विद्युतीय तरङ्गका द्रुततर युगमा जिएका छौं। यो युगले पाषाण सभ्यता र सम्पदालाई सँगाल्न सिकेको छ। पाषाण युगीन सम्पदा वर्तमानको झन बढ्दो गौरव भाषा बनेको छ। यस उसले युगीन विज्ञान वक्ताका कसैले एक पटक खोजिनीति गरी अझ आयामिक जानकारी प्रदान गर्न सके विगत र वर्तमान बीच सौहार्द हातेमालो गर्न पाइनेछ। विगत र वर्तमानको भव्य सम्बन्धले सुकिलो भविष्य विनिर्माण हुने नै छ।

अहिलेलाई जय संस्कार मण्डित पुर्खाले आर्जेका हाम्रा कला संस्कृति मूलक सम्पदा भन्छु र भनौं !!!


## 'भक्तपुर' मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस्।

साथमा सम्बन्धित तस्बिरहरु भए प्राथमिकतासाथ स्थान दिइनेछ।

लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला।

**रचना पठाउने ठेगाना:**

- भक्तपुर नगरपालिका कार्यालय भवन
- email-bhaktapurmasik@gmail.com

# भारत–पाकिस्तान सम्बन्ध र कश्मिर मुद्दा

**सन्दर्भ: भारतको आफ्ना छिमेकी देशहरूसँगको सम्बन्ध**



डा. बलराम कायस्थ

## पृष्ठभूमि

**भारत–**भारत पूर्वीय सभ्यता र संस्कृतिले सम्पन्न एक अत्यन्त प्राचीन मुलुक हो। विश्व मानचित्र अध्ययन गर्दा भारत एशिया महादेशको दक्षिणी भेकमा रहेको पाइन्छ। जसलाई भारतीय उपमहाद्वीप भनिन्छ। वर्तमान अवस्थामा भारत विश्वका प्रभावशाली देशहरूमध्ये एक पर्दछ। विशाल भूगोल र ठूलो जनसङ्ख्या रहेको भारत वास्तवमै सामाजिक, आर्थिक, राजनैतिक, सामरिक आदि हरेक दृष्टिकोणबाट सबल, सुदृढ र मजबुत रहेको छ। साथै ऊ विश्वको सबभन्दा ठूलो प्रजातान्त्रिक देश पनि हो। भौगोलिक दृष्टिले यसको उत्तरमा विशाल हिमालय पर्वत श्रृङ्खला र दक्षिणमा हिन्दमहासागर, पश्चिममा अरब सागर, पूर्वमा बंगालको खाडी रहेको छ। यसरी यो जल र थल दुवैबाट जोडिएको छ। यही भौगोलिक अवस्थितिका कारणले गर्दा एशिया महादेशमा यसको स्थान अत्यन्त महत्त्वपूर्ण रहेको छ। वर्तमान अवस्थामा दक्षिण एशियाको राजनीतिमा यसले ठूल्दाइको भूमिका निर्वाह गर्दै आएको देखिन्छ अर्थात् यस क्षेत्रको राजनीतिमा यसले आफ्नो नेतृत्वकारी भूमिका रहेको ठान्दछ। हुनपनि चीनबाहेक सबै छिमेकी मुलुकहरू आपसमा एकजुट भएपनि तिनले योसँग जोरी खोज्ने सामर्थ्य राख्दैन। परमाणु शक्तिले सम्पन्न भारत सैन्य शक्तिका दृष्टिले अहिले चीनपछिको सर्वाधिक शक्तिशाली देश बनेको छ। यस तथ्यबाट यसका सबैजसो छिमेकी देशहरू लगभग परिचित नै छ। यसका छिमेकी देशहरूमा पाकिस्तान, अफगानिस्तान, चीन, नेपाल, भुटान, म्यान्मार, बांग्लादेश, श्रीलंका, मालदिभ्स रहेका छन्। भारतका यी प्रत्येक छिमेकी देश निक्कै महत्त्वपूर्ण छन्। यसर्थ यी प्रत्येक छिमेकी देशहरूसँग सौहार्द र सुमधुर सम्बन्ध बनिरहोस् भन्ने तर्फ ऊ प्रयत्नशील छ। तर त्यसोभए पनि विगतमा सिक्किमलाई आफूमा विलय गरेको, नेपालको उत्तरी सीमामा सेना तैनाथ गरेको, पाकिस्तानलाई टुक्र्याएर बंगलादेश बनाएको, अर्काको आन्तरिक मामिला मिलाउने भन्दै श्रीलंका र मालदिभ्समा सेना पठाएको, कश्मिर मुद्दामा पाकिस्तानसँग चार पटकसम्म युद्ध गरेको, हालैमात्र चीन र भुटानबीचको दोक्लाम विवादमा अनावश्यक रूपमा सैनिक हस्तक्षेप गरेको, नेपालका सीमा मिच्ने कार्य नरोकिएको, नेपाली राजनीतिमा प्रत्यक्ष हस्तक्षेप गरिरहेको आदि प्रवृत्तिलाई दृष्टिगत गर्दा यस क्षेत्रको निर्णायक शक्ति आफू नै हो भन्ने एकप्रकारको दम्भ वा घमण्ड उसमा निहित रहेको कुरा स्वतः थाहा हुन्छ। अर्थात् जसरी ब्रिटिशहरूले आफूमाथि दुई सय वर्षसम्म उपनिवेशवादी शासन चलाएर गए, त्यही उपनिवेशवादी सोच र मानसिकताबाट ग्रसित भएर उसले आफ्ना छिमेकीहरूप्रति पनि थिचोमिचोपूर्ण व्यवहार गर्दै आइरहेको स्पष्टतः देखिन्छ। यसैकारण अपवादका रूपमा भूटान एउटासँग बाहेक अरु कुनै पनि छिमेकी देशहरूसँग उसको सुमधुर सम्बन्ध रहेको पाइँदैन।

**पाकिस्तान–** भारतको सबैभन्दा निकटतम छिमेकी मुलुकका रूपमा यसको उत्तरपश्चिम सीमास्थित पाकिस्तान रहेको छ। एकप्रकारले भन्ने हो भने सन् १९४७ भन्दा अघि पाकिस्तान नामको कुनै देश नै थिएन। पाकिस्तान इतिहासको कुनै कालखण्डमा भारतकै एक हिस्सा थियो। राष्ट्रिय स्वतन्त्रता आन्दोलनको क्रममा भारतमा हिन्दू र मुसलमान बीचको आपसी विद्वेषका कारणले गर्दा ब्रिटिश उपनिवेशबाट स्वतन्त्रता प्राप्तिसँगै आपसमा विभाजित पनि हुनुपरेको थियो। यसको ऐतिहासिक पृष्ठभूमितिर ध्यान दिंदा के थाहा हुन्छ भने हिन्दू र मुसलमान शब्दले केवल दुई धर्मलाई मात्र सूचित गरेको देखिँदैन, बल्कि यो दुई पृथक राष्ट्रको पनि सूचक हो। किनभने हिन्दू र मुसलमान दुवैको धार्मिक मान्यता, सांस्कृतिक परम्परा,



रीतिरिवाज, सामाजिक सङ्गठन, खानपान, भाषा साहित्य, रहनसहन सबै एकअर्कोबाट भिन्न छ। दुईओटा राष्ट्रियता बोकेको एउटा राज्य त्यसमा पनि एउटा बहुसङ्ख्यामा छ र अर्को अल्पसङ्ख्यामा छ भने तिनलाई एउटै राज्यमा राख्नु सर्वथा अनुचित देखिन्छ। यसैकारण मुस्लिम लीगले सन १९४० को लाहौर अधिवेशनबाट मुसलमान बहुल भारतका उत्तरपश्चिमी सीमा प्रान्त सिन्ध, पञ्जाब, बलुचिस्तान तथा पूर्वी सीमा प्रान्त बंगाल र आसामलाई परस्परमा मिलाएर एक पृथक राज्य निर्माण गर्ने प्रस्ताव स्वीकृत गरेको थियो। यसपछि मुस्लिमहरूले आफ्ना लागि पृथक राज्य पाकिस्तानको मागलाई निरन्तररूपमा उठाउँदै लगे। मुस्लिम लीगका प्रत्येक अधिवेशनमा यसको समर्थन हुँदै गयो। यसका लागि आफ्ना जनतालाई अनेक उपायद्वारा आन्दोलित गर्दै लगे। यसबाट सन् १९४६ सम्ममा त्यहाँ यस्तो स्थिति उत्पन्न भयो कि अब भारतमा त्यस्तो कुनै पनि शासन व्यवस्था लागु गर्न सकिँदैनथ्यो, जसबाट मुस्लिम लीग पूर्ण रूपले सन्तुष्ट हुन सकोस्। अगस्त १९४६ पश्चात् मुस्लिम लीगले आफ्ना माग पूरा गराउन प्रत्यक्ष कार्यबाही अर्थात् सिधै लडाइँ शुरु गर्ने निश्चय गऱ्यो। परिणामस्वरूप सारा देशमा साम्प्रदायिक विद्वेष, लुटमार, बलात्कार, तोडफोड, आगजनी, हत्या हिंसा जस्ता ताण्डव नृत्य प्रारम्भ भयो। जसमा हजारौँ मानिस मारिए। लाखौँ घरबारविहिन भए। सरकारलाई स्थिति सम्हाल्न मुश्किल पऱ्यो। यस परिस्थितिमा भारतका तत्कालीन भायसराय लर्ड माउन्टवेटनले ब्रिटिश सरकारका प्रतिनिधिका रूपमा एउटा योजना प्रस्तुत गर्दै मुस्लिम बहुल प्रान्त वा प्रदेशका बासिन्दाले सन् १९४६ मा निर्मित भारतको संविधान सभामा सम्मिलित नभई पृथक संविधानसभा बनाउन चाहन्छ र आफ्नो सम्मति देशको विभाजनको पक्षमा छ भनी देखाउँछ भने भारतको विभाजन हुन्छ भने। साथै यसकालागि एउटा सीमा निर्धारण आयोग गठन गरिने कुरासमेत खुलस्त गरे।

यसप्रकार मुस्लिम लीगले खोजेको अलग राज्य पाकिस्तानको मागलाई अन्ततोगत्वा भारतीय राष्ट्रिय कांग्रेसले पनि मान्नुपऱ्यो। देशको साम्प्रदायिक परिस्थितिहरूलाई दृष्टिगत गर्दै १५ जुन १९४७ का दिन कांग्रेसले भारतको विभाजन तथा पाकिस्तानको स्थापनालाई स्वीकार गऱ्यो। जुलाई १९४७ मा ब्रिटिश पार्लियामेन्टले India Independence Bill लाई स्वीकृत गरेपछि १९४७ को त्यसै एक्टअनुसार १४ अगस्त १९४७ का दिन पाकिस्तानको नामबाट एक पृथक राज्यको निर्माण हुनगयो। माथि उल्लेख भए जस्तै भारतको उत्तरपश्चिमी सीमान्त प्रदेश सिन्ध, पश्चिमी पंजाब, बलुचिस्तान तथा पूर्वी बंगाललाई पाकिस्तानमा सम्मिलित गरियो। साथै आसाम राज्यको सिलहट जिल्लाको ठूलो भूभाग, जहाँ मुस्लिमहरूको बाहुल्यता थियो, त्यसलाई पनि पाकिस्तान अन्तर्गत राखियो। पश्चिमी प्रदेशहरू सम्मिलित पाकिस्तानलाई पश्चिम पाकिस्तान र पूर्व बंगाललगायतका भूभाग मिलाएर बनाइएको पाकिस्तानलाई पूर्वी पाकिस्तान भनियो। यहाँनेर ध्यान दिनु पर्ने कुरा के छ भने पूर्वी पाकिस्तानका बहुसङ्ख्यक जनता धर्मले मुसलमान अवश्य थिए। तर भाषा, नश्ल, संस्कृति आदिका दृष्टिले तिनमा एकरूपता थिएन। विशेषगरेर पश्चिमी पाकिस्तानीहरूले पूर्वी पाकिस्तानीलाई निम्नस्तरको व्यवहार गर्दथ्यो। साथै राज्यका प्रायः सबै उच्च पदहरूमा पनि पश्चिमी पाकिस्तानीहरू नै हुन्थे। यसरी पूर्वी पाकिस्तानीहरू आफ्नै देशमा पनि दोश्रो दर्जाका नागरिक जस्तै थिए। पश्चिमी पाकिस्तानीहरूबाट तिनीहरू अपमानित र अपहेलित थिए। यसैकारण तिनीहरू असन्तुष्ट थिए। फेरि भौगोलिक दृष्टिकोणबाट पनि यी दुई पाकिस्तानका बीच एक हजार माइलभन्दा अधिकको भौगोलिक दूरी थियो। त्यसबीचमा भारत पर्दथ्यो। यसरी संप्रभुता एउटै भएपनि पाकिस्तान दुई अलग भौगोलिक अवस्थितिमा विभाजित थियो। र यो कुनै पनि बेला टुक्रिन सक्ने संभावना प्रवलरूपमा देखिन्थ्यो। पछि गएर सन् १९७२ मा बंगलादेशको निर्माणले त्यो संभावनालाई यथार्थतामा परिणत गरिदियो।

**दुवैबीचको तनावपूर्ण सम्बन्ध–** यसप्रकार करिव दुई सय वर्षको सङ्घर्ष पश्चात् ब्रिटिश उपनिवेशवादी शासनबाट स्वतन्त्र भएता पनि भारतीय जनताले स्वतन्त्रताको रसास्वादन गर्न नपाउँदै विभाजन पनि स्वीकार्नु पऱ्यो। ब्रिटिश नीतिकै आधारमा भारत विभाजनको योजनाअनुरूप १४ अगस्त १९४७ मा पाकिस्तान र १५ अगस्त १९४७ मा भारत स्वतन्त्र भयो। तर जुन प्रकारले पैतृक सम्पत्तिको अंशबण्डापश्चात् पनि दुई भाइहरूका बीचमा विवाद जारी रहन्छ, ठीक त्यस्तैप्रकारले भारत विभाजनपश्चात् पनि भारत र पाकिस्तानबीच सम्बन्ध तनावपूर्ण रहँदै आएको छ। यसमा कश्मिर विवाद मूल जडको रूपमा रहेको देखिन्छ। यसै विवादका कारण अहिलेसम्म दुवैका बीच चार पटक युद्ध पनि भइसके। वास्तवमा कश्मिर विवादका कारणले गर्दा शुरुदेखि अहिलेसम्म पनि यी दुईका बीच शत्रुतापूर्ण सम्बन्ध रहिआएको छ। यो कटुतापूर्ण सम्बन्ध राज्यस्तरमा मात्र नभएर जनस्तरमा पनि रहेको पाइन्छ, जुन कुरा दुवैबीच बेलाबेलामा हुने अन्तर्राष्ट्रिय क्रिकेट म्याचहरूबाट थाहा हुन्छ। जसको जित हारलाई दुवै देशका जनताले आफ्नै जीवन मरण सरह महत्त्व दिने गर्छन्।

**कश्मिर मुद्दा–** भारतको पश्चिमोत्तर दिशामा रहेको कश्मिर एउटा यस्तो देश थियो, जहाँ बहुसङ्ख्यक जनता मुसलमान तर राजा भने हिन्दू थिए। भारतमा ब्रिटिश उपनिवेशवादी शासन चलेको बेला पनि कश्मिर स्वतन्त्र राज्य थियो। जब सन् १९४७ मा आएर पाकिस्तान भारतबाट अलग

भयो, तब धार्मिक, सांस्कृतिक निकटताका कारण त्यहाँका जनता पाकिस्तानसँग मिल्न चाहे, तर यो कुरा त्यहाँका हिन्दू राजा हरिसिंहलाई मान्य भएन । साथै त्यहाँका प्रमुख नेता शेख अब्दुला पनि द्वैराज्य सिद्धान्तमा विश्वास राख्तैनथे अर्थात् पाकिस्तानसँग मिल्न चाहँदैनथे । यसरी त्यहाँका राजा र प्रमुख राजनीतिक संस्था कश्मिर नेशनल कन्फरेन्सले आफ्नो प्रदेशलाई भारतमा सम्मिलित गराउने निर्णय गरे । जुन पाकिस्तानलाई सह्य हुने कुरै थिएन । यस स्थितिमा कश्मिरलाई आफूमा मिलाउन अक्टोबर १९४७ मा पाकिस्तानी सेना कश्मिरमा प्रवेश गऱ्यो । त्यसको प्रतिरोध गर्न कश्मिरका अन्तिम महाराजा हरिसिंहले भारतसँग विलय सन्धिमाथि हस्ताक्षर गरेपछि भारतीय सेना पनि कश्मिरमा प्रवेश गऱ्यो । भारतीय सेनाको कारण पाकिस्तानी सेनाले राजधानी श्रीनगरमाथि कब्जा गर्न सकेन । पाकिस्तानी सेनाले कब्जा जमाएको एक तिहाई काश्मिरी भूभाग अद्यावधि पाकिस्तानको नियन्त्रणमा छ भने दुई तिहाइ भूभाग भारत अधिनस्थ रहेको छ । यिनीहरू दुवैका बीच त्यहाँ सन् १९४७–४८ को युद्धपश्चात् संयुक्त राष्ट्र सङ्घद्वारा निर्धारण गरिदिएको युद्धविरामरेखा अर्थात् (Line of control) नियन्त्रण रेखा कोरिएको छ ।

राष्ट्र सङ्घको मध्यस्थतामा कश्मिरको प्रश्नलाई लिएर भएको पहिलो युद्ध अन्त्य भएपनि त्यसपछिका दिनमा दुवै देशबीचको सम्बन्ध मैत्रीपूर्ण रहन सकेन । यसैले यसपछि उसले भारतका विरुद्ध अमेरिकाको सहयोग प्राप्त गर्न सन् १९५४–५५ मा सीटो र सेन्टो जस्ता सङ्गठनहरूमा सामेल भयो । र अमेरिकाबाट आर्थिक तथा अस्त्रशस्त्रको मद्दत प्राप्त गर्न थाल्यो । यसबीच जनवरी १९६४ मा पूर्वी पाकिस्तानमा भएको साम्प्रदायिक दङ्गा र हिन्दूहरूको महाभिनिष्क्रमणमा भारतका समाजवादी नेता जयप्रकाश नारायणले के भनेका थिए भने देशको विभाजन समस्याहरूको युक्तिसङ्गत समाधान सिद्ध भएन । सन् १९६५ मा दुवैका बीच फेरि युद्ध भयो । संयुक्त राष्ट्र सङ्घको प्रयत्नले त्यो युद्ध पनि अन्त्य भयो । रुसको ताशकन्दमा दुवैका बीच सम्झौता भयो । सन् १९७२ मा पुनः दुवैका बीच युद्ध भयो । यस युद्धको दौरान भारतले पाकिस्तानबाट पूर्वी पाकिस्तानलाई टुक्र्याएर नयाँ मुलुकको रूपमा बंगलादेश निर्माण गर्न भारतीय सेना सफल भयो । यसरी यस युद्धमा पाकिस्तानले आफ्नो सम्प्रभुता र अखण्डताको समेत रक्षा गर्न नसकी ठूलो हार व्यहोर्नु पऱ्यो । यसपछि सन् १९७२ मा शिमला सन्धि भयो ।

यसरी कश्मिर मुद्दालाई लिएर पाकिस्तान र भारतबीच अहिलेसम्म (१९४७ देखि १९९९ सम्म) चार पटक युद्ध भइसकेको छ ।

**निष्कर्ष**– कश्मिर मुद्दाका सम्बन्धमा भारतको दृष्टिकोण के रहेको छ भने कश्मिरका अन्तिम महाराजा हरिसिंहद्वारा भारतसँग विलय सन्धिमा हस्ताक्षर गरेपछि कश्मिर स्वतः भारतको अभिन्न अङ्ग बनिसकेको छ । यसमा पाकिस्तानले टाउको दुखाइरहनु पर्ने कुनै जरुरत छैन । तर पाकिस्तानको भनाइ के रहेको छ भने कश्मिर मुस्लिम बहुल राज्य भएको हुनाले त्यहाँका जनतामाथि भारतको हिन्दू हैकमवादी शासन सर्वथा अनुचित छ । कश्मिरको स्वतन्त्रताका लागि लड्दै आएका त्यहाँका जनतालाई आत्मनिर्णयको अधिकार दिइनुपर्दछ भन्ने पाकिस्तानको मुख्य धारणा रहेको छ ।

यसरी कश्मिरमाथि आ–आफ्नो स्वार्थका कारणले गर्दा भारतको पाकिस्तानसँगको सम्बन्ध कहिले पनि सुमधुर र मैत्रीपूर्ण हुन सकेको छैन ।

यसप्रकार उपर्युक्त अध्ययनका आधारमा अन्तमा के भन्न सकिन्छ भने भारत–पाकिस्तानबीचको तनावपूर्ण सम्बन्धको मूल कारण कश्मिर मुद्दा रहेको देखिन्छ । यसको गर्भमा अङ्ग्रेज नीतिको ठूलो भूमिका रहेको देखिन्छ । किनभने अङ्ग्रेजहरू आफै लड्दैनन्, अरुलाई लडाउन माहिर हुन्छन्, जसलाई devide and rule policy भनिन्छ । अङ्ग्रेजहरूले दुई सय वर्षसम्म भारतीय जनतामाथि बलपूर्वक शासन गरेका थिए । यसैले भारत र पाकिस्तान अर्थात् हिन्दू र मुसलमान आपसमा एक भयो भने त्यो एकदम शक्तिशाली हुन्छ । त्यसस्थितिमा संभवतः तिनले आफूसँग त्यसको बदला लिनेछ भन्ने डर उसमा रहेको अनुमान गर्न सकिन्छ । अतः दुवै देश कहिले पनि आपसमा मिल्न नसकोस्, सदैव झगडा गरिरहोस् भन्ने उद्देश्यले नै उसले कश्मिरलाई दुई भाइबीच झगडाको बीउ बनाएर छोडेको देखिन्छ । हुन पनि उसको यो धारणा आजसम्म पनि सत्य साबित हुँदै आएको छ । यो कहिलै नटुङ्गिने विवाद (never ending process) को रूपमा रहेको छ । वास्तवमा अङ्ग्रेजहरू एकदम चलाक र धूर्त जाति हुन् । सय वर्ष पछिको कुरा उनीहरू अहिले नै सोच्न सक्छन् । यही कारणले गर्दा नै कुनै बेला उनीहरूले सारा संसारमा आफ्नो साम्राज्य फैलाउन सकेका थिए । यसरी कश्मिर समस्याले शान्तिपूर्ण समाधान प्राप्त नगरुन्जेलसम्म भारत र पाकिस्तान बीचको सम्बन्ध तनावपूर्ण रहने कुरा लगभग निश्चित छ ।

## सन्दर्भग्रन्थ सूची

१) विपीनचन्द्र चन्द, **आधुनिक भारतका इतिहास**, न्यू दिल्लीः ओरिएन्ट ब्ल्याक स्वेन प्रा.लि., ई.सं. २०११ ।

२) रामचन्द्र गुहा, **इण्डिया आफ्टर गान्धी**, लण्डनः पिकाडोर, ई.सं. २००७ ।

३) एम.एच. हुसैन, सैयद अहमद खान, **पायोनियर अफ मुस्लिम रिसर्गेन्स**, लाहौरः सन १९७४ ।

४) सत्यकेतु विद्यालंकार, **एशियाका आधुनिक इतिहास**, नयाँ दिल्लीः सरस्वती सदन, ई.सं. १९९१ ।

५) भि.डी. महाजन, **मोडर्न इण्डियन हिस्ट्री** (भोलुम सात), दिल्लीः एस चन्द एण्ड कम्पनी, ई.सं. १९९० ।

# क्युवा र भक्तपुर नपा : शिक्षा र स्वास्थ्य



डा. बालकृष्ण चाँगुभारी

उत्तर अमेरिकामा मेक्सिकोको खाडी, क्यारीबियन समुद्र र उत्तर एट्लान्टिक महासागर बीच रहेको देश क्युवाको क्षेत्रफल १,१०,८६० वर्ग किलोमिटर र जनसङ्ख्या १,११,९३,४७० छ। एशियाको भारत र चीनबीच रहेको हाम्रो देश नेपाल को क्षेत्रफलका १,४७,५१६ वर्ग किलोमिटर र जनसङ्ख्या २,८०,९५,७१४ छ। क्षेत्रफल र जनसङ्ख्याको आधारमा नेपालभन्दा सानो देश क्युवामा चिकित्सक सङ्ख्या ९५,४८६ छ जुन नेपालको भन्दा ३.५ गुणाले बढी हो।




क्युवा विश्व मानचित्रमा




क्युवा र नेपाल

### क्युवाः चिकित्सकहरूको देश

क्युवा आफूसँग भएको चिकित्सा जनशक्तिलाई संसारको हरेक कुनामा त्यहाँको आवश्यकताअनुसारसेवामा पठाउने गर्छ। सन् १९६० को भूकम्पपछि चिलीमा, सन् १९६३ मा अल्जेरियामा, सन् १९७५ को अङ्गोलन युद्धमा, सन् २०१० मा हाइटीमा गएको विनाशकारी भूकम्प, सन् २०१५ मा नेपालमा गएको महाभूकम्प र अहिले सन् २०२० मा कोरोनाको महामारी विरुद्ध लड्न इटलीमा पठाउन सक्षम र सफल भएकै कारण क्युवालाई चिकित्सकको देश भनेर चिनिन्छ।

एउटा सानो देश भएर पनि संसारमा आफ्नो चिकित्सा सहायता पठाउन कसरी सफल भयो त क्युवा ? श्रमिक साप्ताहिकको अङ्क २४ र २५ मा प्रकाशित 'कोभिड–१९ प्रतिरोधमा क्युवालाई चे ग्वे भाराले के सिकाए ?' लेखमा व्याख्या गरिएको छ।

### क्युवाः स्वास्थ्य प्रणाली

क्युवाली स्वास्थ्य नीतिको सबैभन्दा सह्रानीय पक्ष भनेको निःशुल्क स्वास्थ्य उपचारलाई मानवअधिकारको रूपमा संविधानमा उल्लेख गरी त्यही अनुरूप कार्य अघि बढाउनु हो। अस्पताल र स्वास्थ्यचौकीहरूलाई जनताको पहुँचसम्म पुऱ्याउन ग्रामीण भेगमा समेत घरघर स्वास्थ्य सेवा विस्तार गर्न सक्नु क्युवाको निम्ति ठूलो उपलब्धि हो त्यो पनि करिब ३०–४० वर्ष अगाडि नै। त्यसबेला हाम्रो देश प्रजातन्त्रको लागि लडिरहेको थियो।

चुनौतीहरू र सङ्घर्षका दिन न क्युवाको इतिहासमा कम थिए न हाम्रो देशमा। तर क्युवाली नेताहरू हाम्रो देशका ठूला दलका नेताहरू जस्तै विपत्तिको फाइदा उठाएर आफ्नो निजी सम्पत्ति जोड्नतिर लागेनन् बरु देशलाई विपत्तिबाट उठाउन तिर अग्रसर रहे।

फलस्वरूप सन् १९८० देखि सन् १९८९ सम्म पाइरहेको ५ अर्ब अमेरिकी डलर बराबरको सहयोग सोभियत रुसको विघटनपछि स्वतः रोकिएर क्युवाको अर्थतन्त्रमाथि ठूलो बज्रपात र HIV/AIDS जस्तो प्राणघातक रोग महामारीको रूपमा फैलिंदै गर्दा उल्टो संयुक्त राज्य अमेरिकाको नाकाबन्दीले औषधि अभावमा परेका यी विपत्तिहरूमा क्युवाले आफै हातपाउ पसारेर तैरीन सिके। देशभित्र स्वयं सक्षम रहे पनि यी विपत्तिहरूबाट उभर्न आफ्नो संयोजित र स्याहारमुलक उपचार पद्धतिको विकास गरी अर्थतन्त्र र स्वास्थ्य दुवै क्षेत्रलाई सुदृढीकरण गरी सारा संसारलाई विपत्तिमा स्वास्थ्य सहयोग पुऱ्याउन सक्षम बने।

क्युवाको यो परनिर्भरता हटाउन आत्मनिर्भर रही देशको विकास गर्न सक्ने उदाहरणलाई आफ्नो परिप्रेक्ष्यमा पनि अनुसरण गर्नुपर्छ। दुई ढुङ्गाबीचको तरुल जस्तै भूपरिवेष्ठित देश नेपाल धेरै कुरामा भारतसँग निर्भर रहँदा भारतले बेलामौकामा गर्ने नाकाबन्दीले धेरै असर पारेको छ। तर यो प्रतिकूल परिस्थितिमा यदि स्वदेशमै शिक्षा, स्वास्थ्य, व्यवसाय, उद्योग–कलकारखाना, कृषि इत्यादि विकास र प्रबर्द्धन गर्न सके हामी क्युवा जस्तै शीर उँचो गरी

आत्मनिर्भर रहन सक्छौं भन्ने पाठ क्युवाले सिकाएको छ हामीलाई ।

**क्युवा, भक्तपुर नगरपालिका र कोभिड-१९**

अहिले कोभिड-१९ सङ्क्रमणको चपेटामा सारा विश्व लडिरहेको छ । यो अति शक्तिशाली विषाणु हो जसले शरीरमा विभिन्न अङ्ग र प्रणालीहरूमा गएर असर गर्दछ । बिल्कुल नयाँ र अझै अध्ययन जरुरी यस विषाणुले कसरी शरीरभित्र खराबी गराउँछ भन्ने कुरा देश र ठाउँअनुसार नै भिन्न भिन्न लक्षणहरू र असर गर्ने कुरा विश्वभरका अध्ययनहरूबाट आइरहेका छन् । साथै आफ्नो RNA को स्वरूपलाई बदल्न सक्ने यो विषाणु कसरी सर्छ भन्ने कुराको समेत बारबार विवादित बयानहरू विश्व स्वास्थ्य सङ्गठनले समेत दिइरहेको छ । कहिले हावाबाट बिल्कुल सर्दैन भन्ने यो अजीब खालको विषाणु अहिले हालैमात्र विश्व स्वास्थ्य सङ्गठनले हावामा पनि केही घण्टाको लागि जीवित रहने र मानिसमा सर्न सक्ने तथ्यलाई स्वीकारेको छ । यसरी विश्व नै अन्योलमा परेको यो महामारीमा समेत क्युवाले उल्लेख्य भूमिका निर्वाह गरिरहेको छ जसमा आफ्नै देशका नागरिकहरूलाई यो महामारीबाट बचाउने र साथै आफ्नो चिकित्सकीय सहायता अन्तर्राष्ट्रिय क्षेत्रलाई दिइरहेको छ । विश्वमा सर्जिकल मास्कको अभाव र कालोबजारी भइरहँदा क्युवाले सन् २०२० को शुरुवातमै दूरदर्शिता अपनाएर विद्यालयको युनिफर्म सिलाउने सरकारी कारखानाहरूमा मास्क उत्पादन गराई आफ्नो देशका सबै नागरिकलाई सुरक्षाको मार्ग अवलम्बन गराउनतिर सोच्न सक्नु नै क्युवाको रोकथाम कदमको पहिचान हो । जसको ठीक उल्टो हाम्रो देशमा मास्कलगायत स्वास्थ्य सामग्रीहरूको कालोबजारी र भ्रष्टाचारमा स्वयं ठूला दलका र पदासीन नेता तथा मन्त्रीहरू नै संलग्न पाइएको छ । मास्कमात्र नभई क्युवामा स्वास्थ्य सामग्री र PCR परीक्षण पनि अभाव भएन ।

कोरोना सङ्क्रमण व्यक्तिबाट समुदायस्तरमा फैलिन रोक्न पीसीआर परीक्षणको दायरा बढाई मनग्य परीक्षणहरू गर्ने, सङ्क्रमित व्यक्तिलाई क्वारेन्टाइनमा राखी उपचार गर्ने र पटक-पटक पीसीआर परीक्षण गर्ने, सङ्क्रमणको शङ्कास्पद व्यक्ति र सङ्क्रमित व्यक्तिको सम्पर्कमा आएका व्यक्तिहरूलाई contact tracing मार्फत सम्पर्कमा ल्याएर क्वारेन्टाइनमा छुट्टै उपचार गर्ने र परीक्षण गर्ने, ती Quarantine र Isolation मा बसेका बिरामीलाई निःशुल्क खाना र अन्य सबै सेवा सुविधाहरूको जिम्मा सरकारले लिने जस्ता कदमहरू हामीले क्युवाबाट सिकेर नेपालमा लागु गर्नु अहिलेको अत्यावश्यकता नै भैसक्यो । त्यतिमात्र नभई स्वास्थ्यकर्मीहरूका लागि गुणस्तरीय PPE तथा अन्य आवश्यक सुरक्षाका सामग्रीहरूको मनग्य व्यवस्थापन अस्पताल नीतिमै परिवर्तन गरी स्वास्थ्यकर्मीहरूलाई बिरामी बस्ने ठाउँ नजिकै बस्ने व्यवस्थापन गरी टोली र समूहहरूमा काम गराई घर जानु अगाडि स्वास्थ्य परीक्षण गराई घरमा पनि थप १५ दिन अलग्गै बसी अझै स्वास्थ्य परीक्षण गराएर मात्रै नियमित काममा फर्किने गरी ४५ दिनको अलग बसाइले स्वास्थ्यकर्मीद्वारा समाजमा कोरोना फैलिन सक्ने सम्भावनालाई न्यूनीकरण गरेको छ । साथै यस विषम परिस्थितिमा स्वास्थ्यकर्मीहरूको मनोबल नघटोस् र उनीहरूको काममा चाप परी Depression जस्तो मानसिक रोगको सिकार नबनोस् भनी भरमग्दुर प्रयास गरिरहेको छ । यसको लागि काम बाँडफाँड गर्न चिकित्साशास्त्र अध्ययनरत विद्यार्थीहरूलाई मनग्य स्वास्थ्य सामग्री र सुरक्षाको बन्दोबस्त गरी जनताको घरघर गइ स्वास्थ्य स्थितिको अवलोकन तथा तथ्याङ्क सङ्कलनमा लगाएर सो अनुसार नै विशेष ध्यान दिनुपर्ने घरहरूमा वरिष्ठ स्वास्थ्यकर्मीको टोली पुगेर उपचार गर्नतिर लागेका छन् । त्यसको ठीक उल्टो अहिले हाम्रा स्वास्थ्यकर्मीहरूलाई धेरैजसो अस्पतालहरूमा मानसिक र शारीरिक तनाव, कामको चाप र सङ्क्रमणको डर यति तीव्र छ कि धेरैजसो स्वास्थ्यकर्मीहरू Depression लगायत मानसिक रोगहरूतिर ढकेलिएका छन् । साँचै आवश्यक सुरक्षा सामग्रीको अभाव छ नै, बिनापंजा, N95 मास्क र PPE आकस्मिक र ICU सेवा दिन बाध्य छन् हाम्रा देशका स्वास्थ्यकर्मीहरू । के अब पनि हामी क्युवाबाट केही नसिक्ने ?

सन् २०२० मा मात्रै पनि क्युवाले ७७ भन्दा बढी देशहरूमा ३७ हजारभन्दा बढी स्वास्थ्यकर्मीहरू परिचालन गरिसकेको छ । अहिले संयुक्त राज्य अमेरिका जस्ता पूँजीवादी देश स्वतन्त्रताको बिगुल फुकेर आफ्ना नागरिकहरू स्वमर्जि स्वास्थ्य सेवा र अन्य जन जीवनका प्रणालीहरू लागू गर्न स्वतन्त्र छन् भनी कोरोनाको बेवास्ता गरी विश्वमै कोरोनाको चपेटामा पर्ने पहिलो देशका रूपमा स्थापित छ र साथै त्यहाँ अस्पतालहरूमा PPE, मास्क र पंजाजस्ता अति आवश्यक सुरक्षा सामग्रीहरूको अभावको मार चलिरहँदा त्यहा विकासको वास्तविक मुहार विश्वसामु उजागर भएको छ । तर क्युवा यो अवस्थामा पनि कत्ति पनि विचलित छैन ।

राष्ट्रियस्तरमा नीति बनाउने त आफ्नो ठाउँमा छँदैछ तर त्यसमा प्रत्यक्ष रूपमा सक्रिय हुन नसके पनि हाम्रो भक्तपुर नगरपालिकाले क्युवा मात्र नभई हरेक विकासोन्मुख कार्यहरू सिकेर त्यसतर्फ ध्यान दिंदै आएको कुरा सर्वविदितै छ । नगरपालिकाद्वारा सरसफाइ, स्वास्थ्य, शिक्षा, पर्यटन

सम्बर्द्धन तथा विकास, कला र संस्कृतिको जगेर्ना, पुरातात्त्विक महत्त्वका सम्पदाहरूको उचित सम्बर्धन, व्यवस्थापन र पुन:निर्माणलगायतका बहुआयामिक क्षेत्रहरूमा अनवरत रूपमा कार्यरत छ । भक्तपुर नगरपालिका नेपालकै एउटा नमूना स्थानीय तहको रूपमा चिनिन्छ ।



घरघरबाट फोहोरमैला सङ्कलन

धेरै लामो इतिहास पनि होइन । केही दशक अगाडि मात्रै पनि भक्तपुरलाई अशिक्षित गँवारहरूको ठाउँ, फोहोर मैला र घरघरमा मल बनाइ दुर्गन्धले भरिएको जिल्ला, गल्लीगल्लीमा खुल्ला दिसा-पिसाब गरी टोलटोलमा हैजा, झाडापखाला र बाक्लो जनघनत्वले गर्दा क्षयरोगको मुहान मानिन्थ्यो । तर हाम्रो भाग्य कि यहाँ देशका सबैभन्दा इमानदार र जनताप्रति कर्तव्यबोधले ओतप्रोत नेता का. रोहितको उदय भयो जससँगै नेपाल मजदुर किसान पार्टीको विकास भयो । यहीँबाट अन्त्य भयो भक्तपुरको कालो युग र उदय भयो एउटा समधुर विहानीको ।

आज हामीबाटै छानिएका हाम्रा श्रद्धेय स्थानीय जनप्रतिनिधिहरू नगरपालिका कार्यालयमा विद्यमान हुनु हुँदा भक्तपुरलाई सुव्यवस्थित, शिक्षित, सफा र सभ्य नगरको रूपमा चिनिन्छ । त्यसको पहिलो स्तरोन्नती फोहोरमैलाको उचित व्यवस्थापनबाट भएको छ । हाम्रो स्वास्थ्य प्रणाली फोहोरमैलासँग घनिष्ठ सम्बन्ध राख्दछ । फोहोरमैलाका निम्ति पटक-पटक दैनिकरूपमा सफाइका साथै फोहोर सङ्कलनका गाडीहरू दैनिकरूपमा हाम्रा गल्ली गल्लीबाट गुज्रिन्छन् जसले गर्दा फोहोर फाल्न आफ्नो घर अगाडि बसे पुग्छ हामीलाई । केही समय अगाडि मात्रै मलाई मेरो एकजना साथीले भन्नुभएको कुरा यहाँ म राख्न चाहन्छु । उहाँ कमलविनायक पारी भत्क्यापाटीमा बस्नुहुन्छ । दिनदिनै *'यो नगर भक्तपुर...'* गीत बजाई उहाँकै घरभन्दा करिब २०-२५ घरहरू अगाडिसम्म भक्तपुर नगरपालिकाको फोहोर सङ्कलनको गाडी आइपुग्छ तर त्यतिबेला उहाँहरूको मन भतभती पोल्छ रे । चाँगुनारायण नगरपालिकाभित्र पर्ने उहाँको घर अनि महिनाको रू २०० तिरेर ठेक्कामा फोहोरमैला सङ्कलन गर्न आउने प्राइभेट गाडी जुन नियमानुसार हप्ताको २-३ पटक आउनुपर्ने, त्यसैलाई कुरेर बस्दा पनि न भने अनुसार समयमा आउँछ रे न त हप्ताको ३ पटक नै । पैसा नतिरूँ फोहोर कता लगेर फाल्ने तिरूँ यस्तो विजोग । किन भ.न.पा. पूरै जिल्लाभरि नफैलिएको होला भनी दुखेसो पोख्दै हुनुहुन्थ्यो उहाँ । यो घटनाले पनि हामी भक्तपुर नगरबासी हुनुमा कति सहजताका साथ फोहोर मैला दिनको दिनै थन्काइ रहेछौँ निश्चिन्त भएर भन्ने लाग्छ । त्यत्तिमात्रै नभई स्वास्थ्य सम्बन्धी जनचेतनामुलक सन्देशहरू पनि ती फोहोर सङ्कलनका गाडीहरूबाट प्रेषित हुन्छन् । पोहोर साल डेंगुको चपेटामा पर्दा सो सम्बन्धीका सूचना र यस साल कोरोनाको महामारी नेपालमा नफलैंदै नै कोरोना रोग, त्यसका लक्षणहरू रोकथामका उपायजस्ता जनचेतनामुलक सन्देशहरू स्थानीय नेवारी र राष्ट्रिय नेपाली दुवै भाषाहरूमा बजाएर ती गाडीहरूद्वारा जनताको घरदैलोमै र कान कानमा गुन्जाएको छ । यो कार्य को जति तारिफ गरे पनि अपुग छ ।

त्यस्तै हाम्रो आधारभूत आवश्यकताहरूमध्ये एक शिक्षा क्षेत्रमा हाम्रो नगरपालिका कहिल्यै पछि परेन । सायदै







कलेजहरू सञ्चालन



जनस्वास्थ्य केन्द्र सञ्चालन

नेपालमा अर्को कुनै नगरपालिका होला जसले आफ्नै मातहतमा एकदमै न्यून शुल्कमा उच्चस्तरीय शिक्षा प्रदान गर्ने कार्य गरेको छ । विश्वविद्यालय र शिक्षण क्षेत्रलाई व्यापारका रूपमा नेपालभरि क्रियाशील निजी कम्पनीहरू र व्यक्तिहरू सल्बलाई रहँदा नाफाको हिसाबकिताबमा नफसी एकदमै न्यून लागतमा उच्च माध्यमिक विद्यालयदेखि स्नातकोत्तरसम्म विभिन्न संकायमा शिक्षा प्रदान गर्न ५ वटा खोप कलेजहरू सफल मात्र नभई नेपालकै उत्कृष्ट कलेजका रूपमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेका छन् । चाहे त्यो स्वास्थ्यसम्बन्धी नर्सिङ नै किन नहोस् वा विभिन्न संकायका इन्जिनियरिङ, वातावरण विज्ञान इत्यादि नै किन नहोस् । भक्तपुर नगरपालिकाको 'एक घर एक स्नातक' को अभियान आज करिबकरिब साकार भएको छ ।

म आफै पनि यही ख्वपकै Product हुँ । यहाँबाट मैले उच्च पूर्वाधार प्राप्त नगरेको भए आज म MBBS डाक्टर भएर यहाँहरू सामु खडा हुन सक्ने थिइन हुँला । मेरो घरमा मेरो भाइ र मेरी श्रीमती पनि यहीं खोपको बगैंचाकै कोपिलाहरू हुन् । अहिले मेरो भाइ एक दक्ष कम्प्युटर इन्जिनियर छन् भने मेरी श्रीमती एक सफल र डाक्टर चित्त नर्सिङ शिक्षिका अनि स्वास्थ्य परिचारिका । मेरो सहृदय कृतज्ञता हाम्रो भक्तपुर नगरपालिका अनि ख्वपलाई । म कल्पंदैछु त्यो दिन जब हामी ख्वप विश्वविद्यालय बनेको देख्न पाउने छौँ हाम्रै नगरपालिका अन्तर्गत ।

गुणस्तरीय सस्तो सुलभ शिक्षातर्फ आफ्नो कदम चलिरहेकै बेला हामीले नगरपालिकाको स्वास्थ्य क्षेत्रको अर्को सह्रानीय कदमलाई कदापी बिर्सन सक्दैनौँ जुन क्युवाको घरघर पुगी स्वास्थ्य सेवा दिने नीतिसँग धेरै हदमा मिल्दोजुल्दो छ । देशभर सरकारी स्वास्थ्य चौकीहरू गाउँगाउँमा छन् र त्यहाँ स्वास्थ्यकर्मीहरूको दरबन्दी पनि छ । तर स्वास्थ्यकर्मीहरू पुगेका छैनन् विभिन्न कारणहरूले गर्दा । देशको यस्तो दर्दनाक स्वास्थ्य स्थितिमा भक्तपुरमा भने कहिल्यै चिकित्सकहरूको कमी रहेन । नगरपालिकाले जिल्ला अस्पतालको मात्रै भरमा नगरबासीलाई छाडेनन् बरु वि.सं २०३० सालदेखि आफ्नै मातहतमा २ ठाउँहरूमा स्वास्थ्यचौकीहरूको विकास गरि OPD (बहिर्विभाग) सेवा सुचारु गऱ्यो । त्यहीं जनस्वास्थ्य केन्द्रलाई अझै सुदृढीकरण गर्दै २४ घण्टे सेवा विस्तार गरी आकस्मिक (Emergency) सेवा पनि प्रदान गर्दै आएको छ भने थप एक स्थान व्यासीमा पनि स्वास्थ्य सेवाको विस्तार गरेको छ । आफैले उत्पादन गरेका नर्सहरूलाई यहीं रोजगारीको पनि व्यवस्था गर्न सक्नु हाम्रो नगरपालिकाको सबल पक्ष हो । नत्र त अहिले शिक्षित बेरोजगारहरूको सङ्ख्या झन् झन् बढ्दो छ । हाम्रो आफ्नै स्थानीय उत्पादनलाई प्रयोग गर्दा स्वास्थ्य सेवा अझै मजबुत भएको छ । एक त भाषागत समस्या रहेन किनकि अधिकांश भक्तपुरबासीलाई स्पष्ट नेपाली भाषा बोल्न कठिनाइ छ जसले गर्दा अन्य स्वास्थ्य केन्द्रहरूमा जाँदा असहजता हुन्छ । तर स्थानीय जनशक्ति परिचालित आफ्नै जनस्वास्थ्यमा त्यो समस्या रहँदैन । भक्तपुर अस्पतालमा भन्दा एकदम धेरै बिरामीको चाप हाम्रो जनस्वास्थ्यमा हुनुले हाम्रा नगरबासीहरूको हाम्रै मिहिनेतले बनेको जनस्वास्थ्य केन्द्रमा उपचार गर्न मन पराउँदछन् न कि महँगो प्राइभेट अस्पतालहरूमा जान ।



व्यायामका निम्ति उपकरणहरू जडान

हामीले सामान्य चिकित्सा मात्रै नभई विभिन्न विशेषज्ञहरूद्वारा OPD (बहिर्विभाग) मा बिरामी जाँच गरिरहेका छौँ । साथै राष्ट्रकै राम्रो मानिने तिलगंगा आँखा अस्पतालका टोलीलाई हाम्रो ठाउँमा निम्त्याएर उहाँहरूद्वारा हाम्रा नगरबासीहरूलाई आँखा सम्बन्धी उपचार पनि प्रदान गरीरहेका छौँ । जसले गर्दा बिहान सबेरै गाडी चढी तिलगंगा पुगी



सम्पदा संरक्षणमा निरन्तरता

घण्टौँ लाईन बस्न परेन हाम्रा नगरबासीहरूलाई ।

जसरी क्युवामा स्वास्थ्य टोली गाउँ गाउँ पुगेर सेवा दिन्छन् त्यसरी नै भक्तपुर नगरका प्रत्येक वडाहरूमा सामुदायिक नर्सको दरबन्दी गरी परिचालन गरेर घरमा वृद्ध, बालक, असहाय र रोगीहरूको पहिचान गरी आवश्यकताअनुसार स्वास्थ्य सेवा प्रदान गर्नु र चाहिएको अवस्थामा आफै अगुवाई गरी विशेषज्ञकोमा पुऱ्याउनु हाम्रो अर्को विशेषता रहेको छ ।

अहिलेको बदलिँदो परिस्थितिमा धेरैजसो मानिसहरू अफिसमा बसी काम गर्ने हुँदा मांसपेशी, हाडजोर्नी सम्बन्धीका विभिन्न समस्याहरू उत्पन्न भइरहेको छ । यसैलाई दृष्टिगतगरी भक्तपुर नगरपालिकाले भक्तपुरको प्रत्येक जसो वडाहरूका विभिन्न स्थानहरूमा व्यायामका निम्ति उपकरणहरू जडान गरेको छ । यसले एक त बाल-बच्चाहरूलाई खेलको एउटा माहोल सृजना गरेको छ भने अर्कोतिर जुनसुकै उमेरका नागरिकहरूलाई समयानुकूल बिहान-बेलुकी शारीरिक व्यायाम र कसरत पुगी प्रत्यक्ष रूपमा स्वास्थ्य स्वस्थ रहने वातावरण प्रदान गरेको छ ।

अहिले विश्व कोरोनाको महामारीमा परिरहँदा समेत हाम्रा देशका ठूला दलहरूका नेताहरू पदमा बसेर पनि कोरोना रोकथामका लागि नीति र कार्य गर्नुको साटो आफै भ्रष्टाचारमा डुब्दै कुर्सी जोगाउ अभियानमा लागिरहेको स्पष्ट छ । तिनीहरू महाभूकम्पमा जस्तै कसरी कोरोनाको नाममा आफ्नो ढुकुटी भर्ने भनी योजनामा व्यस्त छन् । तर यस्तो विषम् परिस्थितिमा समेत हाम्रा जनप्रतिनिधिहरू भने नगरको विकास, स्वास्थ्य र पुरातात्त्विक सम्पदाको संरक्षणमा लागिपरेका छन् ।

सन्दर्भमा अर्को एउटा घटना share गर्न मनलाग्यो । वि.सं २०७२ सालको महाभूकम्पको केही दिनपछि देशका वरिष्ठ कलाकारहरूको एउटा टोली काठमाडौं उपत्यकाको भ्रमणमा निस्कनु भएको रहेछ । त्यस टोलीमा एक नामी कलाकार जसको पूर्खा भक्तपुरमै थियो, नेपालको 'Line artist' का नामले प्रख्यात रविन्द्र श्रेष्ठ, पनि संलग्न हुनुहुन्थ्यो । उहाँहरू पहिले ललितपुर अनि काठमाडौं हुँदै अन्तमा भक्तपुर आउनुभएको रहेछ । ललितपुर र काठमाडौंमा भत्केका पुरातात्त्विक सम्पदाहरूको बिजोग देखेर उहाँहरू स्तब्ध हुनुभएछ । काठमाडौंको नामाकरण भएको मानिने काष्ठमण्डपका भत्केका काठहरू एउता पनि बाँकी थिएनन् । एउटा कुनामा केही मानिसहरू आगो तापिरहेको देखेर हेर्न जाँदा त काष्ठमण्डपको मूल कलात्मक जगको दलीन नै आधाभन्दा बढी बाली सकेर बाँकी भाग पनि जल्दै रहेछन् । त्यो देखेर उहाँहरू सबैको आँखा र मुटु भारी भएछ । अनि हत्त न पत्त त्यो दलीन निकालेर ती मानिसहरूलाई गाली गर्दै उक्त कलात्मक दलीनको बाँकी भाग स्थानीय पुलिसमा बुझाई



भत्केको वत्सला मन्दिर

आउनुभएछ । उहाँहरूले सुनेअनुसार भक्तपुरमा अझै धेरै पुरातात्त्विक सम्पदाका मठमन्दिर पाटीहरू भत्केको तथ्यले गर्दा अब भक्तपुरमा मात्र के बाँकी रहला र ? भन्दै हेर्न

आउनुभयो । तर यहाँ आएर उहाँहरूको पूरै टोली तीन छक्क पर्नु भएछ । भत्किन त मानिसहरूका घर मात्रै नभई थुप्रै पुराना सम्पदाहरू छताछुल्ल थिए । तर यहाँ काठ त परै जाओस् कुनैपनि सम्पदाहरूका एउटा टुक्रो ईँटासमेत जहाँको त्यहीं सुरक्षित पाउँदा उहाँहरूको हृदय गद्‌गद् भएछ ।

दरबार स्क्वायरको वत्सला मन्दिरका भत्केका ढुङ्गाहरू जहाँसम्म उछिट्टिएका थिए त्यहीं थिए । साथै डोरीको बार लगाइएको अनि कोही पनि मानिसहरू त्यो बार नाघेर उतातिर नगएको पाउँदा भक्तपुर नगरपालिका र भक्तपुरबासीहरूको सभ्यतालाई लाख लाख धन्यवाद भन्दै यहाँबाट निस्कनु भएछ । उहाँले यहीं परिवेशबारे एउटा चित्र पनि कोर्नु भएको छ जुन अहिले उपहारका रूपमा हाम्रो घरमा सुरक्षित छ ।

यो घटनाबाट पनि नगरपालिकाले सम्पदा प्रति हामी प्रत्येक नगरबासीको मनमा कस्तो गहिरो प्रेम उब्जाउन सफल भएको छ भन्ने पुष्टि गर्दछ । अहिले हाम्रो भक्तपुरको शान ङातापोल्हँको जीर्णोद्धार कार्य लागतभन्दा करिब आधामा, करिब ४००० बेसी नगरबासीहरूको श्रमदानमा सम्पन्न भएको छ । यस्तो उदाहरण भक्तपुर नगरपालिकाबाहेक कहीं पनि सम्भव म ठान्दिनँ नेपालमा । अरु ठाउँमा कसरी गोजी भर्ने तिर लागेर तोकिएको लागतभन्दा धेरै बढी खर्च हुन्छ भने भक्तपुरमा पुरै पारदर्शी रूपमा तोकेको भन्दा कम लागतमा सम्पदा निर्माण कार्यहरू भैरहेको छ । यसमा हाम्रै आदरणीय जनप्रतिनिधिहरू समेत प्रत्यक्ष सहभागी भई हातमा हात मिलाई श्रमदान गर्नुभएको छ ।

त्यतिमात्र नभई कोरोनाको मार नेपालमा छिर्दैन भनी मनगढंते रूपमा हाम्रा प्रधानमन्त्री र स्वास्थ्यमन्त्रीबाट आपत्तिजनक अभिव्यक्तिहरू आइरहँदा फागुन मसान्त र चैतको सुरुवातकै दिनहरूमा हाम्रा श्रद्धेय नगरप्रमुख आफैं जनस्वास्थ्य केन्द्रमा आउनु भई मास्क र स्वास्थ्य सामग्रीहरूको पुग्ने मात्रामा बन्दोबस्त गर्न निर्देशन दिनुभएको कुराको साक्षी म स्वयं छु । यसबाट हाम्रा जनप्रतिनिधिहरू हाम्रो स्वास्थ्य र साथै आफ्ना स्वास्थ्यकर्मीहरूको सुरक्षालाई लिएर कति चिन्तित हुनुहुन्छ भन्ने कुरा जनाउँछ । नगरका घरघर पुगेर कोरोना सम्बन्धी जनचेतना अभिवृद्धि गर्नुका साथै माक्सको प्रयोग र हात धुनुको महत्त्वबारे सचेतन गर्दै निःशुल्क माक्स वितरणको कार्य सह्रानीय छ हाम्रा वडा वडाका स्थानीय प्रतिनिधिहरूको । साथै घरघर पुगेर, डेरामा रहेका र आय स्रोतको आधार ठप्प रहेका परिवारहरूको सही रूपमा तथ्याङ्क सङ्कलन गरी बिनाविवाद एकदमै निष्पक्ष रूपमा अभाव भएकाहरूलाई राहतको रूपमा खाद्य सामग्री वितरण गर्नुले पनि हाम्रो नगरपालिकाको सेवामुखी भावना उजागर गर्दछ । देशको राजधानीलगायत विभिन्न स्थानहरूमा नातावाद र भेदभावको राहत वितरण अनि धनी र पहुँचवालाहरूले राहत पाएको तर साँच्चै नै ज्यालादारी र दैनिक मजदुरीमा बिताउने भोका-निमुखाहरूमा राहत नपुगेको जस्ता हृदय विदारक समाचारहरू आइरहँदा भक्तपुरमा भने त्यस्तो घटना सुन्नु त परै जाओस् उल्टो कतैकतै तथ्याङ्कमा भएपनि आफूलाई चाहिँदैन भनी आवश्यक परिवारमा राहत पुऱ्याउन अनुरोधका समाचारहरू समेत सुन्नमा आएका थिए । राहत वितरण घरदैलोमै किन त ? भन्दा - राहत घरदैलोमा वितरण गर्न जाँदा भीड कम हुने र कोरोना भाइरस फैलँदैन ।

फाट्टफुट्ट रूपमा भक्तपुरमा देखिएका कोरोना सङ्क्रमित व्यक्तिहरूको contact tracing का निम्ति समयमै भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जन स्वास्थ्य सेवा केन्द्रमा समिति बनाई चुस्त रूपमा तथ्याङ्क सङ्कलन गरी ती सम्पर्कमा आएका व्यक्तिहरूको PCR Testing को निम्ति पहल गर्नु, सङ्क्रमित व्यक्तिको इलाकालाई सिल गरी आवत-जावत ठप्प गर्नु, युगौं पुरानो इतिहास भएको भक्तपुरको विशेष जात्रा बिस्केट जात्रालगायत विभिन्न चाड पर्वहरूलाई औपचारिक पूजाआजामा मात्रै सीमित गरी भीडभाड हुन र कोरोना सङ्क्रमण फैलनबाट रोकथाम गर्नु इत्यादि जस्ता अनगिन्ती कार्यहरू हाम्रो नगरपालिकाले गर्दै आएको छ । मलाई लाग्छ क्युबाबाट मात्रै नभई हाम्रो भक्तपुर नगरपालिकाबाट पनि राष्ट्रले सिक्ने अझै धेरै कुराहरू छन् । राम्रो कामलाई निरन्तरता दिने त छँदैछ तर त्यसलाई अझै गुणस्तरीय र अझै व्यवस्थित गर्न सके हाम्रो जनस्वास्थ्य केन्द्र पनि कुनै ठूला अस्पतालहरू भन्दा कम हुने छैन भन्ने मलाई लाग्छ ।

त्यसै पनि नेपालका निम्ति सानो क्षेत्र भएपनि हरेक पाइलाहरूमा शीर उँचो गरी हिंड्न सक्ने हामी भक्तपुरबासीहरू शैक्षिक, स्वास्थ्य सेवा सम्बन्धी, ऐतिहासिक संरचना, परम्परा, संस्कृतिको सम्बर्द्धन जस्ता अन्य अनगिन्ती कार्यहरूमा अग्रसर छौं । हामी गर्व गर्छौं हाम्रा जनप्रतिनिधिहरूको प्रति ।

क्युबाको स्वास्थ्य प्रणालीजस्तै अझै हामीले हाम्रो क्षेत्रमा स्वास्थ्य सेवा विस्तार गर्ने नै छौं भन्ने संकल्प र सपना हाम्रो हृदयमा सदा रहने छ । त्यसका निम्ति म एक चिकित्सकको रूपमा अनि हामी सबै भक्तपुर नगरपालिका अन्तर्गतको जनस्वास्थ्य केन्द्रका रूपमा हातेमालो गर्न तत्पर छौं । धन्यवाद ।

*(लेखक भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रमा कार्यरत हुनुहुन्छ ।)*


**महान वैज्ञानिक**

# आइज्याक न्युटन



राजेन्द्रबहादुर कायष्ठ

**विषय प्रवेश** : अठारौँ शताब्दीमा बेलायतमा भएको औद्योगिक क्रान्तिले हाते सीप मेसिनमा रूपान्तर गऱ्यो । औद्योगिक क्रान्तिभन्दा अघि सामानहरू हाते सीपबाट घरमा बुन्ने, सिउने, बनाउने आदि गरिन्थ्यो । औद्योगिक क्रान्तिपछि सामानहरू यन्त्रबाट छिटो र धेरै परिमाणमा बन्न थाल्यो । उद्योग व्यवसाय यान्त्रिकरण हुन गयो । यसबाट प्राकृतिक सम्पदाको छिटो र अत्यधिक दोहन हुनगयो । बढ्दो जनसङ्ख्याको लागि आवश्यक सामानहरू सहज रूपमा उत्पादन र वितरण हुनथाल्यो । यसबाट व्यापार व्यवसाय अन्तराष्ट्रियकरण हुनगयो । यो औद्योगिक क्रान्तिको पूर्वाधार सत्रौं शताब्दीमा तयार भएको थियो । सत्रौं शताब्दीमा भएका विभिन्न आविष्कारहरूले विज्ञान र प्रविधिको क्षेत्रमा क्रान्तिकारी परिवर्तन ल्यायो । यस शताब्दीमा भएको आविष्कारहरूमा आइज्याक न्युटनको पनि ठूलो योगदान थियो । न्युटनले प्रतिपादन गरेको गुरुत्वाकर्षण बल सम्वन्धी नियमले ब्रम्हाण्डमा रहेको साना ठूला सबै वस्तुहरूमा एउटै नियम लागु हुन्छ । यी वस्तुहरूले एकले अर्कोलाई आफूतिर आकर्षण गरिरहेको हुन्छ भन्ने पुष्टि गरे । वास्तवमा न्युटनले पत्ता लगाएको यो नियम राजनीति र समाजमा समेत उल्लेखनीय प्रभाव पाऱ्यो । यसले पृथ्वीमा भएको ठूला वा साना सबै प्रकारका मानिसहरूमा एउटै नियम र कानुन लागु हुनुपर्छ भन्ने विचारले विश्वमा प्रजातन्त्रको विकास भएको हो भन्न सकिन्छ । न्युटनको गति सम्वन्धी तीनवटा नियमहरू भौतिक शास्त्रमा सबभन्दा बढी प्रयोग हुने नियम हो ।




यो नियम साइकलदेखि हवाइजहाज, रकेट आदि बनाउनमा लागु हुन्छ । न्युटनको गुरुत्वबलको नियमले पृथ्वीलगायत ब्रम्हाण्डमा रहेका हरेक पिण्डले आफ्नो सतहमा रहेको वस्तुहरूलाई केन्द्रतिर आकर्षित गरिरहेको हुन्छ भनी बताएको छ ।

**बाल्यकाल** : प्रसिद्ध वैज्ञानिक आइज्याक न्युटनको जन्म क्रिसमसको दिन जन्म २५ डिसेम्वर १६४२ मा इङ्ल्याण्डको उल्सथोर्प भन्ने स्थानमा घरमा नै भएको थियो । सन् १६४२ जनवरी ८ मा अर्का प्रसिद्ध वैज्ञानिक ग्यालिलियो ग्यालिलिको निधन भएको थियो । यसरी ग्यालिलियोको निधन भएको ११ महिना पछि न्युटन जन्मेका थिए । भौतिक शास्त्रमा ग्यालिलियोले गरेको कामलाई अझ विस्तृत अध्ययन अनुसन्धान न्युटनले गरेका थिए । भनिन्छ ग्यालिलियोको पुनर्जन्मको रूपमा न्युटनको जन्म भएको थियो । न्युटनको जन्म तोकिएको समयभन्दा केही पहिला भएकोले सामान्य भन्दा सानो र शारीरिक रूपमा कमजोर थिए । परिवारलाई उनी बाँच्ला जस्तो लागेको थिएन । उनी बुबाको एक्लो छोरा थिए । उनी जन्मनुभन्दा तीन महिना अगाडि वा सन् १६४२ को अक्टोवर महिनामा उनका पिता आइज्याक न्युटनको स्वर्गारोहण भएको थियो । बुबाको सम्झनामा उनको नाम पनि आइज्याक न्युटन नै राखियो । उनको पिता निरक्षर र आफ्नो नाम पनि लेख्न जाँदैनथे । तर उनको बुबा प्रशस्त जग्गाजमिन र पशुहरू भएको मानिस थिए । उनी जन्मेको तीन वर्षपछि उनको आमाले एकजना धनी मानिस Barnabas Smith सँग दोस्रो विवाह गरेर उनलाई छोडेर गएका थिए । त्यसपछि न्युटन उनको बाजे र बज्यैसित नै बसे । उनको स्याहार सुसार बज्यैले गरेका थिए ।

बाल्यकालमा न्युटन शारीरिक रूपमा कमजोर भए पनि मानसिक रूपमा तीक्ष्ण बुद्धिका थिए । उनी अरुसँग कम बोल्ने र एकान्त मन पराउँथे । शायद सानै उमेरमा आफूलाई आमाले छोडेर गएकोले होला उनी धेरै कममात्र हाँस्ने, अरुसित थोरैमात्र बोल्ने र साथीहरूसित पनि कममात्र घुलमिल

हुन्थे । उनी लेखपढमा भन्दा विभिन्न प्रयोगहरू गर्नमा बढी रुचि राख्दथे । यसको परिणाम स्वरूप सानो उमेरमा नै न्युटनले सौर्य घडी, हावा मिल, विभिन्न चित्रहरू बनाउने काम गरेका थिए । न्युटनको जन्म किसान परिवारमा भएको थियो । उनको आमाको दोस्रो श्रीमानको मृत्युपछि उनी न्युटनसँग नै बस्न आएका थिए । तिनी न्युटनलाई विद्यालय छोड्न लगाएर खेतीपाती गर्न लगाई किसानी परम्परालाई निरन्तरता दिन चाहेकी थिई । केही समय न्युटनले खेतीपातीको काममा सघाए । तर उनको मन खेतीपातीमा लागेन । उनले आमाको आदेशअनुसार विद्यालय जान छाडेनन् र पढाइलाई नै निरन्तरता दिए ।

**शिक्षा :** उनले १२ वर्षदेखि १७ वर्षको उमेर सम्म (सन् १६५३ देखि १६५९ सम्म) The King's School, Grantham मा अध्ययन गरेका थिए । उनको पढाइमा भन्दा विभिन्न प्रयोगात्मक क्रियाकलापहरूमा ध्यान बढी जान्थ्यो । लेखाइ पढाइमा कमजोरीका कारण साथीहरूले जिस्काउँदा उनको साथीहरूसँग झगडा पनि हुन्थ्यो । उनले शिक्षालयमा ल्याटिनी भाषा र गणित सिकेका थिए । उनको गणित विषयप्रतिको अभिरुचि र जग यही शिक्षालयमा भएको मानिन्छ । उनी सन् १६६१ मा क्याम्ब्रिज विश्वविद्यालयको Trinity College मा भर्ना भए । कलेजमा पढनको लागि आवश्यक रकम नभएकोले केही समय उनले कलेज सञ्चालकको घरमा घरायसी काम पनि गरे । उनले सन् १६६४ मा छात्रवृत्ति नपाएसम्म दुःखसुख गरी कलेज पढे । उनले कलेजमा अरिस्टोल, डिसत्रेट, केपलर, ग्यालिलियो आदिको दर्शन र सिद्धान्तहरू अध्ययन गरे । सन् १६६५ को अगस्टमा न्युटनले Trinity College बाट स्नातक गरे । सन् १६६५ मै क्याम्ब्रिजमा प्लेगको महामारी फैलियो । केही समयको लागि कलेज बन्द भयो र न्युटन आफ्नो घर फर्किए । यसै समयमा एकदिन उनी बगैंचामा बसेर वैज्ञानिक अध्ययनबारे सोचिरहेका थिए । त्यसैबेला एउटा स्याउ रुखबाट झरेर उनको टाउकोमा पऱ्यो । अकस्मात खसेको त्यो स्याउले न्युटनको वैज्ञानिक दिमागमा खस्नुको कारणबारे कौतुहलता जाग्यो । उनको दिमागमा स्याउ किन तलतिर नै खस्यो किन माथि खसेन,




न्युटनले प्रिज्मको प्रयोग गरी प्रकाशको विच्छेदन गरेको

किन दायाँ बायाँ खसेन आदि प्रश्नहरू उठ्यो । यसै घटनालाई उनले गम्भीर तरीकाबाट सोचेर गहन अध्ययन र अनुसन्धानबाट उनले पृथ्वीको गुरुत्वले गर्दा स्याउ पृथ्वीतिर झरेको हो भन्ने निष्कर्षमा पुगे । उक्त स्याउको रुख सन् १८१५- १८२० भित्र नष्ट भयो । उक्त स्याउको रुखको एक टुक्रा उहाँको सम्मानमा न्युटनको फोटोसहित अन्तरिक्षमा पठाइएको छ । तर स्याउको रुखको वंशज हालसम्म रहेको छ ।

आविष्कार र कार्यक्षेत्र : सन् १६६६ मा उनले ग्रहहरूको आकर्षण शक्ति सम्बन्धी गुरुत्वाकर्षण सिद्धान्त प्रतिपादन गरे । यो सिद्धान्तले अन्तरिक्षमा विभिन्न पिण्डहरू जस्तै तारा, ग्रह, उपग्रह, शिशुग्रह, पुच्छ्रेतारा आदिको गतिबारे व्याख्या गरेको छ । यही सिद्धान्तको आधारमा पृथ्वीलाई चन्द्रमाले घुम्नु र सूर्यलाई पृथ्वीले घुम्नुको कारण स्पष्ट हुनगयो । यस सिद्धान्तको आविष्कारपछि उनी एक प्रसिद्ध वैज्ञानिकका रूपमा परिचित भए । सन् १६६७ अक्टोबरमा उनी Trinity College को सभासद्मा निर्वाचित भए । सन् १६६९ मा २६ वर्षको उमेरमा सोही कलेजको प्रोफेसर भएर अध्यापन र अनुसन्धान गर्न थाले । उनले कलेजमा ३० वर्ष काम गरे । तर उनलाई विद्यार्थीहरूलाई पढाउनमा कममात्र रुचि थियो । उनलाई व्यक्तिगत अनुसन्धानमा नै बढी चासो थियो । यसकारण उनको कक्षामा धेरै कममात्र विद्यार्थीहरू बस्न रुचाउँथे । उनले भौतिक विज्ञानमा विभिन्न परीक्षणहरू गरेर प्रकाशमा सातवटा रंगहरू हुन्छन् भन्ने कुरा प्रिज्मबाट प्रकाशको आर्वतन गरी प्रमाणित गरे ।

न्युटनले चाल सम्बन्धी तीनवटा नियमहरू प्रतिपादन गरे । यो नियमले विश्वमा एउटा क्रान्तिकारी परिवर्तन ल्यायो । यो नियमले वस्तुको चाल, विश्राम, इनसिएया, बल , क्रिया र प्रतिक्रिया सम्बन्धी अवधारणा जनमानसमा स्पष्ट रूपमा व्याख्या र विश्लेषण भयो । सन् १६७२ मा न्युटन लण्डनको शाही समाज (Royal Society) का सदस्य र पछि गएर अध्यक्ष बने । शाही समाज लण्डनको प्रतिष्ठित

वैज्ञानिकहरूको संस्था हो। विश्वविद्यालयको तर्फबाट उनले दुईपटक संसदमा समेत प्रतिनिधित्व गरेका थिए। सन् १६९६ मा उनी लण्डनको शाही टक्सार विभागको वार्डेनमा नियुक्ति भए। यसपछि उनले क्याम्ब्रीज विश्वविद्यालय छोडे। सन् १६९६ मा शाही टक्सार विभागको प्रमुखको रूपमा बढुवा भए। सो पदमा उनी मृत्यु नभएसम्म रहे।

न्युटनले सन् १६८७ मा आफनो पहिलो कृति प्रिन्सिपिया (The Principia) प्रकाशित गरे। यस कृतिमा न्युटनले आफ्ना विभिन्न नियम तथा आविष्कारहरूबारे वृहत रूपमा व्याख्या गरेका छन्।



न्युटनको हस्तलिखित पुस्तक प्रिन्सिपिया

उनले सन् १७०४ मा अप्टिक्स भन्ने अर्को कृति प्रकाशित गरे। यसमा प्रकाशको नियम तथा सिद्धान्तहरू उल्लेख गरिएको छ। न्युटनले गणितमा क्यालकुलस र वाइनोमियल थ्योरोमबारे विभिन्न सिद्धान्तहरू प्रतिपादन गरेका थिए। न्युटनले एउटा मात्र होइन, चारवटा क्षेत्रमा वैज्ञानिक क्रान्ति ल्याएका थिए। उनले **गणितमा क्यालकुलस र वाइनोमियल थ्योरोम सम्बन्धी नियम, अप्टिक्समा प्रकाशको किरणको विच्छेदन र परावर्तीय दुरदर्शक यन्त्रको आविष्कार, मेकानिकसमा चाल सम्बन्धी तीनवटा नियमहरू र गुरुत्वाकर्षण बल सम्बन्धी नियम तथा खगोल विज्ञानमा आकाश र पृथ्वी सम्बन्धी गणितीय नियम र पद्धति** पत्ता लगाएका थिए। विज्ञानको चारवटा क्षेत्रमा खोज अनुसन्धान गरी विश्वमा नै क्रान्तिकारी परिवर्तन गर्न सफल भएकोले नै उनलाई 'सर' उपाधीबाट सम्मानित गरिएको थियो। त्यसैले आजसम्म विश्वले उनलाई सर आइज्याक न्युटन भन्ने गरिन्छ।



न्युटनले बनाएको दुरदर्शक यन्त्र

**न्युटनको स्वभाव :** न्युटनको बाल्यकालदेखि आमाको माया र ममता नपाएर होला, उनी एकान्तप्रिय र कम बोल्ने स्वभावका थिए। उनी रिसाहा, जिद्दी, एकोहोरो स्वभावको थिए। कतिपय साथीहरू उनलाई पागल भनेर जिस्काउँथे। सानै उमेरदेखि न्युटन तारा, चन्द्रमा आदि बारे विभिन्न प्रश्नहरू बाजे बज्यैलाई गर्दथे। तर उनीहरू न्युटनलाई जवाफ दिन सक्दैनथे। उनलाई युवावस्थामा पनि केटीहरूप्रति कममात्र रुचि थियो। उनले जीवनभर विवाह पनि गरेनन्। उनी आफ्नो आविष्कार सम्बन्धमा सकभर कसैलाई बताउन चाँहदैनथे। तर उनको साथी एडमण्ड हेलीको सल्लाह र दबाबले उनले आफ्नो आविष्कारहरूको प्रचार गरेका थिए। भनिन्छ उनले पत्ता लगाएका विभिन्न नियमहरू र आविष्कारहरू प्रिन्सिपियामा प्रकाशित गर्न हेलीले नै दबाब दिएका थिए। एडमण्ड हेली एकजना प्रसिद्ध खगोलविद् थिए। उनले एउटा पुच्छ्रेतारा पत्ता लगाएका थिए। प्रत्येक ७६ वर्षमा पृथ्वीको नजिक आउने उक्त पुच्छ्रेताराको नाम उनैको नामबाट 'हेलीको पुच्छ्रेतारा' राखिएको छ। न्युटन वैज्ञानिक भए पनि उनको धर्मप्रति ठूलो आस्था र विस्वास थियो। तर उनी भूत प्रेत जस्तो अन्धविश्वासमा चाहिं विश्वास गर्दैनथे। उनी बाइबल खुब ध्यान दिएर पढ्थे। भनिन्छ उनले आधा जीवन धार्मिक ग्रन्थहरू अध्ययनमा विताएका थिए।

उनी प्रतिद्वन्द्वीहरू प्रति बढी आक्रामक र इर्ष्यालु स्वभावका थिए। यसै सर्न्दभमा जर्मन गणितज्ञ र दार्शनिक Gottfried Leibniz सँग न्युटनको क्यालकुलसबारे वैचारिक विवाद र झगडा नै भएको थियो। न्युटनले क्यालकुलस सम्बन्धी सिद्धान्तहरू सन् १६६० मा प्रतिपादन गरेका थिए। तर उनले प्रकाशित गरेका थिएनन्। सन् १६७० वा एक दशक पछि Gottfried Leibniz ले आफ्नै ढङ्गले क्यालकुलस सम्बन्धी सिद्धान्तहरू प्रकाशनमा ल्याए। न्युटनले आफनो अप्रकाशित सिद्धान्त चोरेको भनी गतफ्रिडमाथि आरोप लगाए। तर गतफ्रिडले उक्त सिद्धान्त आफ्नो मौलिक भएको दाबी गरे उनैलाई Father of Calculus भनिन्छ।

**न्युटनको केही रोचक घटनाहरू :** न्युटन र बिरालो सम्बन्धी केही रोचक घटनाहरू छन्। उनलाई बिरालो प्रिय जनावर थियो। उनी ढोका बन्द गरेर काम गर्न रुचाउँथे। उनी विश्वविद्यालयमा काम गरिरहँदा बिरालो र उस्को सानो बच्चा भित्र आउन ढोकामा कोपरी रहन्थ्यो जसले गर्दा उनलाई असुविधा हुन्थ्यो। उनी कोठाको ढोका खुल्ला राख्न मनपराउँदनथे। तर बिरालो कोठामा आएको उनलाई मन पर्दथ्यो। उनले विश्वविद्यालयको सिकर्मीलाई बोलाएर

ढोकामा माउ बिरालोको लागि ठूलो प्वाल र बच्चाको लागि सानो प्वाल पार्न लगाए । केही दिनपछि उनले अनुभव गरे सानो प्वाल त काम आएन । ठूलो प्वालबाट नै माउ र बच्चा कोठा भित्र आउने जाने गर्दथे । उनले सिकर्मीलाई बोलाएर यसबारे सोधे । सिकर्मी हाँस्दै भने 'तपाईंले दुइटा प्वाल पार्नुको कारण भन्नु भएन । हैन भने माउ आउन सक्ने प्वालबाट बच्चा त सजिलै भित्र आउन सक्थ्यो ।' यो सुनेर न्युटन एकछिन लज्जित भए ।

एक पटक न्युटन कोठामा काम गरिरहेका थिए । दिउँसोको खाजा उनको बज्यैले उनलाई रिकापीमा राखेर दिन ल्याए । न्युटन काममा व्यस्त भएकोले बज्यैलाई टेबुलमा राख्न अनुरोध गरे र बज्यैले खाजालाई टेबुलमा नै राखेर गइन् । एकछिन पछि बिरालो आएर उनको खाजा खाएर गयो । तर न्युटनले चाल पाएन । पछि न्युटनलाई भोक लाग्यो र बज्यैले खाजा दिन ल्याएको सम्झे । खाजा त बिरालोले खाइसकेको थियो । उनले मनमनै सोचे हत्तेरिका खाजा त मैले अघि नै पो खाइसकेको रहेछु । म पनि



वृद्धावस्था (सन् १७१२) मा न्युटन

कस्तो भुल्लकड ।

सन् १६६५ मा फैलिएको प्लेगको महामारीले क्याम्ब्रिज विश्वविद्यालय बन्द हुँदा उनी घरमा बसे । यही समयमा उनले विज्ञानका धेरै सिद्धान्तहरू प्रतिपादन गरे । यसकारण प्लेग रोगको महामारी उनको लागि अवसरको रूपमा परिणत भयो ।

**न्युटनको पारिवारिक जीवन :** न्युटनले आफ्नो जीवनकालमा विवाह नै गरेन । उनी एकान्तप्रिय, कम बोल्ने र साथीहरूसँग घुलमिल हुन नचाहने स्वभावका थिए । उनी तीन वर्षको हुँदा आमाले अर्को धनी पुरुषसित विवाह गरेर गएकोले, आमाको माया पनि पाएन । उनको स्याहार सुसार र हुर्काउने काम बज्यैबाट नै भएको थियो । भनिन्छ उनी आफनो जीवनकालमा कम मात्र हाँसे । उनको एकदम मिल्ने र नजिकको साथी स्वीस नागरिक Nicolas Fatio de Duillier थिए । उनलाई न्युटनले सन् १६८९ मा लण्डनमा भेटेका थिए । Nicolas लाई स्विजरल्याण्डमा गणितज्ञ, आविष्कारक, खगोलविद् र दार्शनिकका रूपमा चिनिन्थ्यो ।

**मृत्यु :** न्युटन आफ्नो जीवनकालको अन्त्यतिर Cranbury Park, Winchester नजिक England मा भान्जी Catherine (Barton) Conduitt सित बस्दथे । यसबेला न्युटन युरोपका प्रसिद्ध व्यक्तिको रूपमा परिचित भै सकेका थिए । उसको वैज्ञानिक आविष्कारहरू संसारभर मान्य भैसकेको थियो । उनले यसबाट धेरै धन पनि कमाए । तर उनले आफनो परिवार बनाउन सकेन र घनिष्ठ मित्रहरू पनि । न्युटन ८० वर्षको हुँदा उनलाई पाचनमा कमजोरी भएको अनुभव भयो । सन् १७२७ को



अक्सफोर्ड विश्वविद्यालयको म्युजियममा न्युटनको प्रतिमा

मार्च महिना उनको आन्द्रामा असह्य वेदनाको अनुभव भयो । त्यसपछि उनी बेहोस भए । अर्को दिन बेहोसीमा नै उनको सन् १७२७ मार्च २० मा ८४ वर्षको उमेरमा निधन भयो । उनको मृत्यु पछि शाही परिवारको शव गाड्ने ठाउँ Westminster Abbey मा उनको शव समाधिस्थ गरियो । यसठाउँमा प्रसिद्ध व्यक्तिहरू चार्ल्स डार्विन, चार्ल्स डिकेन्स, डेभिड लिभिङस्टोन आदिको पनि शव समाधिस्थ गरिएको थियो । उनको शवयात्रामा फ्रेन्च लेखक र दार्शनिक भोल्टाएरपनि सहभागी हुन आएका थिए । उनको अन्तिम संस्कारको समयमा उनलाई लण्डनमा अद्वितीय सम्मान गरिएको थियो ।

यसरी विश्वलाई विज्ञानको क्षेत्रमा ठूलो योगदान दिने सत्रौँ शताब्दीका महान वैज्ञानिक न्युटनले पृथ्वीबाट सदाका लागि विदा भए ।

**सन्दर्भ सामग्रीहरू :**


१) **शताब्दी पुरुषहरू** : टाइम्स पत्रिका
२) **महान वैज्ञानिकहरू** : लर्नर प्रेस
३) **जुनियर साइन्स डाइजेष्ट**
४) **प्रसिद्ध वैज्ञानिकहरू** : भेषराज मैनाली
५) **गुगल**

# कोभिड १९ रोगबारे आफूले जानेको कुरा



डा. रविन्द्र पाण्डे
जनस्वास्थ्य विज्ञ

अहिले कोरोना भाइरसको खोप बनाउने लहर चलेको छ। विश्वका विभिन्न देशका साथै चीन र भारतले पनि भ्याक्सिन विकास गरेको छ। यी खोपहरू नेपालमा आपूर्ति गर्ने बाटो खुलेको छ। भ्याक्सिनको विकासमा सफलता हासिल भएको छ।

रुसले भ्याक्सिन पत्ता लगाएको थियो। तर सुरुमा साइड इफेक्ट भएपछि अर्को चरणमा तयारी थालेको छ। रुसले नोभेम्बरसम्म विश्व बजारमा खोप उपलब्ध हुने बताएको छ। चीनका दुई ओटा कम्पनीले पनि दुई महिनाभित्र बजारमा ल्याउने दाबी गरेको छ। भारतले पनि तयारी गरिरहेको खबर आएको छ। जर्मनीको ल्याबमा पनि दुई महिनाभित्रै निकाल्ने कुरा छ। समग्रमा सन् २०२० को अन्त्यसम्ममा भ्याक्सिन आउने देखिन्छ। हामी ढुक्क आउने दिन आउँदैछ।

वास्तवमा सङ्क्रमित व्यक्तिको करिब २० जनामध्ये १९ जनामा खासै लक्षण देखिएको छैन भने १ जनामा ज्वरो तलमाथि हुने गरेको एक अध्ययनमा उल्लेख गरिएको छ। एकजना डाक्टरमा यसको लक्षण देखिएसँगै प्लाज्माथेरापी गरिएको छ, जुन सफल भएको छ। हाल नेपालमा १५ वटा अस्पतालमा प्लाज्माथेरापी सुरु हुँदैछ। सङ्क्रमित व्यक्ति भएपछि निजको रगतबाट प्लाज्मा लिइ अर्को बिरामीलाई दिइन्छ र एन्टिबडी विकास हुन्छ। यो उपचार विधि प्रभावकारी रहेको पाइएको छ।

अहिले सङ्क्रमितको मृत्युदर घटेको छ। ५.५ प्रतिशतबाट १.८ प्रतिशतमा झरेको छ। हुन त भाइरसको स्वरूप परिवर्तन भइरहन्छ। यो रोगले २१५ देशका करोडौँ व्यक्तिलाई प्रत्यक्ष रूपमा प्रभावित गरेको छ।

कहिलेकाहीं व्यक्तिको परीक्षण गर्दा सामान्य प्रक्रियामा ढिलासुस्ती हुँदा पनि पीसीआरमा कहिले पोजिटिभ र कहिले नेगेटिभ आउने गर्दछ। यस्तो घटनाहरू अहिले भइरहेका छन्। यसलाई अन्यथा लिन आवश्यक छैन। पीसीआर विधिबाट परीक्षण गर्दा ७० प्रतिशत सही नतिजा दिने र ३० प्रतिशत फल्स पोजिटिभ नतिजा दिने अध्ययनले बताएको छ। यद्यपि कोभिड सङ्क्रमणको परीक्षण गर्ने विभिन्न उपायहरूमध्ये पीसीआर विधि नै सबैभन्दा राम्रो विधि हो। स्वाबको नमूना सङ्कलन गर्दा विधि नमिलेको वा नमूना नै सङ्कलन नभएको वा सङ्कलन गरिएको नमूना उचित तापक्रममा व्यवस्थापन नगरिएको वा ल्याबमा परीक्षणको क्रममा प्राविधिक पक्ष नमिलेको अवस्थामा पनि नतिजा नमिलेको हुनसक्छ। यति हुँदाहुँदै पनि नेपालमा यो रोगको सङ्क्रमण नियन्त्रण गर्ने हो भने परीक्षणको दायरा बढाउनु नै उत्तम विकल्प हो।

सङ्क्रमित भयो भनेर डराउनुपर्दैन। रोगको लक्षण नदेखाएका सङ्क्रमितहरू सकेसम्म गृह एकान्तवासमा (होम आइसोलेसन) बस्नुपर्छ। अस्पतालमा भने अनुसार खानपिन नहुनसक्छ। निद्राको समस्या पनि देखिएको छ। एक अध्ययनले होम आइसोलेसनमा हुनेहरूको स्वास्थ्य अवस्था तुलनात्मक रूपमा चाँडै सुधार भएको देखाएको छ। तर स्वास्थ्य अवस्थामा कुनै जटिलता आएमा भने तुरुन्तै अस्पताल जानुपर्छ। कोरोना भएपनि ८५ प्रतिशलाई सामान्य लक्षण देखिएर नै ठीक हुन्छ। १० प्रतिशतलाई सामान्य उपचार चाहिन्छ र ५ प्रतिशतलाई मात्र गाऱ्हो हुन्छ। नेपालमा यसको मृत्युदर ०.५ प्रतिशत मात्र छ। तसर्थ आत्तिनु पर्दैन।

अर्को कुरा जनस्वास्थ्य मापदण्ड पूरा गर्नुपर्छ। मास्क सबैले लगायो भने ७५ प्रतिशतसम्म सङ्क्रमण रोक्न सक्छौँ। सामाजिक दूरी बढाएमा अझ १० प्रतिशत रोक्न सक्छौँ भने हात धुने गरेमा थप ५ प्रतिशत रोकिन्छ। त्यसैले मास्क महत्त्वपूर्ण हुन्छ। सबैले यसको प्रयोग गर्नुपर्छ। साथै घरायसी औषधि जस्तैः गुर्जो, कागती, बेसारको प्रयोगले पनि यसले नियन्त्रणमा सहयोग पुगेको प्रमाणहरू छन्।

सरकारले देशभरि लकडाउन ४ महिना लामो गरेको अवैज्ञानिक छ। २, ३ हप्ताको लागि मात्र लकडाउन गर्नुपर्ने थियो। यसले त जनताको रोजीरोटी गुमेको छ, जनतामा सरकारप्रति आक्रोश पैदा भएको छ। सङ्क्रमण जहाँ देखियो, त्यहीं मात्र सीमित गर्ने उद्देश्यले लकडाउन गर्ने हो। यथार्थमा भारतसँगको खुला सिमाना र अन्तर्राष्ट्रिय विमानस्थलमा कडा गरिनुपर्थ्यो। किनभने यो रोगको सङ्क्रमण हाम्रो देशको स्थानीयबाट फैलिएको होइन, विदेशबाट आएका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूबाट भाइरस नेपाल पसेको हो। लकडाउन उपचार नभई रोगको सङ्क्रमण रोक्ने उपाय मात्र हो। बरु अस्पतालको सङ्ख्या बढाउनुपर्छ, आइसोलेसन र भेन्टिलेटरको सङ्ख्या बढाउनुपर्छ।

कोरोना भाइरस आफैले बिरामीलाई मार्ने होइन।

यसबाट सङ्क्रमित बिरामी दुई किसिमले मर्छ । पहिलो, कमजोर अङ्ग जस्तैः मुटु, कलेजो, फोक्सो आदिमा यो भाइरसले गम्भीर क्षति पुऱ्याएर अक्सिजन आपूर्तिमा कमी भई बिरामीको मृत्यु हुन्छ । दोस्रो, भाइरसले बिरामीको रोग प्रतिरक्षा प्रणालीमा आक्रमण गर्छ । विशेष गरेर ज्येष्ठ नागरिक, बालबच्चा, दीर्घ रोगीलाई यसले छिटै आक्रमण गर्छ । उच्च रक्तचाप, सुगर भएका व्यक्तिहरू जोखिम समूहमा पर्छन् ।

कोरोना सङ्क्रमणले स्नायु प्रणालीमा विशेष असर गर्छ । सङ्क्रमितले स्वाद र गन्ध थाहा पाउन सक्दैन । तसर्थ स्वाद र गन्ध थाहा नपाउने व्यक्तिले अनिवार्य रूपमा पीसीआर टेष्ट गर्नुपर्छ तर डराउनु पर्दैन । वास्तवमा कोभिड १९ रोग अन्य रोगको तुलनामा महामारीको रूपमा रहेको तथ्याङ्कले बताउँछ । उतिबेला विफरको महामारीले ६५ प्रतिशत मृत्यूदर देखाएको थियो भने इबोलाको ५१ प्रतिशत, मर्सको ३३ प्रतिशत र सार्सको १६ प्रतिशत मृत्युदर छ । कोरोनाको मृत्युदर ०.२ देखि ३ प्रतिशतसम्म पुगेको देखिन्छ । त्यसैले आत्तिनु पर्ने अवस्था छैन । दीर्घरोगीहरूले समेत चिकित्सकको सल्लाह बमोजिम नियमित औषधी सेवन गरी रोगलाई नियन्त्रण गरिरहेको छ भने उनीहरूलाई कोरोनाले ठूलो असर गर्दैन । मृगौला फेर्नुपर्ने र क्यान्सर रोग लागेकाहरू पनि नियमित उपचाररत छन् र औषधी सेवन गरिरहेका छन् भने कोरोना सङ्क्रमण भएपनि ज्यादै कममात्र मरेका छन् । १०० जना बिरामीमध्ये १५ जनामात्र मरेको तथ्याङ्क छ ।

कोभिड रोगबाट बच्नको लागि आफू स्वस्थ हुनुपर्छ । नियमित रूपमा शारीरिक व्यायाम गर्नुपर्छ । पोषिलो खानेकुरा खाने गर्नुपर्छ । दैनिक २० मिनेट घाम ताप्ने गर्नुपर्छ र ८ देखि ९ घण्टा सुत्ने गर्नुपर्छ । जडिबुटीहरू जस्तैः गुर्जो, तुलसी, तेजपात, दालचिनी मिसाएको चिया खानुपर्छ । बारम्बार साबुनपानीले हात धुनुपर्छ । भीडभाडमा जानु हुँदैन । रोगबाट आतङ्कित हुनेभन्दा आशावादी बन्नुपर्छ । आत्मबल बढाउनुपर्छ । दैनिक कम्तिमा ८ हजार पाइला हिँड्नुपर्छ ।

हाम्रो समाजमा सङ्क्रमितलाई हेला गरेको पाइएको छ, जुन राम्रो होइन । सङ्क्रमितलाई हेला गर्नु अज्ञानता हो । वास्तवमा सङ्क्रमित व्यक्ति त्यो बेला काम लाग्छ जुन बेला अरु सङ्क्रमित हुन्छ । सङ्क्रमित व्यक्ति निको भएपछि उसको रगतबाट झिकिएको प्लाज्मा अरु सङ्क्रमितलाई उपचार गर्न आवश्यक हुन्छ । एकचोटि सङ्क्रमित भएर निको भएको व्यक्तिले अरुलाई भाइरस सार्न सक्दैन । त्यसैले सकारात्मक सोचको विकास गरौँ, सङ्क्रमितलाई माया गरौँ, सम्मान गरौँ ।

*(डा. रविन्द्र पाण्डेको फेसबुक पेजबाट)*


# हार्दिक समवेदना



जन्म : २००२।६।१५ निधन : २०७७।५।२५

भक्तपुर नगरपालिका वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालका ममतामयी आमा **विष्णु सुवाल**को असामयिक निधन भएकोमा मृतकप्रति हार्दिक श्रद्धाञ्जली तथा शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**भक्तपुर नगरपालिका परिवार**

# lj?jf ;/+If0fsf s]kL pkfox¿



सबिन ख्याजू

कृषि कर्म कृषि उपज उत्पादनको स्रोत हो । यो कर्म गर्ने क्रममा अनेक समस्याहरू उत्पन्न हुन्छन् । विरुवामा लाग्ने रोग कीरा एक महत्त्वपूर्ण समस्या हो । प्राय: किसानहरू बालीमा लाग्ने रोग कीरा व्यवस्थापन गर्न निकै खर्च हुनेमा चिन्ता गर्छन् । बजारमा पाइने विभिन्न ब्राण्डका रासायनिक विषादीको प्रयोग व्यापक मात्रामा वृद्धि भएसँगै कृषि क्षेत्रमा लागत बढेको छ । आर्थिक वर्ष २०७४/७५ मा कृषि, वन र मत्स्यले २७.५९ प्रतिशत कूल गार्हस्थ उत्पादन (जीडीपी) योगदान पुऱ्याएको थियो । कृषि उपज उत्पादनहरूमा व्यापक वृद्धि, प्रशोधन र बजारीकरणले देशको अर्थतन्त्र उकास्न महत्त्वपूर्ण भूमिका खेल्छ ।

सचेत उपभोक्ता भने प्राङ्गारिक मलबाट उत्पादित खाद्यान्न उपभोग गर्न रुचाउँछन् । व्यवसायिक खेतीमा हुने अनियन्त्रित रासायनिक विषादी प्रयोगका कारण प्रकृतिमा मात्र नभई मानव स्वास्थ्यमा पनि नकारात्मक असर पुऱ्याइरहेको छ । रासायनिक विषादीका कारण सर्ने भन्दा नसर्ने रोगको जोखिम जस्तै क्यान्सर, बाँझोपन, कलेजो, मृगौला र मुटुमा नोक्सानी, रोग प्रतिरोध क्षमतामा कमजोरी, पक्षघातलगायत बढेको छ । परिवर्तित जीवनशैलीसँगै हरेक घरघरमा नसर्ने रोगको जोखिम पनि बढ्न थालेको छ । रासायनिक विषादी प्रयोगलाई निरुत्साहित गर्दै किसानहरूलाई प्राङ्गारिक खेती एवं विभिन्न प्रविधिले प्रतिस्थापन गर्ने खेतीहरूबारे यस लेख केन्द्रित छ ।

## शुद्ध बीउ र बीउको रेखदेख

कुनै पनि बाली लगाउने समयमा बीउमा रोग र कीरा नभएको बीउ छनोट गरिनु आवश्यक छ । स्वस्थ बीउले त्यहीअनुसारको उत्पादन दिने हुँदा बीऊको छनोट गर्दा ध्यान पुऱ्याउनु आवश्यक छ । रोग प्रतिरोधात्मक जातको बीउ छनोटले फसल पनि अनुमान गरिएकै अनुसार प्राप्त हुन्छ । बीउलाई कार्बाक्सिन वा थिराम वा बेभिस्टिनले २ ग्राम प्रति केजी बीउ उपचार गरिनु उपयुक्त हुन्छ ।

## माटोको निर्मलीकरण

माटो भनेको बाली उत्पादन गर्ने स्रोत हो । माटो बालीको लागि आवश्यक पर्ने पौष्टिक तत्वहरूको अपार भण्डार हो । साथै, रोग र कीराको लागि बस्नको लागि उपयुक्त घर पनि हो । रोग र कीराको जीवनचक्रको अण्डा, लार्भा, प्यूपा र वयष्कमध्ये कुनै एक वा एकभन्दा वढी चरण माटोमा बिताएको हुन्छ । माटो निर्मलीकरणको प्रक्रृयामा माटोलाई पानीले हल्का भिजाएर, खनजोत गरेर चर्को घाममा छाडिन्छ । प्रशस्त घामको सहायतामा माटोको तापक्रममा वृद्धि हुन्छ र रोग कीराहरू मर्दछन् । हावापानी र स्थान हेरी एक हप्तादेखि एक महिनासम्म यो कार्य गरिएको पाइन्छ ।

## बत्तीको पासो



सोलारजडित बत्तीको पासो

कीराहरू उज्यालो बत्तीमा झुम्मिन मन पराउँछन् । रातको समयमा बारीको छेउछाउमा सानो बत्ती राख्ने र बत्तीको मुनि चाक्लो भाँडामा साबुन पानी राखिन्छ । कीराहरू बत्तीमा ठोक्किएर साबुन पानीमा खस्छन् । भाँडोमा पानी पूरै भरिएको हुनुहुँदैन । यो प्रविधि निकै प्रभावकारी मानिन्छ । आलुको पुतली, खपटे कीराहरू आदिमा बत्तीको पासो प्रयोग प्रभावकारी देखिन्छ ।

## पहेँलो पासो




पहेँलो पासो

कीराहरू उज्यालो मनपराउँछन् । प्रकाशको सहायतामा पहेँलो पासो (स्टिकर) कीरा नियन्त्रणको लागि निकै प्रभावकारी मानिन्छ । यस पासोमा राखिएको टाँसिने तत्व (गम) मा कीरा बस्दा टाँसिएर उम्किन नसक्ने हुन्छ । अन्ततः कीरा मर्दछ । खेतबारीको क्षेत्रफलअनुसार यो पासोको सङ्ख्या निर्धारण गरिन्छ । बेमौसमी खेती गर्न निर्माण गरिएका टनेलहरूमा यसको प्रभावकारिता बढी हुन्छ । लाहि कीरा, सेतो झिँगा, लिफ माइनर, फ्रुट फ्लाई आदिको लागि पहेँलो पासो प्रयोग गरिन्छ ।

## घुम्ती बाली

एकै जग्गामा एकै समयमा फरक बाली लगाउनु नै घुम्ती बाली हो । माटोमा हुने कीरा र रोगमध्ये केही कीरा र रोगले एक परिवारको बालीमा मात्र नोक्सान पुऱ्याउने गर्दछ । नियमित समयचक्रमा बृद्धिविकास भएका यी शत्रुजीवले बाली चक्र अपनाउने बेला यो सम्भव हुन्न । फलतः शत्रुजीवको सङ्ख्यामा कमी आउँछ । तर धेरै किसिमका बालीमा क्षति पुऱ्याउने रोग–कीराका लागि भने यसको प्रभाव न्यून हुन्छ । अझ, घुम्ती बाली प्रत्येक किसानले लगाएमा यो प्रभावकारी हुन्छ । धानमा खैरा रोग लागेमा उखु घुम्ती बाली लगाउन सकिन्छ ।

## प्लाष्टिक छापो



प्लास्टिक छापो

माटोलाई बाहिरी हावापानीबाट टाढा राख्न कुनै वस्तुले छोपिने कार्यलाई छापो हाल्ने भनिन्छ । छापो हाल्न कुहिने वस्तु जस्तै पात–पतिङ्गर, पराल आदि वा नकुहिने प्लाष्टिकको प्रयोग गर्ने गरिन्छ । रोग कीरा नियन्त्रण गर्न कुहिनेभन्दा नकुहिने छापो प्रभावकारी हुन्छ । माटोमा भएको रोग र कीरा बिरुवा सर्नबाट यसले मद्दत गर्दछ । प्लाष्टिक छापोको प्रयोगले घाम लाग्दा टल्किने हुँदा पातको मुनि बस्ने कीराहरू पातको माथि आउँछन् जसकारण रोग कीरा नियन्त्रण गर्न सहज हुन्छ ।

## खेतबारीको सरसफाइ

एकातिर, बाली लगाएको ठाउँमा झारपातले पानी, खाना र ठाउँको लागि प्रतिस्पर्धा गर्दा बिरुवा कमजोर हुन्छ । अर्कोतिर, झारपात, ठुटो आदिमा रोग–कीरा लुकेर बसेको हुन्छ र अर्को बाली लगाएपछि रोग–कीराले फेरी बालीमा आक्रमण गर्छन् जस्तैः धानका पतेरो, फड्के कीरा, गवारो, फौजी कीरा आदि ।

रोग कीरा लागेका हाँगाहरूले अरु स्वस्थ हाँगाहरूमा पनि सङ्क्रमण फैलाउँदा उत्पादनमा ह्रास हुन्छ । यसकारण, विरुवामा हाँगाविगाहरू रोगग्रस्त भएमा त्यसलाई हटाउनु पर्दछ । खुकुलो भएका बोक्रा निकाल्ने गर्नुपर्दछ । फलफूलमा विशेषगरी यो कार्य नियमित गरिरहनुपर्ने हुन्छ । धान, मकैमा लाग्ने गवारोको नियन्त्रण गर्न बाली लिइसकेपछि बाँकी भएका ठुटाहरू सङ्कलन गरेर जलाउनु राम्रो हुन्छ ।

## खनजोत

राम्ररी खनजोत गरिएको बाली स्वस्थ र बलियो हुन्छ । खनजोत गर्दा माटोमुनि रहेका कीराका लार्भा, अचल अवस्था र वयस्क सतहमा आउँछ र प्राकृतिक शत्रुहरूले सिकार गर्दछ । खेतबारीलाई गहिरो गरेर जोती दिनाले यी कीराहरू सूर्यको तापले गर्दा मर्दछन् साथै परजीवी एवं चराहरूले खाई दिन्छन् । जस्तैः खुम्रे कीरा ।

## पी.एच. व्यवस्थापन

माटोमा विरुवाको लागि हानिकारक सूक्ष्म विषाणु, शाकाणु, ढुसी, जुका आदिले फरक फरक पी.एच्. वा अम्लियपना खोज्छ । यी शत्रुजीवहरूको नियन्त्रण गर्न पी.एच्. को व्यवस्थापन गरिन्छ । जस्तैः धानको लागि ५–६.५, आलुको लागि ४.५–७.५, काउलीको लागि ६.५–७.५, सुन्तलाको लागि ५.५–६.५ पी.एच्. आवश्यक हुन्छ ।

कृषि चून बाली लगाउनुभन्दा २–३ हप्ता पहिले नै माटोमा मिलाउनुपर्दछ । धेरै अम्लिय अथवा पी.एच्. कम भएको माटोमा कृषि चूनको प्रयोग गर्दा सिफारिस मात्रालाई दुई पटक गरी प्रयोग गर्दा लाभदायी हुन्छ । माटो परीक्षण

गरिसेकपछि मात्र कृषि चूनको प्रयोग गरिनुपर्दछ।

### उचित मलको प्रयोग

बिरुवाको लागि मलको आवश्यकता नियमित हुन्छ। मलको अभाव वा ज्यादा भएमा बिरुवा अस्वस्थ हुन्छ। कमजोर अवस्थामा भएको बिरुवालाई रोग र कीराले सजिलै आक्रमण गर्दछ। बालीको जात र वातावरण (सिञ्चित वा असिञ्चित) अनुसार मलको मात्रा सिफारिस गरिएको हुन्छ। यसरी मलको प्रयोग भएमा रोग कीरा लाग्न नसक्ने वा लागे पनि सहन सक्ने गरी बिरुवा हुर्किसकेको हुन्छ। नाइट्रोजनयुक्त मलको मात्रा बढी भएमा बिरुवा हौसिन्छ, पात र हाँगाहरू नरम हुने र रोग–कीराको आक्रमण धेरै हुने गर्दछ। बालीमा काँचो मलको प्रयोग भने गरिनुहुन्न। काँचो मलको प्रयोगले जरे बालीमा विशेषगरी खुम्रे कीराले बढी नोक्सानी गर्छ।

यी बाहेक कानूनी तरिका, जैविक तरिका, शारीरिक र भौतिक तरिकालगायतका विधिहरू पनि प्रयोगमा छन्।

### निष्कर्ष

किसानहरूले मल, सिंचाई, बीउ, श्रम, औजारबाहेक रोग कीरा नियन्त्रणमा पनि खर्च धेरै हुन्छ। कृषिमा प्रति एकाई लागत न्यूनीकरण गर्दा बजार भाउमा उत्पादन लागत घटाउँदा नाफाको भागमा वृद्धि हुन्छ।

उपभोक्तामा स्वास्थ्य चेतना बढ्न थालेको छ। रासायनिक विषादीरहित खानपिनलाई प्राथमिकतामा राख्ने गरकै कारण रोग कीरा नियन्त्रणमा वैकल्पिक विधिको आवश्यकता महसुस गरिएको हो। तर, हालको स्थिति अध्ययन गर्दा एकीकृत शत्रुजीव व्यवस्थापन (आई पि एम) को विधि अपनाउनुपर्ने देखिन्छ।

### सन्दर्भ सामग्रीः


- प्रा. डा. फणीन्द्रप्रसाद नेउपाने, २०६४। **बालीबिरुवाका शत्रु र तिनको रोकथाम**।
- **कृषि डायरी**, २०७६।



# भक्तपुर नगरपालिका

## नगर कार्यापालिकाको कार्यालय

ब्यासी २, भक्तपुर

## विशेष अनुरोध !

विश्व महामारीको रूपमा फैलिरहेको कोभिड १९ ले धेरैलाई आक्रान्त बनाएको सबैमा विदितै छ। साथै धेरैले कोरोना भाइरसबाट हुने उक्त कोभिड १९ सङ्क्रमणलाई जिती पनि सकेका छन्। तर कोभिड १९ सङ्क्रमितमध्ये केहीलाई सो रोगले सिकिस्त पार्ने पनि गर्दछ र उनीहरूलाई उपचारको क्रममा रगतकै एक भाग प्लाज्माको प्रयोग गरी प्लाज्मा थेरापी (Plasma Therapy) गर्नुपर्ने हुन्छ। त्यो प्लाज्मा कोभिड १९ सङ्क्रमणबाट निको भएका महानुभावहरूबाट लिएको रगतबाट बनाइन्छ।

त्यसैले कोभिड १९ सङ्क्रमण जितिसकेका महानुभावहरूले रक्तदान गरी अरुलाई जीवनदान गर्ने कार्यमा सहयोग पुऱ्याउनु हुनको लागि भक्तपुर नगरपालिका विशेष अनुरोध गर्दछ।

**रक्तदान गर्नको लागि सम्पर्क नम्बर :**

**फोन नम्बर** : ०१–६ ६२० ३७४, ०१–६ ६२० ९३७

**मोबाइल नम्बर** : ९८४१ ५१ ४३ ०२ (डा. रत्नसुन्दर लासिवा)

: ९८५११ १४ ५७८ (विश्वजीत प्रजापति)

: ९८५११ ८७ ३०० (गौतमप्रसाद लासिवा)

**पुस्तक समीक्षा**

# ‘xfd[] cEof; @)&&’ k':ts cWoog ubf{



कृतिका प्रजापति

भक्तपुर नगरपालिका नेपालको सबै नगरपालिकाहरूमा नमूना नगरपालिकाको रूपमा चिनिन्छ । नमूना यस मानेमा कि अरु स्थानीय तहमा भन्दा विशिष्ट कार्यहरू भक्तपुर नगरपालिकाले गरिरहेको छ । स्थानीय तहको चुनावमा नेपाल मजदुर किसान पार्टीले शतप्रतिशत जित हासिल गरेको भक्तपुर नगरपालिका अहिले देशभरिका जनप्रतिनिधिहरू र नीति–निर्माताहरूको निम्ति भ्रमण नगरी नहुने स्थानीय तह बनेको छ । अझ धेरै राजनैतिक दलका नेतृत्वकर्ताहरूले यो उत्कृष्ट नगरपालिकाका काम र कारबाही महत्त्वका साथ हेर्ने गरेका छन् । पछिल्लो समय बंगलादेशका राष्ट्रपति, विभिन्न देशहरूका राजदूत तथा विशिष्ट व्यक्तिलगायतले सांस्कृतिक एवम् ऐतिहासिक महत्त्व बोकेको भक्तपुरको अवलोकन गरिसकेका छन् । यसै सिलसिलामा भक्तपुर नगरपालिकाले नगरभित्र सञ्चालित उल्लेखनीय असल अभ्यासहरू संग्रहित पुस्तकको प्रकाशन गरेको छ जसमा भक्तपुर नगरपालिकाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षण, खेलकुदलगायत विविध विषयहरू र त्यससँग सम्बन्धित तस्बिरसहितको आकर्षक पुस्तक भर्खरै प्रकाशनमा ल्याएको छ । पुस्तकमा २२ वटा विषयसूची बनाई नगरपालिकाले नगर विकासको निम्ति सञ्चालन गरेका उत्कृष्ट कार्यहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।




पुस्तकको पहिलो शीर्षक ‘संस्कृति संरक्षण’ रहेको छ । भक्तपुर नगरपालिकाले यहाँका मूर्त अमूर्त सम्पदाहरू संरक्षण र जगेर्ना गर्नको निम्ति प्रत्येक वर्ष विविध सांस्कृतिक गतिविधि र प्रतियोगिताहरू सञ्चालन गरिरहेको सबैमा जगजाहेर छ । नगरपालिकाले बाजागाजा संरक्षण गर्ने उद्देश्यले बाँसुरी बाजा प्रतियोगिता, धाँ बाजा प्रतियोगिता, धिमे बाजा प्रतियोगिता, गुन्हिपुन्हिया सापारु धें धें बला कासा, सांस्कृतिक गुरुहरूलाई सम्मान आदि कार्यक्रम सञ्चालन गरी नगरबासीहरूमा भएको प्रतिभा प्रस्फुटनको निम्ति आकर्षक दबु प्रदान गरेको छ भन्दा अत्युक्ति नहोला । ‘पुर्खाले सिर्जेको सम्पत्ति हाम्रो कला र संस्कृति’ नारालाई सार्थक बनाउन नगरपालिकाले गरिरहेका यी अभ्यासहरूले निकै महत्त्वपूर्ण भूमिका खेल्नेछ ।

भक्तपुर नगरपालिकाको विशेषता भन्नु नै यहाँका सांस्कृतिक धरोहरहरू हुन् जसको संरक्षण र सम्बर्द्धनमा भक्तपुर नपाले निरन्तर प्रयास जारी राखेको छ । नेपालकै अग्लो भक्तपुरको प्रसिद्ध पाँच तले मन्दिर, पचपन्न झ्याले दरबार, भैरवनाथ मन्दिरलगायतका थुप्रै मन्दिर पुन:निर्माणबाट प्रसिद्धि कमाएको भक्तपुर नगरपालिकाले आफ्ना सबै गतिविधिहरूको आर्थिक हिसाब **‘ऐतिहासिक, पुरातात्त्विक सम्पदाहरूको पुन:निर्माण, जीर्णोद्धार तथा मर्मत सम्भार’** शीर्षकको लेखमा समावेश गरेको छ । उपभोक्ता समितिमार्फत् भएका सम्पदा पुन:निर्माण र जीर्णोद्धार गुणस्तरीय र स्थानीय जनताको अपनत्व रहने विचार यस लेखमा प्रस्तुत गरिएको छ ।

यसैगरी देशभरिका स्थानीय तहमध्ये शिक्षण संस्था सञ्चालन गरी ख्याति कमाइरहेको भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूको परिचय, विषयगत विशेषता, विद्यार्थी विवरण, कलेजले प्रदान गरेको छात्रवृत्ति विवरण, अनुसन्धान, पुस्तकालय तथा प्रयोगशाला विस्तारलगायत कलेजले समयानुकूल आयोजना गर्दै आएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महत्त्वका विषयमा भएको गोष्ठी र सम्मेलनहरूबारे यस पुस्तकमा व्याख्या गरिएको छ । **‘विद्यालय तथा कलेज स्थापना तथा सञ्चालन’** शीर्षकमा नगरपालिकाद्वारा सञ्चालित सातवटा शैक्षिक संस्थाहरूले सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको विषय समावेश गर्दै वि.सं.२०५६ सालमा ‘एक घर एक स्नातक’ को उद्देश्यले आजको मितिसम्म आइपुग्दा मूर्त रूप लिएको र नगरको घर–घरमा विषयगत इन्जिनियरहरू उत्पादन गर्न ख्वप इन्जिनियरिङ कलेजले भूमिका खेलिरहेको विषय पनि पुस्तकमा समाविष्ट छ ।

यसैगरी भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रको विशेषता र त्यहाँ कार्यरत स्वास्थ्यकर्मी र कर्मचारीहरूको तथ्याङ्क पनि पुस्तकमा समेटिएको छ । पुस्तकमा भक्तपुर नपाले जिल्ला सामुदायिक आँखा केन्द्र, श्वासप्रश्वास

पुनःस्थापना केन्द्र, आर्युवेदिक उपचार सेवा र निर्माणाधीन ख्वप अस्पतालबारे पनि चर्चा गरिएको छ ।

भक्तपुर नगरपालिकाको अर्को महत्त्वपूर्ण विषयमा भनेको **'शिशु स्याहार केन्द्र सञ्चालन'** हो । नगरका वडाबासी अभिभावकहरूका साना नानीहरूको स्याहार सुसार गर्न र सर्वाङ्गीन विकास गर्न सञ्चालित शिशु स्याहार केन्द्रहरूमा भर्ना भएका शिशुहरूको विवरण यस पुस्तकमा समेटिएको छ । नगरपालिकाले भार्वाचो, मङ्गलतीर्थ, भोलाछैँ, गोल्मढी, खँचा र लिवाली गरी ६ वटा वडामा शिशुस्याहार केन्द्रहरू सञ्चालन गरिरहेको छ भने आगामी दिनमा अरु वडाहरूमा पनि विस्तार गर्दै लाने योजना रहेको कुरा उल्लेख गरिएको छ । साथै नगरपालिकाले स–साना बालबालिकाहरूको निम्ति विभिन्न ठाउँहरूमा आकर्षक सुविधासम्पन्न **'बाल उद्यान'** हरूको स्थापना गरेको विषयलाई पनि नपाको असल अभ्यासभित्रै समावेश गरिएको छ ।

२०७६ सालमा भक्तपुर नगरपालिकाले नगरको प्रत्येक वडाहरूमा निःशुल्क **'व्यायामशाला स्थापना र सञ्चालन'** मा ल्याएको छ । यस विषयलाई राष्ट्रिय सञ्चारमाध्यमले निकै रुचिपूर्वक हेरिएको र प्रचारप्रसार गरिएको थियो । नगरमा बसोबास गर्नेहरूको मानसिक र शारीरिक स्वास्थ्य राम्रो बनाउन खडा गरिएका यी व्यायामशालाहरूको प्रयोगले साँच्चै नै उच्च रक्तचाप, मधुमेहलगायतका नसर्ने रोगहरूबाट ग्रसित बिरामीहरूले प्रत्यक्ष लाभ लिइरहेका छन् । यस पुस्तकमा वडागत रूपमा खोलिएका खुला व्यायामशाला स्थापना र सञ्चालनको विवरणलाई समेटिएको छ ।

पुस्तकको **'अन्तर विद्यालयस्तरीय खेलकुद प्रतियोगिता'** शीर्षक मा भनपाले विभिन्न समयमा सञ्चालन गरेका नगरव्यापी विद्यालयस्तरीय भलिबल, फुटसल, टेबुलटेनिस, जिम्नाष्टिक, कराँते, उसु, तेक्वाण्डो, ब्याडमिन्टन, कसिमला पाँग्, पोर्टबल, खो खो, कबड्डी, एथलेटिक्स र बुद्धिचाल गरी १४ वटा खेलहरूमा ७२ वटा विद्यालयहरूको सहभागिता रहेको तथ्याङ्क समावेश गरिएको छ भने **'शैक्षिक ऋण र छात्रवृत्ति वितरण'** शीर्षकमा नगरपालिकाले भक्तपुरभित्रका स्थायी बसोबास गर्ने जेहनदार र विपन्न विद्यार्थीहरूलाई शैक्षिक प्रमाणपत्र धितो राखी सहुलियत ब्याजदरमा शैक्षिक ऋण प्रदान गरिएका विद्यार्थीहरूको नामावली र रकमको विवरण उल्लेख गरिएको छ ।

**'सांस्कृतिक क्षेत्रको निजी आवास निर्माणमा भक्तपुर नगरपालिकाले ३५ प्रतिशत लागत खर्च अनुदान'** शीर्षकमा भनपाले ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक पहिचानको संरक्षण गर्ने उद्देश्यले परम्परागत भवन बनाउनेलाई अनुदान दिने व्यवस्थाबारे जानकारी पनि यस पुस्तकमा दिइएको छ । पर्यटनको क्षेत्रको विकासको निम्ति नगरपालिकाले ल्याएको अनुदानको व्यवस्थाले प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहयोग गर्नेमा दुइमत नहोला ।

भनपाले स्थानीय बासिन्दाको लागि नर्सिङ कक्षा सञ्चालन, जनस्वास्थ्य ल्याब, आयुर्वेदिक चिकित्सा केन्द्र, तालिम हल, व्यापारिक गतिविधिलगायत निर्माणको लागि **'बहुउद्देश्यीय भवन निर्माण तथा सञ्चालन'** मा ल्याएको छ । भनपाले कमलविनायक, लिवाली, तुमचो–दुगुरे र देको–मिवा–इतापाके क्षेत्रमा व्यवस्थित बस्ती बसाल्न **'आवास योजना'** सञ्चालनमा ल्याएको छ । अरु स्थानीय तहले कतिपय नगरेको र भक्तपुर नगरपालिकाले गरेको असल कार्यहरूभित्र यी गतिविधिहरू पर्दछन् ।

पुस्तकमा भक्तपुर नगरपालिकाले **'पुस्तकालय सञ्चालन'** शीर्षकमा नपाद्वारा सञ्चालित जनज्योति पुस्तकालय, **'रेडियो कार्यक्रम ख्वप सः र अनलाइन पत्रिका सञ्चालन'**, **'आधारभूत र मा. वि. का शिक्षकहरूलाई स्काउट तालिम'**, 'भक्तपुर मासिक र ख्वप पौ पाक्षिक पत्रिका प्रकाशन' बारे पनि व्याख्या विश्लेषण गरिएको छ । **'ख्वप पौ'** पत्रिकाले स्थानीय नेपालभाषाको संरक्षण र सम्बर्धन गर्न उत्तिकै मद्दत पुगेको कुरामा दुईमत नहोला । भक्तपुर नपाले नगरबासी युवाहरूलाई स्वरोजगार सिर्जना गर्नको लागि सीपमूलक तालिमहरू सञ्चालन, सुत्केरी, बालबच्चा र ज्येष्ठ नागरिकलाई केन्द्रित गरी **'घरदैलोमा नर्सिङ सेवा'**, ६ ओटा खेलहरूमा नियमित प्रशिक्षण सञ्चालन, **'स्थानीय पाठ्यक्रम स्वीकृत तथा 'ख्वपको पहिचान'** नामक पुस्तक प्रकाशनलगायतका विषयहरूलाई पनि पुस्तकमा स्थान दिइएको छ ।

अन्तमा, आर्थिक पारदर्शिता भक्तपुर नगरपालिकाको पर्याय बनेको छ । यही विशेषताले गर्दा नै यो नगरपालिकाले देशकै उदाहरणीय नगरपालिकाको उपमा पाएको हो । आय र व्ययलाई पारदर्शी ढंगले आफ्ना नियमित पाक्षिक र साप्ताहिक प्रकाशनहरूमार्फत सार्वजनिक गर्ने कार्य भइरहेको छ । देशका अन्य स्थानीय निकायहरूको निम्ति भक्तपुर नगरपालिकाले सञ्चालन गरेका यी र यस्ता यावत विकास निर्माणका कार्यहरू अनुकरणीय हुने देखिन्छ । नेमकिपाका विजयी उम्मेदवारहरूले आफ्नो घोषणापत्रअनुसार गरिरहेको जनमैत्री र दिगो विकासका कार्यक्रमहरू निकै नै प्रशंसनीय छन् ।

८२ पृष्ठको यो पुस्तक आकारमा सानो तर आकर्षक छ । पुस्तक सानोभन्दा यसमा समाविष्ट विषयवस्तु आफैमा निकै महत्त्वको छ । भक्तपुर नगरपालिकाले यस्तो महत्त्वपूर्ण दस्तावेज प्रकाशन गर्नु आफैमा चर्चायोग्य र उदाहरणीय छ । पुस्तक प्रकाशनको लागि प्रकाशनमण्डलप्रति साधुवाद !

# अस्ट्रेलिया मेलबर्नको यात्रा संस्मरण




हेरा ख्याजू
नसस, भक्तपुर नपा

यात्राले सङ्घर्षमय जीवनलाई थप ऊर्जा दिन्छ। यही अभिप्रायले जीवनमा फरक अनुभूति र अनुभव सँगाल्न छोरी चण्डिका र ज्वाइँ उत्सव सुवालको निमन्त्रणालाई हार्दिकताका साथ स्वीकार्दै अस्ट्रेलियाको भ्रमण गर्ने पक्का गरें। अस्ट्रेलियाको जनजीवन, आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय स्थल र राजनैतिक पृष्ठभूमिलाई नजिकबाट नियाल्ने मौका पाउँदा मनमा अनेकौँ कौतुहलता र उत्साह पलायो।

२२ नोभेम्बरदेखि अस्ट्रेलिया जान टिकट लिएर अघिल्लो दिन नै सबै सामानको प्याकिङ भइसकेको थियो। हामी (म र मेरी श्रीमती पुनकेशरी दुवाल) पर्यटक भिसामा भ्रमणको लागि तयारीमा जुट्यौँ। एयरपोर्टको नियमअनुसार ३ घण्टा पहिल्यै पुग्नुपर्ने भएकोले २२ तारिख बिहान १० बजेतिर कमलविनायकबाट थिमि पुरानो बाटो हुँदै त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुग्यौँ। बिदाइ गर्न आएका परिवारजन सबैलाई बिदाइका हात हल्लाउँदै हामी प्रस्थान कक्षभित्र छिर्‍यौँ। सानी छोरी मोनिका, हामीबाट पहिले कहिल्यै अलग भएकी थिइनन्। आँखाभरि आँसु लिई बिदाइको हात हल्लाउँदै थिइन्। हाम्रो मनले पनि छोड्न गाह्रो भइरहेको थियो। हामी पनि गहभरि आँसु लिई हात हल्लाउँदै भित्र पस्यौँ।

ज्वाइँ सचेत प्रजापतिले पास लिएका कारण हामीसँगै भित्र आउनुभयो। लगेज तौलिन र बोर्डिङ पास लिन उहाँले सघाउनुभयो। ज्वाइँसँग पनि बिदाबारी लिई हामी सुरक्षा जाँच पार गर्दै प्रतिक्षालयमा गएर थाइ विमान पर्खेर बस्यौँ। प्रतिक्षालयमा रहेको स्पीकरले आउने जाने विमानहरूबारे जानकारी दिइरहेको थियो। दिउँसो १ बजेतिर थाइ विमान उड्ने घोषणा भयो। हाम्रो लामो पर्खाइ टुङ्गियो। सबै हाते ब्यागहरू चेक जाँच गराएर हामी जहाजभित्र पस्यौँ। जहाजभित्र आ-आफ्नो सीट नम्बर खोजी सीट बेल्ट लगाएर बस्यौँ।

यो हाम्रो पहिलो विदेश भ्रमण हो। जहाजभित्र एयर होस्टेसहरूको मित्रवत् व्यवहार र जहाजको प्रविधिलाई देखेर हामी दङ्ग पर्‍यौँ। मानवको मस्तिष्क कस्तो चमत्कार ! जहाजको एक-एक बनोटलाई नियालेर बस्यौँ। प्रत्येक सीट अगाडि टीभी स्क्रीन जोडिएको थियो। ती टच स्क्रिनहरूमा यात्रुहरूले सिनेमा, धारावाहिक नाटक, विभिन्न देशहरूको नक्सा अनि जहाज कति उचाइ र गतिमा कुन ठाउँ भएर उड्दै छ भन्नेसमेत हेर्न मिल्ने सुविधा थियो। हामीले जहाज कति माथि, कति तल र कस्तो अवस्थामा छ हेर्‍यौँ। कहिले समुद्र माथि, कहिले मरुभूमि माथि उड्दै गरेको त कहिले पहाड, बादल, हिमाल, ठूल-ठूला गगनचुम्बी भवन, खोला नाला, सडक पार गरेको र आफ्नो गन्तव्य पुग्न कति समय र माइल बाँकी छ भनेर पनि स्क्रीनमा हेर्दै गयौँ। हामीले जहाजको झ्यालबाट विभिन्न भौगोलिक रमणीय दृश्यहरू हेर्दै र आफ्नो मोबाइलमा ती दृश्यहरू कैद गर्दै गयौँ। हामी यति माथि उडिरहेका थियौँ कि चन्द्रमा पनि हाम्रै नजिक भएझैँ आभास भइरहेको थियो। जहाजको झ्यालबाट हात निकालेर चन्द्रमालाई आफ्नो हत्केलामा लिएर स्पर्श गर्ने कल्पना पनि नभएको होइन।



सार्वजनिक पार्कमा व्यायाम गर्ने सामग्री

विमानभित्र एयर होस्टेजहरूले विशेष सत्कारका साथ यात्रुहरूका लागि रोजाइअनुसार एकजनालाई पुग्ने परिमाणमा खानेकुरा जस्तैः पानी, रोटी, जाम, खानाका साथै साना साना कुरालाई समेत ध्यानमा राखी चम्चा, काँटा, टिस्यु पेपर आदि राखेर प्याकिङ गरी सर्भिस गरे। कुनै कारणवस एयर होस्टेजहरूलाई बोलाउन परे अगाडि भएको स्क्रीनमा स्विच थिच्नासाथ तिनीहरू मुसुमुसु हाँस्दै हजुरलाई के सेवा गरौँ भन्दै आइपुग्थे। विमान उडिरहेको आभास कति पनि हुँदैनथ्यो। विमान उड्दा र अवतरण हुँदामात्र हलचल हुने र कानमा केही अप्ठ्यारो भएको महसुस हुन्थ्यो। जे होस् विमानभित्रको यात्रा आरामदायी नै थियो।

थाइल्यान्डको समयअनुसार बेलुकीको ६:३० बजे थाइल्यान्डको सुवर्णभूमि अन्तर्राष्ट्रिय विमानस्थलमा जहाज अवतरण भयो। अविस्मरणीय त्यस क्षणलाई क्यामरामा कैद गर्दै लगेँ। बिहानै विमानबाट ओर्लंदा मेलबर्न जाने तीनजना नेपालीसँग भेट भयो। उहाँहरूको सामिप्यताले हामीलाई ढुङ्गा



मेलबर्नको पुस्तकालय

खोज्दा देउता मिलेझैँ अनुभूति भयो। श्रीमतीलाई घुँडाको समस्या भएकोले ह्विलचियर र असिस्टेन्टको व्यवस्था गरेको थिएँ। त्यो सुविधा नै नलिई उहाँहरूसँगै लाग्यौँ। थाइल्यान्डको विमानस्थलभित्र मेलबर्न जाने छ C नम्बरको गेट खोजेर प्रतिक्षालयमा बस्यौँ। त्यहाँ विभिन्न देशका पर्यटकहरू मेलबर्न जाने पर्खाइमा बसिरहेका थिए।

थाइल्यान्डको सुवर्णभूमि एयरपोर्टभित्र एउटा सानो सहर नै बनेको जस्तो लाग्यो। यात्रुलाई चाहिने विभिन्न सामग्री जस्तैः उपहार, गरगहना, विभिन्न किसिमका मदिराजन्य पदार्थ, मिठाइ आदिका सपिङ सेन्टरहरू दायाँ–बायाँ लहरै थिए। ठाउँ–ठाउँमा राखिएका भिडियो स्क्रीनहरूमा विभिन्न मुलुकका जहाजहरू आउने जानेबारे सम्पूर्ण जानकारी विभिन्न भाषाबाट दिइरहन्थ्यो। आराम गर्न ठाउँ–ठाउँमा मेचको बन्दोबस्त थियो। तल माथि गर्न विद्युतीय भऱ्याङहरू थिए। ठाउँ–ठाउँमा थरीथरीका बोटबिरुवा तथा आकर्षक फूलले विमानस्थल सजाइएको थियो। एयरपोर्टमा अरू पनि थुप्रै ठूला–साना जहाज, सामान बोक्ने मालवाहक गाडी तथा ठाउँ–ठाउँमा सजाएका विभिन्न किसिमका फूलबारी र हरियाली बगैँचाले गर्दा वातावरण नै मनमोहक बनेको थियो। विमानस्थलभित्र सम्पूर्ण बन्दोबस्तसहितको एउटा आकर्षक एवं सुन्दर सहर नै अटाएको भान भयो।

करिब साढे पाँच घण्टाको लामो पर्खाइपश्चात् अस्ट्रेलिया मेलबर्नको लागि उड्ने जहाजसम्म पुग्ने हतारो र पर्खाइ समाप्त भयो। सामान्य चेक जाँच सकाएर ट्रामबाट २० मिनेट जतिको यात्रापछि उड्न तयार भएर बसिराखेको थाइ विमानभित्र प्रवेश गऱ्यौँ।

आ–आफ्नो सीटमा बसेर सीट बेल्ट लगायौँ। केही बेरपछि चिया नास्ता गऱ्यौँ। रातभर पानी परिरहेको थियो। सधैँ आकाशमा बिजुली चम्केको हेरिरहेका हामी, त्यो रात विमानबाट तल धर्तीमा बिजुली चम्केको देख्दा अनौठो अनुभव भयो। स्क्रीनमा हेर्दै गर्दा समुद्र धेरै पर गइसकेछ। दिउँसो विमानको झ्यालबाट हेर्दा सेता–सेता बादलहरू भुइँमै बस्न गएको जस्तो देखियो। सिङ्गो देश नै प्लानिङ गरिएको ब्लकझैँ देखिन्थ्यो। राति पनि झिलिमिली सहर, सीधा–सीधा बाटाहरू'आहा ! एकदमै रमाइलो दृश्य थियो त्यो पलको। फोटो र भिडियो खिच्दै, विविध सुविधायुक्त थाइ विमानको निरन्तर १० घण्टाको यात्रापछि भोलिपल्ट मेलबर्न समयअनुसार दिउँसो ११:५५ मा हामी अस्ट्रेलियाको मेलबर्न विमानस्थलमा ओर्लियौँ।

असिस्टेन्टको सुविधा लिएको कारण एकजना असिस्टेन्टले सानो गाडीमा अरू तीन जना यात्रुसहित हामीलाई लिन आए। उनले हामीलाई एउटा फारम भर्न लगाए। हामीले आफ्नो नाम, पासपोर्ट नम्बर, नागरिकता नम्बर र आफ्नो लगेजमा रहेका सामानहरू भर्नुपर्थ्यो। कुनै पनि औषधि, पेय–पदार्थ, बीउबिजन, लागूपदार्थ जस्तैः चुरोट, गाँजा, तमाखु र हातहतियारहरू जस्तैः खुकुरी, चक्कु आदि छ कि छैन सबै चेक जाँच गरियो। अफिसरले सोधेका प्रश्नको असिस्टेन्टले हामीलाई हिन्दी भाषामा उल्था गरी बुझाउँथ्यो। हामीले पनि त्यहीँअनुसार उनलाई जवाफ फर्काउँथ्यौँ। यसरी असिस्टेन्टको सहयोगमा चेक जाँच सकियो। उनलाई धन्यवाद दिँदै हामी बाहिर निस्क्यौँ।

बाहिर छोरी चण्डिका र ज्वाइँ उत्सव हामीलाई लिन २ घण्टा पहिले नै पुगेका रहेछन्। धेरै वर्षपछि छोरी र ज्वाइँ भेट्ने इच्छा पूरा भयो। छोरी र ज्वाइँलाई देखेर नेपालदेखि अस्ट्रेलियासम्म आउँदाको थकाइ, ज्वरो र घुँडाको दुखाइ नै सञ्चो भएको आभास भयो। हामीलाई देखेर उनीहरूको अनुहारमा पनि खुसीको चमक देखियो। छोरी र ज्वाइँले आफ्नै गाडीबाट गन्तव्यमा पुऱ्याए। छोरी त्यहाँको एउटा आदरनिकेतनमा काम गर्छिन् भने ज्वाइँ होटलमा काम गर्छन्। बाटोमा हामीलाई छोरीले त्यहाँको सामान्य नियम, कानुन, व्यवहारिकताबारे बताइन्। घर पुगेर खानपिन गरी विश्राम गऱ्यौँ। नेपाल र अस्ट्रेलियाको समयमा ५:१५ घण्टा फरक भएको पाएँ। बेलुका ९ बजेपछि मात्र घाम अस्ताएको देख्दा अचम्मित भएँ। नेपालदेखि अस्ट्रेलिया मेलबर्नसम्मको यात्रा सम्झँदै भोलिको नयाँ बिहानीलाई पर्खँदै भुसुक्कै निदाएँ।

अर्को दिन हामी मेलबर्न सहरको नौलो वातावरणमा निस्कियौँ । नेपालजस्तो मनमोहक, प्रकृति, कला र संस्कृतिले भरिपूर्ण सुन्दर देश त सायदै कहीं होला । तर, पनि प्राकृतिक र कृत्रिमताले सुसज्जित स-साना चिटिक्क परेका घरहरू, कहीं कतै फोहोर नदेखिएका चिल्ला सडकहरू, सँगै मुस्कुराइरहेका फूलका बोटहरू, ठाउँ-ठाउँमा खुला चउर र चउरमा बाल उद्यान, पिकनिक स्थलहरू जहाँ खुलारूपमा अटोमेटिक खाना पकाउने र तताउने ग्याँस चुलो, खान र हात खुट्टा धुन पानीको राम्रो व्यवस्था आदिमा त्यहाँको आधुनिकताको झल्को पाएँ । ठाउँ-ठाउँमा आराम गर्न कुर्सीहरू राखिएका थिए । बत्तीको झिलिमिली, फलफूलका बोटबिरुवा, रुख कटिङ गरी सहरलाई मन नै लोभ्याउने तरिकाले सजाइएको थियो ।

प्रत्येक बाल उद्यानमा घाँस नउम्रियोस् भनेर काठका स-साना टुक्राहरू भुइँभरि कार्पेटझैँ ओछ्याइएको थियो । यसले गर्दा वातावरण सफा र स्वच्छ देखिन्थ्यो । बालबालिकालाई अभिभावकहरूले साँझतिर घुमाउन र खेलाउन यहीं ल्याउने रहेछन् । आ-आफ्नो घरपालुवा कुकुरहरू पनि चौरको एउटा कुनामा छोडी भकुण्डो खेलाई रमाइलो गर्नेरहेछन् । कुकुरले फोहोर गरेमा मालिक स्वयम्ले सफा गरेर फोहोरलाई आसपासमा राखिएका डस्टबिनहरूमा राख्थे । त्यसरी डुलाउन ल्याएका कुकुरले कसैलाई भुक्दैन । यदि भुकिहाले कानुन लाग्नेरहेछ । त्यसैले कुकुरलाई राम्रो तालिम दिएरमात्र बाहिर ल्याउने गर्दोरहेछ । नेपालमा धेरै भुस्याहा कुकुरहरू छन् तर त्यहाँ एउटा पनि भुस्याहा कुकुर कहीं कतै देखिनँ । तर, झिँगाले भने अति दुःख दिनेरहेछ । त्यसकारण स्वच्छ हावा चल्ने भए तापनि झिँगा धेरै आउने भएकोले र दिउँसो घामको किरण पनि एकदम कडा हुने भएकाले होला मानिसहरू बाहिर त्यति आवतजावत गरेको देखिँदैन ।

हामी दिनदिनैजसो नजिकैको एउटा ठूलो कोबोर्ग पुस्तकालयमा जान्थ्यौँ । त्यहाँ विभिन्न देशका पुस्तक विभिन्न भाषा र विषयअनुसार अलगअलग गरी व्यवस्थितरूपमा राखिएको पाएँ । त्यहाँ राखिएका विभिन्न मुलुकका पुस्तकहरूमध्ये नेपाली पुस्तकहरू दुईदेखि तीन सयजति राखिएको पाइयो ।

दुई किनारामा मानिसहरू हिँड्ने पेटी, बीचमा फराकिलो सडक, अनि सेकेन्ड र मिनेटको महत्त्व राखेर मानिसहरू आ-आफ्नो गन्तव्यतर्फ हातमा चिया-कफीको क्यान बोक्दै दौडिरहे पनि अरूप्रतिको आदर सम्मान र सद्भाव राखी अरूलाई बाटो छोडेर आफू पछि हिँड्ने मानिसहरू देख्दा ज्यादै खुसी लाग्यो ।

ठाउँ-ठाउँमा निःशुल्क फराकिला पार्कहरू, सार्वजनिक शौचालयहरू, खुला खेल मैदान, ठूल-ठूला पार्किङसहितका सुपरमार्केटहरू थिए । पार्किङ स्थल छेउ-छाउ फोहोर राख्न डस्टबिन र ठूल-ठूला कन्टेनरहरू राखिएका थिए । जहाँ आफूसँग बढी भएका, काम लाग्ने-नलाग्ने सामानहरू, पुराना लुगाफाटा, भान्छाका सामान, फर्निचर, इलेक्ट्रोनिक सामान, शृङ्गारका सामान, किताब इत्यादि राखिएका हुन्छन् । त्यहाँका मानिसहरूले कुनै पनि सामान मर्मत गरी प्रयोग नगर्नेरहेछ । बिग्रेको बनाउनुभन्दा नयाँ किन्नु नै सस्तो हुने रहेछ । त्यसैले पुराना सामानहरू त्यसरी फालिने रहेछ । यी सामानहरू कसैलाई मनपर्‍यो वा चाहिए लिएर जाने गरिन्छ । नयाँ वर्षको आगमनमा त झन् यस्ता सामानहरू धेरै फालिएका हुन्छन् ।

भक्तपुरको बिस्केट जात्राको लिङ्गोजस्तै त्यहाँ बाटो बाटोमा ३५-४० फिट अग्लो काठका बिजुलीका पोलहरू ठड्याइएका थिए । घर पनि चिटिक्क परेका प्रायः १-२ तलाका मात्र थिए । घर बनाउँदा पनि भित्र काठको संरचना बनाएर काठलाई छोपी सेरामिक्स र ईँटा राखिने गरेको पाइयो । त्यहाँका प्रत्येक घडेरीहरू करिब १ रोपनी जतिको थियो, जहाँ पार्किङ, बगैँचा, खुला ठाउँको व्यवस्था गरिएको हुन्थ्यो । घरलाई आवश्यक बत्ती, चौबिसै घण्टा चिसो, तातो पानीजस्ता सुविधाको राम्रो व्यवस्था थियो । प्रत्येक घरमा अनिवार्यजस्तो आकाशे पानीको व्यवस्थापन गरिएको थियो । प्रायः घरको पर्खाल २ फिटभन्दा बढी नहुने भएकोले वातावरण अलि खुला भएको पाएँ । हरेक घरको गेटमा घर नम्बर, इमेल टाँगिएको हुन्थ्यो र गेट नजिकै एउटा पत्रमञ्जुषा र डस्टबिन राखिएको थियो । स्थानीय सरकारले एकदिन बिराएर फोहोर लिन आउँथ्यो । बिहान सबेरै ५ बजेतिर गाडीमै जोडेको भ्याकुम क्लिनरले सडक सफा गर्न आउँथ्यो । बाटोमा फोहोर भनेकै बोटबिरुवा र रुखका पात पतिङ्गरमात्र थियो ।

सायद चोरी चकारी नहुने भएकोले होला, प्रत्येक घरको मूल ढोकामा बाहेक घरका अरू कोठाहरू खुला नै हुन्थ्यो । आफ्ना महत्त्वपूर्ण सामान राख्नको लागि बनाइएका दराज र अरू त अरू शौचालयमा समेत पनि चुकुल नहुनेरहेछ । घरमा बस्ने प्रत्येक व्यक्तिले मूल ढोकाको मात्र साँचो बोकी हिँड्थे । बैठक कोठा र भान्छा एउटै कोठामा हुन्छ । एउटै घरमा एकभन्दा बढी परिवार बस्न परेमा भान्छा पनि पालैपालो प्रयोग गर्नेरहेछन् । कसैले कसैलाई कुनै प्रकारको डिस्टर्ब नगर्ने र चर्को आवाजमा टेलिभिजन, सङ्गीत र रेडियो नबजाउने, ठूल-ठूलो आवाजमा कुराकानीसमेत नहुने भएकोले त्यहाँको जनजीवन अत्यन्तै अनुशासित, शान्त र व्यवस्थित लाग्यो । यी सबै हेर्दा अचम्म लाग्थ्यो ।

छोरी र ज्वाइँले आ-आफ्नो अफिसमा भ्रमणको लागि हप्तामा दुई दिन बिदा मिलाएर समय तालिका बनाई मेलबर्नका विभिन्न महत्त्वपूर्ण स्थानहरूको अवलोकन गर्ने मौका पायौँ :

- सहरको युरेका टावर (Eureka Tower)
- (समुद्री जीवन (एक्वेरियम) (SEA LIFE Melbourne

Aquarium)
- क्यासिनो (Casino)
- विलियमस्टाउन बीच (Williamstown Beach)
- वेरेबी जू (चिडियाखाना) (Werribee Zoo)
- रोज गार्डेन (Rose Garden)
- सेन्ट किल्दा बीच (St. Kilda beach)
- स्टेट लाइब्रेरी (State library)
- फिलिप आइसल्यान्ड (Phillip Island)
- वाइल्ड लाइफ रिजर्भ (Wild life Reserve)
- विल्सन प्रोमोन्टोरी नेशनल पार्क (Wilson promontory National Park)
- फेडेरेसन स्क्वायर (Federation Square)
- जायन्त चियर (Gaint Chair / Danndenong Range)
- श्री दुर्गा मन्दिर (Rock Bank)
- आर्ट वो (Art Vo)
- डक्ल्यान्ड (Dockland)
- सेमोर (Seymour)
- चेरी हिल (Cherryhill Orchards)
- फेरीबाट यात्रा (Ferry ride from Williamstown)
- कोवोर्ग लेक (Coburg Lake)
- शिव विष्णु मन्दिर (Shri Shiva Vishnu Temple, Carrum Downs)

मेलबर्न सिटीका विभिन्न महत्त्वपूर्ण ठाउँहरू घुमेका मध्ये सन् २०१९ नाभेम्बर २५ तारिखका दिन मेलबर्न कोबोर्ग रेल स्टेसनबाट भूमिगत रेल चढेर ११० तलाको युरेका टावर अवलोकन गर्न गएको निकै स्मरणीय रह्यो। प्रतिव्यक्ति २५ डलर प्रवेश शुल्क तिरेर लिफ्टबाट युरेका टावरको ८९ तलामा पुग्यौं। जहाँबाट मेलबर्न सिटीलाई चारैतिरबाट दृश्यावलोकन गर्न सकिन्थ्यो। पर परसम्मका दृश्यहरू हेर्न दूरबिनको व्यवस्था थियो। त्यहाँबाट समुद्रमा ठूला-साना जहाज आइरहेको र गइरहेको देखिन्थ्यो। फराकिला सडकमा गुडिरहेका गाडी, मानिसहरू आ-आफ्नो गन्तव्यमा गइरहेका थिए। त्यसैगरी रेलमार्ग, विश्वविद्यालय, स्कूल, खेल मैदान, मेट्रिक क्याम्प, खुला बगैंचा, ठूल-ठूला गगनचुम्बी घर, क्रिकेट रङ्गशाला, सुपर मार्केट, ठूल-ठूला होटेल, रेस्टुरेन्ट, सिनेमा हल, मस्जिदहरू, खुला पार्किङ्हरू, कटिङ गरी सजाएर राखिएका रुख, बोटबिरुवा, फूल अनि क्रिसमस र नव वर्षको लागि तयार अवस्थामा रहेका कृत्रिम सजावटका श्रृङ्गारहरू पनि देख्न सकिन्थ्यो। त्यहाँबाट पूरै मेलबर्न सहरको गतिविधि र दृश्यहरू छर्लङ्ग देख्न सकिन्थ्यो। त्यो दृश्यले पूरै सहर घुमेको अनुभूति भएको थियो। त्यो क्षणले मलाई नेपालको धरहरा र स्वयम्भूनाथको याद दिलायो।



मेनबर्नको चिडियाघरमा कङ्गारुसँग खेल्दै

अर्को दिन मेलबर्न सहरको नजिकै पर्ने सेन्ट किल्दा समुद्रतिर लाग्यौं। आँखाले भ्याउनै नसक्ने। पर-परसम्म पानीकै पहाड। पानीकै बादल। यस्तो लाग्थ्यो कि समुद्र नै बतास भएर हामीलाई अङ्कमाल गरी जिस्काइरहेको छ। आकाशले समुद्रलाई उठाएको अनि क्षितिजले हामीसँग मितेरी गाँस्न आएकोजस्तो भान भयो। मरुभूमिजस्तै बालुवै बालुवाको किनार र समुद्रमाथि लम्पसार परेर बालुवाकै मूर्तिजस्ता देखिने युवायुवतीको पश्चिमेली सभ्यताको उन्माद देखाइरहेका थिए। हामी आजित र लज्जित भई नदेखेझैं गर्दै समुद्रमा हाम्रा निश्चल आँखाहरू बिछ्याइरह्यौं। छालको छलाङसँगै खेल्दै बस्यौं। छालको दौड देख्दा युवा-युवतीहरूका अङ्ग अङ्ग चुम्न छालहरूलाई हतारो भइरहेझैं लाग्थ्यो। ती छालहरूको दौडलाई हेरिरहेका थियौं। आकाश र बादलले पनि यी सबै दृश्य हेरिरहेका थिए। बादलले उनीहरूलाई छोप्न खोजिरहेको जस्तो लागिरहेको आभास हुन्थ्यो।

समुद्रको छालसँगै हामी लुकामारी खेलिरहेका थियौं, जिस्किएर रमाइलो गरिरहेका थियौं। आँखाले भ्याएसम्म हेरिरहेका थियौं। कता कता हाम्रो भूपरिवेष्ठित देश नेपाललाई अन्याय गरेजस्तो लाग्यो। घामले आफ्नै पाइलाहरू लम्काउँदै सन्ध्यासँग अजम्बरी गीत गाउँदै समुद्रमा डुबुल्की मार्न खोज्दै थियो। यो सुन्दर दृश्य हेर्न हामी समुद्र किनारमा उभिएर समुद्रले सूर्यलाई निलिरहेको हेरिरह्यौं। त्यो सूर्यास्तले हाम्रो मानसपटलमा नागार्जुन डाँडाको याद दिलायो। हामीलाई आफ्नो देशमै छु भन्ने अनुभूति भयो। समुद्र किनारदेखि अलि पर खजुरका बोटहरू थिए, सैनिकले जस्तै टनक्क शरीर तन्काउँदै कुनै नेता वा मन्त्रीको स्वागतार्थ उभिरहेका जस्ता देखिन्थे। धेरै रमाइलो लागिरहेको थियो। फर्कन नचाहँदा नचाहँदै अन्ततः गन्तव्यमा पुग्नुपर्ने बाध्यतालाई स्वीकार्दै त्यहाँबाट फर्क्यौं।

भ्रमणको क्रममा तालिकाअनुसार हामी विल्सन

प्रोमोन्टोरी भिक्टोरियाको लागि निस्क्यौँ । बिहान ६ बजेदेखि १० बजेसम्म, चार घण्टाको यात्रा गर्‍यौँ । त्यसदिन पनि धेरै रमणीय ठाउँ र समुद्रमा मन नअघाउञ्जेल खेल्दै, हेर्दै, रमाउँदै, कल्पना गर्दै आफ्नो गन्तव्यमा फर्क्यौँ ।

प्रकृतिले सुन्दरता दिएर, यो संसारलाई बेहुलीजस्तै सजाएर सुन्दर बनाएको रहेछ । स-साना थुम्का, पहाड, हल्का घुमाउरो बाटो, पहाड र सडकबीच हुँदै मौन भएर बसेको ताल मन नै लोभ्याउने खालको प्रकृति थियो । नेपालको जस्तो हरियालीले ढाकेको पहाड कतै पनि थिएन । सुकेर कुल्चँदा झुरुमझुरुम हुनेखालको मसिना केस्राजस्ता झारले पहाडलाई घुम्टो ओढाएको भान हुन्थ्यो । बाटोमा हिँड्ने मानिसहरूदेखि लजाएर पहँलो घुम्टो ओढेर सबै पहाडहरू यथास्थानमा थपक्क बसेजस्तो लाग्थ्यो । वास्तवमै त्यहाँको प्राकृतिक सुन्दरता मन लोभ्याउने खालको नै थियो ।



मेलबर्नको चित्र सङ्ग्रहालयमा

सहरको भित्रको चिल्लो सडकमा आफ्नै रफ्तारमा ट्याक्सी र गाडी हुँइकिरहेका थिए । दायाँ-बायाँ बाटो काट्नको लागि जडान गरिएका ट्राफिक लाइटहरूले पहरा दिइरहेका थिए । ती ट्राफिक लाइटको इसारामा हामी दौडिरहेका थियौँ । न कतै ट्राफिक पुलिसले सिटी बजाउँदै हात हल्लाइरहेको थियो न त कतै जामको पिरलोमा उभिनु परेको थियो । सडक एकदम शान्त थियो । नियममा बाँधिएपछि व्यस्त सहर पनि खुला गाउँ, मौन र विनम्रझैँ लागिरहेको थियो । हामी खुला आकाशमा पन्छीहरू उडिरहेझैँ गाडीमा यात्रा गरिरहेका थियौँ । सडक दायाँ-बायाँ विशाल घाँसे मैदान थियो । जहाँ तयारी अवस्थाका घाँसका मुढाहरू विभिन्न रङ्को प्लास्टिकले बेरेर आकर्षक तरिकाले चाङ मिलाएर राखिएको थियो । हामीले त्यहाँका विशाल कृषि फार्महरू हेर्‍यौँ । अन्नबाली, फलफूल, तरकारी, जडिबुटी आदिका फाँट विशाल देखिन्थ्यो । त्यहाँ विशाल पशुपालनफार्महरू थिए । च्याङ्ग्रा पालन, भैँडा पालन, गाई पालन र विभिन्न पन्छी पालनहरू गरिएका थिए । धेरै बेर खेलेर, पार्कहरू घुम्दै आएको कल्पना गर्दै आफ्नो स्थानमा फर्क्यौँ ।

अस्ट्रेलियाको मेलबर्न सहरको दुई स्थानमा हामीले हिन्दू मन्दिरको पनि दर्शन गर्‍यौँ दुर्गा माता मन्दिर रक बैङ्कमा र शिव विष्णु मन्दिर, क्यारूम डाउन्समा । हिन्दूहरूको लागि ठूलो पवित्र धार्मिक स्थल मानिन्छ । त्यहाँ हिन्दूहरूका निम्ति धार्मिक प्रवचन, भजनकीर्तन, योग अभ्यास, दशहराजस्ता हिन्दू कार्यक्रमहरू, त्यसैगरी तीज, तिहारजस्ता चाडपर्वहरू मनाउन र विवाह, व्रतबन्ध, जन्मदिन आदि शुभ कार्यहरू पनि हुने गर्छ । मन्दिरभित्र विभिन्न देवीदेवताका मूर्तिहरू राखिएका थिए । तर, भित्र पूजा गर्न नपाइने र देवतालाई टाढैबाट दर्शन गर्नुपर्नेरहेछ । पूजारीलाई पूजा दिएर प्रसाद लिई आउनु पर्नेरहेछ । बाटोभरि फुलेका रंगीबिरंगी फूल र कागती, अम्बा, स्याउ, नासपाती, अङ्गुरका झुप्पा फलिरहेको देख्दा मोहित नहुने सायदै कोही होलान् । समयमा नटिप्दा रंगीबिरंगी फूलहरू पनि कुहिरहेका र विभिन्न फलफूल झरिरहेको देख्दा टिपौँ टिपौँ जस्तो लाग्यो । तर, त्यहाँको कानुनअनुसार बाटोमा फुलेका फूलहरू टिप्दा जरिवाना लाग्ने, कसैको कुनै सामानहरू, अरूले रोपेका फलफूल झरेको नै टिप्न नहुने नियम रहेछ । त्यहाँ नेपालमा जस्तो मन्दिरमा फूल चढाउने चलन रहेनछ । त्यसलाई सौन्दर्य र वासनाको लागि मात्र प्रयोग गर्नेरहेछ ।

छोराछोरीहरू आफ्नो काम र पढाइमा नै व्यस्त रहेका हुन्छन् । अभिभावक आफ्नै सुरमा हिँड्छन् । नेपालमा गरिरहने व्यवहारजन्य सानातिना गल्तीहरू पनि यहाँ ठूलो हुन गई दुःख भोगेका अभिभावकहरू पनि रहेछन् । त्यसकारण त्यहाँको नियम, कानुन र सिस्टमका बारेमा अभिभावकहरूलाई पहिले नै जानकारी हुन जरुरी देखिन्छ । राम्ररी अङ्ग्रेजी भाषा लेख्न र बोल्न नजान्ने अभिभावकहरूलाई भाषाको समस्या हुने भएकोले पहिले नै साधारण र व्यावहारिक भए पनि अङ्ग्रेजी भाषा सिकेर जानुपर्ने देखिन्छ ।

हामीले अष्ट्रेलियामा तीन महिनाको बसाइमा धेरै कुराहरू सिक्यौँ र थाहा पायौँ । बाहिर देशबाट पढ्न आउने विद्यार्थीहरूको समस्याबारे पनि धेरथोर बुझ्यौँ । अष्ट्रेलियामा विद्यार्थीहरू विभिन्न उद्देश्यका साथ आउने गर्दा रहेछन् । विद्यार्थी भिसामा आउने विद्यार्थीहरूले हप्तामा २० घण्टामात्र काम गर्न पाउने र पढाइमा नै जोड दिनुपर्ने हुन्छ । २० घण्टा काम गरेर पाएको पारिश्रमिकले आफ्नो कलेज शुल्क, घर भाडा र अन्य खर्चको लागि उनीहरू प्रयोग गर्छन् । केही पैसा बचाएर उनीहरू नेपालमा आफ्नो घरपरिवारलाई पनि पठाउँछन् । अष्ट्रेलियामा तालिम प्राप्त व्यक्तिहरूका लागि बढी अवसर प्राप्त हुने भएकोले यहाँ आउन अगावै विभिन्न तालिम, सीप र क्षमता अभिवृद्धि गर्ने प्रशिक्षण लिएर आउने गरेको देखिन्छ । पैसामात्रै कमाउने हेतुले आएका व्यक्तिहरू सस्तो र सधैँ हाजिर हुन नपर्ने कलेज खोजेर भर्ना हुने गर्छन् । यस्ता व्यक्तिहरू पढाइमा भन्दा काममा बढी मिहिनेत गरेर पैसा धेरै कमाउँछन् । त्यहाँ कुनै पनि कामलाई सानोतिनो भनेर हेला नगरी सबै कामलाई

समानरूपमा उत्तिकै इज्जत दिइन्छ। नेपालमा पनि पर्याप्त सुविधा र अवसर प्राप्त भएको खण्डमा र कुनै पनि कामलाई सानोतिनो नभनी भेदभाव नगरी मिहिनेत गरेमा त्यहाँको भन्दा दोब्बर आम्दानी गर्न सकिन्छ। नेपालमा त्यस्तो सुविधा र अवसरहरू प्राप्त नभए तापनि विदेशमा गएर आफूले जानेको र सिकेको अनुभव बटुलेर आफ्नै देशमा लागू गरी आफ्नो परिवार, समाज र देशको सेवा गर्न सकिन्छ कि भनी छोरी र ज्वाइँसँग छलफल पनि गरेँ।

नेपालमा बस्दा प्राय:जसो छोराछोरीहरू अल्छी भएर बसे तापनि अष्ट्रेलिया पुगेपछि त्यस्तो नहुनेरहेछ। त्यहाँ अनुशासित भई रातदिन नभनी काम गर्नुपर्ने स्थिति छ। बिहान ४ बजेदेखि नै उठेर भान्साको काम सिध्याएर आफ्नो ड्युटीमा जानुपर्ने आफ्नो सम्पूर्ण काम आफैले गर्नुपर्ने बाध्यता हुन्छ। त्यसकारण आफैले कर्म गरेर आफ्नो परिचय आफै बनाई बाँच्नुपर्ने भावना यो मुलुकले सिकाउँछ।

अष्ट्रेलियामा हरेक कुरामा खर्च बढी लाग्ने हुँदा बाहिरबाट आउने विद्यार्थीको लागि एकल जीवन जिउन निकै कठिन हुनेरहेछ। विद्यार्थी भिसामा एक्लै गएका विद्यार्थीले हप्ताको २० घण्टामात्र काम गर्न पाउने, काम पनि आफ्नो सीप र दक्षताअनुसार नपाउने हुँदा जस्तोसुकै काम गरेर पनि पैसा जम्मा गर्नुपर्ने हुन्छ। ओभरटाइम काम गरी पैसा जम्मा गर्नुपर्ने यहाँको बाध्यतासँगै व्यवहारिकता र प्रतिस्पर्धात्मक दैनिकीले गर्दा दिनभरको थकाइका कारण पढाइमा त्यत्ति ध्यान दिन सकिरहेका हुँदैनन्। आफ्नो खर्च, कलेज शुल्क, घरपरिवारलाई पठाउनुपर्ने खर्चको लागि पनि निकै मिहिनेत गर्नुपर्ने हुन्छ। दिनरात नभनी हरेक सेकेन्ड अनि मिनेटको महत्त्व बुझेर समय तालिका बनाई मेसिनले जस्तै पढाइ सँगसँगै काममा खटेर सङ्घर्षशील जीवन बिताउनुपर्ने बाध्यता हुन्छ। आफू एक्लै हुने भएका कारण बिरामी पर्दा झन् गाह्रो हुने र यी सबै कठिनाइ सानै उमेरमा झेल्नुपर्ने हुनाले कतिपय मानिस कुलतमा लाग्ने, डिप्रेसनमा गई जिन्दगीसँगै हार मानी आत्महत्या गर्नेहरू पनि छन्। अस्ट्रेलिया सरकारले विद्यार्थी भिसामात्रै नभई डिपेन्डेन्ट भिसाको पनि व्यवस्था गरिएको छ। डिपेन्डेन्ट भिसा पाएकाले आफूसँगै आफ्ना श्रीमान् वा श्रीमतीलाई पनि सँगै लग्न पाइने व्यवस्था छ। यो भिसामा गएकाहरूले एक जनाले काम गर्ने र अर्कोले पढाइ गर्नुपर्ने नियम छ। यसले परिवार र पढाइलाई पनि सँगसँगै अगाडि बढाउन राहत पुऱ्याएको छ।

आफ्नो देशमा पढ्न राम्रो कलेज नपाएर हो वा पढाइ र क्षमताअनुसारका काम र अवसर नै नपाएर हो, आफ्नो देश छोडेर अर्काको देशमा जानु परेको हो कि जस्तो पनि लाग्यो। समयमा खान नपाइने, सुत्न नपाइने, आराम गर्न नपाइने, परिवार र साथीभाइसँग बस्न नपाइने, कुनै चाडपर्व, धर्म, रीतिरिवाज, संस्कृति मनाउन समय नपाइने देखेर आफैलाई नमज्जा लाग्यो।

नेपाल र अस्ट्रेलियामा हरेक कुरामा धेरै नै भिन्नता रहेको पाएँ। अष्ट्रेलियामा हरेक कुरा प्रणाली र नियमअनुसार चल्ने गर्छ तर नेपालमा त्यस्तो कुनै पनि विषयमा राम्रो प्रणाली र नियमहरू बनेका छैनन्। नेपालमा जताततै धुवाँ धूलोले वातावरण नै प्रदूषित भएको छ। अव्यवस्थित बाटोघाटो, खाल्डाखुल्डी सडक, सुविधायुक्त स्वास्थ्य सेवा, खानेपानी, विद्युत, यातायातका साधनमा कमी, पर्याप्त मात्रामा उद्योग र कलकारखानाहरू नहुनु तथा नेपालजस्तो कृषिप्रधान देश भएता पनि कृषिमा अहिलेसम्म कुनै किसिमको आधुनिकीकरण नभएको देख्दा कता–कता खल्लो अनुभव हुन्छ। शिक्षामा व्यापारीकरण भएकोले हुनेखानेले मात्र राम्रो ठाउँमा पढ्न पाउने, सबै ठाउँमा इन्टरनेटको सेवा नपुगेको र राजनीतिक अस्थिरता, बन्द, हड्ताल, ट्राफिक जामजस्ता विभिन्न किसिमका समस्याहरू सर्वसाधारणले भोग्न बाध्य छन्।

नेपालमा हरेक ठाउँमा ठेक्कापट्टा, नातावाद, कृपावाद, भ्रष्टाचारी, तस्करी, हत्याहिंसा, आतङ्क, बलात्कार आदिले प्रश्रय पाइरहेको छ। देशको सारा अर्थतन्त्र नै परनिर्भर हुँदै गइरहेको छ। त्यसकारण लाखौं युवाहरू विदेशमा जीवन जिउन र काम गर्न बाध्य छन्। कसलाई रहर हुन्छ र आफ्नो मातृभूमि छोडेर अर्काको देशमा पसिना बगाउन। यसको तमाम दोषको भागिदार चुनावमा पैसाको खोलो बगाई विदेशीको इशारामा पालैपालो शासन चलाउने ठूला भनाउँदा राजनैतिक दलहरू नै हुन्।

हामी युवाहरूले पनि नेपालमा बस्ने वातावरण मिलाएर अवसर प्राप्त भयो भने, हामी पनि नेपालमा प्रणालीअनुसार काम गर्नसक्छौं। नेपाल बनाउने हाम्रो पनि कर्तव्य हो। त्यसकारण हामीले विदेशबाट राम्रा कुरा सिकेर र त्यहाँको अनुभवलाई नेपालमा पनि त्यस्तै प्रकारका काम गर्न सक्षम हुनेछौं भन्ने प्रण गर्नुपर्छ। यो वाचा सबै विदेशमा बस्ने युवाहरूले गर्नुपर्छ भनी विश्वास दिलाउनुपर्छ। छोरी र ज्वाइँसँग हाम्रो अष्ट्रेलिया मेलबर्नको यात्राको अन्तिम बसाइमा भएको कुराकानी अति नै महत्त्वपूर्ण लाग्यो।

अनेकौं यात्रा, घुम्ती पार गर्दै अस्ट्रेलियामा सिकेका केही ज्ञान र उत्साह अनि अनुभवहरू सँगाल्यौं। नचाहँदा–नचाहँदै हामीले हाम्रो यात्रालाई टुङ्ग्याउने जमर्को गऱ्यौं। सन् २०२० फेब्रुअरी १० तारिखका दिन हामी मेलबर्नको विमानस्थलमा पुग्यौं। छोरी चण्डिका र ज्वाइँ उत्सवलाई आफ्नो जीवनको उत्तरोत्तर प्रगति र समृद्धिको कामना गऱ्यौं। १२:४५ बजेको विमानबाट १० घण्टाको यात्रा गरी थाइल्यान्डको सुवर्णभूमि विमानस्थलमा ओर्लियौं। ५ घण्टाको ट्रान्जिटमा बसी ११ तारिखका दिन दिउँसो १ बजे नेपाल पुगी आफ्नो मातृभूमिलाई ८८ दिन पछि स्पर्श गऱ्यौं ।

*(मजदुर दैनिकबाट)*

# 'आयुर्वेद रोगको निदान गर्ने विज्ञानमात्र नभएर जीवनका लागि आवश्यक ज्ञान प्राप्त गर्ने विज्ञान पनि हो'

**– डा. नदन कँडेल**

*(जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, भक्तपुरका प्रमुख डा. कँडेलसँगको अन्तरवार्ता)*



***प्रश्न** – कोभिड १९ लाई यहाँले कसरी नियालिरहनुभएको छ ?*

**उत्तर** – नेपालमा यस रोगको पहिलो सङ्क्रमण २०२० जनवरी २० मा देखिएको थियो। सङ्क्रमित हुनेहरूको सङ्ख्या दिनप्रतिदिन बढिरहेको छ। हालसम्म यस रोगको उपचारको लागि कुनै पनि उपयुक्त औषधि भ्याक्सीन तथा भरपर्दो नियन्त्रण पत्ता लागि नसकेको हुनाले यस रोगबाट बच्न शरीरको रोग प्रतिरोधात्मक क्षमता (Immunity power) बढाउने उपायहरू अवलम्बन गर्नु नै उत्तम हुन्छ। तसर्थ आयुर्वेद चिकित्सा विज्ञानमा वर्णन गरिएका उचित आहार–विहार, आचार, स्वस्थकर जीवनशैली, योग, रसायन गुणयुक्त जडिबुटीहरूको समुचित प्रयोगका साथै विभिन्न सुरक्षात्मक, प्रतिरोधात्मक तथा प्रवर्धनात्मक विधिहरू अपनाउनु उपयुक्त देखिन्छ।

***प्रश्न** – कोभिड १९ को रोकथाम र नियन्त्रणमा आयुर्वेदिक उपचारलाई कसरी जोड्न सकिन्छ ?*

**उत्तर** – व्यक्तिगत सुरक्षाको लागि रोगप्रतिरोधात्मक क्षमता वृद्धिका उपायहरू

**१. दैनिक क्रियाकलाप**

विहान गरिने कर्म– सूर्य उदाउनुभन्दा कम्तिमा ४५ अगाडि उठ्ने। मुख शुद्ध गर्न १ चम्चा (ठूलो) तिल/तोरी तेल मुखमा भरेर राख्ने वा मुखभित्र दायाँबायाँ घुमाउने।

त्यसपछि मनतातो पानीमा नून र बेसार हालेर कुल्ला गर्ने।

– २–२ थोपा तिल तेल दुवै नाकको प्वालमा राख्ने।

– दैनिक रूपमा योगासन, प्राणायाम तथा ध्यान ३०–४० मिनेटसम्म गर्ने।

–रोग प्रतिरोधी क्षमता प्रवर्धनको लागि सूर्य नमस्कार, गोमुखासन, ताडासन, पद्मासन आदि उपयोगी हुन्छन्।

– प्रत्येक विहान ३० मिनेट घाममा बस्ने।

– जलनंति वा कुञ्जल क्रिया गर्ने।

**दिउँसो गरिने क्रियाकलाप**

रचनात्मक, मनोरञ्जनात्मक वा अन्य दैनिक क्रियाकलाप (साहित्य/सङ्गीत वा सकारात्मक प्रवचन श्रवण, अध्ययन) गर्ने।

**सन्ध्यामा गरिने क्रियाकलाप**

– परिवारसँग समय बिताउने एवं घरमा स्वस्थ र तनावरहित वातावरण बनाउने।

**रात्री गरिने क्रियाकलाप**

– रात्री भोजन गरेको कम्तीमा २ घण्टापछि १० बजे भित्र सुत्ने।

– ७ देखि ९ घण्टासम्म वा पर्याप्त मात्रामा सुत्ने।

**खाना**

– भोक लागेको बेला ताजा छिटो पाचन हुने भोजन गर्ने।

– रेफ्रिजीरेटरमा राखेको चिसो खाद्य पदार्थ नखाने।

**पेय पदार्थ**

मनतातो पानी पटक–पटक गरेर दिमा २–३ लिटर पिउने।

पानीमा थोरै मात्रामा सुठो, धनियाँ, तुलसीको पात, ज्वानो, बेसार हालेर उमालेर राख्ने र पटक पटक थोरै मात्रामा २–३ पटक पिउने।

– १ गिलास मनतातो दूधमा १ चम्चा बेसार वा सुठो हालेर उमालेर पिउने।

– कार्वोनेटेड वा मदिराजन्य पेय पदार्थ सेवन नगर्ने।

**सरसफाइ**

– हात नमिलाउने, नमस्कार, अभिवादन गर्ने ।

– समय–समयमा साबुन पानीले मिचिमिचि हात धुने ।

– घरेलु स्तरमा निर्माण गरेको स्यानिटाइजर प्रयोग गर्नुपर्छ ।

निम, तुलसी, घिउकुमारी, तितेपाती, सुकेको लसुन सबैलाई बराबर मात्रामा लिएको समिश्रणमा ४ गुणा बढी पानी हालेर १/४ भाग बाँकी रहुञ्जेल पकाउनुपर्छ र उक्त काँढालाई सफा कपडाले छानेर प्रति १० मिलि काँढामा १ ग्रामको दरले शुद्ध फिटकीरीको धूलो मिसाएर तयार पारेको स्यानिटाइजरले हात तथा शरीरका अन्य भाग निसङ्क्रमणको लागि प्रयोग गर्ने ।

**सामाजिक र व्यक्तिगत दूरी**

– एक अर्काको बीच कम्तीमा ६ फीटको दूरी कायम गर्ने ।

– भिडभाडमा नजाने ।

***प्रश्न** – आयुर्वेदिक औषधि कस्ता बिरामीहरूको लागि सिफारिस गर्दै आउनुभएको छ ? जनमानसमा आयुर्वेदिक उपचार विधिप्रतिको चासो कस्तो पाउनुभएको छ?*

**उत्तर** – आयुर्वेदमा तीन प्रकारका औषधिको प्रयोग हुन्छ–

१. जडिबुटीजन्य औषधि

२. प्राणीबाट प्राप्त–कस्तुरी, श्रृंग आदि

३. खनिजबाट प्राप्त– धातु, रत्नजन्य औषधि

बिरामीको स्वास्थ्य अवस्थाअनुसार सामान्य अवस्थामा जडिबुटीजन्य र केही जीर्ण रोगहरूमा खनिज एवं प्राणीजन्य स्रोतबाट प्राप्त भएका औषधिको प्रयोग गरिन्छ ।

आयुर्वेद प्राचीनतम चिकित्सा पद्धति भएकोले जनतालाई आयुर्वेद सिद्धान्तको बारेमा धेरै थाहा छ । घरेलु रूपमा पनि विभिन्न आयुर्वेद औषधि मसलाको रूपमा प्रयोग हुन्छन् । त्यस्तै आयुर्वेद केन्द्रप्रति पनि विश्वास बढिरहेको अवस्था छ ।

***प्रश्न** – दिन प्रतिदिन कोरोनाका कारण नेपालमा पनि मृत्युदर बढिरहेको छ । यसको खास कारण के होला र यसको समाधान के हुनसक्छ ?*

**उत्तर** – स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तथ्याङ्कबाट मृत्युदरमा धेरै परिवर्तन नभए पनि सङ्क्रमितको सङ्ख्यामा उल्लेख्य मात्रामा वृद्धि भएकोले मृत्यु हुनेको सङ्ख्या बढेको बुझिन्छ । सङ्क्रमण दर नघटाउँदासम्म मृत्युलाई रोक्न गाह्रो हुने भएकोले विश्व स्वास्थ्य सङ्गठन एवं स्वास्थ्य मन्त्रालयबाट दिइएको सुझावहरूको पालन गर्दै माथि उल्लेखित रोग प्रतिरोधात्मक क्षमता वृद्धिका उपायहरूको अवलम्वन गर्नु नै समाधानको उपाय हुनसक्छ ।

***प्रश्न** – महामारीको रूपमा फैलिरहेको कोरोना भाइरसका कारण धेरै व्यक्तिहरू मानसिक रूपमा पीडित भएको पाउँछौं । उहाँहरूको मनोबल बढाउन केही भन्नुहुन्छ कि ?*

**उत्तर** – अवश्य पनि महामारीको रूपमा फैलिएको यस विषम परिस्थितिमा प्रत्येक व्यक्तिको दिनचर्या कठिन रूपमा बितिरहेको छ । आर्थिक एवं सामाजिक रूपमा मानिसका दैनिक क्रियाकलापमा यसले नराम्रो असर पारेको कुरा सर्वविदितै छ । धेरैको रोजगारी गुमेको, व्यवसाय चौपट भएकोले मनोबल घटेको अवस्था एवं कोरोनाको त्रास पनि दिनानुदिन बढीरहेको छ ।

यस्तो अवस्थामा योग, ध्यान, प्राणायाम, सङ्गीत श्रवण, व्यायाम, नियमित सन्तुलित भोजन आदि सकारात्मक सोचमा वृद्धि ल्याउने कारण बन्न सक्छन् । यी नै मनोबल बढाउने प्रमुख क्रियाकलाप हुन् ।

***प्रश्न** – नेपाल सरकारले आयुर्वेदिक चिकित्सा पद्धतिलाई दिएको प्राथमिकता कस्तो पाउनुभएको छ ?*

**उत्तर** – नेपालको संविधान २०७२ मा नेपालको परम्परागत चिकित्सा पद्धतिको रूपमा रहेको आयुर्वेद एवं अन्य वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्धन गर्ने उल्लेख भए बमोजिम नेपालका सम्पूर्ण जिल्ला र केही स्थानीय तहमा आयुर्वेदको संस्थागत विकास देखिन्छ । जनशक्तिको अभावले केही आयुर्वेदका विस्तारित सेवाहरू जनसमक्ष पुग्न नसकेकोमा आउँदा दिनहरूमा अझै सशक्त रूपमा आयुर्वेदको विकास नेपाल सरकारको दायित्व हुन आउँछ । हालसालै सम्माननीय प्रधानमन्त्रीज्यूबाट आयुर्वेदको विकास एवं विस्तारको लागि आयुर्वेद विज्ञहरूको छलफलबाट सकारात्मक निष्कर्षसँगै नेपालमा आयुर्वेदलाई सरकारले चासोको रूपमा लिइरहको कुरा बुझ्न सकिन्छ ।

***प्रश्न** – बेसार पानी खानेबारे पनि चर्चा छ । यसको विधि र प्रभावकारीताबारे बताइदिनुहोस् न ?*

**उत्तर** – विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय जर्नलहरूका वैज्ञानिक अध्ययनबाट बेसारमा cuccumin भन्ने तत्वले Immunity booshing, Anti aging, anti heoplantic र anti inflammatory activity गर्छ भन्ने कुरा पुष्टी हुन्छ । तसर्थ चिकित्सकको सल्लाहमा निश्चित परिणाममा बेसारको सेवन स्वास्थ्यवर्धक हुनजान्छ ।

अन्तमा आयुर्वेद केवल रोगको निदान गर्ने विज्ञानमात्र नभएर जीवन जीउनका लागि आवश्यक पर्ने सबै प्रकारका ज्ञान प्राप्त गर्ने विज्ञान हो । यसले मानवको सम्पूर्ण शारीरिक, मानसिक एवं आध्यात्मिक स्वास्थ्यको परिकल्पना गर्दछ ।

## भक्तपुर नपाको आइसोलेशन केन्द्र













असोज १० गतेबाट सञ्चालनमा आएको आइसोलेशन केन्द्रका केही व्यवस्था (तस्बिर साभार : भादगाउँ टेलिभिजन)

## निर्माण कार्यको निरीक्षण



प्रमुख सुनिल प्रजापति ९ वडाको तुमचो–दुगुरेको पानी ट्याङ्की ढलानको निरीक्षणमा (असोज ११ गते)



प्रमुख सुनिल प्रजापतिलगायत रानी पुखु पुन:निर्माणको निरीक्षणमा (असोज १२ गते)

## निर्माण र पुन:निर्माण कार्य



भक्तपुर नपाले निर्माण सम्पन्न गरेको बहुउद्देश्यीय भवन (अहिले नपाको आइसोलेशन केन्द्र सञ्चालन गरिएको छ ।)



भक्तपुर नपाले निर्माण सम्पन्न गरेको न:पुखुस्थित हाडा फल्चा



ख्वप अस्पतालको पाँचौं तला ढलान सम्पन्न (असोज १८ गते)



छिपा तांको निर्माण कार्य जारी छ (वडा नं. ७)



भक्तपुर नपा वडा नं. ६ को पूर्वेश्वर महादेवको मन्दिर निर्माण हुँदै



भक्तपुर नपाले निर्माण गरिरहेको खौमास्थित इन्द्रायणी द्य:छेँ (हाल कार्य बन्द)

सफाइ गतिविधि









भक्तपुर नपा वडा १ नं. खेलकुद समितिको आयोजनामा सफाइ कार्यक्रम (असोज १० गते)

कोरोना सङ्क्रमणको अनुभव

# 'कोरोना सङ्क्रमितलाई हेला होइन सहयोग गरौँ'

- सुनिता खुसु

*(कोभिड १९ को सङ्क्रमण भई हाल निको हुनुभएका भक्तपुर नपा वडा नं. २ का सुनिता खुसुसँगको कुराकानी)*

***प्रश्न** : कोरोना सङ्क्रमण निको भएर हाल स्वास्थ्यलाभ गरिरहनुभएको छ । आफू स्वयम् महामारीको रूपमा फैलिरहेको कोरोनाबाट ग्रस्त हुँदा कोरोना के हो जस्तो लाग्यो ?*

**उत्तर** : कोरोना सुन्दा भयानक र मिडियामा देखाउँदा भयानक । यो रोग कुनबेला कसरी लाग्छ थाहा थिएन तर एकदिन लाग्छ भन्ने मनमा थियो । कार्यालय जानुपर्ने बाध्यता थियो । त्यही भएर खासै डर त थिएन तर परिवारमा बाबा, आमा बिरामी हुनुहुन्छ, उहाँहरूको सारै चिन्ता थियो । मेरो त कार्यालयबाट कोरोना बिमा नि थियो, त्यही भएर पैसाको चिन्ता भएन । मलाई स्वयम्लाई खासै भयानक त लागेन तर बेवास्ता गर्न नमिल्ने लाग्यो ।

***प्रश्न** : कोरोनाबाट सङ्क्रमित हुँदाको आफ्नो अनुभवबारे केही बताइदिनुहोस् न ?*

**उत्तर** : मलाई कोरोना सङ्क्रमण हुँदा समुदाय स्तरमा नै फैलिसकेको हुँदा त्यति ठूलो जस्तो त लागेन तर आफूलाई सानो उमेरमा नै निमोनिया भइसकेको हुँदा केही ठूलो रूप लिन्छ कि भन्ने डर थियो । तर त्यस्तो खासै केही रहेनछ, बेलैमा उपचार पाएको हुनाले । कार्यालयबाट कर्मचारीभन्दा आफ्नै परिवारजस्तै व्यवहार पाउँदा निकै खुसी छु । कार्यालयको प्रमुखले नै दिन दिनै फोन मार्फत् स्वास्थ्य स्थितिबारे बुझिरहनु भयो, आफूलाई केयर भएकोले खुसी लाग्यो ।

सुरुमा कोरोना सङ्क्रमण भएको थाहा हुने बित्तिकै मलाई मेरोभन्दा नि बा आमाको चिन्ता लाग्यो । मेरो कारण बा आमालाई सङ्क्रमण होला भनेर । हाम्रो घरमा छुट्टै शौचालय नभएको र अलि छुट्टिएर बस्न नि नमिलेको हुँदा म अब कता जाउँ, कहा बसुँको चिन्ता भयो । तर हाम्रो भक्तपुर नगरपालिका वडा नं. ९ का अध्यक्ष रविन्द्र ज्याख्व दाइले फोन गर्नु भएर नआत्तिनु नानी, तिमीलाई स्वास फेर्न समस्या त छैन नि, भनेर सोध्नुभयो र बस्ने ठाउँ मिल्छ कि मिल्दैन भनेर सोध्नुभयो । र छुट्टै बस्ने ठाउँ नमिले म हेरिदिन्छु भन्नुभए बित्तिकै म अब बाहिर बस्छु भनेँ । बा आमालाई सङ्क्रमणबाट



बच्ने अलि आशा पलायो । एक्कैछिनमा अफिसबाट किस्ट शिक्षण अस्पतालमा प्राइम कमर्सियल बैंक लि. का सबै सङ्क्रमित कर्मचारीलाई उपचारको लागि बन्दोबस्त मिलाएको फोनबाट खबर आउने बित्तिकै झन् ढुक्क भएँ । घरमा आमा बालाई सम्झाइ बुझाई चिन्ता नलिनु भनेर म अस्पताल गएँ ।

हामीलाई अस्पतालमा एउटा ठूलो वार्डमा केटाहरू र केटीहरूको लागि छुट्टाछुट्टै वार्ड थियो । करिव बाह्र ओटा बेन्चको बेड थियो । उक्त बेड दुई दुई मिटर फरकमा थियो । पहिला सुत्केरी वार्ड जस्तो देखिने उक्त वार्डमा शौचालय तीन ओटा थियो । हामी कहिले ७ जना त कहिले छ जनासम्म हुन्थ्यौँ त्यो वार्डमा । सुत्केरी बेथा लागिसकेकालाई normal delivery गराउन ल्याउँदा कोरोना लागेको पुष्टि भएपछि हामीलाई राखेको वार्डमा नै अलिकति partition गरिराखेको ठाउँमा राखिन्थ्यो । हामीलाई हात धुन साबुन, अनि मुख छोप्न माक्स र face shield दिइएको थियो । चौबिसै घण्टा सिसि क्यामेराको निगरानी र डाक्टरको निरीक्षणमा हुन्थ्यो । केही गाह्रो सारो हुने बित्तिकै हामीलाई हेर्न आउनुहुन्थ्यो । म घरबाट गएको दुई दिनपछि झाडापखाला लागेर सिकिस्तै भएँ । मेरो दिसा परीक्षण गरेर सोही अनुरूपको औषधी दिनुभयो । समय समयमा नर्स हेर्न आइराख्नु हुन्थ्यो । झाडापखाला पनि कोरोनाको लक्षण रहेछ, पछिमात्र थाहा पाएँ । हामी सबैको पूरै शरीरको जाँच गऱ्यो, ज-जस्को रिर्पोटमा खराबी देखियो सोही अनुरूप औषधी गरेको हुँदा हामी सबै मृत्युको मुखबाट बाँच्न सफल भयौँ । त्यहाँ कोरोना टेस्टको दशौँ दिन पुनः परीक्षण गरियो । एकजना साथीको मात्र नेगेटिभ आयो बाँकी सबैको पोजिटिभ । उनले हामीलाई बिहान र बेलुका गुर्जो सँगै दालचिन, लवां, सुकुमेल उमालेर खान सल्लाह दियो र उनीसँग बाँकी भएको उक्त सामान मलाई छोडेर गयो । सोही अनुरूप हामी सबैले खान थाल्यौँ र बिहान बेलुका व्यायाम योग पनि गऱ्यौँ । चौधौँ

दिनको टेस्टमा हाम्रो पनि नेगेटिभ आयो र घर फर्क्यौं।

रोगलाई सामान्य मान्नु हुँदैन। कोरोना त्यति भयानक नि छैन कि यस्को उपचार नै नहुने, एकले अर्कोलाई छुने वित्तिकै सर्ने पनि होइन। बेलैमा उपचार गरे दीर्घ रोगी पनि ठीक हुनसक्छ। माया प्रेम र स्नेहले अभ्र चाँडो निको हुनसक्छ।

**प्रश्न** : *तपाइँले आफूलाई कोरोना भएको कुरा कसरी थाहा पाउनुभयो ?*

**उत्तर** : म काम गर्ने प्राइम कमर्सियल बैंक लि. मा कोरोना सङ्क्रमण फैलेको थाहा पाउने वित्तिकै तुरुन्त सबैको परीक्षण साउन ३० गते गर्दा पहिलो पटकमा नेगेटिभ आएको थियो। पछिल्लो पटक गर्दा पोजिटिभ आयो भनेर टेकुबाट भोलिपल्ट फोन आयो र मलाई थाहाभयो।

**प्रश्न** : *कोरोनाबाट सङ्क्रमित हुनु अगाडि तपाइँमा यो रोगका लक्षणहरू देखिएको थियो कि ?*

**उत्तर** : कोरोना सङ्क्रमण हुनु अगाडि मलाई घाँटी दुखेको थियो र महिनावारी भएकोले अलि कमजोरी थिएँ। तर तीन दिनपछि भ्राडापखाला लागेको थियो।

**प्रश्न** : *कोरोना उपचारको लागि तपाइँ कुन अस्पतालको आइसोलेसनमा बस्नुभयो ? अस्पतालको आइसोलेसन व्यवस्था कस्तो पाउनुभयो ?*

**उत्तर** : कोरोना उपचारको लागि म किष्ट शिक्षण अस्पतालमा बसेकी थिएँ। त्यहाँ अन्य अस्पतालको नर्मल वार्ड जस्तै थियो। बाह्र ओटा जति बेड भएको र तीन ओटा शौचालय। तातो चिसो आउने एउटा पानी जार। ठूलो कोठामा दुई मिटर फरकमा बेडहरू। खानेकुरा क्यान्टिनबाट।

**प्रश्न** : *कोरोनाबाट आफू स्वयम् सङ्क्रमित हुँदा समाज र साथीभाइहरूबाट कस्तो सद्भाव पाउनुभयो ?*

**उत्तर** : कोरोनाबाट आफू स्वयम् सङ्क्रमित हुँदा परिवारको सहयोगले गर्दा अलि सहज भयो तर समाजमा महामारीको त्रासले गर्दा अलि गाह्रो भयो। तर साथीहरूले निकै सहयोग गरे। अस्पतालसम्म आएर हर्लिक्स, फलफूल, बेसार समय समयमा पुऱ्याउन आउने, रमाईला कुरा सुनाउने गर्थे।

**प्रश्न** : *नेपालमा कोरोना सङ्क्रमितहरू दिन प्रतिदिन बढिरहेको छ। कोरोनाको महामारीबाट बच्न आम जनतामा कस्तो सन्देश दिन चाहनुहुन्छ ?*

**उत्तर** : नेपालमा कोरोना सङ्क्रमितहरू दिन प्रतिदिन बढिरहेको छ। कोरोनाको महामारीबाट बच्न सम्पूर्णलाई यो आग्रह गर्न चाहन्छु कि धेरै भीड नगरौं, दुई मिटरको फरकमा बसौं। खानु अघि साबुनले हात धोऔं, सानिटाइजर प्रयोग गरौं। माक्स प्रयोग गरौं। यदि आफूलाई कोरोना सङ्क्रमण देखिएमा नलुकाई समयमा नै उपचार गरौं।

**प्रश्न** : *सङ्क्रमित भएपछि आत्मबल बढाउन के कस्तो उपाय अपनाउन आवश्यक भएको ठान्नुहुन्छ ?*


**उत्तर** : सङ्क्रमित भएपछि आत्मबल बढाउन सर्वप्रथम त यो मिडियामा कोरोनाको समाचार नहेरी बरु अलि ज्ञान दिने, रमाईलो हुने खाले भिडियो हेर्ने। योग गर्ने। स्वास प्रस्वास अभ्यास गर्ने। एक अर्कासँग रमाईलो कुरा गर्ने गर्नुपर्छ।

**प्रश्न** : *तपाइँले आर्युवेदिक औषधिको सेवन पनि गर्नुभयो कि ?*

**उत्तर** : हजुर, मैले आर्युवेदिक औषधि पनि सेवन गरेको थिएँ। बेसार, दालचिनी, लवाङ, सुकुमेल, गुर्जो, लसुन र डावर च्यवनप्रास।

**प्रश्न** : *अन्त्यमा केही छ भने बताइदिनुस्।*

**उत्तर** : सल्लाह सुझाबभन्दा नि सहयोग दिन आग्रह गर्छु। म नि अब मेरो रगत A positive कोही कसैलाई आवश्यक परेको खण्डमा सहयोग गर्छु। समाजमा कोरोना सङ्क्रमितलाई हेलाभन्दा सहयोग गरौं। कहिले कसलाई हुने थाहा छैन सर्तक बसौं। लाग्यो भनेर नआत्तिनुस्, उपचार गरे निको हुन्छ। अन्त्यमा यो अवसर दिनु भएकोमा धन्यवाद। साथै प्राइम कमर्सियल बैंक र किष्ट शिक्षण अस्पताललाई धन्यवाद दिन चाहन्छु। म नहुदाँ मेरो घरमा सहयोग गरिदिनु हुने टोलका दाजुहरूलाई पनि धन्यवाद दिन चाहन्छु। मेरो साथ दिने मेरा दिदीहरू र मेरी आमालाई नि धन्यवाद !



# भक्तपुरका महिलाहरूले 'रेस्क्यू' गरेको रानीपोखरी

• सुदीप श्रेष्ठ



रानीपोखरी काठमाडौंको मुटु हो भने, भक्तपुरका कालिगड महिलाहरू मुटुको बाइपास सर्जरी गरेर रगत दौडाउने भगवान कोइराला र रामेश कोइरालाजस्तै डाक्टर हुन् ।

तिनै महिलाको शिल्पी हातले रानीपोखरीमा चार वर्षदेखि झाँगिएको झाडी–जङ्गल पन्छायो । माटो सम्यायो, इँटा बिछ्यायो । र, रानीपोखरीलाई नयाँ जीवन दियो ।

जसरी मुटुको शल्यक्रिया गर्ने डाक्टरले नयाँ जीवन दिन्छन्, त्यसरी नै ।

यो २०७५ फागुनको कुरा हो । भुइँचालोले थला परेको रानीपोखरी चार वर्षदेखि कोमामा थियो । काठमाडौं महानगरपालिकाले कंक्रिट र टायल भरेर पोखरीलाई 'स्विमिङ पुल' बनाउन आँटेको थियो । सर्जरी गर्नुपर्ने बिरामीको मुटु झिकेर नयाँ फेर्दिन खोजेजस्तो !

महानगरको यस्तो हरकतले होहल्ला भयो । धर्ना, जुलुस, नाराबाजी भए । सरकारले रानीपोखरीको उपचार गर्न राष्ट्रिय पुनर्निर्माण प्राधिकरणमा रिफर गरेर पठायो ।

लगत्तै प्राधिकरण प्रमुख सुशील ज्ञवाली र उनको टोली भक्तपुरको भाजुपोखरी हेर्न गयो ।

त्यो बेला भक्तपुर नगरपालिकाले स्थानीय उपभोक्ता समितिबाटै भाजुपोखरी पुनर्निर्माण गर्दै थियो । कालो माटो प्रयोग गरेर मौलिक शैलीमा पोखरी बन्दै गरेको देखेपछि ज्ञवालीले नगरप्रमुख सुनील प्रजापतिलाई भेटेर भने, 'भक्तपुरको यही सीप प्रयोग गरेर काठमाडौंको रानीपोखरी बनाउनुपर्‍यो । तपाईंहरू मद्दत गर्नुहुन्छ ?'

प्रजापति तयार भए । उनले तुरुन्तै भाजुपोखरी जीर्णोद्धार उपभोक्ता समितिका अध्यक्ष कृष्णप्रसाद दुमरुसँग प्राधिकरणको सम्पर्क गराइदिए ।

त्यसपछि दुमरुले भाजुपोखरीमा काम गरिरहेका महिला–पुरुषलाई डाकेर भने, 'काठमाडौंले सहयोग मागेको छ । हामीले रानीपोखरी बनाउन जानुछ । को–को तयार हुनुहुन्छ ?

देशको सङ्घीय राजधानीले मागेको सहयोगलाई भक्तपुरका शिल्पीहरूले चुनौतीका रूपमा लिए ।

धेरैजसोले काठमाडौं जान हात उठाए । दोमनमा रहेकाहरू पनि सँगै काम गरिरहेका साथीभाइ तयार भएपछि कस्सिए ।

यहीँबाट सुरू भयो, रानीपोखरी पुनर्निर्माणको नयाँ यात्रा ।

'रानीपोखरीको विवाद हामीले सुनेका थियौँ । मेयर र उपमेयरबीच जुहारी नै चलेको थियो । अभियन्ताहरूले पुरानै शैलीमा बनाउनुपर्छ भनेर आवाज उठाएका थिए,' रानीपोखरी पुनर्निर्माणमा भक्तपुरको संलग्नता सम्झँदै दुमरुले भने, 'लामो समय विवादित भएपछि प्राधिकरणले भक्तपुरसँग सहयोग मागेको थियो । हामी पछि हट्ने कुरै थिएन ।'

उनले अगाडि भने, 'त्यो हाम्रो लागि जिम्मेवारी पनि थियो, चुनौती पनि । प्राधिकरणका सरहरू हामीले मौलिक शैलीमा भाजुपोखरी बनाएको देखेर रानीपोखरी पनि त्यस्तै बनाउनुपर्‍यो



भन्दै आउनुभएको थियो । हामीले उहाँहरूको विश्वास तोड्ने कुरै आएन ।'

भक्तपुरको एउटै सर्त थियो– यो काम ठेक्कामा होइन, उपभोक्ता समितिमार्फत् गर्नुपर्छ ।

कुनै पनि काममा स्थानीय सहभागिता भए अपनत्वको भावना विकास हुन्छ र आर्थिक रूपले सस्तो र पारदर्शी हुन्छ भन्ने भक्तपुरको मान्यता थियो ।

प्राधिकरणले यो मान्यता स्वीकार गर्‍यो, दुमरुले भने, 'उहाँहरूले अजयरत्न स्थापितको संयोजकत्वमा सात सदस्यीय उपभोक्ता समिति गठन गर्नुभयो । हामीले समिति र प्राधिकरणसँग सहकार्य गर्दै शिवरात्रिको दिनबाट काम सुरू गर्‍यौं ।'

पहिलो चरणमा ५० र त्यसपछि ९० जनासम्म कालिगड रानीपोखरी पुनर्निर्माणमा संलग्न भए । तीमध्ये दुईतिहाइ महिला थिए– ३० देखि ५५ वर्ष उमेरका ।

उनीहरूले करिब आठ महिना काम गरे । त्यो बेला रत्नपार्क वा जमलको आकाशेपुलबाट हेर्दा शिरमा टोपी, रंगीविरंगी साडी र कम्मरमा पटुका कसेका भक्तपुरे महिलाहरू दिनैभरि रानीपोखरीमा काम गरिरहेका देखिन्थे ।

एउटा समूह लगातार झाडी फाँडिरहेका हुन्थे । अर्को समूह कोदालोले माटो खन्दै, बेल्चाले उठाउँदै सानो गाडामा भर्थे । अनि अर्को समूह त्यो माटो पोखरीको डिलमा लगेर थुपार्थे ।

परबाट हेर्दा यस्तो देखिन्थ्यो, मानौं कर्मी माहुरीहरूको बथान बासनादार फूलमाथि भुनभुनाउँदै छ ।

तिनै कर्मी माहुरीमध्ये एक थिइन्, सुभद्रा ध्वँजू ।

हामीले केही दिनअघि दुमरुबाट फोन नम्बर लिएर उनीसँग सम्पर्क गरेका थियौँ । सुरूमा बोल्न दकस मानेकी सुभद्रा विस्तारै खुल्दै गइन् ।

'हामी बिहानै ८ बजे घरबाट निस्कन्थ्यौँ । हरेक दिन हामीलाई भक्तपुरदेखि रानीपोखरीसम्म लैजान एउटा बस रिजर्भ गरिएको थियो । दुई–तीन घन्टा त जान–आउनमै लाग्थ्यो,' उनले आफ्नो अनुभव सुनाइन्, 'भाजुपोखरीमा सँगै काम गरेका साथीहरू भएकाले निकै रमाइलो भयो । काम गरेजस्तै भएन, सधैँ पिकनिक गएजस्तो हुन्थ्यो ।'

उनीहरूलाई सबभन्दा गाह्रो झाडी पन्छाउन भएछ । चार वर्षदेखि झाँगिएको झाडी सफा गर्न एक महिना लागेको उनी बताउँछिन् ।




'पहिलो दिन जाँदा त हामी अलमलिएका थियौँ । पोखरी बनाउन भनेर आएका छौँ, आँखा अगाडि यत्ति लामो लामो घाँस उम्रेको छ । त्यत्रो ठूलो पोखरीको घाँस कहिले पन्छाइसक्नु ! कहिले माटो खन्नु, कहिले पोखरी बनाउनु ! हामीलाई त सकिन्न कि क्या हो भन्ने भएको थियो । विस्तारै काम गर्दै गयौं,' उनले आफ्नो अनुभव सुनाइन् ।

अगाडि भनिन्, 'महिना दिनमा झाडी पन्छाइसकेपछि अलि हेर्न हुने भयो । त्यसपछि चाहिँ हिम्मत बढ्यो । अनि त कोही साथीहरू कालो माटो मुछ्ने, कोही ओसार्ने, कोही सम्याउने, कोही पोखरीको डिलमा पर्खाल लगाउने– एक सुरमा धमाधम काम भयो ।'

सुभद्राकै छिमेकी मैयाँ व्याँजूको पनि यस्तै अनुभव छ ।

दिनभरि साथीहरूसँग गफ गर्दै, गीत गाउँदै काम गर्दा समय बितेको पनि पत्तो नभएको उनी बताउँछिन् ।

'हामी त गीत गाउँदै आउँथ्यौँ, गीत गाउँदै काम गर्थ्यौँ, गीत गाउँदै जान्थ्यौँ । सरहरूले कहिलेकाहीँ कत्ति गफ गरेको भनेर गाली गर्नुहुन्थ्यो । जति गफ गरे पनि आफ्नो काम भ्याए त भइहाल्यो नि, होइन सर ? गफ गर्‍यो भन्दैमा काम ठगेर बसेको होइन छ' उनले भनिन् ।

सुभद्रा र मैयाँ रानीपोखरी छिरेको पहिलोपल्ट हो । कोही त पहिलोपल्ट रानीपोखरी देख्ने पनि थिए ।

'मैले त देखेको हो, भित्र छिरेको चाहिँ थिइनँ । यसपालि छिर्न पाइयो । हाम्रै दुई–चार जना साथीले पहिलोचोटि देख्नुभएको रहेछ,' मैयाँले भनिन्, 'काठमाडौं गए पनि रानीपोखरी जानुभएको रहेनछ ।'

यी कालिगडले झाडी हटाइसकेपछि पोखरीको मूल स्वरूप पत्ता लागेको र काम गर्न सजिलो भएको दुमरु बताउँछन् ।

उनका अनुसार, पहिले महानगरले डोजर चलाउँदा पिँधको भाग र पूर्वतर्फको पर्खाल मासिएको थियो । उत्तरी पर्खाल पनि स्वरूप नै बिग्रने गरी भत्किएको थियो । पिँधबाट ठूलो परिमाणको बालुवा झिकेर लगिएको रहेछ । कालो माटो पनि अवशेष मात्र बाँकी थियो ।

'पहिले ठेकेदारले कंक्रिट पर्खाल लगाउन डोजर चलाएका कति ठाउँमा न मा:आपा (परम्परागत इँटा) बाँकी थियो न बालुवा,' उनले भने, 'हामीले पोखरीको पिँधमा पूरै कालो माटो भरेर त्यसमाथि मा:आपाले सोलिङ गरेका छौँ ।'
पोखरी चुहिनबाट जोगाउन इँटाको सोलिङ जरूरी भएको उनको भनाइ छ ।

सोलिङ गरिएन भने माछाले तलको हिलो खाइदिन्छ, उनले अगाडि भने, 'यहाँ सबभन्दा तल पाँगो माटोको तह छ । त्योभन्दा माथि तीनदेखि छ फिट बालुवा छ । बालुवाभन्दा माथि डेढ फिट कालो माटोको पत्र र त्यसमाथि इँटा सोलिङ गरिएको छ ।'

रानीपोखरीमा प्रयोग गरिएको कालो माटो भक्तपुरको सांगालगायत विभिन्न ठाउँबाट ल्याइएको थियो । कालिगडहरूले दैनिक १ हजार ५० देखि १ हजार ४ सय ५० रुपैयाँ पारिश्रमिक पाएका थिए । उनीहरू यसबाट सन्तुष्ट छन् ।

एउटा कुरामा भने उनीहरूको चित्त दुखाइ रहेछ ।
'सुरुमा गाह्रो काम जति हामीले गऱ्यौँ, पछि हामीलाई बिदा गरेर ठेक्कामा काम लगायो,' मैयाँले भनिन्, 'यो पोखरी त अब बन्दै बन्दैन भनेर सबैले गाली गरेका बेला हामीलाई डाक्यो, हामीले सारा काम गरेर पोखरीजस्तो बनायौँ, माटो पुछ्ने, इँटा सोलिङ गर्ने, गारो लगाउने सबै काम गऱ्यौँ । लास्टमा गएर हामीलाई हटाइयो ।'

'पोखरी बनाउन भनेर लगेपछि पानी नभरिएसम्म हामीलाई नै काममा लगाएको भए के बिग्रन्थ्यो,' उनले गुनासो सुनाइन् ।

यही चित्त दुखाइले उनीहरू रानीपोखरी हेर्न पनि आएका छैनन् ।



'पानी भरिएको छ भन्ने सुनेको छु, तर हेर्न गएको छैन,' उनले भनिन्, 'के जानु !'

यसबारे सोध्दा दुमरुले ठेक्का प्रणालीमा लगाउनेबारे कुरा नमिलेपछि आफूहरू अलग्गिएको बताए ।

'हामीले सुरूमै भनेका थियौँ, ठेक्कामा काम गर्ने भक्तपुरको मान्यता होइन । हामी उपभोक्ता समितिबाटै काम गर्नुपर्छ भन्नेमा अडिग छौँ । उहाँहरूले पछि ठेक्कामा लगाउने कुरा गर्नुभयो । हामीलाई नै ठेक्कामा लिनुस् भनेर पनि भन्नुभयो । हामीले मानेनौँ र फर्केर आयौँ,' उनले भने ।

काम पूरा नहुँदै अलग्गिनुपरेकोमा उनलाई पछुतो भने छैन ।

'हामी त सहयोग गर्न गएका हौँ । सात–आठ महिनामा आफूसँग भएको ज्ञान, सीप र शैली सबै सिकाइसकेका थियौँ,' उनले भने, 'बाटो देखाइदिएपछि जो आएर काम गरे पनि बिग्रँदैन भन्नेमा ढुक्क थियौँ ।'

अहिले लबालब पानी भरिएको र मौलिक शैलीमा बनेको रानीपोखरी देख्दा गर्व लाग्ने उनले बताए ।

'पुर्खाले सिकाएर गएको सीप र शैली हामीले आफ्नो ठाउँमा त प्रयोग गरेकै थियौँ, त्यसलाई बाहिर पनि प्रदर्शन गर्न पाउँदा गर्व लागेको छ,' उनले भने ।

उनले यो पनि भने, 'रानीपोखरी बन्दै नबन्ने हो कि भनेर सबैको मनमा चिसो पसेको थियो । हामीले पुरानै स्वरूपमा बनाएर देखायौँ । आज रानीपोखरी देख्दा कुन नेपालीलाई खुसी नलाग्ला ? यसमा भक्तपुरको हात छ भन्ने सोच्दा कुन भक्तपुरेलाई गर्व नहोला ?'

भक्तपुरका कालिगडको चित्त दुखाइबारे हामीले पुनर्निर्माण प्राधिकरणका प्रमुख कार्यकारी सुशील ज्ञवालीसँग पनि कुरा गऱ्यौँ ।

उनले ठेक्कामा काम लगाउने उद्देश्यले ती कालिगडलाई नहटाइएको बताए ।

'पोखरी निर्माणको लगभग सबै काम उहाँहरूले नै गर्नुभएको हो । अलि चाँडो होस् भनेर माटो ओसार्ने, बगैंचा सिँगार्नेजस्ता काम ठेक्कामा लगाएका हौं,' उनले भने, 'यसमा उपभोक्ता समिति प्रत्यक्ष संलग्न छ । भक्तपुरका कालिगडबाट सिकेको सीप र ज्ञान प्रयोग गरेर काठमाडौंको उपभोक्ता समितिले काम गर्दैछ ।'

'वर्षौंदेखि रोकिएको काममा उहाँहरूले हात हालेर पार लगाइदिनुभयो । उहाँहरूको ऊर्जाले नै हामीमा रानीपोखरी पुरानै स्वरूपमा फर्कन्छ भन्ने विश्वास पलाएको हो,' उनले भने ।

त्यति बेला व्यापक जनदबाबपछि सरकारले रानीपोखरीको जिम्मा प्राधिकरणलाई दिएकाले जनताकै अपेक्षाअनुरूप बनाउनुपर्छ भन्ने चुनौती रहेको उनले बताए ।

'हाम्रो त्यो चुनौतीमा भक्तपुरले साथ दियो,' उनले भने ।

त्यसो त रानीपोखरी बनाउने यी कालिगडहरू अनुभवी नै थिए । उनीहरूले तीन सय वर्ष पुरानो भाजुपोखरी परम्परागत शैलीमै पुनर्निर्माण गरेका थिए ।

रानीपोखरीबाट प्रभावित भएर उस्तै शैलीमा बनेको भाजुपोखरी पानी नअडिने समस्याले करिब ३० वर्षअघि सुकेको थियो । यसबीच २०४८ सालतिर भक्तपुरको सिद्धपोखरी जीर्णोद्धार भयो । वर्षदिन लगाएर स्थानीयले आफ्नै बलबुतामा पोखरी ब्युँताए । तिनै स्थानीयबाट भाजुपोखरी ब्युँताउने काम भएको हो ।

यति मात्र होइन, भाजुपोखरी र रानीपोखरी पुनर्निर्माणबाट प्रभावित भएर ललितपुरले लगनखेलको न्हू पुखु बनाउने जिम्मा यही टोलीलाई दिएको छ । न्हू पुखु सोह्रौं शताब्दीमा राजा सिद्धिनरसिंह मल्लको समयमा निर्माण भएको मानिन्छ ।

न्हू पुखुको काम जारी रहेको दुमरु बताउँछन् ।

'अहिले हामीसँग भएका कालिगड परम्परागत शैलीमा पोखरी बनाउन पोख्त भइसकेका छन्,' उनले भने, 'पुर्खाबाट सरेर आएको ज्ञान नयाँ पुस्तालाई हस्तान्तरण गर्दै जानुपर्छ भन्नेमा हामी सचेत छौं ।'

काठमाडौं वा ललितपुरले डाक्यो भने आफ्नो टोली अन्य परम्परागत पोखरी पनि ब्युँताउन तयार रहेको उनले बताए ।

भोलि अरू पोखरीमा काम गर्न त बोलाउँदै गरौंला, अहिलेलाई रानीपोखरी 'रेस्क्यू' (उद्धार) गर्ने भक्तपुरलाई काठमाडौंले औपचारिक धन्यवाद दिनुपर्छ कि पर्दैन ?

तपाईंहरू आफ्नो मुटु चिरेर ज्यान जोगाइदियो भने डाक्टर भगवान कोइराला वा रामेश कोइरालालाई धन्यवाद दिनुहुन्छ कि दिनुहुन्न ?

'भक्तपुर नगरपालिका र त्यहाँका कालिगडहरू धन्यवादका हकदार छन्,' प्राधिकरण प्रमुख ज्ञवालीले भने, 'हामी एउटा कार्यक्रम गरेर सबै कालिगडलाई रानीपोखरी हेर्न निम्ता गर्दैछौं ।'

*तस्बिरः नारायण महर्जन*

*(सेतोपाटी, असोज ९ बाट)*

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।



# रानीपोखरी (न्हू पुखु) लाई नयाँ जीवन दिने भक्तपुरका महिला कालिगड

• जेनिश लागेजु



अत्यधिक तातो र आर्द्र अवस्थामा ३७ वर्षीया सुभद्रा ध्वजु काठमाडौंको राजधानीमा रहेको रानीपोखरी (न्हू पुखु) क्षेत्रमा माटो उत्खनन काम गर्न व्यस्त थिए ।

उनको टाउकोमा टोपी र स्कार्फ र खुट्टामा प्लास्टिकको जुत्तासहित, दुई छोरीकी आमा विगत तीन महिनादेखि भूकम्पले क्षतिग्रस्त रानीपोखरीलाई पुनर्निर्माण गर्न मजदुरको रूपमा काम गरिरहेकी छिन् ।

पुरानो सहर भक्तपुरका ४० भन्दा बढी महिलाले यस केन्द्रमा मन्दिरसहित वर्गाकारको कृत्रिम पोखरी पुनःस्थापनामा सहयोग पुऱ्याउन सामेल भए ।

ऐतिहासिक रानीपोखरी (न्हू पुखु) तत्कालीन राजा प्रताप मल्लले उनको पत्नीलाई शोकबाट सान्त्वना दिन १७ औँ शताब्दीमा निर्माण गरेको सबैभन्दा प्रख्यात स्थल हो ।

'हामी यस पुनर्स्थापन परियोजनाको हिस्सा हुन पाउँदा खुसी छौँ ! किनकि यो ऐतिहासिक पोखरी हो, त्यसैले यहाँ काम गर्नु गौरवको कुरा हो ! यो ताप र वर्षामा काम गर्न धेरै गाह्रो छ तर यदि हामी काम गर्दैनौँ भने कसले काम गर्ने ! यो संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो,' ध्वजुले बताइन् ।

ढुङ्गा चिनाउने आफ्ना पतिबाट निर्माण कार्यको बारेमा सिकेका ध्वजु कहिल्यै सावेल वा फावडा समात्न हिचकिचाउँदैनन्, जबकि दक्षिण एसियाली देशका धेरैजसो महिला अझै घरेलु कार्यक्षेत्रमा सीमित छन्, घरका कामहरू गर्छन् र बच्चाहरूलाई हुर्काउँछिन् । ।

दुवै बढ्दो तापक्रम र मनसूनको वर्षालाई बेवास्ता गर्दै पुरुष निर्माणको कामको पुरुष प्रधान पेशालाई चुनौती दिदै ! यी नेवारी महिलाले ऐतिहासिक र सांस्कृतिक सम्पदाको पुनर्निर्माणको लागि स्वःस्फुर्तीको साथ तयारी गरेकी छिन् ।

पोखरी वरपरको पर्खाल निर्माणका लागि केही पुरुष साथीहरूले महिला मजदुरहरूलाई सहयोग गरिरहेका छन् ।

यद्यपि अधिकांश कामहरू जस्तै जमिन खन्ने काम, बालुवा र ईँटाको ढुवानी गर्ने, घाँस खाली गर्ने, कालो माटोको डल्लालाई प्लास्टरका लागि तयार गर्ने जस्ता अन्य कामहरू महिलाहरू आफैले नै सम्हाल्छन् ।

'हामीले हाम्रो गृहनगर भक्तपुरमा भाज्याःपुखुको पुनर्निर्माण गरिसकेका छौँ ! त्यसबेलादेखि हामी सबै साथीहरू छौँ । यसले हामीलाई त्यस्तै कार्यहरू गर्ने प्रेरणा दियो ! समूहका नेता ध्वजुले भने ।

हप्ताको छ दिनसम्म महिला कामदारहरू बिहान १० देखि साँझ ५ बजेसम्म काम गर्छन् । खाजाको लागि एक घण्टा लामो ब्रेक ।



रानीपोखरी (न्हू पुखु) मा काम गर्दै

तिनीहरूलाई प्रति दिन १,००० रूपैयाँ दिइन्छ, जुन कामदारहरूको लागि सरकारले तय गरेको न्यूनतम ज्याला भन्दा बढी छ, जुन प्रतिमहिना रु १३,४५० छ ।

महिला कामदारहरूले भने कि उनीहरूले निर्माणको ज्याला आकर्षक पाउनुका साथै साइटमा जाने र यातायातको सुविधाको पनि व्यवस्था गरिएको छ ।

धेरैका लागि यो उनीहरूको परिवारलाई सहयोग पुऱ्याउने र आफ्ना पतिहरूमा आर्थिक निर्भरता अन्त्य गर्ने तरीका हो ।

३४ वर्षीया सरिना नापितले भनिन्, 'मेरो परिवार केवल मेरो श्रीमान्‌को आम्दानीमा निर्भर थियो र हाम्रा दुई छोराहरूलाई शिक्षा दिन धेरै पैसा खर्च गर्नु गाह्रो थियो । यो कामबाट म स्वतन्त्र महसुस गर्छु र यसले मलाई आफ्नै

जीवनमा केही गर्न साहस दिएको छ।'

सरिना भविष्यमा यस्तै अवसरहरू आउने बित्तिकै



रानीपोखरी (न्हू पुखु) मा काम गर्दै

पछि हट्न चाहन्न, बरु आफ्नो पेशासँगै आउने पुस्ताहरूका लागि सांस्कृतिक सम्पदाको संरक्षणका लागि यस पेशालाई अपनाउन चाहन्छिन।

सरिनासँगै, उनका साथीहरूले उनको जन्मजात नेवारी भाषामा उल्लेख गरे कि महिलाहरूको समूहमा काम गर्दा उनीहरूको आत्मविश्वास बढेको छ। पुनर्निर्माण परियोजनाले उनीहरूलाई घरेलु कामबाट स्वतन्त्र हुन मात्र सहयोग गरेको छैन, राष्ट्र निर्माणमा समेत प्रत्यक्ष योगदान पुऱ्याएको छ।

प्रोजेक्ट राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको नेतृत्वमा रहेको छ जुन भूकम्पपश्चात पुनर्निर्माण कार्यहरू सञ्चालन गर्ने एक अधिकृत निकाय हो।

यसका लागि प्राधिकरणले पुरातत्त्व विभाग, इतिहासकारहरू, काठमाडौं महानगरपालिकाका स्थानीय सरकारका प्रतिनिधिहरूसँग मिलेर काम गरिसकेको छ र भूमिको स्तरमा काम गर्ने प्रयोगकर्ता समिति गठन गरेको छ।

स्थानीय निवासीहरू मिलेर बनेको उपभोक्ता समितिले महिला मजदुरहरूलाई अझ बढी इमानदार र आफ्नो कामको लागि समर्पित फेला पार्दछ र उनीहरूको प्रदर्शनको अत्यधिक मूल्याङ्कन गर्दछ।

रानीपोखरी (न्हू पुखु) पुनर्निर्माण प्रयोगकर्ता समितिका सचिव रोशन काजी तुलाधरले भने, 'महिलाहरू काम गर्न सबभन्दा अघि आउन थालेको यो सकारात्मक पक्ष हो। ती सम्पदा संरक्षणका लागि काम गरिरहेका छन् जुन वास्तवमै प्रभावकारी छ। त्यस्ता क्षेत्रहरूमा उनीहरूको विशेषज्ञता भएकोले। हामीले उनीहरूलाई यो कार्य गर्न प्रोत्साहन दियौँ।'

नेपालको दोस्रो ठूलो उत्सव तिहारको सबैभन्दा महत्त्वपूर्ण दिन भाइ टीकाको बखत वर्षमा एक पटकमात्र खोलिने रानीपोखरीको पुनर्निर्माण सुरु हुन लगभग चार वर्ष लाग्यो।

यस विशेष दिनमा भाइ र बहिनीहरू नभएका मानिसहरूले टीका र आशीर्वाद लिन रानीपोखरी आउँथे।

पोखरीलाई फेरि सुरुको अवस्थामा ल्याउन र पानीको मात्रालाई कायम राख्न समितिले वर्षाको पानी प्रयोग गर्न भूमिगत खोलाहरू खन्ने योजना बनाएको छ।

'विरासत स्थलको सत्यता कायम गर्न आधुनिक विधि र सामग्री प्रयोग गर्नुको सट्टा हामी केवल कालो माटो, बालुवा र परम्परागत इँटा मात्र प्रयोग गर्दैछौँ,' तुलाधरले भने।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका अनुसार यो पोखरी करिब १० करोडको लागतमा पुनर्स्थापित भएको छ।

रानीपोखरी (न्हू पुखु) काम गर्न सकिएको छ।

पोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिरको पुनर्निर्माण र जडान गर्ने पुल अझैसम्म सुरु भएको छैन र यसलाई व्यावसायिक ठेकेदारले चलाउने छ।

तुलाधर आशावादी छन् कि महिला मजदुरहरूको प्रयास र काम गर्न समर्पणका साथ मल्लकालीन ऐतिहासिक



स्मारक रानीपोखरी (न्हू पुखु) आगामी तिहार उत्सवसँग मिल्दोजुल्दो अक्टूबरमा जनताको लागि खुला हुनेछ।

'भक्तपुर नगरपालिका र त्यहाँका कालिगडहरू धन्यवादका हकदार छन्,' प्राधिकरण प्रमुख सुशील ज्ञवालीले भने, 'हामी एउटा कार्यक्रम गरेर सबै कालिगडलाई रानीपोखरी हेर्न निम्ता गर्दैछौँ।'

*(कान्तिपुर, असोज १० गते)*

# नेपालमा कोरोना सङ्क्रमण

**(असोज १५ गते)**

परीक्षण प्रयोगशाला : ५५ (सरकारी-४०, निजी-१५)

परीक्षण सङ्ख्या (पीसीआर) : १०,३३,९४७

कूल सङ्क्रमित सङ्ख्या : ७९,७२८

सक्रिय सङ्क्रमित सङ्ख्या : २१,८३०

निको भएका सङ्ख्या : ५७,३८९

मृत्यु भएको सङ्ख्या : ५०९

| प्रदेश | क्रसं | जिल्ला | सङ्क्रमित | मृत्यु |
|---|---|---|---|---|
| प्रदेश नं. १ | १ | ताप्लेजुंग | २५ | ० |
| | २ | पांचथर | ३७ | ० |
| | ३ | तेह्रथुम | ३८ | ० |
| | ४ | इलाम | १०५ | ० |
| | ५ | मोरंग | ३६२७ | ३४ |
| | ६ | झापा | ९०३ | ७ |
| | ७ | संखुवासभा | ८६ | ० |
| | ८ | भोजपुर | ५४ | ० |
| | ९ | खोटाँग | ५९ | ० |
| | १० | धनकुटा | ५७ | ० |
| | ११ | सुनसरी | १८९६ | १७ |
| | १२ | उदयपुर | १६५ | १ |
| | १३ | सोलुखुम्बू | १७ | ० |
| | १४ | ओखलढुंगा | ११३ | ० |
| प्रदेश नं. २ | १५ | सप्तरी | १२४४ | ११ |
| | १६ | सिराहा | १४५५ | ११ |
| | १७ | धनुषा | २०३१ | १९ |
| | १८ | महोत्तरी | १५५४ | १३ |
| | १९ | सर्लाही | २४२८ | ८ |
| | २० | रौतहट | २१३४ | ७ |
| | २१ | बारा | १४५६ | १९ |
| | २२ | पर्सा | २७८२ | ४५ |
| बागमती | २३ | दोलखा | १३३ | ४ |
| | २४ | रामेछाप | १६८ | १ |
| | २५ | सिन्धुली | १२९ | ० |
| | २६ | सिन्धुपाल्चोक | १९२ | ५ |
| | २७ | काभ्रे | ५५७ | ५ |
| | २८ | काठमाडौं | २०३८९ | ९९ |
| | २९ | भक्तपुर | २१८८ | २२ |
| | ३० | ललितपुर | २५२६ | २१ |
| | ३१ | रसुवा | १९ | १ |
| | ३२ | नुवाकोट | १७९ | ० |
| | ३३ | धादिङ | ४७० | ३ |
| | ३४ | मकवानपुर | १४१५ | १२ |
| | ३५ | चितवन | २२४८ | १८ |
| गण्डकी | ३६ | गोरखा | ४११ | ५ |
| | ३७ | तनहुँ | ४८६ | ५ |
| | ३८ | नवलपरासी पू | १०३८ | ३ |
| | ३९ | मनाङ | ४ | ० |
| | ४० | लमजुङ | ४१५ | ० |
| | ४१ | कास्की | १०१७ | ११ |
| | ४२ | स्याङग्जा | ४७० | ३ |
| | ४३ | पर्वत | १४१ | ० |
| | ४४ | मुस्ताङ | १ | ० |
| | ४५ | म्याग्दी | ५५ | १ |
| | ४६ | बागलुङ | ४४८ | १ |
| प्रदेश नं. ५ | ४७ | पाल्पा | ७९० | ४ |
| | ४८ | नवलपरासी प | ४६७ | ६ |
| | ४९ | रुपन्देही | २८०५ | २६ |
| | ५० | गुल्मी | ५५२ | ४ |
| | ५१ | अर्घाखाँची | ४५८ | २ |
| | ५२ | कपिलवस्तु | १३८२ | १२ |
| | ५३ | प्युठान | ५७२ | २ |
| | ५४ | पूर्वी रूकुम | ५३ | ० |
| | ५५ | रोल्पा | १४८ | ० |
| | ५६ | दाङ | ११८१ | २ |
| | ५७ | बाँके | १९५७ | १७ |
| | ५८ | बर्दिया | ७१९ | ५ |
| कर्णाली | ५९ | डोल्पा | ६ | १ |
| | ६० | पश्चिमी रूकुम | १२८ | ० |
| | ६१ | सल्यान | ४०० | ० |
| | ६२ | मुगु | १५ | ० |
| | ६३ | जुम्ला | २६३ | ० |
| | ६४ | जाजरकोट | ७३ | ० |
| | ६५ | सुर्खेत | १४४७ | ३ |
| | ६६ | हुम्ला | ७ | ० |
| | ६७ | कालिकोट | १३० | ० |
| | ६८ | दैलेख | १११९ | १ |
| सुदूरपश्चिम | ६९ | बाजुरा | ६३१ | १ |
| | ७० | अछाम | १०७२ | ३ |
| | ७१ | कैलाली | २५७१ | ७ |
| | ७२ | बझाङ | ५९८ | १ |
| | ७३ | डोटी | १०९८ | ० |
| | ७४ | दार्चुला | ९७ | ० |
| | ७५ | बैतडी | ४४० | ० |
| | ७६ | डडेलधुरा | ३५३ | ० |
| | ७७ | कंचनपुर | ८३१ | ० |
| | | जम्मा | ७९७२८ | ५०९ |

श्रोत : स्वास्थ्य मन्त्रालय र काठमांडु पोष्ट (इन्टरनेट, असोज १५)

## विश्वमा कोभिड–१९ को स्थिति (असोज १५ गते)

| क्र.सं. | देश, क्षेत्र र अन्य | सङ्क्रमित | निको भएका | मृत्यु | असोज १५ मा स्थान |
|---|---|---|---|---|---|
| | विश्व | ३,४१,६६,६३१ | २,५४,३७,०१२ | १०,१८,८७१ | |
| १ | संरा. अमेरिका | ७४,४७,६९३ | ४७,००,७४६ | २,११,७५२ | १ |
| २ | भारत | ६३,१२,५८४ | ५२,७३,२०१ | ९८,७०८ | ३ |
| ३ | ब्राजील | ४८,१३,५८६ | ४१,८०,३७६ | १,४३,९६२ | २ |
| ४ | रूस | ११,७६,२८६ | ९,५८,२५७ | २०,७२२ | ४ |
| ५ | कोलम्बिया | ८,२९,६७९ | ७,४३,६५३ | २५,९९८ | ७ |
| ६ | पेरू | ८,१४,८२९ | ६,८३,८१५ | ३२,४६३ | ५ |
| ७ | स्पेन | ७,६९,१८८ | अप्राप्त | ३१,७९१ | ९ |
| ८ | अर्जेन्टिना | ७,५१,००१ | ५,९४,६४५ | १६,९३७ | ११ |
| ९ | मेक्सिको | ७,४३,२१६ | ५,३३,८८६ | ७७,६४६ | ८ |
| १० | दक्षिण अफ्रिका | ६,७४,३३९ | ६,०८,११२ | १६,७३४ | ६ |
| ११ | फ्रान्स | ५,६३,५३५ | ९६,७९७ | ३१,९५६ | १७ |
| १२ | चिली | ४,६२,९९१ | ४,३६,५८९ | १२,७४१ | १० |
| १३ | इरान | ४,५७,२१९ | ३,८०,९५६ | २६,१६९ | १२ |
| १४ | संयुक्त अधिराज्य | ४,५३,२६४ | अप्राप्त | ४२,१४३ | १३ |
| १५ | बंगलादेश | ३,६३,४७९ | २,७५,४८७ | ५,२५१ | १५ |
| १६ | इराक | ३,६२,९८१ | २,९२,११७ | ९,१८१ | २१ |
| १७ | साउदी अरेबिया | ३,३४,६०५ | ३,१९,१५४ | ४,७६८ | १४ |
| १८ | टर्की | ३,१८,६६३ | २,७९,७४९ | ८,१९५ | १८ |
| १९ | इटाली | ३,१४,८६१ | २,२७,७०४ | ३५,८९४ | १९ |
| २० | पाकिस्तान | ३,१२,८०६ | २,९७,४९७ | ६,४८४ | १६ |
| २१ | फिलिपिन्स | ३,११,६९४ | २,५३,४८८ | ५,५०४ | २२ |
| २२ | जर्मनी | २,९२,९११ | २,५६,००० | ९,५७१ | २० |
| २३ | इन्डोनेसिया | २,८७,००८ | २,१४,९४७ | १०,७४० | २३ |
| २४ | इजरायल | २४८,१३३ | १७७,७५२ | १,५७१ | २८ |
| २५ | युक्रेन | २,१३,०२८ | ९४,४४३ | ४,१९३ | २५ |
| २६ | क्यानाडा | १५८,७५८ | १,३४,९७१ | ९,२९७ | २४ |
| २७ | इक्वेडर | १,३७,०४७ | १,१२,२९६ | ११,३५५ | २९ |
| २८ | बोलिभिया | १,३५,३११ | ९५,५२९ | ७,९६५ | २७ |
| २९ | रोमानिया | १,२७,५७२ | १,०२,४७६ | ४,८२५ | ३४ |
| ३० | कतार | १,२५,७६० | १,२२,६९९ | २१४ | २६ |
| ३१ | मोरोक्को | १,२३,६५३ | १,०२,७१५ | २,१९४ | ४६ |
| ३२ | नेडरलान्ड | १,२०,८४५ | अप्राप्त | ६,४०६ | ४२ |
| ३३ | बेल्जीयम | १,१८,४५२ | १९,४५४ | १०,०१६ | ३७ |
| ३४ | पनामा | १,१२,५९५ | ८९,०६१ | २,३७२ | ३३ |
| ३५ | डोमिनिकन गणतन्त्र | १,१२,२०९ | ८७,६२९ | २,१०५ | ३२ |
| ३६ | कजाख्स्तान | १,०७,९७९ | १,०२,९३७ | १,७२५ | ३० |
| ३७ | कुवेत | १,०५,१८२ | ९६,६८८ | ६१० | ३८ |
| ३८ | मीश्र | १,०३,१९८ | ९६,४९४ | ५,९३० | ३१ |
| ३९ | ओमान | ९८,५८५ | ८८,५२८ | ९३५ | ३५ |
| ४० | संयुक्त अरब इमिरेटस | ९४,१९० | ८३,७२४ | ४१९ | ४३ |
| ४१ | स्वीडेन | ९२,८६३ | अप्राप्त | ५,८९३ | ३९ |
| ४२ | ग्वाटेमाला | ९१,७४६ | ८०,२५६ | ३,२४६ | ४० |
| ४३ | पोलान्ड | ९१,५१४ | ६९,६९५ | २,५१३ | ४५ |
| ४४ | चीन | ८५,४१४ | ८०,५९४ | ४,६३४ | ३६ |
| ४५ | जापान | ८३,०१० | ७६,०२५ | १,५६४ | ४४ |
| ४६ | बेलारूस | ७८,६३१ | ७४,५२५ | ८३३ | ४१ |
| ४७ | नेपाल | ७७,८१७ | ५६,४२८ | ४९८ | ६१ |
| ४८ | होन्डुरस | ७६,९०० | २७,९२२ | २,३५३ | ४७ |
| ४९ | कोस्टा रिका | ७५,७६० | ३७,८४१ | ९०४ | ६० |
| ५० | पोर्तुगल | ७५,५४२ | ४८,५३० | १,९७१ | ४८ |
| ५१ | इथियोपिया | ७५,३६८ | ३१,२०४ | १,१९८ | ५२ |
| ५२ | भेनेजुयला | ७५,१२२ | ६५,२२५ | ६२८ | ५३ |
| ५३ | बहराइन | ७०,८६४ | ६४,८३८ | २५१ | ५१ |
| ५४ | चेक गणतन्त्र | ६८,९१९ | ३३,४४३ | ६५५ | ७१ |
| ५५ | नाइजेरिया | ५८,८४८ | ५०,३५८ | १,११२ | ५० |
| ५६ | सिंगापुर | ५७,७६५ | ५७,४८८ | २७ | ४९ |
| ५७ | उज्बेकिस्तान | ५६,९९७ | ५३,४५७ | ४७१ | ५९ |
| ५८ | स्वित्जरलान्ड | ५३,२८२ | ४२,७०० | २,०७४ | ५८ |
| ५९ | मोल्डोभा | ५३,०४२ | ३८,९९७ | १,३२० | ६३ |
| ६० | अल्जेरिया | ५१,५३० | ३६,१७४ | १,७३६ | ५५ |
| ६१ | आर्मेनिया | ५०,३५९ | ४४,००१ | ९५९ | ५७ |
| ६२ | कीर्गीज्स्तान | ४६,८४१ | ४२,९८३ | १,०६५ | ५६ |
| ६३ | घाना | ४६,६२६ | ४५,७५७ | ३०१ | ५४ |
| ६४ | अस्ट्रिया | ४४,८१३ | ३५,६४४ | ७९९ | ६८ |
| ६५ | पारागुए | ४०,७५८ | २४,४४९ | ८५७ | ७७ |
| ६६ | अजरबैजान | ४०,२२९ | ३७,९५४ | ५९१ | ६४ |
| ६७ | प्यालेस्टिन | ३९,८९९ | ३१,७४३ | ३११ | ७२ |
| ६८ | लेबनान | ३९,६३४ | १७,५६५ | ३६७ | ७९ |
| ६९ | अफगानिस्तान | ३९,२६८ | ३२,७८९ | १,४५८ | ६२ |
| ७० | केन्या | ३८,५२९ | २४,९०८ | ७११ | ६५ |
| ७१ | आयरलान्ड | ३६,१५५ | २३,३६४ | १,८०४ | ६७ |
| ७२ | लिबिया | ३४,५२५ | १९,३६१ | ५५१ | ८४ |
| ७३ | सर्बिया | ३३,५५१ | ३१,५३६ | ७४९ | ६६ |
| ७४ | एल साल्भाडोर | २९,०७७ | २३,८१३ | ८४३ | ७० |
| ७५ | डेनमार्क | २७,९९८ | २०,७५४ | ६५० | ७८ |
| ७६ | बोस्निया र हर्जगोभिना | २७,४६९ | २०,६१६ | ८५६ | ७४ |
| ७७ | अस्ट्रेलिया | २७,०९५ | २४,७५५ | ८८८ | ६९ |
| ७८ | हङ्गेरी | २६,४६१ | ५,८९० | ७६५ | १०४ |
| ७९ | दक्षिण कोरिया | २३,८८९ | २१,६६६ | ४१५ | ७३ |
| ८० | क्यामरून | २०,८३८ | १९,४४० | ४१८ | ७५ |
| ८१ | बुल्गेरिया | २०,८३३ | १४,६३४ | ८२५ | ८० |
| ८२ | आइभोरि कोस्ट | १९,७२४ | १९,२९१ | १२० | ७६ |
| ८३ | ग्रीस | १८,४७५ | ९,९८९ | ३९१ | ८८ |
| ८४ | ट्युनिसिया | १८,४१३ | ५,०३२ | २६५ | १२० |
| ८५ | उत्तर मेसेडोनिया | १७,९७७ | १४,९५९ | ७३९ | ८२ |
| ८६ | क्रोएसिया | १६,५९३ | १५,०५७ | २८० | ८९ |
| ८७ | मडागास्कर | १६,४०८ | १५,३०१ | २३० | ८१ |
| ८८ | सेनेगल | १४,९८२ | १२,४३७ | ३११ | ८३ |
| ८९ | जाम्बिया | १४,७५९ | १३,९५९ | ३३२ | ८६ |
| ९० | नर्वे | १४,०२७ | ११,१९० | २७४ | ८७ |
| ९१ | अल्बानिया | १३,६४९ | ७,८४७ | ३८७ | ९१ |
| ९२ | सुडान | १३,६४० | ६,७६४ | ८३६ | ८५ |
| ९३ | म्यानमार | १३,३७३ | ३,७५५ | ३१० | १६४ |
| ९४ | जोर्डान | ११,८२५ | ४,६२६ | ६१ | १४१ |
| ९५ | नामिबिया | ११,२६५ | ९,०१४ | १२१ | १०० |
| ९६ | मलेसिया | ११,२२४ | ९,९६७ | १३६ | ९३ |
| ९७ | मोन्टेनेग्रो | १०,७७२ | ७,१९२ | १६९ | १०९ |
| ९८ | प्रजातान्त्रिक गणतन्त्र कंगो | १०,६५९ | १०,१३९ | २७२ | ९० |
| ९९ | गिनी | १०,६५२ | ९,९९६ | ६६ | ९२ |
| १०० | माल्दिभ्स | १०,२९१ | ९,१०८ | ३४ | ९९ |
| १०१ | स्लोभाकिया | १०,१४१ | ४,३९५ | ४८ | ११७ |
| १०२ | फिन्लान्ड | ९,९९२ | ८,१०० | ३४४ | ९८ |
| १०३ | फ्रेन्च गीयाना | ९,९५५ | ९,५८९ | ६६ | ९४ |
| १०४ | ताजिकिस्तान | ९,७६९ | ८,५७२ | ७६ | ९५ |
| १०५ | हैटी | ८,७६६ | ६,८२९ | २२९ | ९७ |
| १०६ | ग्यावोन | ८,७६६ | ८,००५ | ५४ | ९६ |
| १०७ | मोजाम्बिक | ८,७२८ | ५,२३२ | ६१ | ११९ |
| १०८ | लक्जम्बर्ग | ८,५०९ | ७,१७४ | १२४ | १०२ |
| १०९ | उगान्डा | ८,१२९ | ४,२६० | ७५ | १२६ |
| ११० | जिम्बावे | ७,८३८ | ६,३०३ | २२८ | १०३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १११ | मोरितानिया | ७,५०२ | ७,१२० | १६१ | १०१ |
| ११२ | जमेका | ६,४८२ | १,८६७ | १०७ | १३४ |
| ११३ | जर्जीया | ६,१९२ | ३,१२० | ३९ | १५० |
| ११४ | क्याबो भर्ड | ६,०२४ | ५,२७७ | ६० | ११८ |
| ११५ | मलावी | ५,७७३ | ४,२६३ | १७९ | १०५ |
| ११६ | स्लोभेनिया | ५,६९० | ३,८०४ | १५० | १२८ |
| ११७ | क्युबा | ५,५९७ | ४,८९३ | १२२ | ११६ |
| ११८ | ग्वाडेलोप | ५,५२८ | २,१९९ | ५७ | १५७ |
| ११९ | इस्वाटिनी | ५,४८२ | ४,९१२ | १०९ | १११ |
| १२० | जिबोटी | ५,४१६ | ५,३४४ | ६१ | १०६ |
| १२१ | निकारागुआ | ५,१७० | २,९१३ | १५१ | ११२ |
| १२२ | कंगो | ५,०८९ | ३,८८७ | ८९ | ११५ |
| १२३ | हङ कङ | ५,०८८ | ४,८२७ | १०५ | १०८ |
| १२४ | इक्वेटोरियल गिनी | ५,०३० | ४,७६९ | ८३ | १०७ |
| १२५ | अंगोला | ४,९७२ | १,९४१ | १८३ | १३१ |
| १२६ | सुरिनाम | ४,८७७ | ४,६९५ | १०४ | ११४ |
| १२७ | र्वान्डा | ४,८४० | ३,१५४ | २९ | ११३ |
| १२८ | केन्द्रीय अफ्रिकी गणतन्त्र | ४,८२९ | १,९१४ | ६२ | ११० |
| १२९ | लिथुआनिया | ४,६९३ | २,३६५ | ९२ | १२७ |
| १३० | ट्रिनिडाड एन्ड टोबागो | ४,५३१ | २,५६० | ७६ | १४५ |
| १३१ | सिरिया | ४,२०० | १,१०३ | २०० | १३० |
| १३२ | बहामाज | ४,१२३ | २,२०६ | ९६ | १३६ |
| १३३ | रियुनियन | ३,९९३ | २,८१९ | १६ | १४६ |
| १३४ | अरूबा | ३,९६३ | ३,२५९ | २७ | १४० |
| १३५ | मायोत्ते | ३,७७९ | २,९६४ | ४२ | १२३ |
| १३६ | सोमालिया | ३,५८८ | २,९४६ | ९९ | १२२ |
| १३७ | गाम्बिया | ३,५७९ | २,१६१ | ११२ | १२५ |
| १३८ | थाइलान्ड | ३,५६९ | ३,३७९ | ५९ | १२१ |
| १३९ | श्री लंका | ३,३८० | ३,२३० | १३ | १२४ |
| १४० | इस्टोनिया | ३,३७१ | २,६०५ | ६४ | १३३ |
| १४१ | बोत्स्वाना | ३,१७२ | ७१० | १६ | १४७ |
| १४२ | माली | ३,११८ | २,४५३ | १३१ | १२९ |
| १४३ | माल्टा | ३,०५८ | २,५६२ | ३५ | १४३ |
| १४४ | गुयाना | २,८९४ | १,६८० | ८० | १५५ |
| १४५ | आइसलान्ड | २,७२८ | २,१६७ | १० | १३८ |
| १४६ | दक्षिण सुडान | २,७०४ | १,२९० | ४९ | १३२ |
| १४७ | बेनिन | २,३५७ | १,९७३ | ४१ | १३७ |
| १४८ | गिनी बिसाउ | २,३२४ | १,५४९ | ३९ | १३५ |
| १४९ | सिएरा लियोन | २,२३१ | १,६८७ | ७२ | १३९ |
| १५० | बुर्किना फासो | २,०५६ | १,३३५ | ५८ | १५३ |
| १५१ | अन्डोरा | २,०५० | १,४३२ | ५३ | १५८ |
| १५२ | उरूग्वे | २,०४६ | १,७९१ | ४८ | १४८ |
| १५३ | यमन | २,०३४ | १,२८६ | ५८७ | १४२ |
| १५४ | बेलिज | १,९९२ | १,२४६ | २७ | १६२ |
| १५६ | न्यु जीलान्ड | १,८४८ | १,७७० | २५ | १४४ |
| १५७ | लात्भिया | १,८२४ | १,३०७ | ३७ | १५२ |
| १५८ | टोगो | १,७८४ | १,३४८ | ४८ | १५१ |
| १५९ | साइप्रस | १,७५५ | १,३६९ | २२ | १४९ |
| १६० | लेसोथो | १,५९५ | ८७३ | ३६ | १५९ |
| १६१ | मार्टिनक्यू | १,५४३ | ९८ | २१ | १६८ |
| १६२ | लाइबेरिया | १,३४३ | १,२२१ | ८२ | १५४ |
| १६३ | चाड | १,२०० | १,००७ | ८५ | १६१ |
| १६४ | नाइजर | १,१९७ | १,११४ | ६९ | १५६ |
| १६५ | भियतनाम | १,०९४ | १,०१० | ३५ | १६० |
| १६६ | साओ टाम एन्ड प्रिन्सिप | ९११ | ८८६ | १५ | १६३ |
| १६७ | सान मारिनो | ७३२ | ६८० | ४२ | १६६ |
| १६८ | डाइमन्ड प्रिन्सेस( | ७१२ | ६५१ | १३ | १६५ |
| १६९ | टर्क्स एन्ड केकोस | ६८९ | ६४५ | ६ | १७० |
| १७० | सिन्ट मार्टेन | ६६७ | ५५७ | २२ | १७३ |
| १७१ | च्यानल टापू | ६६५ | ६०० | ४८ | १६७ |
| १७२ | फ्रेन्च पोलीनेसिया | १,८५२ | १,५०४ | ७ | १७२ |
| १७२ | पपुआ न्यू गिनी | ५३४ | ५१६ | ७ | १७४ |
| १७३ | ताइवान | ५१४ | ४८३ | ७ | १७१ |
| १७४ | तान्जानिया | ५०९ | १८३ | २१ | १६९ |
| १७५ | बुरून्डि | ५०८ | ४७२ | १ | १७५ |
| १७६ | कोमोरोस | ४७९ | ४६४ | ७ | १७६ |
| १७७ | फेरोए टापू | ४६७ | ४२९ | | १७७ |
| १७८ | जिब्राल्टर | ३९६ | ३४४ | | १८२ |
| १७९ | कुरासाओ | ३९२ | १७१ | १ | १९४ |
| १८० | सेन्ट मार्टिन | ३८३ | २७३ | ८ | १८५ |
| १८१ | मोरिसियस | ३८१ | ३४४ | १० | १७८ |
| १८२ | इरिट्रिया | ३७५ | ३४१ | | १८० |
| १८३ | आइल अफ मान | ३४० | ३१५ | २४ | १७९ |
| १८४ | मंगोलिया | ३१३ | ३०७ | | १८१ |
| १८५ | भुटान | २८२ | २२२ | | १८४ |
| १८६ | कम्बोडिया | २७७ | २७५ | | १८३ |
| १८७ | मोनाको | २१८ | १८१ | २ | १९१ |
| १८८ | केमान आइलान्ड | २११ | २०८ | १ | १८६ |
| १८९ | वार्बाडोस | १९० | १७९ | ७ | १८७ |
| १९० | बर्मुडा | १८१ | १६७ | ९ | १८८ |
| १९१ | ब्रुनइ | १४६ | १४२ | ३ | १८९ |
| १९२ | सेशेल्स | १४४ | १४० | | १९० |
| १९३ | क्यारिबियन नेडरलान्ड | १२१ | ३२ | १ | २०७ |
| १९४ | लिक्टेन्स्टाइन | ११८ | ११३ | १ | १९२ |
| १९५ | एन्टिगुआ एन्ड बर्बुडा | १०१ | ९२ | ३ | १९३ |
| १९६ | ब्रिटिस भर्जिन टापू | ७१ | ६६ | १ | १९६ |
| १९७ | सेन्ट भिन्सेन्ट ग्रेनाडिन्स | ६४ | ६४ | | १९५ |
| १९८ | सेन्ट बार्थ | ४८ | २५ | | २०५ |
| १९९ | मकाओ | ४६ | ४६ | | १९७ |
| २०० | फिजी | ३२ | २८ | २ | १९८ |
| २०१ | डोमिनिका | ३० | २४ | | २०४ |
| २०२ | टिमोर लेस्टे | २८ | २८ | | १९९ |
| २०३ | न्यू क्यालेडोनिया | २७ | २७ | | २०२ |
| २०४ | सेन्ट लुसिया | २७ | २७ | | २०० |
| २०५ | ग्रेनाडा | २४ | २४ | | २०१ |
| २०६ | लावस | २३ | २२ | | २०३ |
| २०७ | सेन्ट किट्स एन्ड नेभिस | १९ | १७ | | २०६ |
| २०८ | सेन्ट पीरे मिक्वेलोन | १६ | ६ | | २१४ |
| २०९ | ग्रीनलान्ड | १४ | १४ | | २०८ |
| २१० | मोन्टसेराट | १३ | १२ | १ | २०९ |
| २११ | फकलान्ड टापू | १३ | १३ | | २१० |
| २१२ | भेटिकन सिटी | १२ | १२ | | २११ |
| २१३ | पश्चिमी सहारा | १० | ८ | १ | २१२ |
| २१४ | एमएस जान्डाम( | ९ | | २ | २१३ |
| २१५ | अन्विला | ३ | ३ | | २१५ |
| | जम्मा | ३,४१,६६,६३१ | २,५४,३७,०१२ | १०,१८,८७१ | |
| | भाद्र १५ सम्म जम्मा | २,५३,९०,७९१ | १,७७,०९,७२९ | ८,५०,६३० | |
| श्रोत | WORLDOMETERE | मिति : २०७७।०६।१५ समय : ११:४५ (GMT: 06:00) | | | |

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ ब्यासी स्थित नगरपालिकाको कार्यालय भवनमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ।

## मिति २०७७ भाद २९ गते, सोमबार

### उपस्थिति

| | |
|---|---|
| १. प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व | ऐ |
| १२. वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. सचिव श्री रामलाल श्रेष्ठ | ऐ |

## निर्णयहरू

### सफाइ सम्झौता

यस न.पा.को वडा नं. १,२,५,६,७,९ र १० वडामा समूहमा सम्झौता गरी सफाइ कार्य गराई आएकोमा सफाइ ठेकेदारहरू स.म राज पोडे, स.म. सुबिन पोडे, स.म. सुमित पोडे बाहेक स.म. भरत पोडेको मिति २०७७।४।१ गते देखि मिति २०७७ श्रावण मसान्तसम्म, स.म. प्रेम नापित र स.म. रामकृष्ण दुमरुको मिति २०७७।४।१ देखि २०७७।५।९ गतेसम्म म्याद थप गर्ने र बाँकी सफाइ सम्झौताका सबै सफाइ मजदुरहरूको मिति २०७७।४।१ देखि मिति २०७८ असार मसान्त सम्म १ वर्षका लागि साविक वमोजिम पारिश्रमिक पाउने गरी सफाइ सम्झौताको म्याद थप गर्ने निर्णय गरियो।

### प्रम रोजगार कार्यक्रम

भक्तपुर नगरपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत चालू आ.व. २०७७/०७८ मा सञ्चालन हुने कार्यक्रमहरूको कार्यान्वयनका लागि निम्नानुसार गर्ने निर्णय गरियो :

क. रोजगार हकसम्बन्धी नियमावली, २०७५ को नियम १४ मा व्यवस्था भएको स्थानीय निर्देशक समितिमा प्रमुखले वडाअध्यक्ष द्वय श्री उकेश कवां र श्री रबिन्द्र ज्याख्वलाई सदस्य तोक्नु भएकोमा सोको **अनुमोदन** गरियो।

ख. उक्त कार्यक्रम हेर्ने गरी यस नगरपालिका कार्यालयमा कार्यरत प्राविधिक कर्मचारी ओ.सी (सहायक स्तर, पांचौं तह) का श्री कृष्णराम दुवाललाई तोकिएकोमा सोको **अनुमोदन** गरियो।

ग. यस कार्यक्रम अन्तर्गत बेरोजगार सूचीमा नाम दर्ताका लागि सम्बन्धित वडा कार्यालयहरूमा सिफारिस भै फारामसहितको वडागत विवरणहरू स्थानीय निर्देशक समितिमा पेश भै उक्त समितिको मिति २०७७।५।२३ गतेको बैठकले छानबिन गरी स्वीकृतिका लागि सिफारिस गरेका बेरोजगार व्यक्तिहरूको **एकीकृत सूचीलाई स्वीकृति** प्रदान गर्ने निर्णय गरियो।

### ढुवानी तथा निर्माण सामग्री दर

भक्तपुर जिल्लाको स्वीकृत चालू आ.व. २०७७/०७८ को ज्याला ढुवानी तथा निर्माण सामग्रीहरूको दर (रेट) को सम्बन्धमा यस नगरपालिकाको दर (रेट) निर्धारण समितिको मिति २०७७।५।७ गतेको बैठकबाट उक्त जिल्ला दररेटलाई आधार मानी यस नगरपालिकालाई अति आवश्यकीय आइटमहरू, ज्याला, ढुवानी तथा निर्माण सामग्रीहरूको सम्बन्धमा देहाएवमोजिम केहीमा परिमार्जन र केहीमा नयाँ दर (रेट) निर्धारण गरी स्वीकृतिका लागि सिफारिस भई आएकोले आजको बैठकमा पेश हुँदा उक्त समितिले निर्धारण गरेको दर (रेट) को हकमा सोही बमोजिम र अन्यको हकमा जिल्लाकै दर (रेट) बमोजिम हुने गरी **स्वीकृति प्रदान** गर्ने निर्णय गरियो।

| सि.नं. | निर्माण सामग्रीहरू र ज्यालाको विवरण | एकाई | आ.व.२०७७/०७८ | कैफियत |
|---|---|---|---|---|
| १ | छाप्ने ढुङ्गा (**Flag stone**) | | | |
| १.१ | १" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुङ्गा | व.फि. | 100.00 | |
| १.२ | १¹/₂" सम्म सर्फेस ड्रेस गरेको छाप्ने ढुङ्गा | व.फि. | 130.00 | |
| १.३ | २" सम्म बाक्लो सर्फेस ड्रेस गरेको छाप्ने ढुङ्गा | व.फि. | 150.00 | |
| १.४ | ३" बाक्लो मेसिनबाट काटिएको सर्फेस ड्रेस गरेको छाप्ने ढुङ्गा | व.फि. | 320.00 | |
| १.५ | ४" बाक्लो मेसिनबाट काटिएको सर्फेस ड्रेस गरेको छाप्ने ढुङ्गा | व.फि. | 400.00 | |
| २ | **विभिन्न प्रकारको बालुवा** | | | |
| २.१ | बालुवा (Washing plant) | घ.फि. | 90.64 | |
| २.२ | खानीको बालुवा (Quarry sand) | घ.फि. | 85.49 | |
| २.३ | खोला/नदीको बालुवा (River sand) | घ.फि. | 88.58 | |
| ३ | क्रसरबाट उत्पादित रोडा | | | |
| ३.१ | ६-१० मी. मी. साइजका | घ.फि. | 97.52 | |
| ३.२ | १०-२० मी. मी. साइजका | घ.फि. | 104.94 | |
| ३.३ | २०-४० मी. मी. साइजको | घ.फि. | 101.76 | |
| ४ | विभिन्न कम्पनीबाट उत्पादित सिमेन्टहरु | | | |
| ४.१ | नेपालबाट उत्पादित विभिन्न Brand ओ.पि.सि. (OPC) सिमेन्ट NS 53 (प्रति बोरा ५० के.जी.) | ब्याग | 750.00 | |
| ४.२ | हेटौंडा सिमेन्ट (५० केजी) OPC | ब्याग | 730.00 | |
| ४.३ | उदयपुर सिमेन्ट (५० केजी) OPC | ब्याग | 752.00 | |
| ४.४ | नेपालबाट उत्पादित विभिन्न Brand पि.पि.सि. (PPC) सिमेन्ट NS 385 (प्रति बोरा ५० के.जी.) | ब्याग | 650.00 | |
| ५.० | साल काठ | | | |
| ५.१ | (क) ३' देखि ८' सम्मको साल काठ | घ. फि | 6500.00 | |
| ५.२ | (ख) ८' देखि १२' सम्मको साल काठ | घ. फि | 7000.00 | |
| ५.३ | (क) ३' देखि ८' सम्मको साल काठ (ठाम तथा निल) | घ. फि. | 7500.00 | |
| ५.४ | (ख) ८' देखि १२' सम्मको साल काठ (ठाम तथा निल) | घ. फि. | 7000.00 | |
| ५.५ | (ग) १२ फिटदेखि माथिको साल काठ | घ. फि. | 7500.00 | |
| ६.० | विविध सामग्रीहरु | | | |
| ६.१ | ५०० गेज प्लाष्टिक सिट | व.मी. | 34.10 | |
| ६.२ | ISI Mark Trafelt (२०मी. × १मी.) | व.मी. | 250.00 | |
| ६.३ | Plasticfelt (२०मी. × १मी.) | व.मी. | 127.49 | |
| ६.४ | १८-२० फिट लामो बाँस | गोटा | 224.00 | |
| ६.५ | फूल रोप्ने काम | गोटा | 25.00 | |
| ७ | मार्बल (Marble) | | | |

| | | | | |
|---|---|---|---|---|
| ७.१ | १३ मी.मी. बाक्लो राजस्थानी | ब.फि. | 160.00 | |
| ७.२ | १६ मी.मी. बाक्लो राजस्थानी | ब.फि. | 175.00 | |
| ८ | Iron Square Pipe/Black Pipe/Channel/ Angle/I-Beam/Black Sheet/MS Plate | | | |
| ८.१ | Iron Square Pipe | के.जी. | 80.21 | |
| ८.२ | विभिन्न साइजको MS Angle | के.जी. | 86.16 | |
| ८.३ | विभिन्न साइजको Black Pipe | के.जी. | 80.21 | |
| ८.४ | विभिन्न साइजको Channel | के.जी. | 87.15 | |
| ८.५ | विभिन्न साइजको I-Beam | के.जी. | 89.13 | |
| ८.६ | विभिन्न साइजको MS plate | के.जी. | 85.17 | |
| ९ | परम्परागत निर्माण सामग्रीहरू | | | |
| ९.१ | दाचि अपा ठूलो ८"×२-३/८"×५" | गोटा | 27.00 | |
| ९.२ | दाचि अपा सानो ८३/८"×२-१/८"×४-१/४" | गोटा | 29.00 | |
| ९.३ | दाचि अपा ठूलोको कुं | गोटा | 38.00 | |
| ९.४ | दाचि अपा सानोको कुं अपा | गोटा | 40.00 | |
| ९.५ | मा अपा ठूलो ८-७/८"×२-१/४"×५-३/४" | गोटा | 22.00 | |
| ९.६ | मा अपा सानो ८-३/८"×२"×५" | गोटा | 22.00 | |
| ९.७ | धुरी चाङ्ग सानो | गोटा | 35.00 | |
| ९.८ | झिँगटी नयाँ ८-३/४"×४" | गोटा | 12.00 | |
| ९.९ | झिँगटी पुरानो | गोटा | 8.00 | |
| ९.१० | ढुकु | गोटा | 84.00 | |
| ९.११ | Snake body brick traditional | गोटा | 30.00 | |
| ९.१२ | Snake neck brick traditional | गोटा | 71.00 | |
| ९.१३ | Snake head brick traditional | गोटा | 150.00 | |
| ९.१४ | नागोल ईंटा | गोटा | 31.00 | |
| ९.१५ | ९"x ९"x १८ इन्च कुना ढुङ्गा | १ मि. | 5600.00 | |
| ९.१६ | फःल्होह अपा ठूलो 375x225x100mm | गोटा | 145.00 | |
| ९.१७ | फःल्होह अपा सानो 254x229x102mm | गोटा | 145.00 | |
| ९.१८ | तेलिया ईंटा (६"×६") | गोटा | 35.00 | |
| ९.१९ | बुट्टेदारी कर्निश ईंटा (कशीमोहरू) | गोटा | 30.00 | |
| ९.२० | बुट्टेदारी कर्निश ईंटा कुना | गोटा | 45.00 | |
| ९.२१ | नागोल ढुङ्गा १८"×१०"×५ | १ मि. | 5000.00 | |
| ९.२२ | भौ प्वा | गोटा | 1000.00 | |
| ९.२३ | पेटीढुङ्गा ५" | १ मि. | 3500.00 | |
| ९.२४ | श्री गणेश | गोटा | 1190.00 | |

| | | | | |
|---|---|---|---|---|
| ९.२५ | कुमार | गोटा | 1190.00 | |
| ९.२६ | २" सिंह (साइज 95x5010) | गोटा | 45.00 | |
| ९.२७ | २" गरुड (साइज 95x50x100) | गोटा | 45.00 | |
| ९.२८ | १२" ठाम | गोटा | 2200.00 | |
| ९.२९ | नाग कन्या  र नाग पुरुष | गोटा | 1000.00 | |
| ९.३० | क्षेफ | गोटा | 3000.00 | |
| ९.३१ | माटो / पहेंलो माटो | घ.मी. | 700.00 | |
| १० | हेभी गाडी भाडा दर | | | |
| १०.१ | Excavator Track | घण्टा | 1716.00 | |
| १०.२ | Back Hoe Loader | घण्टा | 1201.00 | |
| १०.३ | Truck Tipper (Tata SK 1210/36 or Equivalent) | घण्टा | 320.00 | |
| १०.४ | Fuel (Disel) | लि. | 91.00 | |
| १०.५ | Fuel (Petrol) | लि. | 105.00 | |
| ११ | ज्याला विवरणः- | | | |
| **क** | **विभिन्न निर्माण (सडकको बाहेक) सम्वन्धी कार्यका लागि** | | | |
| ११.१ | अर्धदक्ष (ज्यामी) | जवान | 1000.00 | |
| ११.२ | दक्ष (दकर्मी, सिकर्मी) | जवान | 1200.00 | |
| ११.३ | दक्ष (दाची अप्पा, बुटा अप्पा, लोहकर्मी, चित्रकार आदि) | जवान | 1500.00 | |
| ११.४ | दक्ष (झिँगटी) | जवान | 1800.00 | |
| ११.५ | दकर्मी नाईके, सिकर्मी नाईके | जवान | 1600.00 | |
| ११.६ | इन्जिनियर सुपरभाइजर | जवान | 1390.00 | |
| ११.७ | सब इन्जिनियर (ड्राफ मेन सुपरभाइजर) | जवान | 1170.00 | |
| ११.८ | असिस्टेन्ट सब इन्जिनियर (ड्राफ मेन सुपरभाइजर) | जवान | 965.00 | |
| ११.९ | हेभी इक्यूप्मेन्ट (डोजर,एक्सक्याभेटर, आदि) | जवान | 1500.00 | |
| ११.१० | भरिया | जवान | 890.00 | |
| ११.११ | सुपरभाइजर, गार्ड, वाचमान, सर्भे हेल्पर, फोरमेन, नाइट वाचमान, हेल्पर आदि | जवान | 810.00 | |
| ११.१२ | मेकानिक्स, हेभी भेहिकल डाइभर, ट्रक डाइभर, आदि | जवान | 1390.00 | |
| **ख** | **सडक सम्वन्धी विभिन्न कार्यको लागि** | | | |
| ११.१२ | दक्ष | जवान | 1200.00 | |
| ११.१३ | अर्धदक्ष (ज्यामी) | जवान | 890.00 | |
| ११.१४ | पिच स्प्रेयर, पिच व्वायलर | जवान | 910.00 | |
| ११.१५ | प्याच वर्कर (दिउँसो) | जवान | 890.00 | |
| ११.१६ | प्याच वर्कर (रात्री) | जवान | 1180.00 | |
| ११.१७ | सुपरभाइजर (रात्री) | जवान | 1220.00 | |

## आयुर्वेदलाई अनुदान

भ.न.पा वडा नं. १० मा हाल सञ्चालित यस नगरपालिका अर्न्तगतको आयुर्वेद केन्द्रलाई औषधी खर्च प्रयोजनको लागि रु. २ लाख अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

## डिपबोरिङ हस्तान्तरण

भक्तपुर नगरपालिकामा जनसङ्ख्याको चाप बृद्धिसँगै शुद्ध खानेपानीको अभाव भइरहेको अवस्थामा यस नगरपालिकाको आफ्नै लगानीमा नगरपालिकाको स्वामित्वमा रहेको लिवाली आवास योजना अन्तर्गतको २(ङ)७ कि.नं. ४० क्षेत्रफल १७२६.८५ व.मि. को जग्गामा डिपबोरिङ गरी पानी उत्पादन गरेर हाल काठमाडौं उपत्यका खानेपानी लिमिटेडद्वारा सञ्चालित थुसाचा प्रशोधन केन्द्रमार्फत वितरणसमेत भइरहेको हुँदा जग्गाको स्वामित्व नगरपालिकाको यथावत रहने गरी उक्त डिपबोरिङ र यसका लागि जडान गरिएको ट्रान्सफर्मर मात्र के.यु.के.एल भक्तपुर कार्यालयलाई हस्तान्तरण गर्ने निर्णय गरियो ।

## आइसोलेशन केन्द्र स्थापना

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड–१९) को सङ्क्रमण नेपालमा पनि तीव्र रूपमा बढिरहेको र भक्तपुर नगरपालिका क्षेत्रमा पनि सङ्क्रमितहरूको सङ्ख्या दिनानुदिन बढ्दै २०० जनाभन्दा बढी सङ्क्रमित भइसकेको र २ जनाको मृत्युसमेत भइसकेको यस विषम परिस्थितिमा नगरवासीहरूको स्वास्थ्य सुरक्षा स्थितिलाई उच्च प्राथमिकतामा राखी थप सङ्क्रमित र मानवीय क्षतिसमेत हुन नदिन यस नगरपालिकाले आफ्नो साधन स्रोततर्फको प्रकोप व्यवस्थापन कोषबाट व्यहोरिने गरी ब्रम्हायणी स्थित वहुउद्देश्यीय भवनमा आइसोलेशन केन्द्र निर्माण गरी शीघ्रतिशीघ्र सञ्चालनमा ल्याउने र यसको लागि तपसिल बमोजिमको एक आइसोलेशन केन्द्र निर्माण तथा व्यवस्थापन उप समिति गठन गर्न यस नगरपालिकाको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको मिति २०७७।५।२८ को बैठकबाट नगर कार्यपालिकामा सिफारिस भै आएको हुँदा उक्त उप समिति गठन गरी सञ्चालनमा ल्याउने निर्णय गरियो :

**उप-समिति**

१. वडाअध्यक्ष, वडा नं. ९, श्री रबिन्द्र ज्याख्व – संयोजक
२. वडाअध्यक्ष, वडा नं. ८, श्री महेन्द्र खायमली – सदस्य
३. प्रशासकीय अधिकृत श्री दामोदर सुवाल – सदस्य
४. पर्यटन अधिकृत श्री गौत्तमप्रसाद लासिवा – सदस्य
५. प्रशासन, जनस्वास्थ्य सेवा केन्द्र, श्री विश्वजीत प्रजापति– सदस्य
६. जनस्वास्थ्य सेवा केन्द्र,जिन्सी, श्री विनोद दनेखु – सदस्य
७. भक्तपुर नपा जिन्सी उपशाखा, श्री रोशना न्याइच्याई– सदस्य
८. भक्तपुर नपा प्राविधिक श्री विजयराम कोजु – सदस्य

साथै उक्त आइसोलेसन केन्द्र तत्कालै सञ्चालनमा ल्याउनुपर्ने भएकोले सो को निर्माण र तयारी व्यवस्थापनको लागि उपसमितिका संयोजक श्री रबिन्द्र ज्याख्वलाई प्रकोप व्यवस्थापन कोषबाट रु. ७,००,०००/– (सात लाख) पेश्की उपलब्ध गराउने समेत निर्णय गरियो ।

## समितिका निर्णय अनुमोदन

यस नगरपालिका अर्न्तगतका विभिन्न समितिहरूको बैठकबाट भएका निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति**

**मिति २०७७।५।२८ गते**

१. भक्तपुर नगरपालिकाको ऐतिहासिक सम्पदा **पुनः निर्माण तथा जीर्णोद्धार सम्बन्धी फोटो किताब** – १००० (एक हजार) प्रति छपाउने निर्णय गरियो । (मिति २०७२।१।१२ गतेको विनाशकारी भूकम्पको कारणबाट क्षतिग्रस्त भएको ऐतिहासिक सम्पदाहरूको पुन:निर्माण तथा जीर्णोद्धार गरिएका सम्पदाहरूको निर्माण खर्चसहितको फोटोहरूको विवरण रहेको)

**आर्थिक समिति**

**मिति २०७७।३।३१ गते**

१. **सम्पत्ति (घर जग्गा) कर**मा साविकको २०७५/०७६ सम्मको दर बक्यौतामा आवासीय घरको हकमा दिइएको ५० प्रतिशत छुटको अवधि २०७७ पौष मसान्तसम्म थप गर्ने साथै २०७५/०७६ सम्मको घर जग्गा कर बक्यौतामा जरिवानासमेत नलिने र २०७६/०७७ को बक्यौतामा भने १० प्रतिशत हर्जाना (जरिवाना) लिने र छुट नदिने निर्णय गरियो ।

२. आवासीय प्रयोजनको लागि बहालमा दिएको घर जग्गाको बहालमा लाग्ने बक्यौतासहित आ.व. २०७७/०७८ को बहाल करमा ५० प्रतिशत छुट दिई ५ प्रतिशत मात्र **बहाल कर** लिने तर आवासीय प्रयोजन बाहेक पसल, व्यवसाय, सङ्घ संस्था वा कार्यालय बहालमा बसेकोमा १० प्रतिशत नै बहाल कर लिने निर्णय गरियो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्रबाट लाभ उठाउनु होस् ।

**निर्माण समिति**

**मिति २०७७।०४।३२ र मिति २०७७।५।२५ जते**

| क्र. सं. | योजनाका बिवरण | वडा नं. | बजेट | ल.ई.रकम | रि ल.ई. रकम | पेश्की | भुक्तानी रकम | खर्च रकम | मूल्याङ्कन रकम | योजना को अवस्था | कार्य गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **ल.ई. स्वीकृत सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | जगाती, राम मन्दिर तथा लिबाली क्षेत्रमा पीच कार्य | ७,४, ८ | बाग्मती प्रदेश सरकार समपूरक बजेट | १,९९,९९,९५८।२६ | | | | | | | | सूचना प्रकासित गर्ने |
| २ | बाराही पुल निर्माण कार्य (दोश्रो चरण) | ३ | बाग्मती प्रदेश सरकार समपूरक बजेट | ३,८१,१५,४९९।०८ | | | | | | | | सूचना प्रकाशित गर्ने |
| ३ | सल्लाघारी सुर्वण चोकदेखि ढालाखुसी, इतापाके सडक निर्माण कार्य | १ | बाग्मती प्रदेश सरकार स:र्शत बजेट | ४,६९६,६१५।७५ | | | | | | | | |
| ४ | दरबार स्क्वायरस्थित पद्म मावि पूर्वाधार विकास निर्माण कार्य | २ | बाग्मती प्रदेश सरकार स:र्शत बजेट | २,५४१,६०७।३६ | | | | | | | | २०,००,०००। रकम विनियोजित बागमती प्रदेश सरकारबाट र ५,००,०००। पद्म मा.वि.बाट व्यहोर्ने प्रतिवद्धता |
| ५ | १-१० वडासम्मका विभिन्न टोलमा CI Rounded Manhole Covering | १-१० | | ३५५,७९१।३१ | | | | | | | | |
| **पेश्की फछ्र्यौट सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. ३ नं. वडा कार्यालय भवन निर्माण कार्य | ३ | नपा | २७,३११,९१४।२९ | | ३,१००,०००।०० | | २,९८८,२७५।०० | ३,१४५,८०३।०७ | सम्पन्न | शिव राम धुख्वा | ६८,९८,८३८ पहिलो चरणको खर्च, १,११,७२५। नगद बैंक दाखिला |
| २ | विश्व प्रसिद्ध न्यातापोल मन्दिर संरक्षणकार्य | ५ | नपा | ६,५१३,३५८।२७ | | ३,०००,०००।०० | | ३,८७७,६२८।४१ | ६,२४०,७८६।१७ | सम्पन्न | केशव तमखु | ६,६९,९४१। नगद बैङ्क दाखिला |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | महेश्वरी ग्यारेजभित्र शौचालय तथा सेफ्टी ट्याङ्की निर्माण कार्य | ७ | नपा | १,३४४,८९६।८३ | | १,०००,०००।०० | | ८३३,०५४।०३ | ८६०,३२२।४० | सम्पन्न | कृष्ण भक्त ख्याजु | १,६६,९४५।९७ नगद बैङ्क दाखिला |
| ४ | नवदुर्गा पथ पीच कार्य | २ | | ४,२२०,८६१।८० | | १,३००,०००।०० | ४२६,७९०।१० | १,७२६,७९०।०० | १,८४९,०६८।०० | सम्पन्न | आसकुमार कोजू | |
| ५ | स्मृति नगरमा ढुङ्गा छपाइ कार्य | १ | | १,८१२,८४४।९८ | | १,४००,०००।०० | ३९,३९५।६० | १,४९७,४५४।६० | १,५७४,३०४।३५ | सम्पन्न | पुण्यराम स्वंगमिखा | अघिल्लो पे.फ. हुँदा रू. ५८,०५९। भुक्तानी भइसकेको |
| ६ | महेश्वरी पसिखेलमा पीच बाटो मर्मत कार्य | ८ | | १,२७२,४००।८७ | २,४३६,१००।४० | ४२५,०००।०० | १,३६६,३३२।४० | १,७९१,३३२।४० | २,४२२,७५८।९३ | सम्पन्न | कृष्ण बोहजू | |
| ७ | इन्द्रायणी द्योछेँ पुन:निर्माण कार्य | २ | | ५,९५४,६३०।३८ | ९,२४३,९७०।०० | ८००,०००।०० | १६,३६२।०० | ८१६,३६२।०० | ६,६३७,३८४।०० | आ.पे.फ | विनोद चरण राय | अघिल्लो पे.फ. रू. २५,००,०००। गरी २७,७२,२८६। भुक्तानी भइसकेको |
| ८ | नवदुर्गा द्योछेँ देखि गछेँ हुँदै सकुलानसम्म बाटो मर्मत कार्य | ९ | | १,०५५,५४६।९३ | | ९००,०००।०० | १४,२१४।०० | ९९५,२६७।०० | १,२५५,४९२।७१ | सम्पन्न | राम प्रसाद गुसाई | अघिल्लो पे.फ. हुँदा रू. ८१,०५३।– भुक्तानी भइसकेको |
| **उपभोक्ता समिति गठन सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | भ.न.पा. ३ नं. वडा कार्यालय भवन निर्माण कार्य | ३ | नपा | | उ.स. अध्यक्ष:रामसुन्दर खाताखो, अ.स.संयोजक : मुक्तिराम स्वानपा | | | | | | | |
| **म्याद थप सम्बन्धमा** | | | | | | | | | | | | |
| १ | महेश्वरी घाटमा ढुङ्गा छपाइ कार्य | ८ | | | मिति २०७७ कार्तिक मसान्तसम्म म्याद थप | | | | | | | |
| २ | व्यासी टुरिष्ट बसपार्कमा स्वचालित शौचालय अण्डर ग्राउण्ड | २ | नपा | | मिति २०७७ कार्तिक मसान्तसम्म म्याद थप | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पानी ट्याङ्की र टहरा निर्माण कार्य | | | | | | | | | |
| ३ | ब्यासी औद्योगिक क्षेत्रमा सांस्कृतिक प्रदर्शनी केन्द्र भवन निर्माण कार्य | २ | नपा | | मिति २०७८ असार मसान्तसम्म म्याद थप | | | | | |
| ४ | मधिकर्मी छेँ संरक्षण कार्य योजना | ३ | नपा | | मिति २०७७ चैत्र मसान्तसम्म म्याद थप | | | | | |
| ५ | गय:भिंद्यो पुल परिसर बाटोमा ढलान तथा रिटेनिंग वाल निर्माण कार्य | ७ | समपूरक | | मिति २०७७ मंसिर मसान्तसम्म म्याद थप | | | | | |
| **भुक्तानी सम्बन्धमा** | | | | | | | | | | |
| १ | ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउद्देश्यीय भवनमा फिनिसिंग कार्य गर्न आवश्यक कोटा स्टोन | ९ | नपा | | हारती माता कन्स्ट्रक्सनलाई रू. २,६८,९१९।६६ | | | | | |
| २ | ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउद्देश्यीय भवनमा फिनिसिंग कार्य गर्न आवश्यक बालुवा खरिद | ९ | नपा | | शुलोक ट्रेडिङ कम्पनीलाई रू.१,९१,६०९।०० | | | | | |
| ३ | ब्रम्हायणी बसपार्क निर्माणाधीन बहुउद्देश्यीय भवनमा फिनिसिङ कार्य गर्न आवश्यक सिमेन्ट खरिद | ९ | नपा | | सिरूवा कन्स्ट्रक्सन कम्पनीलाई रू.९२,,५४७।०० | | | | | |
| **अन्य** | | | | | | | | | | |
| १ | भ.न.पा को लिफ्टको मर्मत कार्य | २ | | | धरौटी रू.१,२७,१२५।०० फिर्ता | | | सम्पन्न | ग्लोबल अल्फा टेक सर्भिस | |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियोः

क) भक्तपुर नगरपालिकाको चालु आ.व ०७७।७८ को २०७७ श्रावण महिनाको यथार्थ आय व्ययको विवरण बारे **जानकारी** गराइयो ।

ख) आ.व. २०७७।७८ मा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित देको मिबा ईतापाके जग्गा एकीकरण आयोजना सञ्चालनका लागि रु. २५ करोड बजेट विनियोजन गरिएकोमा उक्त रकम नगरपालिकाको तर्फबाट विभिन्न सङ्घ संस्थाबाट ऋण प्राप्त गरी आयोजनाको कार्यालयलाई प्रदान गर्ने भनी २०७७।०४।२६ गते बसेको कार्यपालिका बैठकबाट निर्णय भए अनुरूप, ख्वप माध्यामिक विद्यालयबाट रु. १ करोड रूपैयाँ ऋण माग गरी प्राप्त भएको रकम देको मिबा ईतापाके जग्गा एकीकरण आयोजनालाई **ऋण उपलब्ध गराइएको** बैठकमा जानकारी गराइयो ।

ग) भक्तपुर नगरपालिकाद्वारा सञ्चालित बा २ च ९८०८ को गाडी मर्मत गर्दाको रु.१४६३३।५०, बा.१ भ ८७४८ नं. गाडी मर्मत गर्दाको रु २०३४०।–, नपाको फोहर सङ्कलन गर्ने बा १ भ ८७५१ को गाडी मर्मत खर्च रु ९६३४३।४० र भक्तपुर नगरपालिकाबाट सञ्चालित बा ३ च ७१४९ को एम्बुलेन्स गाडी मर्मत गर्दाको रु. ७५,५९७।– गरी कूल रु. २०६९१४।३ अजिमा अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

घ) भक्तपुर नगरपालिकाको फोहोर सङ्कलन गर्ने को १ च १६७१ को तिन पाङ्ग्रे मोटर साइकल मर्मत गर्दाको रु.११,९५०।–, बा ३४ प ८८३३ को मोटरसाइकल मर्मत गर्दाको रु.१२,३५०।–, बा २ प ३८५८ को मोटरसाइकल मर्मत खर्च रु.३,५००।– गरी कूल रु.२७,८००।– लक्ष्मी अटो वर्कशपलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ङ) भक्तपुर नगरपालिकाका फोहोर सङ्कलन गर्ने ट्राइसाइकल को १ स १६७९ को एम्पीयर मर्मत गर्दाको रु. २,२००।– बास नेशनल साउण्ड सिस्टमलाई **भुक्तानी** दिने निर्णय गरियो ।

च) भक्तपुर नगरपालिका कार्यालयको फोहर सङ्कलन गर्ने को १ स १६७७ को ट्राईसाइकल मर्मत गर्दाको खर्च रु ४,३१८।– श्री कृष्ण त्वंजुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

छ) नपाको बा १ क ८१५६ गाडी मर्मत गरेवापतको ज्याला रु.३,५००।– निर्भिक मोटर पार्टस्लाई **भुक्तानी** दिने निर्णय गरियो ।

ज) भक्तपुर नगरपालिकाको फोहोर सङ्कलन गर्ने बा ३ च ८७७ को मर्मत गर्दाको खर्च रु.१७,८५०।– टि.एस. काली एण्ड सप्लायर्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

झ) भक्तपुर नगरपालिका कार्यालयको प्रेसका पार्टपुर्जा मर्मत गरेवापतको खर्च रु.११,४४१।२५ न्यु.भि.एस. ईन्टरप्राईजेजलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ञ) मिति २०७७।४।२६ गते सोमबार नगर कार्यपालिकाको बोर्ड बैठक बस्दाको नास्ता खर्च रु.६,७८०।– सूर्यविनायक पार्टी भेनुलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ट) नपामा विभिन्न मितिमा बैठक बस्दाको खाजा उपलब्ध गराए वापत रु. २९,३९५।– दिब्य स्विट्सलाई **भुक्तानी** दिने निर्णय गरियो ।

ठ. वडा नं ५ का वडाअध्यक्ष श्री प्रेमगोपाल कर्माचार्यले २०७६ मा कक्षा ८ को परीक्षा सञ्चालन गर्न रु. ८,००,०००।– पेश्की लिएकोमा करसहित रु.८,६२,८५३।– भएको खर्च सर्मथन गरी निजको नाममा रहेको **पेश्की फछ्र्यौट** गर्ने निर्णय गरियो ।

## छपाइ बोलपत्र

भक्तपुर नगरपालिका कार्यालयको चालु आ.व. ०७७/०७८ को लागि अफसेट प्रेस (छपाइ) कार्यका लागि कानून बमोजिम प्रतिस्पर्धाको आधारमा सबैभन्दा कम रकम अङ्क कबोल गर्ने सिलबन्दी दरभाउ पत्रमा केजी हिमाल इन्टरप्राइजेज, काठमाण्डौको दर भाउ पत्रमा उल्लेखित रकम रु.१६,७०,९२५।– (मु.अ.क.बाहेक) लाई स्वीकृत गर्ने भनी बोलपत्र मूल्याङ्कन समितिको सिफारिस बमोजिम स्वीकृति गरिएकोमा सोको अनुमोदन गरियो ।

## सफ्टवेयर दरभाउपत्र

यस नगरपालिकाको शाखा/उपशाखा तथा वडा कार्यालयहरूमा प्रयोग भइरहेको राजस्व सम्बन्धी सफ्टवेयरहरूलाई हालको डेस्कटप (अफ लाइन) वेसबाट वेभवेस (अनलाइनमा) परिणत गरी घर घरैबाट कर भुक्तानी गर्न मिल्ने योग्य बनाउने प्रयोजन समेतका लागि यस नगरपालिकामा सूचिकृत इन्टरनेट तथा सफ्टवेयर सेवा प्रदायकहरूबाट प्रस्ताव गरिएकोमा सबैभन्दा कम रकमको रु. ३,०९,५००।– (मु.अ.क.बाहेक) पेश गर्ने दरभाउ पत्र दाता श्री सांग्रीला इन्फामेटिम्स प्रा.लि., ज्ञानेश्वर काठमाण्डैको दरभाउपत्र स्वीकृत गरिएकोमा सो को अनुमोदन गरियो ।

## माछा बिक्री

यस नगरपालिकामा रहेका न:पुखु, सिद्धपोखरीलगायतका पोखरीहरूमा रहेका माछा बिक्रीका लागि सिलबन्दी दरभाउ पत्र माग गरी प्रतिस्पर्धाका आधारमा ➲

# परीक्षा सञ्चालनबारे अनलाइन अभिमुखीकरण

पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालयले मिति २०७७ असोज १५ गतेदेखि सञ्चालन हुने वैकल्पिक विधिबाट हुने स्नातक/स्नातकोत्तर तहको नियमित परीक्षा सञ्चालनबारे असोज १३ गते ख्वप इन्जिनियरिङ कलेजका प्राध्यापक र कर्मचारीहरूबीच अनलाइन अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।

ख्वप इन्जिनियरिङ कलेजको आयोजनामा भएको अभिमुखीकरण कार्यक्रममा कलेज व्यवस्थापन समितिका अध्यक्ष एवम् भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कोभिड १९ को कारण बन्द शिक्षण संस्था खुल्ने अवस्था नरहेको हुँदा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले अनलाइन कक्षा नियमित रूपमा सञ्चालन गरिरहेको र विद्यार्थीहरूले घरबाटै शिक्षा हासिल गरिरहेको बताउनुभयो ।

अनलाइन परीक्षाको समयमा हुने प्राविधिक समस्याको वैकल्पिक उपाय अवलम्बन गर्दै परीक्षा सञ्चालन गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले विद्यार्थीहरूको शैक्षिक विकासको निम्ति कलेज प्रशासन, व्यवस्थापन समिति र शिक्षक-कर्मचारीहरूले इमानदारीपूर्वक काम गर्नुपर्छ भन्नुभयो ।

सङ्क्रमणको विषम् परिस्थितिमा कलेजमा कार्यरत कर्मचारी तथा शिक्षकहरूले जिम्मेवारीपूर्वक काम गर्न प्रेरित गर्नुहुँदै नगर प्रमुख प्रजापतिले नेपाल सरकारको मापदण्डअनुसार नगरबासी सङ्क्रमितहरूलाई लक्षित गरी भक्तपुर नगरपालिकाले व्यवस्थित र सुविधायुक्त आइसोलेसन केन्द्रको स्थापना गरेको बताउनुभयो ।

'सारा जनप्रतिनिधिहरू कोरोनाबारे सक्रिय भएर लाग्नुपर्नेबेला सबै स्थानीय तहलाई शिक्षाको जिम्मेवारी दिइएको छ ।' उहाँले भन्नुभयो – 'कति सफल हुन्छ वा हुँदैन त्यो हेर्न बाँकी नै छ तर ढिलै भए पनि यसलाई सकारात्मक रूपमा लिइएको छ ।'

कार्यक्रममा भक्तपुर नपाका उपप्रमुख एवम् कलेज व्यवस्थापन समितिका उपाध्यक्ष भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमार्फत नगर क्षेत्रका र देशभरिका विद्यार्थीहरूको लागि प्रविधिमैत्री शिक्षा प्रदान गर्न अनुसन्धानात्मक शिक्षामा जोड दिँदै आइरहेको बताउनुभयो । उहाँले कोभिड १९ का कारण शैक्षिक क्षेत्रमा परेको असरले गर्दा वैकल्पिक शिक्षा अवलम्बन गर्नु आजको आवश्यकता रहेको बताउनुभयो ।

कार्यक्रममा ख्वप इन्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, उपप्राचार्य रबिन्द्र फाँजुलगायतले बोल्नुभएको थियो ।

साथै कलेजका विभागीय प्रमुखहरूले लकडाउनको समयमा विभागले सञ्चालन गरेको शैक्षिक गतिविधि, अनलाइन कक्षा र परीक्षा विधिबारे जानकरी दिनुभएको थियो ।

---

➲ सबैभन्दा कम श्री मितेश नन्दन मिश्र, का.म.न.पा. ३२, काठमाण्डौले प्रति कि.ग्रा. रु.२५०।- को दर कबोल गरेको हुँदा उक्त दरभाउलाई स्वीकृत गर्ने र कोरोना भाइरसको सङ्क्रमणबारे श्रृजित निषेधाज्ञाको समयावधि खुला भएपछि निजसँग सम्झौता गरी कार्यादेश प्रदान गर्ने निर्णय गरियो ।

## प्रमाणित दस्तुर

भक्तपुर नगर क्षेत्रभित्र रहेका बालुवा, गिट्टी, ढुङ्गा आदिका डिपोहरूको बिक्री विलमा छाप लगाइ प्रमाणित गर्दा हाल व्यवसाय दर्ता तथा नवीकरण शुल्कमात्र लिई प्रमाणित गर्ने गरिएकोमा आगामी नगरसभाको बैठकबाट अनुमोदन गर्ने गरी मिति २०७७।६।११ गतेदेखि लागू हुने गरी प्रति बिल प्रमाणितमा रु.५०।- (पचास)का दरले दस्तुर समेत लिने निर्णय गरियो ।

## जिम्मेवारी दिने

यस नगरपालिकाद्धारा सञ्चालित तुमचो दुगुरे चोखा जग्गा एकीकरण आयोजनाको म्याद समाप्त भए पनि आयोजना अन्तर्गत केही प्राविधिक तथा जग्गा प्रशासनसँग सम्बन्धित कार्य अगाडि बढाउन आवश्यक भएकोले उक्त आयोजनाका पूर्व प्रमुख ई. ओमहरि था श्रेष्ठ, ओ.सी दयाप्रसाद न्याईच्याई र जिन्सी सहायक दिलकृष्ण माकलाई जिम्मेवारी दिने निर्णय गरियो ।

## शोकप्रस्ताव

भक्तपुर नगरपालिका वडा नं. ६ का वडाअध्यक्ष डा. श्री हरिराम सुवालको ममतामयी आमा श्री विष्णु सुवालको मिति २०७७।५।२५ गतेका दिन ७५ वर्षको उमेरमा भएको असामयिक निधनले सिङ्गो नगरपालिका परिवारलाई स्तब्ध र दुखित तुल्याएको छ । यस दुःखद घडीमा दिवंगतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्ने गरी यो शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

# बजारमा बिक्ने होइन देश र जनताप्रति समर्पित जनशक्ति तयार गर्नु आवश्यक



का.नारायणमान बिजुक्छेँ (रोहित)

*'कम शुल्कमा पढाउँदैमा र संस्था पुरानो हुँदैमा राम्रो हुने होइन । संस्थाको दक्षता राम्रो हुन व्यवस्थापकीय पक्ष राम्रो हुनुपर्छ, अनुशासित हुनुपर्छ ।'*

उक्त कुरा नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) को प्रमुख आतिथ्यमा भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप माध्यमिक विद्यालय तथा शारदा क्याम्पसमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको असोज १० गते आयोजित मार्गनिर्देशन कार्यक्रम जूम (अनलाइन) मा बताउनु भएको हो ।

कार्यक्रममा अध्यक्ष बिजुक्छेँले शैक्षिक संस्थामा कार्यरत शिक्षक तथा कर्मचारीहरू संस्कारयुक्त हुनुपर्ने आवश्यकता औँल्याउनुहुँदै शैक्षिक र प्रशासनिक दक्षताको लागि विद्यालय व्यस्थापनले अझ मिहिनेत गर्नुपर्ने सुझाव दिनुभयो ।

प्राज्ञिक क्षेत्रलाई बजारजस्तो बनाउन नहुने धारणा राख्नुहुँदै अध्यक्ष बिजुक्छेँले भन्नुभयो, 'बजारमा बिक्ने जनशक्ति तयार गर्नेभन्दा नि:स्वार्थरूपले देश र जनताप्रति समर्पित नागरिक तयार गर्नेतर्फ शिक्षकहरूले ध्यान दिनु आवश्यक छ । विद्यार्थीको बानी–व्यहोरा र विद्यार्थीमा नागरिक भावनाको विकास गराउन शिक्षक कर्मचारीहरूले मिहिनेत गर्नैपर्छ ।'

बहुसङ्ख्यक जनतामा राजनैतिक संस्कार विकास नभएसम्म आमूल परिवर्तन सम्भव नहुने र आदर्श समाज निर्माणको लागि एक ऐतिहासिक युग लाग्नसक्नेतर्फ सचेत गराउनुहुँदै अध्यक्ष बिजुक्छेँले समाज परिवर्तनमा लाग्नेहरू विचलित नभई इतिहासबाट पाठ सिकी निरन्तर अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

इतिहास, भूगोल र राजनीतिशास्त्रजस्तो देशको सार्वभौमिकता र भूअखण्डतासँग सम्बन्धित विषयमा उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरू कम हुँदै जानु चिन्ताको विषय भएको उल्लेख गर्नुहुँदै उहाँले ती विषयहरूमा छात्रवृत्ति दिएर भएपनि विद्यार्थीलाई आकर्षित गर्नुपर्ने सुझाव दिनुभयो ।

विश्वविद्यालय, सीटीईभीटीका प्रमुख व्यक्ति र राज्यका प्रमुख प्रशासकहरूमा अझ पनि जातिविरोधी दृष्टिकोण रहेको र त्यस्ता जातिवादी व्यक्तिहरू रहेसम्म विश्वविद्यालयको शैक्षिक स्तर नसुध्रिने उहाँले स्पष्ट पार्नुभयो ।

नगर राज्यहरूले विश्वविद्यालय स्थापना गरेको इतिहास रहेको उदाहरण दिनुहुँदै अध्यक्ष बिजुक्छेँले विश्वविद्यालय सञ्चालन गर्न सक्षम भक्तपुर नगरपालिकालाई ख्वप विश्वविद्यालय सञ्चालन गर्न स्वीकृति दिनुपर्ने बताउनुभयो । संरा अमेरिकी इतिहासमा ट्रम्प एक नकारात्मक राष्ट्रपति भएको उहाँले स्पष्ट पार्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख एवम् विद्यालय⁄ कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले कोभिड–१९ को प्रतिकूलताबीच भनपाद्वारा सञ्चालित विद्यालय⁄ कलेजहरूमा नियमित पठन–पाठन हुनु सकारात्मक पक्ष रहेको बताउनुभयो ।

भक्तपुरलाई ज्ञान विज्ञानको केन्द्र बनाउने उद्देश्य लिई भक्तपुरका जनप्रतिनिधि र स्थानीयवासीले स्थापना गरेको यस विद्यालयको उद्देश्य पूरा गर्न शिक्षक तथा कर्मचारीहरूले नि:स्वार्थपूर्वक सहयोग गर्ने अपेक्षा गर्नुहुँदै उहाँले भन्नुभयो, 'नपाद्वारा सञ्चालित शैक्षिक संस्थाहरूको गुणस्तर राम्रो हुनुमा शिक्षक–कर्मचारीहरूको मिहिनेत र व्यवस्थापनको सफल नेतृत्व हो । विद्यालय र विद्यार्थीको भविष्य शिक्षकहरूको हातमा रहने हुँदा शिक्षकहरूले अझ मिहिनेत गर्नु आवश्यक छ ।'

'देश सङ्घीयतामा गएपनि शासक पार्टीहरूमा केन्द्रीकृत मानसिकता अझ कायम छ । संविधान तथा कानुनमा स्थानीय निकायको अधिकार क्षेत्र स्पष्ट व्यवस्था भएपनि केन्द्र सरकारले ती अधिकार दिन आनाकानी गर्नु संविधान र कानुनविपरीत हो', प्रमुख प्रजापतिले भन्नुभयो ।

कोभिड–१९ नियन्त्रणको लागि सम्भव भएसम्म प्रयास गरिरहेको चर्चा गर्नुहुँदै प्रमुख प्रजापतिले भनपाले असोज १० गतेबाट छुट्टै आइसोलेसन कक्ष सञ्चालन गरिसकेको जानकारी दिनुभयो ।

विद्यालयका प्राचार्य प्रकाशकुमार श्रेष्ठले नयाँ शैक्षिक वर्षको कार्यक्रमबारे जानकारी दिनुहुँदै संस्था सफल बनाउन समूहगतरूपमा कार्य गर्ने पद्धतिको आवश्यकताबारे औँल्याउनुभयो ।

कार्यक्रममा विद्यालयका उपप्राचार्यद्वय लक्ष्मीप्रसाद कर्माचार्य र विष्णुप्रसाद किसीले पनि बोल्नुभएको थियो ।

ख्वप माविमा कक्षा ११ मा भर्ना भएका विद्यार्थीहरूको नियमित पढाइ अनलाइनमार्फत असोज ११ गतेबाट हुने विद्यालय प्रशासनले जानकारी गराएको छ ।

# अनलाइन कक्षा सञ्चालन र शुल्क सम्बन्धमा नगर शिक्षा समिति भक्तपुरका निर्णयहरू

भक्तपुर नगरपालिकाका प्रमुख एवम् नगर शिक्षा समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर शिक्षा समितिको बैठक असोज १४ गते बस्यो। बैठकले विद्यालय सञ्चालन, संस्थागत विद्यालयको शुल्क र अन्य विविध विषयमा केही महत्त्वपूर्ण निर्णय गरेको छ।



सामुदायिक विद्यालयका प्रतिनिधिहरू

नगर शिक्षा समितिको बैठकले सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरूलाई भौतिक उपस्थिति नगरी विद्यार्थी वर्गीकरणअनुसार अनलाइन माध्यमबाट नै पठनपाठनलाई निरन्तरता दिने र आगामी मंसिर महिनामा हुने प्रथम त्रैमासिक परीक्षाका लागि तयारी गराउने निर्णय गर्‍यो।

पाठ्यक्रम विकास केन्द्रले तयार गरेको संशोधित पाठ्यक्रमअनुसारको पाठ्यवस्तु समायोजन कार्यढाँचा, २०७७ अनुसारका विषयवस्तु र क्षेत्रमा आधारित रहेर विद्यालयले विद्यार्थी सिकाइ सहजीकरण गर्ने व्यवस्था गर्ने निर्णय गर्‍यो।

विद्यार्थी सिकाइ सहजीकरण प्रभावकारी बनाउन विद्यालयमा शिक्षक अनिवार्यमा रूपमा उपस्थित भई सिकाइ सम्बद्ध क्रियाकलापमा सहभागी हुने, सबै प्रकारका विद्यालयहरूले अनलाइन प्रविधिमा आधारित रहेर सिकाइ सहजीकरण गर्दा प्रत्येक दिन विद्यार्थीको उपस्थितिको अनलाइन हाजिरीको अभिलेख राखिनुपर्ने निर्णय उक्त बैठकले गरेको छ।

संस्थागत विद्यालयको शुल्कको सम्बन्धमा विभिन्न सरोकारवालाहरूसँगको छलफल, परामर्श तथा बैठकबाट प्राप्त सुझावअनुसार नगर क्षेत्रमा सञ्चालित अनलाइन कक्षा सञ्चालन गर्ने विद्यालयहरूको हकमा संस्थागत विद्यालयहरूले २०७७ वैशाख, जेठ र असार महिनाका मासिक पढाइ शुल्क मिनाहा गर्ने र यदि कुनै विद्यालयले उक्त महिनाको शुल्क लिइसकेको भएमा पछिल्लो महिनाको शुल्कमा समायोजन गरिदिने निर्णय गर्‍यो।

बैठकले २०७७ साल साउन र भदौ महिनाको मासिक पढाइ शुल्कको बढीमा ५० प्रतिशत शुल्क लिन पाउने, असोज महिनादेखि हरेक कक्षामा मासिक पढाइ शुल्कको बढीमा ७५ प्रतिशतमात्र शुल्कमात्र लिने र सबै प्रकारका विद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गर्दा हरेक दिन आधारभूत तहको कक्षा १-५ मा कम्तीमा २ पिरीयड, कक्षा ६-८ मा कम्तीमा ३ पिरीयड तथा माध्यमिक तहको कक्षा ९-१२ मा कम्तीमा ४ पिरीयड पठनपाठनको व्यवस्था मिलाउनुपर्ने निर्णय गर्‍यो। भक्तपुर नगरपालिकाको तर्फबाट **'ख्वपको पहिचान'** नामक स्थानीय पाठ्यक्रमको भर्चुअल कक्षा सञ्चालन गर्ने तयारी प्रक्रिया अघि बढाउने निर्णय पनि गरेको छ।

साथै हरेक कक्षा र तहका विषय शिक्षकले विद्यार्थीको सिकाइ अवस्थाका बारेमा महिनाको कम्तीमा एकपटक



संस्थागत विद्यालयका प्रतिनिधिहरू

अभिभावकसँग परामर्श गरेर विवरणसहित त्यसको मासिक रिपोर्ट प्रधानाध्यापकलाई बुझाउनुपर्ने र प्रधानाध्यापकले समग्र विद्यालयको रिपोर्ट एकीकृत गरी नगरपालिकाको शिक्षा शाखामा मासिक बुझाउनुपर्ने निर्णय सो बैठकले गरेको छ।

यसअघि नगरपालिकाले सामुदायिक र संस्थागत विद्यालयका प्रतिनिधिहरूसँग अलग अलग छलफल गरी विद्यालय सुधारु गर्न र शुल्क निर्धारण सम्बन्धमा सुझाव लिएको थियो।

# विश्व पर्यटन दिवसको अवसरमा 'सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार' सचित्र पुस्तक विमोचन

नेपाल मजदुर किसान पार्टीका सचिव एवम् सङ्घीय सांसद प्रेम सुवालले ४१ औं विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नगरपालिकाबाट प्रकाशित **'सम्पदा पुनःनिर्माण तथा




सांसद प्रेम सुवाल

जीर्णोद्धार'** नामक सचित्र पुस्तकको विमोचन अनलाइन (जुम) मार्फत असोज ११ गते गर्नुभयो । पुस्तकमा २०७२ सालको भूकम्पबाट भत्केका र क्षति पुगेका सम्पदाहरूको सङ्क्षिप्त विवरणसहित नगरपालिकाले हालसम्म सम्पन्न गरेका र निर्माणाधीन सम्पदाहरूको विवरण समेटिएको छ ।

विश्व पर्यटन दिवसको अवसरमा भक्तपुर नगरपालिकाद्वारा आयोजित कार्यक्रममा बोल्नुहुँदै सांसद सुवालले बन्दाबन्दीका कारण यस वर्षको पर्यटन दिवसमा कुनै रौनक नदेखिएको बताउनुभयो । कोभिड १९ सङ्क्रमणको खतरा बढेसँगै बाह्य पर्यटनमा परेको असरका कारण देशको अर्थतन्त्र खस्कँदै गएको हुँदा आन्तरिक पर्यटनलाई नै जोड दिएर अगाडि बढ्नुपर्ने उहाँले बताउनुभयो ।

चिनियाँ जनताको आर्थिक स्तर र क्रयशक्ति बलियो भएका कारण चीनको आन्तरिक पर्यटन व्यवस्थित ढङ्गले चलिरहेको छ भन्नुहुँदै सांसद सुवालले आन्तरिक पर्यटन प्रवर्द्धनको लागि देशको सन्तुलित विकासको पनि खाँचो रहेको औंल्याउनुभयो ।

सरकारले हप्तामा दुईदिन बिदा दिई कर्मचारीहरूलाई घुमघामको लागि पठाउन ल्याइएको प्रस्ताव नेपालको लागि उपयुक्त नहुने बताउनुहुँदै सांसद सुवालले जनताको क्रयशक्ति नबढेसम्म सरकारले कर्मचारीहरुलाई हप्तामा दुई दिन बिदा



प्रमुख सुनिल प्रजापति

दिएर आन्तरिक पर्यटनको विकास सम्भव नहुने बताउनुभयो ।

नेपालको ठाउँ ठाउँमा भएका पोखरी, मन्दिर, पाटी–पौवाहरूलाई आन्तरिक पर्यटक प्रवर्द्धनको लागि उपयोग गर्न सकिने धारणा व्यक्त गर्नुहुँदै उहाँले छिमेकी देश भारतसँगको खुल्लासीमा बन्द गरी आन्तरिक पर्यटनमै जोड दिनुको विकल्प नरहेको बताउनुभयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले आन्तरिक तथा बाह्य पर्यटकलाई लक्षित गरी नपाको आयोजनामा हुन लागेको भक्तपुर महोत्सव कोभिड १९ का कारण अन्तिम चरणमा स्थगित गर्नुपरेको बताउनुभयो ।

कर्मचारी र जनप्रतिनिधिले जस्तोसुकै प्रतिकूलतालाई अनुकूलतामा ढालेर निरन्तर जनताको सेवामा समर्पित हुनुपर्ने बताउनुहुँदै उहाँले महामारीबीच पनि पर्यटन विकासको पूर्वाधार निर्माणमा जोड दिनुपर्ने बताउनुभयो ।

भक्तपुर नगरको सङ्क्षिप्त परिचयसहित नपाले गरेको पुन:निर्माण र जीर्णोद्धार सम्पन्न सम्पदाको विवरणसहित २३० पृष्ठको सचित्र पुस्तक प्रकाशनमा ल्याएको बताउनुहुँदै उहाँले बन्दाबन्दीको समयमा पनि नपाले सम्पदा जीर्णोद्धारलाई प्राथमिकतामा राखी अगाडि बढाइरहेको बताउनुभयो ।

भक्तपुर नपाका उपप्रमुख रजनी जोशीले पर्यटन व्यवसायबाट उठ्ने शुल्कबाट भक्तपुर नपाले यहाँको शिक्षा, स्वास्थ्य, संस्कृतिलगायतका क्षेत्र उकास्न लगानी गर्दै आइरहेको बताउनुहुँदै पर्यटन प्रवर्द्धनको लागि भौतिक एवम् सांस्कृतिक सम्पदाहरूलाई जीवित बनाइराख्नुपर्ने बताउनुभयो ।

भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष एवम् वातावरण तथा पर्यटन समितिका संयोजक रबिन्द्र ज्याख्वले कोभिड १९ का कारण विश्वकै पर्यटनको विकास र गतिविधिमा नकारात्मक अवरोध परिरहेको बताउनुभयो । उहाँले पर्यटन क्षेत्रलाई दिगो रूपमा अगाडि बढाउन आगामी दिनहरूमा वैकल्पिक उपायहरू अवलम्बन गर्नु आवश्यक रहेको बताउनुभयो ।

भक्तपुर नपाका प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठले कोभिड सङ्क्रमणको जोखिमका कारण सबैले अनलाइन कार्यक्रममार्फत विश्व पर्यटन दिवस मनाइरहेको उल्लेख गर्नुहुँदै भक्तपुरको ऐतिहासिक सम्पदा समेटिएको पुस्तक प्रकाशन सराहनीय कार्य भएको बताउनुभयो ।

पर्यटक सेवा केन्द्र तथा सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लासिवाले 'कोभिड १९ र पर्यटनमा असर' विषयक आफ्नो प्रस्तुतीकरण देखाउनुभएको थियो । नेपालको पर्यटनमा कोभिड १९ को असर र असर न्युनीकरणका उपायहरूबारे उहाँले प्रष्ट पार्नुभयो ।

कार्यक्रममा ख्वप कलेजका उपप्राध्यापक सुनिल सुवाल, भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष रामसुन्दर भेले, भक्तपुर नगरपालिकाका कर्मचारीहरू ओमप्रसाद धौभडेल र रिना प्रजापतिले पनि बोल्नुभएको थियो ।

पर्यटन दिवसकै अवसरमा भक्तपुरको दरबार क्षेत्रमा असोज ११ गते बिहान भक्तपुरको दरबार क्षेत्रमा सरसफाइ कार्यक्रमको आयोजना भयो ।

कार्यक्रममा वडाध्यक्ष रबिन्द्र ज्याख्व र सूचना केन्द्रका प्रमुख गौतमप्रसाद लसिवाले पर्यटन दिवसको सान्दर्भिकताबारे आ-आफ्नो विचार व्यक्त गर्नुभयो भने भक्तपुर नगरका मुख्य सडक, चोक र तरकारी बजारमा क्लोरिन छर्किने कार्य भयो ।

सार्वजनिक गरिएको सचित्र पुस्तकमा भक्तपुर नपाले हालसम्म १०३ वटा सम्पदा सम्पन्न गरेको, त्यसको लागि रु. २४ करोड २३ लाख ९ हजार खर्च भएको तथा ३४ वटा निर्माणाधीन सम्पदाको लागि ७ करोड ५४ लाख ९९ हजार खर्च भएको विवरण उल्लेख छ । सम्भव भए जति सम्पदाहरूको पुरानो फोटो, निर्माणाधीन र सम्पन्न भएपछिको फोटो पनि पुस्तकमा राखिएको छ । प्रत्येक सम्पदाको सङ्क्षिप्त विवरणसहित खर्च विवरण पनि पुस्तकमा उल्लेख गरिएको छ । पुस्तक सम्पदा र संस्कृति अध्ययन गर्नेहरुको लागि उपयोगी हुने विश्वास लिइएको छ ।

**अज्ञानीहरू रोगदेखि डराउँछन्**
**मूर्खहरू रोगलाई बेवास्ता गर्छन्**
**बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्**
**सफा गर्ने बानी बसालौं**
**रोगदेखि टाढा बसौं ।**

## बासिबियाँलो



बाघ देख्नुभयो होला । THE HIDDEN TIGER पनि देख्नुभयो ?

(उत्तर ८२ पृष्ठमा)

# नगर प्रमुख प्रजापतिलाई संयुक्त परीक्षा समितिको ध्यानाकर्षण पत्र

भक्तपुटर नगटरपालिकाका प्रमुख सुनिल प्रजापतिलाई संयुक्त पटरीक्षा समिति भक्तपुटरका अध्यक्ष अम्बिका न्याइच्याइँले असोज ८ गते ध्यानाकर्षण पत्र बुझाउनुभयो ।

विश्वव्यापी महामाटरीको रूपमा फैलिटरहेको कोभिड १९ का काटरण शिक्षा क्षेत्रमा पटरेको असटरले गर्दा लामो समयदेखि ठप्प टरहेको विद्यालयको पठनपाठनलाई सहज ढङ्गले अगाडि बढाउन समितिले ७ वटा बुँदासहितको ध्यानाकर्षण पत्र हस्तान्तटरण गटरेको हो ।



ध्यानाकर्षण पत्र बुझ्दै प्रमुख प्रजापतिले शिक्षण संस्था नियमित सञ्चालनप्रति नगटरपालिका गम्भीटर भएको टर सहजताको लागि शिक्षक प्रतिनिधिहरूसँग छलफल गटिर टरहेको जानकाटरी दिनुभयो ।

नगटरपालिकाले शिक्षालाई पहिलो प्राथमिकतामा टरखेको बताउनुहुँदै असहज अवस्थामा पनि वैकल्पिक विधिद्वाटरा कक्षा सञ्चालन गर्नु सटराहनीय छ – उहाँले भन्नुभयो ।

ज्ञापन पत्रमा सामुदायिक विद्यालयमा कार्यटरत शिक्षकहरूलाई नगटरपालिकाले शिक्षक पटिरचय पत्रको व्यवस्थापन गटिरदिन, नगटरभित्रका प्रि–प्राइमटरी टर प्राथमिक विद्यार्थीहरूलाई वर्कसिट (गृहकार्य) बनाइ वितटरण गटिरदिन, अनलाइन कक्षाको लागि इन्टटरनेटको पहुँच पुऱ्याउन आवश्यक स्थानहरूमा निःशुल्क वाइफाइको व्यवस्था गटिरदिन, नेपाल सटरकाटरले लागू गटिरएको पाठ्यवस्तु समायोजनको विषयमा नगटरपालिकाले संयोजन गटिरदिन आग्रह गटिरएको छ ।

साथै स्वास्थ्य मापदण्ड टर भौतिक दूटरी कायम गटरी विद्यालय सञ्चालनको वातावटरण तयाटर गटिरदिन, कक्षा ८ को स्थानीय पाठ्यक्रम यथाशक्य चाँडै उपलब्ध गटरउन टर विद्यालयलाई स्वास्थ्य सामग्रीहरू जस्तै थर्मल गन, मास्क, स्यानिटाइजटर आदि उपलब्ध गटराउन संयुक्त पटरीक्षा समितिको ध्यानाकर्षण पत्रमा उल्लेख छ ।

ध्यानाकर्षण पत्रमा बन्दाबन्दीको समयमा भक्तपुटर नगटरपालिकाभित्र सञ्चालित सार्वजनिक माध्यमिक विद्यालयहरूले वार्षिक पटरीक्षाफल प्रकाशन, विद्यार्थीहरूलाई पाठ्यपुस्तक वितटरण, वर्कसिट वितटरण, शिक्षकहरूको लागि आईसीटी तालिम सञ्चालनलगायतका गतिविधिहरूलाई निटरन्तटरता दिइटरहेको पनि उल्लेख छ ।

## k|d'vaf6 /fgLkv'sf]lg/LIf0f

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिद्वारा भक्तपुर नपा वडा नं. १ स्थित भक्तपुरको ऐतिहासिक रानीपोखरीमा भइरहेको पुनःनिर्माण कार्यको असोज १२ गते स्थलगत निरीक्षण गर्नुभयो । निरीक्षणमा भक्तपुर नपाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ, १ नं. वडाध्यक्ष श्यामकृष्ण खत्री, भक्तपुर नपा सम्पदा शाखा प्रमुख ई. रामगोविन्द श्रेष्ठ र भक्तपुर नपाका प्रशासकीय अधिकृत दामोदर सुवाललगायतको उपस्थिति रहेको थियो ।





प्रमुख प्रजापतिलगायत निरीक्षणमा र पुनःनिर्मित रानी पोखरीको अवस्था

# आवश्यक सुविधासहित भक्तपुर नपाको आइसोलेसन केन्द्र सञ्चालन

कोरोना भाइरस (कोभिड १९) सङ्क्रमितको उपचारको लागि भक्तपुर नगरपालिकाद्वारा निर्मित भक्तपुर ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन आइसोलेसन (एकान्तबास) केन्द्र असोज १० गतेबाट सञ्चालनमा आएको छ ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा भक्तपुरका प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे, सूर्यविनायक ब्यारेक वीरदल गणका प्रमुख शिवप्रसाद पौडेल, भक्तपुर अस्पतालका मे.सु. डा. सुमित्रा गौतम, राष्ट्रिय अनुसन्धानका प्रमुख सुरेन्द्र कोइरालालगायतको टोलीले असोज ९ गते आइसोलेसन केन्द्रको निरीक्षण गर्नुभयो ।

भक्तपुर नगरपालिकामा कोरोना सङ्क्रमितहरूको सङ्ख्या बढेसँगै नगरपालिकाले ७५ शय्याको आइसोलेसन केन्द्र



सञ्चालनको तयारी गरेको हो । यस अघि सङ्क्रमितहरूलाई खरिपाटीस्थित विद्युत तालिम केन्द्र र भक्तपुर अस्पताल पठाउँदै आएकोमा सङ्क्रमण समुदायस्तरमा फैलिएसँगै जनतालाई सहज सेवा उपलब्ध गराउन नगरपालिकाले छुट्टै आइसोलेसनको आवश्यकता महसुस गरी तयारी थालेको हो ।

भक्तपुर नगरपालिकाले घरमा एकान्तबास सम्भव नभएका कोरोना सङ्क्रमितहरूलाई लक्षित गरी आइसोलेसन केन्द्रको निर्माण गरेको हो । नगरपालिकाले नेपाल सरकारको मापदण्डअनुरूप नै केन्द्र निर्माण गरेको छ ।

आइसोलेसन केन्द्रको माथिल्लो तलामा महिला कक्ष, दोस्रो तलामा पुरुष कक्ष, पहिलो तलामा जोखिम वर्गमा परेकाहरूजस्तै ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती बस्ने बन्दोबस्त गरिएको छ भने भुइँ तलामा प्रशासनिक, स्वास्थ्यकर्मी र सुरक्षाकर्मी बस्ने कक्ष रहेको छ । उक्त आइसोलेसन केन्द्रमा नगरपालिका स्वयम्ले आवश्यक जनशक्ति परिचालन तथा व्यवस्थापन पनि गरेको छ ।

आइसोलेसनमा बस्ने सङ्क्रमितहरूको लागि आवश्यक लुगाफाटा बाहेक सबै सुविधा नगरपालिकाबाट व्यवस्था गरिनेछ । प्रत्येक सङ्क्रमितको लागि अलगअलग पानी तताउने इलेक्ट्रिक जग, निःशुल्क वाइफाइ, मोबाइल चार्जको लागि छुट्टाछुट्टै एक्सटेन्सन वायर, म्युजिक सिस्टम र प्रत्येक तलामा पढ्नको लागि किताब, पत्रपत्रिकासहितको र्‍याक व्यवस्था गरिएको छ ।

आइसोलेसन केन्द्रमा हरेक दिन ३ जना नर्सले नियमित ड्युटीको व्यवस्था गर्नुका साथै प्रत्येक दिन बिहान १ र बेलुकी १ गरी दुईजना डाक्टरहरूले ड्युटी गर्नेछन् । केन्द्रमा प्रशासनिक, सरसफाइ र स्वास्थ्यकर्मी गरी १० जनाकर्मचारीहरू व्यवस्था गरिएको छ । सङ्क्रमितहरूलाई सूचना प्रवाहको लागि माइकिङ र अलगअलग फोनको व्यवस्था आइसोलेसन केन्द्रमा छ । साथै सङ्क्रमितहरूको लागि छुट्टै थर्मोमिटर, पल्स अक्सिमिटर र बीपी सेटको बन्दोबस्त रहेको छ भने दैनिक चार छाक खाना–खाजा खुवाइने व्यवस्था पनि गरिएको छ ।

भक्तपुरमा अहिले घरमा आइसोलेसनमा बसेकोमा परिवारै सङ्क्रमित देखिएको हुँदा होम आइसोलेसन व्यवहारिक नभएको ठहर गर्दै नगरपालिकाले छुट्टै आइसोलेसनको व्यवस्था गरेको हो । सङ्क्रमितहरूको निम्ति आवश्यक भएमा अक्सिजनको व्यवस्था पनि गरिएको छ । तर रोगका लक्षण नदेखिएका अथवा सामान्य लक्षण देखिएकाहरूलाई आइसोलेसन केन्द्रमा राखिने व्यवस्था गरेको छ । आइसोलेनमा बस्दा बस्दै बिरामीलाई अप्ठेरो महसुस भएको खण्डमा डाक्टरको सल्लाहमा नपाको डेडिकेटेड एम्बुलेन्समार्फत भक्तपुर अस्पतालमा उपचारको निम्ति पठाउने बन्दोबस्त गरिएको छ । त्यसको निम्ति आइसोलेसन केन्द्रमा अलग्ग एम्बुलेन्सको पनि व्यवस्था गरिएको छ । आइसोलेसन केन्द्रको प्रत्येक कोठामा सीसी क्यामेराबाट निगरानीको व्यवस्था पनि गरिएको छ ।

नगरपालिकाले त्यहाँ कार्यरत कर्मचारी र स्वास्थ्यकर्मीहरूको निम्ति सुरक्षाको व्यवस्था गरेको छ । आइसोलेसन केन्द्रमा सात दिनको ड्युटी सकिने बित्तिकै उनीहरूलाई एक हप्ताको लागि अलग क्वारेन्टाइनमा राखेर कोरोना परीक्षणपश्चात ड्युटीमा खटाउने व्यवस्था गरिएको छ । नगरबासी सङ्क्रमितलाई लक्षित गरी निर्माण गरिएको उक्त आइसोलेसन स्थापनामा त्यहाँका स्थानीयहरूको साथ र सहयोग रहेको छ ।

उक्त टोलीले भक्तपुर नपाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र, निर्माणाधीन ख्वप अस्पताल र श्वासप्रश्वास पुनःस्थापना केन्द्रको पनि स्थलगत निरीक्षण गरेको थियो ।

# ख्वपका नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत तथा अभिमुखीकरण

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि कक्षा ११ अध्ययनको लागि ख्वप माविमा शैक्षिक सत्र २०७७/७८ मा भर्ना भएका नवआगन्तुक विद्यार्थीहरूको जुम (अनलाइन) मार्फत् स्वागत तथा अभिमुखीकरण कार्यक्रम असोज ९ गते भयो ।

भक्तपुर नपाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले नवआगन्तुक विद्यार्थीहरूको प्रगति र सफलताको कामना गर्नुहुँदै कोरोना महामारीबीच पनि नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले वैकल्पिक शिक्षण पद्धतिलाई जोड दिंदै अनलाइन कक्षा सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुरका शैक्षिक संस्थाको ख्याति देशभरि उदाहरणीय रहेको यथार्थबारे व्याख्या गर्नुहुँदै उहाँले कलेजको अनुशासनमा बसी आफूले रोजेको विषयमा उच्च शिक्षा हासिल गर्न र देशको निम्ति आवश्यक क्षमतावान नागरिक बन्नको लागि प्रेरित गर्नुभयो ।



भक्तपुर नगरपालिकाले ख्वप विश्वविद्यालय सञ्चालनको निम्ति निरन्तर प्रयास गरिरहेको बताउनुहुँदै उहाँले ख्वप कलेजले उत्कृष्ट नतिजा हासिल गर्ने ढङ्गले विद्यार्थीहरूले पठनपाठनमा जोड दिनुपर्ने बताउनुभयो ।


आफ्नो अध्ययनलाई व्यवहारिक जीवनमा लागु गर्दै समाज र देशको लागि प्रयोग गर्दै आफ्नो कार्यक्षेत्रमा इमानदारीपूर्वक काम गर्नुपर्नेमा जोड दिनुहुँदै उहाँले परीक्षामा धेरै अङ्क प्राप्त गर्नुभन्दा आफूमा भएको सैद्धान्तिक र व्यवहारिक ज्ञान सफल ढङ्गले उपयोग गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

दक्ष जनशक्ति विदेशिंदा देश समृद्ध बन्न बाधक बनिरहेको भन्नुहुँदै प्रमुख प्रजापतिले क्षमता भएर पनि अध्ययनबाट बञ्चित भएका गरिब तथा जेहेनदार विद्यार्थीहरूको लागि सस्तोमा गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ नगरपालिकाले ख्वप कलेजहरू सञ्चालनमा ल्याएको बताउनुभयो ।

एनजीओ/आइएनजीओले यहाँका नागरिकलाई आफू अनुकुल काम गराएर विदेशीको हितमा काम गर्ने यथार्थबारे उहाँले प्रस्ट पार्नुभयो । ख्वप कलेजका प्राचार्य रूपक जोशीले व्यवस्थापन संकाय अध्ययनको महत्त्वबारे प्रष्ट पार्नुहुँदै विद्यार्थीहरूमा भएको आत्मविश्वास र मिहिनेतले कुनै पनि चुनौती सजिलै सामना गर्न सक्ने बताउनुभयो । स्रोतसाधन, समय र जोखिमको सही व्यवस्थापनबाट सफलता प्राप्त हुने बताउनुहुँदै उहाँले विद्यार्थीहरूले सूचना र प्रविधिको सही सदुपयोग गर्नुपर्ने र जुनसुकै विषय अध्ययन गरे पनि विज्ञता हासिल गर्ने सोचका साथ अगाडि बढ्न अभिप्रेरित गर्नुभयो ।

कार्यक्रममा ख्वप मावि र शारदा माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठले नवआगन्तुक विद्यार्थीहरूलाई स्वागत गर्नुहुँदै ख्वपले कोभिड १९ को महामारीबीच पनि अनलाइनबाट शैक्षिक गतिविधिहरू सञ्चालन गरिरहेको र नयाँ शैक्षिक सत्रका कक्षाहरू अनलाइनबाटै सुरु हुने बताउनुभयो ।

**एक अपाङ्ता भएका नगरवासी स्वस्फुर्त रूपमा कमलविनायक पोखरी डिलको घाँस उखेल्दै**



# ख्वपमा कानुन विषयको अध्ययन र महत्त्वबारे प्रवचन

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप मावि र शारदा कलेजको आयोजनामा कानुन विषय लिई उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीलाई लक्षित गरी **'कानुन विषयको अध्ययन र यसको महत्व'** विषयमा प्रवचन कार्यक्रम जुममार्फत असोज ८ गते सम्पन्न भयो ।



प्रमुख सुनिल प्रजापति

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख एवम् कलेज व्यवस्थापन समितिका अध्यक्ष सुनिल प्रजापतिले कानुन पढ्न चाहेका र कानुन पढिरहेका विद्यार्थीहरूले राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरूमा ज्ञान हासिल गरी समाज र देशको हितमा आफूले पढेको ज्ञान सही ढङ्गले प्रयोग गर्न मार्गनिर्देश गर्नुभयो ।

उहाँले सबै विषय अध्ययन गर्ने विद्यार्थीहरूको लागि कानुनको धेरै महत्व भएको बताउनुहुँदै सबै पेशामा पनि कानुनको महत्त्व उत्तिकै रहेको बताउनुभयो । उहाँले गलत बाटोमा लागेका व्यक्तिहरूलाई दण्ड सजायमार्फत् सही ठाउँमा ल्याउने काम पनि कानुनले गर्ने बताउनुहुँदै देशको पक्षमा बोल्ने क्षमतावान अधिवक्ताहरूको खाँचो रहेको औंल्याउनुभयो ।

शिक्षा क्षेत्रमा भक्तपुर नगरपालिकाको भूमिकाबारे प्रष्ट पार्नुहुँदै प्रमुख प्रजापतिले शिक्षालाई उच्च प्राथमिकतामा राखी नगरपालिकाले ६ वटा शिशुस्याहार र सातवटा शैक्षिक संस्थाहरू सञ्चालन गरी शिक्षाको माध्यमबाट समाजमा परिवर्तन ल्याउने उद्देश्यका साथ अगाडि बढिरहेको बताउनुभयो । नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले सस्तो र गुणस्तरीय शिक्षाको अवसर देशैभरिका विद्यार्थीहरूलाई प्रदान गरिरहेको बताउनुहुँदै ख्वप विश्वविद्यालय सञ्चालनको लागि आवश्यक तयारीमा जुटिरहेको बताउनुभयो ।

कार्यक्रममा **'कानुन शिक्षाको भविष्य र महत्व'** बारे प्रष्ट पार्नुहुँदै संविधानविद् अधिवक्ता डा. भिमार्जुन आचार्यले सबै विषय अध्ययन गर्ने विद्यार्थीहरूलाई कानुनको महत्त्व अपरिहार्य भएको बताउनुभयो । कानुन विषय समाजमा सम्मानित विषयको रूपमा परिचित भएको भन्नुहुँदै उहाँले एउटा व्यक्ति, संस्था र समाज सञ्चालनको लागि कानुनको धेरै ठूलो महत्त्व रहेको बताउनुभयो ।

कानुनका सबै विषय व्यवहारिक जीवनमा पनि लागु हुने र कानुन अध्ययनमा धेरै मिहिनेतको खाँचो भएको बताउनुहुँदै अधिवक्ता आचार्यले कानुनलाई समाजमा केही बद्मास व्यक्तिहरूले बद्नाम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा वरिष्ठ अधिवक्ता सबिता भण्डारीले कानुनको अज्ञानता क्षम्य नहुने बताउनुहुँदै कानुन सबैले पालना गर्नुपर्ने र कानुनको उल्लङ्घन गर्ने जोकोहीले पनि सजाय भोज्नुपर्ने यथार्थबारे प्रष्ट पार्नुभयो । राम्रो व्यक्तित्व बन्न, समाजलाई सही दिशामा दोऱ्याउन र संस्था सञ्चालनलगायतमा कानुनी शिक्षाको महत्त्व उल्लेखनीय रहेको बताउनुहुँदै अधिवक्ता भण्डारीले समाजमा कानुन मिचेर जाने अवस्थामा कानुन पढेका व्यक्तिहरूले सही कुराको पक्षमा आवाज उठाएका हुन्छन् ।

कार्यक्रममा ख्वप माविका प्राचार्य प्रकाशकुमार श्रेष्ठ र कानुन विषयका विभागीय प्रमुख अनिता जधारीले ख्वप कलेज स्थापनादेखि हालसम्मको कलेजको शैक्षिक स्थितिबारे प्रकाश पार्नुभयो । उहाँहरूले सामुदायिक संस्था बलियो भए गरिब तथा जेहेनदार विद्यार्थीले कम शुल्कमा गुणस्तरीय शिक्षा हासिल गर्न सम्भव हुने बताउनुभयो ।

कार्यक्रममा कानुन संकायका विद्यार्थी आयुषा थकुलवट र बबिन भट्टराईले ख्वप कलेजमा अध्ययन गर्दाको आफ्नो अनुभव सुनाउनुभयो ।

आफू बस्ने घर, चोक, टोल र नगर
हाम्रो लागि हामी आफै सफा गरौं ।
सफाइ गर्दा इज्जत घट्दैन
बरु सभ्य भइन्छ र
रोगबाट समेत मुक्त हुन्छ ।

# भक्तपुर नगरपालिकाबाट प्रकोप व्यवस्थापनमा एक करोड उनान्नसी लाख खर्च

विश्वव्यापी रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि भक्तपुर नगरपालिकाद्वारा स्थापित प्रकोप व्यवस्थापन कोषमा विभिन्न मिति र समयमा विभिन्न सङ्घ–संस्था तथा व्यक्तिहरूबाट आर्थिक तथा भौतिक सहयोग प्राप्त भएको छ ।

नगरपालिकाको प्रकोप व्यवस्थापन कोषअन्तर्गत कोरोना भाइरस नियन्त्रणको लागि आर्थिक वर्ष २०७६/७७ मा आयतर्फ रु. १,६०,७३,१८१।७९ (१ करोड साठी लाख त्रिहत्तर हजार एक सय एकासी रूपैयाँ) रहेको थियो भने जम्मा खर्च १,११,८९,२४१ (एक करोड ११ लाख उनानब्बे हजार २ सय एकचालिस रूपैयाँ) भएको थियो । बाँकी मौज्दात ४८,८३,९४०।७९ (अरचालीस लाख त्रियासी हजार ९ सय चालीस रूपैयाँ) रहेको छ ।

साथै भक्तपुर नगरपालिकाको प्रकोप व्यवस्थापन कोषको आर्थिक वर्ष २०७७/७८ मा भदौ २३ गतेसम्म कोरोना भाइरस रोकथाम तथा नियन्त्रणको लागि आयतर्फ गत आ.व. को मौज्दातसमेत गरी जम्मा रु. ४९,५३,०४०।७९ (उनान्पचास लाख त्रिपन्न हजार ४० रूपैयाँ) रहेको छ भने खर्चतर्फ ४,१८, ८५९ (चार लाख १८ हजार ८ सय ५९) रहेको छ । बाँकी मौज्दात रु. ४५,३४,१८२।७९ (पैंतालिस लाख चौतिस हजार एक सय बयासी) रहेको छ ।

जनस्वास्थ्य केन्द्रको तर्फबाट कोरोना रोकथाम र नियन्त्रणको लागि जम्मा रु. ६२,९१,९३२ (बैसठी लाख एकानब्बे हजार नौ सय बत्तीस) खर्च भएको छ ।

नगरपालिका र जनस्वास्थ्य केन्द्रसमेतबाट भदौ २३ गतेसम्म जम्मा १,७९,००,०३१।– (एक करोड उनान्नसी लाख एकतीस रूपैयाँ) खर्च भएको छ ।

लकडाउनको समयमा काम गर्ने स्वास्थ्यकर्मी, सफाइ कर्मचारीहरू तथा अन्य कर्मचारीहरूलाई प्रोत्साहनस्वरूप दिइएको प्रोत्साहन भत्ता र आइसोलेसनको व्यवस्थापन खर्च यसमा समावेश छैन ।

# कोभिड रोकथामका लागि जनस्वास्थ्य सेवा केन्द्रबाट भएका कार्य

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित जनस्वास्थ्य सेवा केन्द्र भक्तपुरले कोभिड १९ रोकथाम तथा नियन्त्रणको लागि केस इन्भेस्टिगेसन, कन्ट्याक्ट ट्रेसिङ, होम आइसोलेसन, हस्पिटल आइसोलेसन तथा अन्य व्यवस्थापनका सम्पन्न गरेका कार्य विवरण निम्न प्रकारका छन् :

- कोभिड १९ फैलिनबाट जोगाउन प्रचारप्रसार तीव्र रूपमा अगाडि बढाइएको छ ।
- दुईवटा सीआईसीटी टीम गठन गरिएको छ ।
- कोभिड १९ बाट सङ्क्रमितहरूको सूचना पाउने बित्तिकै सङ्क्रमितको केस इन्भेस्टिगेसन तथा कन्ट्याक्ट ट्रेसिङ गरिएको छ ।
- सङ्क्रमित लक्षणविहीन छ र घरमा आइसोलेनमा बस्न उपयुक्त भए घरमा आइसोलेसनमा राख्ने गरिएको छ ।
- घरमा आइसोलेसनमा बस्न नमिल्ने लक्षणविहीन सङ्क्रमितलाई उपयुक्त आइसोलेसन सेन्टरमा पठाउने गरिएको छ र लक्षण भएकालाई उपयुक्त अस्पतालमा आइसोलेसनमा पठाउने गरिएको छ ।
- सङ्क्रमितलाई ओसारपसार गर्न केन्द्रले डेडिकेटेड एम्बुलेन्सको व्यवस्था गरिएको छ ।
- सङ्क्रमितको सम्पर्कमा आएकाहरूको उपयुक्त समयमा पीसीआर स्वाब कलेक्सन सम्बन्धित वडामा गएर गर्ने गरिएको छ ।
- आइसोलेसनमा रहेका सङ्क्रमित तथा कन्ट्याक्ट ट्रेसिङमा सूचीकृतहरूको नियमित अनुगमन गरिएको छ ।
- सामाजिक समस्या, आर्थिक समस्यालगायत आइसोलेसनको व्यवस्थापनको लागि सम्बन्धित वडाका जनप्रतिनिधि तथा सामाजिक कार्यकर्ताहरूसँग आवश्यक समन्वय गरिएको छ ।
- व्यवस्थापनमा निरनतर सुधार गर्न सम्बद्ध संस्थाहरूसँग निरन्तर समन्वय जारी राखिएको छ ।
- सङ्क्रमितको सङ्ख्या निरन्तर बढ्दै गएकोले व्यवस्थापन सहज बनाउन एउटा सीआईसीआई टीम र प्रत्येक सीआईसीआई टीमलाई सहयोग गर्ने २/२ जनाको ९ वटा कन्ट्याक्ट ट्रेसिङ तथा फलो अप टीम गठन गरिएको छ ।
- कोभिड १९ तथा अन्य रोगको आवश्यक जानकारी र परामर्शको लागि यस केन्द्रका दुईजना डाक्टरहरू डा. बालकृष्ण चाँगुभारी र डा. विवेक बोयजूको सम्पर्क नम्बर राखी सार्वजनिक सूचना प्रकाशन गरेको छ ।
- भक्तपुर नगरपालिकाले व्यवस्था गरेको सामूहिक क्वारेन्टाइन, होटल क्वारेन्टाइन र घर क्वारेन्टाइनमा रहेकाहरूको पीसीआर स्वाब सम्बन्धित क्वारेन्टाइनमा गएर सङ्कलन गरिएको छ तथा आवश्यक स्वास्थ्यसम्बन्धी सल्लाह प्रदान गरिएको छ ।

**बसिबियाँलोको उत्तर**

**बाघको शरीरमा लेखिएको छ ।**

भक्तपुर नगरपालिका कार्यालय

प्रकोप व्यवस्थापन कोषको आ.ब. २०७७।७८ मा कोरोना भाइरस कोभिड १९ को रोकथाम नियन्त्रणका लागि प्राप्त आय र व्यय विवरण

२०७७।०५।२३

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं | संस्था/व्यक्ति | रकम | सि.नं | विवरण | रकम |
| क. | नपाबाट | ४८८३९४०।७९ | १ | पन्जा | १०११९० |
| ख. | जनप्रतिनिधिबाट | ३९१००।०० | २ | स्यानिटाइजर | ६०९८०।०० |
| ग. | हाल सम्म विभीन संघसंस्थाबाट | | ३ | मास्क | २०००० |
| १ | उदय साकोस | १००००।०० | ४ | बिज्ञापन | ४०६८।०० |
| २ | इनद्रायणी साकोस | २००००।०० | ५ | क्वारेन्टाइन व्यवस्थापन | ७७५०।०० |
| | | | ६ | जोखिम व्यवस्थापन सामान | २२४८७० |
| | | | | | |
| | | | | जम्मा खर्च | ४१८८५८ |
| | | | | बाकी मौज्दात | ४५३४१८२।७९ |
| | | | | | |
| | | | | | |
| | जम्मा | ४९५३०४०।७९ | | जम्मा | ४९५३०४०।७९ |

प्रकोप व्यवस्थापन कोष अन्तर्गत कोरोना भाइरस कोभिड १९ को रोकथाम नियन्त्रणका लागि प्राप्त आय र व्यय विवरण

| आम्दानी | | | खर्च | | |
|---|---|---|---|---|---|
| सि.नं | संस्था/व्यक्ति | रकम | सि.नं | विवरण | रकम |
| क. | नपाबाट | १०००००००० | १ | क्लोरिन | २०१००० |
| ख. | प्रदेश सरकारबाट | १२०००००० | २ | स्वयम्सेवक ज्याकेट | १६९५०० |
| ग. | युनिसेफ नेपाल | ३०००० | ३ | हेल्मेट | २०००० |
| घ. | हाल सम्म विभीन संघसंस्थाबाट | | ४ | पन्जा | १०२२५० |
| १ | अरूणोदय प्रजापती | १०००० | ५ | स्यानिटाइजर | १२६८८० |
| २ | दीक्षा हाडा (गौरी) स्मृति प्रतिष्ठान | ५०००० | ६ | मास्क | ११९००० |
| ३ | नेपाल रेडक्रस सोसाइटी | १००००० | ७ | वडागत निकासा | १०००००० |
| ४ | हित साकोस | ५००० | ८ | पेश्की | १०००००० |
| ५ | शिवलाल बाला | २००० | ९ | चुन फिनेल | ११७८०२५ |
| ६ | संचित साकोस | २५००० | १० | पीपीइ | ७९१०० |
| ७ | भिन्तुना साकोस | १०००० | ११ | राहत | ५५०८०६२ |
| ८ | ख्वप साकोस | १०००० | १२ | बिज्ञापन | ४५७९२४ |
| ९ | सामूहिक साकोस | २५००० | १३ | कर्मचारी विमा | १२२७५०० |
| १० | लोकेश्वर साकोस | १५००० | | | |
| ११ | भक्तपुर श्रमिक साकोस | ५०००० | | | |
| १२ | सिद्धि गणेश साकोस | १००००० | | जम्मा खर्च | १११६९२४१ |
| १३ | बालाखु गणेस साकोस | २५००० | | | |
| १४ | सुरेन्द्र हाडा | ५००० | | | |
| १५ | स्व, सुशिना कायष्ठ | ११००० | | बाकी | ४८८३९४०।७९ |
| १६ | गोर्खा इको प्यानल | २०००० | | | |
| १७ | गोर्खा इकाब्रिक्स | २०००० | | | |
| १८ | गार्खा प्रिकाष्ट | २०००० | | | |
| १९ | तलेजु साकोस | ५००० | | | |
| २० | झिगु ख्वप साकोस | १०००० | | | |
| २१ | केदारनाथ साकोस | २०००० | | | |
| २२ | बाराही साकोस | १००००० | | | |
| २३ | समदर्शी साकोस | १०००० | | | |
| २४ | संगम साकोस | १०००० | | | |
| २५ | श्रमजीवी साकोस | १०००० | | | |
| २६ | इसान नेपाल | २५००० | | | |
| २७ | समझदारी साकोस | ५००० | | | |
| २८ | पुण्यराम गोसाइ | ५००० | | | |
| २९ | नारी कल्याण साकोस | १०००० | | | |
| ३० | चाख साकोस | १०००० | | | |
| ३१ | सर्वसुलभ उपभोक्ता साकोस | २०००० | | | |
| ३२ | भक्तपुर जिल्ला साकोस | ६०००० | | | |
| ३३ | चोछे छुमा गणेश साकोस | २५००० | | | |
| ३४ | भाषासेवी साकोस | १५००० | | | |
| ३५ | साथीभाई साकोस | ५००० | | | |
| ३६ | भक्तपुर साकोस | ११११११ | | | |
| ३७ | छुमा गणेश साकोस | १०००० | | | |
| ३८ | नारी सेवा साकोस | १०१०० | | | |
| ३९ | डायमण्ड साकोस | १०००० | | | |
| ४० | लसकुस साकोस | १०१०१ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | श्वेत भैरव साकोस | २५००० | | | |
| ४२ | भिनु सुजखु | ५००० | | | |
| ४३ | थालाछेे साकोस | १०००० | | | |
| ४४ | बेखाल साकोस | ५५५५ | | | |
| ४५ | समग्र साकोस | १०१११ | | | |
| ४६ | सप्ततारा साकोस | १०००० | | | |
| ४७ | जय भिमसेन साकोस | ५००० | | | |
| ४८ | पल्पसा साकोस | ५००० | | | |
| ४९ | ज्ञानकुन्ज साकोस | ११११९ | | | |
| ५० | श्रद्धा साकोस | ५००० | | | |
| ५१ | माहेश्वरी साकोस | १५००० | | | |
| ५२ | नित्यनाथ साकोस | १०००० | | | |
| ५३ | दत्तात्रय साकोस | १०००० | | | |
| ५४ | सहलह साकोस | ५००० | | | |
| ५५ | पूजा साकोस | ५००० | | | |
| ५६ | चन्द्र बहादुर शाही | २५००० | | | |
| ५७ | प्याब्सन | १०५००० | | | |
| ५८ | सदीक्षा साकोस | १०१०० | | | |
| ५९ | नपा कर्मचारीबाट | १०३६१६५ | | | |
| ६० | देकोमिवा कर्मचारीबाट | ६०४० | | | |
| ६१ | तुमचो कर्मचारीबाट | ५६२५ | | | |
| ६२ | ख्वप कलेज, शारदा क्याम्पस र ख्वप | ७३६३९२ | | | |
| ६३ | एभरेष्ट स्कल बाट सहयोग दाखिला | १४२९२५ | | | |
| ६४ | नपाभित्रका सरकारी विद्यालयबाट | १६३९८४५।७९ | | | |
| | | | | | |
| | जम्मा | १६०७३१८१।७९ | | | १६०७३१८१।७९ |

# स्वास्थ्य सुरक्षा मापदण्ड पालना गरी सहकारी संस्थाहरू सञ्चालन गर्न पहल गर्ने

भक्तपुर नगरपालिकाभित्र नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड अनिवार्य पालना गरी मात्र सहकारी संस्थाहरू सञ्चालन गरिने भएको छ।



भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरभित्रका सहकारी संस्थाका प्रतिनिधिहरूसँग भाद्र २३ गते बसेको बैठकले भक्तपुर जिल्लामा कोभिड १९ को सङ्क्रमण बढ्दै गइरहेको सन्दर्भमा जनस्वास्थ्यमा गम्भीर असर पर्न सक्ने अवस्थालाई दृष्टिगत गरी कोभिड १९ को सङ्क्रमणको प्रभावकारी रोकथाम तथा नियन्त्रणको लागि जारी गरिएको निषेधाज्ञामा नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड अनिवार्य पालना गरी सहकारी संस्थाहरू सञ्चालन गर्न आ–आफ्नो तर्फबाट पहल गर्ने निर्णय गऱ्यो।

बैठकमा नगर प्रमुख प्रजापतिले निषेधाज्ञा केही खुकुलो भए पनि भक्तपुरमा दिन प्रतिदिन कोरोना भाइरसको सङ्क्रमण बढिरहेको विषम् परिस्थितिमा सहकारी संस्थाहरूले सदस्यहरूको सेवामा समर्पित भई सुरक्षित र क्रियाशील ढङ्गले संस्था सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले महामारी रोकथाम र नियन्त्रणको लागि केन्द्र, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्यमा जोड दिनुभयो।

बैठकमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजु, सङ्घका नगर अध्यक्ष जगनाथ प्रजापतिलगायतले भक्तपुर नगरपालिकाले कोरोना रोकथाम तथा नियन्त्रणको निम्ति गरिरहेको कामहरूमा सहकारी संस्थाहरू आवश्यक सहयोग र सहकार्य गर्न तयार रहेको बताउनुभयो।

# सुरक्षा नीति अपनाएर व्यवसाय सञ्चालिन गरिने

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगरभित्रका यातायात व्यवसायीका प्रतिनिधिहरूसँग भाद्र २३ गते सार्वजनिक यातायात बन्द गर्ने विषयमा बैठक बस्यो।

विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) रोग नेपालमा पनि तीव्र गतिमा बढिरहेको र काठमाडौं उपत्यकालगायत विभिन्न सहरहरूमा दैनिक सयौँको सङ्ख्यामा सङ्क्रमितहरू बढिरहेको र भक्तपुर नगर क्षेत्रमा २ सय १३ जनाभन्दा बढी सङ्क्रमित भइसकेको अवस्था छ।

सोही विषयलाई ध्यानमा राखी बसेको बैठकले मिति २०७७ भदौ २४ गते उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरूको बैठकबाट १६ जनाभन्दा बढी सिटका गाडीलाई जोर–बिजोर प्रणाली लागू गरी सञ्चालन गर्ने भनी निर्णय भएता पनि भक्तपुरमा फैलिँदै गएको कोरोना सङ्क्रमणको विषम परिस्थितिमा कोरोनाको सङ्क्रमण समुदायस्तरसम्म फैलिन नदिन भक्तपुर नगरभित्रबाट काठमाडौं उपत्यकाका विभिन्न स्थानमा सञ्चालनमा रहेका रुट नं. १, रुट नं. ७ र रुट नं. ९ मा चल्ने छोटो दूरीका यातायातहरू मिति २०७७ भाद्र २५ गतेदेखि भाद्र ३१ गतेसम्मका लागि बन्द गर्ने निर्णय गऱ्यो।

त्यसलगत्तै नगर प्रमुख प्रजापतिकै अध्यक्षतामा भक्तपुर उद्योग वाणिज्य सङ्घ र भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका प्रतिनिधिहरूसँग बसेको बैठकले जिल्ला प्रशासन कार्यालय भक्तपुरले तोकिएको समयमा व्यवसायीहरूले मास्क, पञ्जा लगाई शारीरिक दूरी कायम गर्दै सुरक्षा नीति अपनाएर मात्रै व्यापार व्यवसाय गर्न आ–आफ्नो तर्फबाट पहल गर्ने निर्णय गरियो।

# कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सहकारी संस्थाहरूको भूमिकाबारे छलफल

भक्तपुर नगरपालिकाको आयोजनामा कोरोना भाइरसको सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि सहकारी संस्थाहरूको भूमिकाबारे छलफल असोज २ गते भर्चुअल कार्यक्रममार्फत् सम्पन्न भयो ।



कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकामा दिन प्रतिदिन सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको हुँदा जोखिमलाई मध्यनजर गर्दै नगरपालिकाले सरकारी मापदण्डअनुसार ५० बेडको आइसोलेसन तयारीको अन्तिम चरणमा पुगिसकेको जानकारी दिनुभयो । केन्द्र र प्रदेशको आदेश र निर्देशनले मात्र कोरोनाको रोकथाम सम्भव नहुने उहाँले बताउनुभयो ।

भक्तपुर नगरपालिकाले कोभिड १९ लाई ध्यानमा राखेर परिस्थिति सहज नभएसम्मको लागि सहकारी संस्थाहरूको साधारणसभा स्थगित गर्न सूचना जारी गरिसकेको अवगत गराउँदै प्रमुख प्रजापतिले कोरोनाको विषम परिस्थितिमा साधारणसभा गर्न हतार नगर्न आग्रह गर्नुभयो ।

उहाँले भक्तपुरमा कार्यरत १५४ वटा सहकारी संस्थाहरूले नपाको आग्रहलाई स्वीकार गर्दै सहकारी संस्थाहरूको तर्फबाट रु. ९ लाख १३ हजार रकम सहयोगस्वरुप प्राप्त भएको र विषम समयमा सहकारी संस्थाहरूले निरन्तर साथ र सहयोग गर्दै आएकोमा आभार प्रकट गर्नुभयो ।

सहकारी संस्थाका सदस्यहरूको जीवनको सुरक्षा गर्नु प्रत्येक सहकारीको कर्तव्य भएको बताउनुहुँदै उहाँले सम्भावित जोखिमबाट बच्न सबैले एकीकृत ढङ्गले अगाडि बढ्नु उपयुक्त हुने विश्वास व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले भक्तपुर अस्पतालमा पीसीआर परीक्षण मेसिन राख्न प्रदेश सरकारसँग निरन्तर पहल गरिराखेको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले आर्युवेदिक उपचार पद्धति हाम्रो मौलिक उपचार विधि भएको हुँदा त्यसलाई पनि अगाडि बढाउन प्रयत्न गरिरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा उपप्रमुख रजनी जोशीले भक्तपुरमा कोभिड १९ को सङ्क्रमित बढ्दै जाँदा नगरपालिकाले आइसोलेसनको आवश्यकता महसुस गरी छुट्टै आइसोलेसन व्यवस्थापनको तयारी गरिरहेको बताउनुहुँदै सहकारीसंस्थाहरूले सङ्क्रमण र त्यसको जोखिमबारेमा सदस्यहरूलाई जनचेतनामूलक कार्यक्रमहरू आयोजना गर्नु उचित हुने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी सङ्घका अध्यक्ष कृष्णगोविन्द लाखाजु र सङ्घका नगर अध्यक्ष जगनाथ प्रजापतिले विषम परिस्थितिमा हतारमा साधारणसभा नगर्न आग्रह गर्नुहुँदै कोभिड १९ सामाजिक चासोको विषय भएकोले यसको रोकथामको निम्ति सबै एकजुट हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. २ का वडाध्यक्ष एवम् सहकारी समितिका संयोजक हरिप्रसाद बासुकलाले पनि सहकारीको मूल्य मान्यताबारे प्रष्ट पार्नुहुँदै भनपाले सहकारी संस्थाहरुको नियमित अनुगमन गरिरहेको बताउनुभयो ।

कार्यक्रममा उपस्थित विभिन्न सहकारी संस्थाका प्रतिनिधिहरूले आ–आफ्नो सुझावहरू प्रस्तुत गर्दै कोरोनाविरुद्ध लड्न भक्तपुर नगरपालिकासँग सहयोग र सहकार्य गरी अगाडि बढ्न सहकारी संस्थाहरू तयार रहेको बताउनुभयो । सहकारी संस्थाको साधारणसभा परिस्थिति अनुकूल भइसकेपछि सामान्य ढङ्गले कम खर्चमा सञ्चालन गर्न सकिने बताउनुहुँदै सामाजिक विकास कोषको रकमलाई कोभिड नियन्त्रणको लागि खर्च गर्न सकिने बताउनुभयो ।

## निषेधाज्ञामा अनियमित निर्माण भत्काइयो

भदौ ३ गतेदेखि जारी निषेधाज्ञाको समयमा भक्तपुर नगरपालिका वडा नं १० क्वाठण्डौंबाट तिनाछेँ जाने गल्लीमा एक मुर्दागुथि घर बिनानक्सा निर्माण रोक्न नगरपालिकाका कर्मचारीहरूको पटक पटकको आग्रहलाई अटेर गरेकोले भाद्र १५ गते भत्काइदिएको छ ।

अनियमित निर्माणको क्रममा गुथि घरसँगैको फः(दबु) समेत अतिक्रमण गरेकोले फः(दबु) जोगाउन दबुतिर निर्माण गरेको सबै भत्काई सामान नै उठाएर लगेको थियो ।

"टफ टक" मा प्रमुख प्रजापति

# कोरोना महामारी नियन्त्रणमा केन्द्र, प्रदेश र स्थानीयतहबीच समन्वय भएन

**'नेपालको संविधानमा विपद व्यवस्थापनको एकल अधिकार स्थानीय तहलाई भए पनि केन्द्र सरकारले प्रकोप व्यवस्थापन नाम दिएर नेपाल सरकारले आफ्नै ढङ्गले काम गर्दा सङ्क्रमण फैलिन मद्दत पुगेको छ।'**

उक्त कुरा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले हिमालयन टिभीको भदौ १८ गते भएको कार्यक्रम 'टफ टक' मा बताउनु भएको हो ।

प्रस्तोता दीलभूषण पाठकको 'टफ टक' कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले महामारी नियन्त्रण सबैको दायित्व भएको हुँदा सङ्घ, प्रदेश र स्थानीयले संयुक्त ढङ्गले जिम्मेवारीबोध गरी आपसी समन्वयमा काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि गरिएको लकडाउन तथा निषेधाज्ञामा भक्तपुर नगरपालिकाले गरिरहेको क्वारेन्टाइन व्यवस्थापनबारे अवगत गराउनुहुँदै उहाँले प्रकोप व्यवस्थापनमा केन्द्र सरकारबाट आवश्यक सहयोग नभएको गुनासो पोख्नुभयो ।

कोरोना भाइरसबाट भक्तपुर नगरपालिकाका जनप्रतिनिधि र कर्मचारीहरू पनि सङ्क्रमित हुँदै गइरहेको विषम परिस्थितिमा पनि भक्तपुर नगरपालिकाले जनतालाई कोभिड १९ विरुद्ध लड्न जनतालाई सचेत पार्ने काम गरिरहेको र टोल–टोलमा साबुन पानीले हात धुने व्यवस्था, निसङ्क्रामक औषधि छर्ने र भीड हुन नदिन भक्तपुरका ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेका सबै जात्रा र पर्वहरू स्थगित गरी घरमै औपचारिकतामा सीमित गरी मनाउन आग्रह गरी अगाडि बढिरहेको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा दमक नपाका उपप्रमुख गीता अधिकारले जनघनत्व बढी भएको दमक नगरपालिकामा १०६ जना व्यक्तिहरूमा कोरोना सङ्क्रमण पुष्टि भएको बताउनुहुँदै दमक नपाले क्वारेन्टाइन व्यवस्थित रूपमा सञ्चालन गरिरहेको र ४० बेडको आइसोलेसन बनाउने तयारी नपाले गरिरहेको बताउनुभयो ।

शुक्रराज ट्रफिकल तथा सरुवा रोग अस्पताल (टेकु) का निर्देशक डा. सागर राजभण्डारीले यस्तो विषम परिस्थितिमा टेकु अस्पतालले लकडाउनको अवस्थामा पनि निरन्तर आवश्यक सुरक्षा अपनाएर उपचार सेवाहरू प्रदान गरिरहेको बताउनुभयो ।

कार्यक्रममा पूर्वसचिव पूर्णचन्द्र भटराईले महामारी नियन्त्रणमा सङ्घ, प्रदेश र स्थानीय सरकारबीच समन्वयको अभावले गर्दा अन्योलको स्थिति पैदा भइरहेको बताउनुभयो । स्थानीय तहहरूसँग आफ्नै अस्पतालको अभावले गर्दा पनि महामारी नियन्त्रणमा ढिलासुस्ती भएको उहाँले बताउनुभयो ।



**"कोभिड हटलाइन" अन्तरसंवाद**

# 'भक्तपुर नपाले स्वास्थ्य उपचार र अन्य सेवाको परामर्शको लागि चिकित्सक र कर्मचारीहरूको व्यवस्था गरिरहेको छ'

भक्तपुरमा तुलनात्मक रूपमा कोरोना सङ्क्रमितहरू कम भए पनि कोरोना भाइरस सरुवा रोग भएका कारण कोरोनाको जोखिम यथावत छ ।




नेपाल टेलिभिजनको 'कोभिड हटलाइन' कार्यक्रमका संवाददाता अञ्जना शिल्पकारसँग भदौ १८ गते को अन्तर संवादमा बोल्नुहुँदै भक्तपुर नगरपालिकाका प्रमुख प्रजापतिले स्वास्थ्यसँग सम्बन्धित कुनै पनि समस्या भएमा स्वास्थ्य उपचार र अन्य सेवाको परामर्शको लागि भक्तपुर नपाले दुईजना डाक्टरहरू र ३ जना कर्मचारीहरूको व्यवस्था गरी जनताको सेवा गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले क्वारेन्टाइन व्यवस्थापनमा गरिरहेको गतिविधिहरूबारे जानकारी गर्नुहुँदै उहाँले रोगको सङ्क्रमण समुदायस्तर सम्म फैलिन नदिन नगर प्रवेश गर्ने मुख्य नाकामा बाहिर जिल्लाबाट आएकाहरूको विवरण सङ्कलन र आवश्यक निगरानीको लागि नगर पालिकाका कर्मचारीहरू खटाइरहेको बताउनुभयो ।

आफ्नो स्वास्थ्यको सुरक्षाको निम्ति स्वःअनुशासनको महत्त्व धेरै भएको बताउनुहुँदै नगर प्रमुख प्रजापतिले जनसमुदायमा त्रासको अवस्था आउन नदिन दिनहुँ कर्मचारी र स्वयम्सेवक परिचालन गरी सचेतनाका गतिविधिहरू सञ्चालन गरिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिका क्षेत्रभित्रका सडक, गल्ली, चोक, मन्दिर र खुला ठाउँलगायतका क्षेत्रमा वीजनासक औषधि छर्कने कार्य गरिरहेको बताउनुहुँदै उहाँले मास्कको सही प्रयोग र व्यक्तिगत सुरक्षामा ध्यान दिनुपर्ने बताउनुभयो ।

अन्तरसंवादमा जनस्वास्थ्य विज्ञ डा. रबिन्द्र पाण्डेले निषेधाज्ञाको समयमा पनि बस्ती तथा गल्लीहरूमा जथाभावी हिँडडुल गर्दा कोरोना सङ्क्रमणको खतरा बढिरहेको र निषेधाज्ञा प्रभावकारी रूपमा पालना नभएको बताउनुभयो ।

# भक्तपुर नपाको प्रकोप व्यवस्थापन कोषमा सहयोग गर्ने संस्था, व्यक्ति तथा सङ्घ-संस्थाहरूको नामावली

विश्वव्यापी रूपमा फैलिरहेको कोभिड–१९ (कोरोनाभाइरस) संक्रमणको रोकथाम र नियन्त्रणका लागि यस नगरपालिकामा स्थापित प्रकोप व्यवस्थापन कोषमा विभिन्न मितिमा सहयोग गर्नुहुने व्यक्ति तथा सङ्घ–संस्थाहरूको नाम, ठेगाना, सहयोग रकम र मिति तपसिल बमोजिम रहेको छ ।

| सि.नं. | व्यक्ति वा संस्थाको नाम | ठेगाना | सहयोग रकम (रु.) वा जिन्सी सामानको विवरण | सहयोग मिति |
|---|---|---|---|---|
| ९२. | श्री उदय बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–९ | रु १०,०००।– | २०७७।४।२९ |
| ९३. | ख्वप कलेज परिवार | भक्तपुर | रु ७,३६,३९२।– | २०७७।५।२ |
| ९४. | न्हुगु भिगु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–१०, क्वाठण्डौं | रु ७,७७७।– | २०७७।६।४ |
| ९५. | सम्पद् बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–९, भक्तपुर | रु २०,०००।– | २०७७।६।१३ |
| ९६. | धिसिलागु बचत तथा ऋण सहकारी संस्था लि. | भनपा–९, भक्तपुर | रु ५,००५।– | २०७७।६।१३ |

*नोट : उक्त कोषमा रकम जम्मा गर्न चाहने महानुभाव तथा सङ्घसंस्थाहरूले भक्तपुर नगरपालिका, प्रकोप व्यवस्थापन कोषको नेपाल बैंक लिमिटेड, कमलविनायक शाखामा रहेको खाता नं. ०१९०३०००००७००२००००३ मा जम्मा गर्नु हुन र जिन्सी सामान भए भक्तपुर नपामा उपलब्ध गराउनुहुन अनुरोध छ ।*

# भक्तपुरमा पीसीआर मेसिनको लागि पहल

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर क्षेत्रभित्रका अस्पताल तथा स्वास्थ्य संस्थाका प्रमुखहरूको बैठक भाद्र ३१ गते सम्पन्न भयो।

बैठकमा नगर प्रमुख प्रजापतिले नेपाल सरकारले तोकेको स्वास्थ्य सुरक्षासम्बन्धी मापदण्ड अनिवार्य पालना गरी अस्पतालहरूले सेवा सञ्चालनलाई निरन्तरता दिनुपर्ने बताउनुभयो।



भक्तपुर नगरपालिकाले भक्तपुर अस्पतालमा पीसीआर मेसिन राख्न प्रदेश सरकारसँग निरन्तर पहल गरिराखेको उल्लेख गर्नुहुँदै नगर प्रमुख प्रजापतिले सबै अस्पतालले यो सङ्कटको समयमा निःस्वार्थरूपमा जनताको सेवा गर्नुपर्ने बताउनुभयो।

अस्पताल प्रमुखहरूसँगको उक्त बैठकले कोभिड-१९ सङ्क्रमण न्यूनीकरण कार्यलाई थप प्रभावकारी बनाउन भक्तपुरमा पीसीआर टेस्टलाई व्यापकरूपमा सञ्चालन गर्ने उद्देश्यले बाग्मती प्रदेश सरकारले भक्तपुर अस्पताललाई प्रदान गर्ने भनिएको पीसीआर टेस्ट गर्ने उपकरण यथाशीघ्र उपलब्ध गराउन र परीक्षण विधिको लागि आवश्यक सामग्रीको बन्दोबस्त गर्न बाग्मती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गऱ्यो।

कोभिड-१९ रोगको सङ्क्रमण न्यूनीकरण कार्यका लागि नगरपालिका र यहाँस्थित सरकारी तथा निजी अस्पतालहरूबीच समन्वय गरी अगाडि बढ्ने र नगरवासी जनतामा कोभिड-१९ रोगको सङ्क्रमण न्यूनीकरण तथा उपचार विधिबारे जनचेतना जगाउने कार्यमा नगरस्थित सबै अस्पतालले सामूहिक प्रयास गर्ने निर्णय बैठकले गऱ्यो।

बैठकले भक्तपुर नगरपालिकामा कोभिड-१९ रोगको सङ्क्रमण दिनप्रतिदिन बढिरहेको अवस्थामा सङ्क्रमित नगरवासीहरूलाई सुरक्षितरूपमा व्यवस्थापन गर्न नगरपालिकाद्वारा सञ्चालन गरिने आइसोलेसन केन्द्रका लागि आवश्यक प्राविधिक एवं चिकित्सकीय सेवामा सहयोग गर्न नगरस्थित सबै अस्पतालहरू सहमत भएको निर्णय गऱ्यो।

बैठकमा सहभागी भक्तपुर अस्पतालका मे.सु. डा. सुमित्रा गौतम, भक्तपुर क्यान्सर अस्पतालका मेडिकल अन्कोलोजिष्ट डा. रोशन प्रजापति, इवामुरा मेमोरियल अस्पतालका प्रशासक रन्जित मारिखु, सिद्धिस्मृति अस्पतालका प्रशासक अनिल राजभण्डारी र डा. अखिल ताम्राकार र जनस्वास्थ्य सेवा केन्द्रका प्रमुख डा. रत्नसुन्दर लासिवालगायतले हाल महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको सङ्क्रमण न्यूनीकरण तथा बिरामीको उपचारसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्नुभयो।

उहाँहरूले भक्तपुर नगरपालिकाभित्र सञ्चालित अस्पताल र स्वास्थ्य संस्थाहरूले महामारीबीच पनि जनतालाई निरन्तर स्वास्थ्य सेवा प्रदान गरिरहेको, कोभिड बिरामीको लागि छुट्टै एम्बुलेन्सको खाँचो भएको, स्वास्थ्यकर्मी स्वयम्मा कोरोना सङ्क्रमण देखिन थालेका कारण अस्पतालहरूमा जनशक्तिको अभाव रहेको, भक्तपुरमै पीसीआर परीक्षणको आवश्यकता रहेको र होम आइसोलेसन व्यवस्थित नहुँदा सङ्क्रमणको जोखिम बढिरहेको विषयमा धारणा व्यक्त गर्नुभयो।

बैठकमा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशी, प्रमुख प्रशासकीय अधिकृत रामलाल श्रेष्ठ र भक्तपुर नपा वडा नं. ९ का वडाध्यक्ष रवीन्द्र ज्याख्वले पनि बोल्नुभएको थियो।

## निषेधाज्ञा खुकुलो

काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूको भाद्र २४ गते बसेको बैठकले भाद्र २५ गते विहान १२ बजेदेखि 'सीमित निषेधाज्ञा' लागु गर्ने निर्णय गरेको छ। उक्त बैठकले भाद्र ३१ गतेसम्म उपत्यकाका तीनै जिल्लामा निषेधाज्ञालाई खुकुलो पार्ने निर्णय गरेको हो।

स्मरणीय छ काठमाडौं उपत्यकामा भाद्र ३ गतेदेखि निषेधाज्ञा लागु गरिएको थियो।

एक सातापछि कोरोना सङ्क्रमणको अवस्था हेरेर निषेधाज्ञाबारे पुनर्विचार गर्न सकिने बताइएको छ।

'सीमित निषेधाज्ञा' मा केही क्षेत्रलाई बन्देज लगाएर धेरैजसो क्षेत्रमा निषेधाज्ञा खुलाइएको छ।

# आङ रितामा हार्दिक श्रद्धाञ्जली !

'हिउँ चितुवा' नामले प्रख्यात, हिमाल आरोहणका विश्वकीर्तिमानी आङ रिता शेर्पाको गएको असोज ५ गते ७२ वर्षको उमेरमा निधन भयो ।

उनको अन्त्येष्टि बौद्ध परम्पराअनुसार असोज ७ गते राष्ट्रिय सम्मानकासाथ गरियो ।

आङ रिताले अक्सिजनको थप सहयोगबिना १३ वर्षमा १० पटक विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण



गरेका थिए । यो विश्व कीर्तिमान अहिलेसम्म उनकै नाममा सुरक्षित रहेको छ । त्यस्तै उनले ८ हजार मीटरभन्दा अग्ला शिखरहरुको पनि अक्सिजनको थप सहयोगबिना नै १८ पटक आरोहण गरेका थिए । त्यसमा पाकिस्तानको केटु (विश्वको दोश्रो उच्च शिखर), नेपालको चोयु, ल्होत्से, मनास्लु, अन्नपूर्ण र धौलागिरि हिमाल पर्दछ ।

शेर्पाले आरोहणमार्फत नेपालको नाम विश्वमा चिनाउनुको साथै विश्वका आरोहीहरूलाई आकर्षण थपेका थिए ।

आङ रिताको पहिलो सगरमाथा आरोहण सन् १९८३ मे ७ मा थियो भने त्यसपछि क्रमशः १९८४ अक्टोबर १५, १९८५ अप्रिल २९, १९८७ दिसेम्बर २२ (हिउदमा आरोहण गर्ने पहिलो), १९८८ अक्टोबर १४, १९९० अप्रिल २३, १९९२ मे १३, १९९३ मे १६, १९९५ मे १३ र १९९६ मे २३ मा आरोहण गरेका थिए ।

आङ रिताको जन्म सोलुखुम्बुको तत्कालीन खुम्जुङ गाविसको थामेमा गरिब शेर्पा परिवारमा सन् १९४८ मा भएको थियो । आङ रिताले औपचारिक शिक्षा वा पर्वतारोहणको तालिम लिएका थिएनन् ।

उनले १५ वर्षको उमेरमा भरिया भएर काम गरेका थिए भने किचन ब्वाई, सरदार हुँदै लिडर र लेजेन्ड अफिसर भएर पनि काम गरेका थिए ।

सन् १९९६ मा उनले १० औँ पटक सगरमाथा आरोहण गरेपछि तत्कालीन राजा वीरेन्द्रले छोरा दीपेन्द्रलाई घरमै भेट्न पठाएर स्वास्थ्य खराब भएकोले अब आरोहण नजान आग्रह गरेपछि आङरिताले आरोहण छाडेको शेर्पाका परिवारले बताएका छन् ।

त्यसबेला वीरेन्द्रले चाहना र आवश्यकता के छ भनेर सोधेको भएपनि आफूले केही पनि चाहना व्यक्त नगरेको आङ रिताले पत्रकारको भेटमा भन्ने गरेका थिए । दीपेन्द्रले दरबार आउनू भनेको भएपनि दरबार नगएको बताउने शेर्पालाई त्रिशक्तिपट्ट, गोरखा दक्षिणबाहु जस्ता तक्माबाट भने सम्मानित गरिएको थियो ।

कैयौँ शेर्पाहरूले हिमाल चढेपछि अमेरिका, जापान पुगेका तर जति दुःख पाएपनि आङ रिता नेपालमा नै बस्न चाहे र बसे ।

नेपालको नाम विश्वभरि फैलाउन सफल आङ रिता शेर्पालाई भारत सरकारले उतै बस्ने व्यवस्था मिलाई दिने प्रस्ताव राखेको भए पनि नगएको बताउने शेर्पालाई नेपाल सरकारबाट भने खासै सहयोग प्राप्त नभएको उनका छोरी डोमा शेर्पाले बताइन् । उनको आर्थिक अवस्था दयनीय भएको भन्दै पर्वतारोहण सङ्घले मासिक १५ हजार दिँदै आएको थियो ।



सर्वोच्च शिखरमा नेपालको भन्डा फहराउँदै आङ रिता (सन् १९८३ मे ७)

आङ रिताका तीन छोरा र एक छोरी छन् । उनी छोरीसँग जोरपाटीमा बस्दै आएका थिए । उनकी श्रीमतीको सात वर्ष अघि निधन भएको थियो ।

विश्व कीर्तिमानी, स्वाभिमानी एवं देशभक्त आङ रितामा हार्दिक श्रद्धाञ्जली !

# स्वामी अग्निवेशको निधन

बँधुवा मजदुर र केटाकेटीहरूको मुक्तिको निम्ति अनेकौँ सङ्घर्ष गर्नु भएका भारतका एक प्रख्यात सामाजिक कार्यकर्ता तथा विद्वान स्वामी अग्निवेशको गएको भाद्र २६ गते नयाँदिल्लीस्थित आईएलबीएस अस्पतालमा निधन भयो । उहाँ ८० वर्षका हुनुहुन्थ्यो ।



स्वामी अग्निवेश केही वर्षदेखि लिभर सिरोसिस रोगबाट पीडित हुनुहुन्थ्यो र केही समयअगाडिदेखि बिरामी हुनुहुन्थ्यो । उहाँको भेन्टिलेटरमा राखेर उपचार भइरहेको थियो ।

स्वामी अग्निवेशले बँधुवा मुक्ति मोर्चाको माध्यमले बँधुवा मजदुर र केटाकेटीहरूको मुक्तिको निम्ति लामो समयदेखि सङ्घर्ष गर्नुभएको थियो । कामदार जनताको हितको निम्ति काम गर्दागर्दै उहाँले कामदार जनतालाई राजनीतिमा आउन प्रेरित गर्दै आउनुभएको थियो ।

स्वामी अग्निवेश हरियाणा विधानसभाको सदस्य निर्वाचित हुनुभएको थियो । उहाँ हरियाणा राज्य सरकारको शिक्षामन्त्री पनि बन्नुभएको थियो । तर बँधुवा मजदुरीको विरोधमा प्रदर्शन गरिरहेका कामदार जनतामाथि पुलिसले गोली चलाएपछि र त्यसविरुद्ध हरियाणा सरकारले कुनै कारबाही नगरेपछि उहाँले तत्कालै मन्त्री पदबाट राजिनामा दिनुभएको थियो । त्यसपछि उहाँ वामपन्थी विचारतिर बढी झुकाव राख्न थाल्नुभएको थियो ।

सन् २०१० मा भारतीय राष्ट्रिय कांग्रेस नेतृत्वको सरकारले माओवादीसित संवाद स्थापित गर्ने जिम्मेवारी उहाँलाई सुम्पेको थियो तर सरकारको दोहोरो चालका कारण वार्ता असफल भएको थियो । भारत सरकार र भारतीय माओवादी विद्रोहीहरूबीच वार्ताको निम्ति पहल गरेका स्वामी अग्निवेशलाई भारतीय दक्षिणपन्थीहरू 'भगवा नक्सलाइट' (सन्यासीको भेषमा नक्सलवादी) भएको आरोप लगाउने गर्थे ।

उहाँ अन्ना हजारेको नेतृत्वमा भएको भ्रष्टाचारविरोधी आन्दोलनमा पनि सहभागी हुनुभएको थियो ।

भारतका एक वरिष्ठ वकिल प्रशान्त भुषणले उहाँको निधनपछि प्रतिक्रिया दिँदै भन्नुभएको छ, स्वामी अग्निवेशको निधन एक ठूलो क्षति हो । उहाँ सहनशीलता र मानवताका एक सच्चा योद्धा हुनुहुन्थ्यो । मैले चिनेका समकालीन भारतीयहरूमध्ये उहाँ सबैभन्दा साहसी र जनहितका निम्ति ठूलो जोखिम मोल्ने व्यक्तित्व हुनुहुन्थ्यो । दुई वर्षअगाडि झारखण्डमा भाजपा र सङ्घ कार्यकर्ताहरूद्वारा भएको बर्बर र साङ्घातिक आक्रमणमा परी उहाँको दुवै कलेजो खराब भएको थियो ।

# गुणस्तरहीन सानिटाइजर प्रयोग नगरौँ

काठमाडौँ र भक्तपुरका पाँच कम्पनीले उत्पादन गरेको सानिटाइजरमा मापदण्डविपरीत विषाक्त रसायन (मिथानोल) पाइएको छ । यस किसिमको सानिटाइजरको प्रयोगले मानव स्वास्थ्यमा असर गर्नसक्ने भन्दै औषधि व्यवस्था विभागले प्रयोग नगर्न सर्वसाधारणसँग अपिल गरेको छ ।

रासस (भाद्र २७ गते) का अनुसार काठमाडौंको हाइजनिक सोप एन्ड केमिकल प्रालिद्वारा उत्पादित **इन्स्ट्यान्ड ह्यान्ड सानिटाइजर ओरिजिनल**, आधार केमिकल एन्ड फुड इन्डष्ट्री प्रालिको **एड्भान्स ह्यान्ड सानिटाइजर**, सर्च केमकम हर्बल प्रोडक्टको **इन्स्ट्यान्ड ह्यान्ड सानिटाइजर रिफ्रेसमेन्ट जेल** र सूर्यमुखी हर्बल प्रोडक्ट कम्पनीद्वारा उत्पादित **सूर्यमुखी ह्यान्ड सानिटाइजर**मा मापदण्डविपरीत विषाक्त रसायन भेटिएको हो ।


यस्तै भक्तपुरको नेपाल कायाकल्प उद्योगद्वारा उत्पादित **इन्स्ट्यान्ड ह्यान्ड सानिटाइजर**मा समेत विषाक्त रसायन (मिथानोल) भेटिएको विभागका सूचना अधिकारी सन्तोष केसीले जानकारी दिनुभयो । बजारमा पाइएका १० वटा सानिटाइजरको नमुना सङ्कलन गरी राष्ट्रिय औषधि प्रयोगशालामा परीक्षण गर्दा चार वटामा उक्त विषाक्त रसायन फेला परेको र एउटा भने यसअघि नै मापदण्डविपरीत भएको उहाँले जानकारी दिनुभयो ।

विभागमा हालसम्म दर्ता भएका ४० सहित दर्ता हुन बाँकी रहेका सबै सानिटाइजरका बारेमा अध्ययन अनुसन्धान भइरहेको केसीले बताउनुभयो । विभागले सम्बन्धित कम्पनीलाई त्यस्ता उत्पादन तुरुन्त रोक्न निर्देशन दिइसकेको छ ।

विषाक्त रसायन फेला परेको सानिटाइजर नष्ट र जफत गर्न प्रक्रिया सुरू भइसकेको र स्थानीय प्रशासनसँगको समन्वयमा आवश्यक कारबाही अघि बढ्ने केसीले बताउनुभयो । विभागले सानिटाइजरका बारेमा मापदण्ड बनाएर लागू गरिसकेको छ । त्यस्ता कम्पनीलाई दर्ता हुन भनिए पनि बन्दाबन्दीका कारण मिति सारिएको जनाइएको छ ।

त्यस्तै राससको भदौ ३१ गतेको समाचारअनुसार चीन, भारत, काठमाडौ र ललितपुरका चार सानिटाइजर उद्योगबाट उत्पादित विभिन्न नामका सानिटाइजर गुणस्तरहीन भएको जनाएको छ ।

चीनको ओपेकल नन्वासिङ एन्टिब्याक्टेरियल सोलुसनको १२० एमएलको सानिटाइजर, भारतको आरएल ऋपको पामकिएर इन्स्ट्यान्ट ६० एमएलको ह्यान्ड सानिटाइजर, सम्पदा हेल्थ केएर, ललितपुरको सासा इन्स्ट्यान्टको ५० एमएल ह्यान्ड सानिटाइजर र श्रीनाथ हर्बल कस्मेटिक इन्डष्ट्री, काठमाडौंको ६५ एमएलको ह्यान्ड सानिटाइजरमा इथानोल र मिथानोल बढी प्रतिशत भेटिएको छ ।




# aftfkf]xFgdf(f syf -&_

- डा. जनकलाल वैद्य



(अध्याय ४)

## कोट्याहुति यज्ञ र देवी प्रतिमा स्थापना

**न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**को भौतिक निर्माण कार्यहरू मध्ये अन्तिम चरणका निर्माण कार्यहरू ने.सं. ८२२ वैशाख शुल्क ३ मा चुलिका काठ (मन्दिरमाथि गजूर अड्याउने काठ विशेष) जडान गरिसकेपछि सं. ८२२ वैशाख शुल्क ७ देखि वैशाख कृष्ण अष्टमी तिथिका दिनमा क्रमशः माथि पाँचौं तलादेखि तल पहिलो तलासम्मका छानामा झिँगटी ईंटा छाउने काम सकिएपछि त्यस मन्दिरमाथि गजूर चढाउने र मन्दिरभित्र देवी प्रतिमा स्थापना गर्नु अगि वास्तु शान्ति र नव निर्मित मन्दिर प्रतिष्ठा कृत्यहरू–वैदिक र तान्त्रिक कर्मकाण्ड कृत्यहरू सम्पन्न गराइएका तथ्य प्रस्तुत अभिलेख ग्रन्थबाट ज्ञात हुन्छ। अभिलेख ग्रन्थका पत्राङ्कहरू ७४ क, ख, ८४ ख -९० ख, ११० क–११६ ख, १२३ ख–१२५ क मा ती कृत्यहरूका संवत् तिथिहरू र ती कृत्यका निम्ति आवश्यक सामग्रीका सूची तथा तिनीहरूमा व्यहोरिएका खर्च विवरण तथ्य उल्लिखित भएका छन् (पृ.१४३–१४७ मा)। ती वैदिक र तान्त्रिक कर्मकाण्ड कृत्यहरूका छुट्टै ग्रन्थहरू लेखिएका हुन्थे। ती ग्रन्थहरू राष्ट्रिय अभिलेखालयमा र भक्तपुरमै निजी सङ्ग्रहकर्ताहरूसित पनि सुरक्षित रहेका हुन सक्छन्। सम्बद्ध विषयका विद्वान् अन्वेषकहरूले ती ग्रन्थमा अनुसन्धान कार्य हुनु र ज्ञान तथ्य प्रकाशमा ल्याउनु वाञ्छनीय लाग्छ। सद्यः नव निर्मित मन्दिरमा देवदेवी स्थापना गर्न र नवनिर्मित मन्दिर प्रासाद भवन घरलाई कतै कसैबाट क्षति–विपत्ति नहोओस् औ त्यस्ता मन्दिर भवन क्षेत्र वरिपरिका ठाउँठाउँका पीठ देवदेवीहरू र नवग्रह देवताले संरक्षण गरुन् भनेर त्यस्ता कृत्य सम्पन्न गराइन्छन्। ती कृत्य विषयका विधि ग्रन्थहरूका संकल्प वाक्यहरूमा र त्यस्ता कृत्य सम्पन्न गराउँदा पाठ गरिने स्थिरोभव वाक्य र पुण्याहवाचनमा त्यस्ता भाव सङ्केत गरिएका हुन्छन्। प्राचीन कालदेखि नेपाल उपत्यकामा र अन्यत्र मन्दिर विहार प्रासाद भवन इत्यादि निर्माण कार्य सकिएपछि तिनका प्रतिष्ठा स्थापनाका निम्ति कोट्याहुति जस्ता यज्ञ सम्पन्न गराइएको व्यहोराको शिलापत्र त्यस्ता मन्दिर प्रासाद भवनमा स्थापित गरिएका हुन्छन्। ललितपुर मङ्गलबजार अवस्थित ने.सं. ७५७ (वि.सं. १६९४) मा निर्माण कार्य सिद्धिलाई स्थापित भएको २१ ओटा सुनको गजुर भएको भव्य सुन्दर विश्वप्रख्यात श्रीकृष्ण मन्दिरको प्रतिष्ठा स्थापना पनि कोट्याहुति यज्ञ सम्पन्न गराई भएको भन्ने कुरा त्यसै मन्दिरको शिलापत्रबाट थाहा हुन्छ।

भक्तपुर टौमढी अवस्थित नेपालकै एक सबभन्दा अग्लो भव्य काष्ठकला, इष्टका–कला र प्रस्तुरकलापूर्ण सुन्दर **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** निर्माण कार्यमा राजा प्रजाका व्यापक स्वतःस्फूर्त सक्रिय सहयोग सभक्ति जुटेकाले **उक्त मन्दिर निर्माण कार्य ६ महिनाको छोटो समयावधिमा सिद्ध भएको थियो**। धर्म–चित्त, उदार–चित्त, कला–संस्कृति मर्मज्ञ र स्वदेश प्रेमी राजा भूपतीन्द्र मल्लले उक्त मन्दिरको प्रतिष्ठा वास्तु शान्ति गराउन सिद्धाग्नि कोट्याहुति यज्ञ पूर्णतया वैदिक शास्त्र विधि र तान्त्रिक कर्मकाण्ड विधिअनुसार सम्पन्न गराइएका थिए। प्रस्तुत अभिलेख ग्रन्थको विषय–वस्तु कोट्याहुति यज्ञ कृत्यादिकै सम्बन्धमा केन्द्रित भएका औ ती ती कृत्यहरूकै सामग्री सूची र सम्बद्ध जनशक्तिका सूचना तथ्यका बाहुल्य भएका छन् भनी यस पुस्तकका शुरु अध्यायमै पृ.३ मा लेखिसकेको यहाँ स्मरण गराइन्छ। प्रस्तुत अभिलेख ग्रन्थमा पाँचतले मन्दिर निर्माण कार्य प्रक्रियाका क्रमबद्ध वर्णन नभए जस्तै यसमा वैदिक कर्मकाण्ड कृत्यहरू र तान्त्रिक कर्मकाण्ड कृत्यहरूका

पनि शब्दसः वर्णन छैनन् । प्रस्तुत अभिलेख ग्रन्थमा त्यस्ता कृत्यहरूका सम्बन्धित यजमान, होता, ब्राम्हणहरू, आचातहरू, ज्योतिषी र कामदारहरूका सूची, ती कृत्यका आवश्यकीय रकम, ती कृत्यका निम्ति उपलब्ध भएका जिन्सी रकम, दक्षिणा भेटी रकम, बय ज्याला रकम, सम्बन्धित कामदारहरू र चिताइदारहरूका सूची मात्र छन् । जे होस्, ती तथ्य सामग्री मध्ये पनि कुनै कुनै सामग्री तत्कालीन धार्मिक, सांस्कृतिक, सामाजिक, आर्थिक इत्यादि पक्षीय अनुसन्धान अध्ययन गर्नेहरूका लागि उपयोगी अनुसन्धेय सामग्री होला भन्ने लागेर उक्त अभिलेख ग्रन्थभित्र यत्रतत्र छरिएर रहेका विभिन्न विषय एकत्रित गरी अध्ययन सुविधाको निम्ति यहाँ यथाशक्य क्रमवद्ध रूपमा प्रस्तुत गरिन्छ–

**क) गोयछाय** (अर्थात् सुपारी चढाई) कुनै मांगलिक कृत्य गर्ने संकल्प भाकल गर्ने कृत्य विशेष हो भन्ने बुझिन्छ । प्रस्तुत अभिलेख ग्रन्थमा (पत्राङ्क ८४ ख – ८५ क) दोस्रो भाग पृ.१२१–१२३ मा त्यस कृत्यका निम्ति चाहिने मुख्य सामग्री मोहर २, मोहर एक तीन सुका २३ दम्म, असल जातको सिंगो सुपारी ४५० ओटा, सगुन सुपारी २५० ओटा, नरिवल २ ओटा राखी सं. ८२२ वैशाख कृष्ण द्वितीया तिथिका दिनमा कोट्याहुति यज्ञ गर्ने संकल्प भाकल गरिएको बुझिन आउँछ । स्मरण रहोस् त्यति बेला पाँचतले मन्दिरको दोस्रो तलाको छाना छाउने काम सिध्याइकन पहिलो तलाको छानामा झिँगटी इँट, ग्वंगःपा, कुं झिँगटी इँट छाउने कामका निम्ति पूर्वतयारी भइरहेको हुँदो हो । गोय छाय सुपारी चढाई संकल्प कृत्यपछि सं. ८२२ वैशाख कृष्ण ३, ४ र ५ तिथिका दिनहरूमा यथाक्रम शिव शक्ति कलश ग्रहण–स्थापना, पीठार्च्चन, पुरश्चरण कृत्यहरू सम्पन्न भएका थिए ।

**ख) जज्ञ मण्डप निर्माण–** प्रस्तुत अभिलेख ग्रन्थले कोट्याहुति यज्ञको पूर्वतयारी भइरहेको तथ्य जानकारी गराउने हेतुले पत्राङ्क १२५ ख– १२६ क मा सं. ८२२ वैशाख कृष्ण ७ को तिथि दिनमा जज्ञ मण्डप बनाइएकोको तथ्य उल्लिखित गरेका देखिन्छन् दोस्रो भाग, पृ.१८५–१८६ । पाँचतले मन्दिर निर्माणका तथ्य लेख्ता द्वार, झ्याल, निदाल, दलिन इत्यादिका नापो र सङ्ख्या नलेखिए पनि जज्ञ मण्डप निर्माणका कुरामा भने झ्याल, खामो, निदाल, दलिन, द्वार, भरेङ्सुद्धका नापो र तिनीहरू बनाउन प्रयोग गरिएका काठका जात पनि स्पष्ट खुलाई लेखेका देखिन्छन् । यज्ञ मण्डप 'मूल मण्डप' र अभिषेक मण्डप निर्माणमा प्रयुक्त काठका जात र नापो पनि उल्लिखित भएका छन् (पत्राङ्क १२६ क दोस्रो भाग पृ.१८६ मै) । यज्ञ मण्डपमा होता ब्राम्हणलाई, यजमान राजालाई, क्षेत्री आह्वानलाई र स्नानलाई छुट्टाछुट्टै सिंहासनमण्डप बनाई यथा स्थानमा राखिएका थिए ।

सं. ८२२ वैशाख कृष्ण ९ तिथि दिनमा यज्ञ कुण्ड खनिएको थियो । ऐ वैशाख कृष्ण ११ तिथिका दिन कुण्डपाद स्थापन, ऐ वैशाख कृष्ण १३ का दिन तोरणसहित द्वार स्थापन, ऐ ज्येष्ठ शुल्क १ मा अङ्कुरार्पण कृत्य सम्पन्न गराइएका थिए । नव निर्मित **ङातापोलल देवल** अर्थात **पाँचतले मन्दिर** चिरस्थायी र अटल भइरहोस् भन्ने भाव भएको 'पुण्याहवाचन' भनौं या 'स्थिरोभव' वाक्य पाठ गराइएका थिए । सूर्य पूजा, गुरु पूजा गर्ने र ध्वजापताका राख्ने काम सकिएपछि ऋत्विज अर्थात् होता ब्राम्हण वरण, मण्डप पूजा, बलिपूजा र यवोदक, कृत्यहरू सम्पन्न गराइएका थिए । सं. ८२२ ज्येष्ठ शुल्क ७ का तिथि दिनमा रजपूजा, थण्डिल उद्धार, काशिकारोपण, जलयोग र अधिवासन कृत्यहरू पनि सम्पन्न भएका थिए ।

**ग) अग्नि स्थापन :** यो अग्नि स्थापन कृत्यदेखि सिद्धाग्नि कोट्याहुति यज्ञ शुभारम्भ भएको थियो । सं. ८२२ ज्येष्ठ शुल्क नवमी तिथिका दिन स्वयं राजा श्री श्री भूपतीन्द्र मल्लको यजमानत्वमा होता ब्राम्हणहरू श्रीचक्रराज, श्रीजोतिराज, श्रीलक्ष्मीराज, श्रीरुद्रराज, श्रीशम्भुराज, श्रीकृष्णराज, श्रीपुरराज, श्रीउमापतिराज, श्रीआनन्दराज, श्रीकुतु, श्रीहेमराज, श्रीनन्दराज, श्रीविश्वराज र श्री कुलराज समेतले जम्मा ११०२ मुठा सोही तिथि दिनमा अग्निकुण्डमा स्थापना गरिएको अग्निमा आहुति दिएका थिए । प्रत्येकले दिएको आहुति मुठाका सङ्ख्या र ब्राम्हणहरूका नाम तथा सोही अवसरमा ग्रहहरूका नाममा आहुति दिने ब्राम्हणहरूका नाम सहित आहुति सङ्ख्या पत्राङ्क ३ ख–५ ख, पृ.१४३–१४४ मा उल्लिखित देखिन्छन् । अनि स्थापनका दिनमै २ जना ब्राम्हणहरूबाट संहिता पाठ, पुराणहरूमा मत्स्य, काशीखण्ड, भागवत, कूर्म, पद्म र हरिवंश तथा षडङ्ग पाठ ११ जना ब्राम्हणहरूद्वारा, चण्डी पाठ २ जना ब्राम्हणहरूद्वारा गराइएका थिए । पार्थिव पूजा र जप, दिग जप ८ जना ब्राम्हणहरूले ( पत्राङ्क ६ ख, परिशिष्ट ५५) गरेका थिए । विद्यापीठका कर्माचार्य जयराम लगायत जम्मा १० जना कर्माचार्यहरूले १६६५३०० जप गरेका थिए (पृ.१४४–१४६) ।

**घ) तान्त्रिक कर्मकाण्ड कृत्यहरू–** सं. ८२२ ज्येष्ठ शुल्क नवमि तिथिका दिनदेखि नै भक्तपुरका कर्माचार्य आचातहरूद्वारा ९ दिनसम्म **ङाथान** भन्ने **बलि कृत्य** विद्यापीठका कर्माचार्यहरू भिंख्वाल, जीवधर, मोहन आचात, गोपी, इछु टोलका धनसिं र गोपि, खिछैं टोलका आचातहरू ५ जनाले सञ्चालन गरेका थिए (पत्राङ्क ६ ख, परिशिष्ट ५५ ज) । ती आचातहरूले प्रत्येकले ९/९ पोका ९ दिनसम्म बलि दिए भन्ने उल्लिखित भएको देखिन्छ । उपर्युक्त तिथि दिनदेखि नै ४६

दिनसम्म विद्यापीठको कर्माचार्य गणराज, इछु टोलको कर्माचार्य देव र खिछैँको कर्माचार्य वंशरामले **स्वथान बलि कृत्य** प्रत्येकले ४६/४६ पोका बलि चढाई सम्पन्न गरेका थिए (पत्राङ्क २७ क, १२३ ख, परिशिष्ट ५५ झ)। खिछैँ, इछु, विद्यापीठ र क्वनिमा टोलका १० जना कर्माचार्य आचातहरूले (नाम र प्रत्येकले जप पाठ गरेको सङ्ख्या परिशिष्ट ५५ ञ मा छन्) ग्रह जप पाठ गरेका थिए (पृ.१४७)। तिनीहरूले जम्मा १६०६००० जप र १६६५३०० जप गरेका थिए भन्ने तथ्य उल्लिखित भएका देखिन्छन्।

**सदावर्त दान–** अग्नि स्थापनाकै दिनमा ब्राम्हणहरूलाई चामल, मास, नुन, केराउ दाल, भटमास भएको सदावर्त भिक्षा दान कृत्य पनि सम्पन्न भएका थिए (पत्राङ्क ७ ख) पृ.९-१२ दोस्रो भाग।

**निश्रावदान–** सोही तिथि दिनमा भक्तपुरका स्थानीय २१४ जना ब्राम्हणहरूलाई (नाम सूची पत्राङ्क ११ क-१२ खमा) र ललितपुर र कीर्तिपुरका ब्राम्हणहरू १६२ जनालाई (नाम ठेगाना सूची पत्राङ्क १० ख-११ क मा) निश्राव दान दिएका थिए (पृ.१२-१६ दोस्रो भाग)।

**थापूजा र जागरण कृत्य–** सं. ८२२ ज्येष्ठ शुल्क १३, ज्येष्ठ कृष्ण ६ र १० तिथिका दिनहरूमा सम्पन्न भएका थिए।

**ङ) देवी प्रतिमा र गजूर स्थापनाका कृत्यहरू–**

**दशकर्म्म कृत्य–** सिर्जनशील र प्रतिभा सम्पन्न कलाकार कालिगडले रचना साधनाद्वारा बनाई तयार गरिसकेको देवदेवी मूर्ति प्रतिमालाई नयाँ सिर्जना, नव जन्म भएको मानेर वास्तुशास्त्र-धर्मशास्त्रले त्यस्ता मूर्ति प्रतिमालाई मन्दिर प्रासादमा स्थापना गर्नु अगि दशकर्म संस्कार कर्मकाण्ड कृत्यहरू यथाक्रमानुसार (गर्भाधान, पुंसवन, सीमान्तोन्नयन, जातकर्म, निष्क्रमण, नामकरण, अन्नप्राशन, चूडाकरण, उपनयन र विवाह) सम्पन्न गराइन्छन्। प्रस्तुत अभिलेख ग्रन्थमा ती कृत्यहरू सम्पन्न गराउनाका लागि सामग्री सूची मात्र लेखिएका देखिन्छन्। पाँचतले मन्दिरमा स्थापना गरिने देवीको पनि ती दश कर्म्म कृत्यहरू सम्पन्न गराइएका थिए भन्ने कुरा त्यस सामग्री सुचीबाट (पत्राङ्क १२१ ख-१२२ क) आंशिक पुष्टि हुन्छ (दोस्रो भाग पृ.११७-११८)। उपर्युक्त कृत्यपछि शोधन कृत्य गरेर देवी प्रतिमामा प्राण प्रतिष्ठापन कृत्य सम्पन्न गराइन्छ। अनि मन्दिरभित्र आसनमा पनि विधिवत शोधन कृत्य गरेपछि देवीको प्रतिमा मन्दिर भित्र लगिन्छ। ध्वजाको पनि शोधन कृत्य गरिन्छ। प्रस्तुत अभिलेख ग्रन्थबाट **न्यातपोल देवल** अर्थात **पाँचतले मन्दिर**का देवदेवी प्रतिमा र ध्वजालाई पनि त्यस्तै कर्मकाण्ड कृत्य सम्पन्न गराइएका थिए।



सिद्धिलक्ष्मीको चित्र

**देवी प्रतिमा स्थापन–** सं. ८२२ आषाढ शुल्क प्रतिपदा, पुनर्वसु नक्षत्र, ध्रुवयोग सोमबारका तिथि दिनमा पाँचतले मन्दिरमा **स्वेष्टदेवी सिद्धिलक्ष्मीको विशाल मूर्ति स्थिर रूपमा आसनमाथि स्थापना गरियो**। मन्दिरमाथि सुनको मोलम्मा लगाइएका ४० धार्नी तौल भएको **गजूर चढाई** जडान गरियो। पाँचतले मन्दिरका चारै कुनामा निर्मित चार साना मन्दिरमा पनि गजूर जडान गरिए। कोटी लिङ्गमा पनि गजूर चढाइयो भन्ने उल्लेख देखिन्छ। तर पाँचतले मन्दिरको दक्षिणपट्टिको प्रस्तर भरेङ्ग दायाँबायाँका सिंधिनी व्याधिनी देवीहरूका मूर्ति र अरु मूर्तिहरू कहिले स्थापना भएका थिए उल्लिखित भएको देखिँदैन। मन्दिरभित्र ठूलो घण्टा पनि चढाइएको थियो त्यति बेलै।

**चतुर्थी कृत्य–** पाँचतले मन्दिरमा देवी सिद्धिलक्ष्मीको मूर्ति स्थापना भएको र उक्त मन्दिरमाथि गजूर चढाइएकोको चतुर्थी कृत्य सं.८२२ आषाढ शुल्क चतुर्थीकै तिथि दिनमा सम्पन्न भएको थियो (पत्राङ्क ३ ख)। नेपालको धर्म संस्कृतिमा चतुर्थी कृत्यको आफ्नै महत्त्व छ। मुख्य कर्मकाण्ड कृत्य सम्पन्न भएपछिको चौथो दिनमा त्यस मन्दिरमा स्थापित देवदेवी र मन्दिरकै पनि हेरविचार पुऱ्याउने भक्ति सेवाको द्योतक हो चतुर्थी कृत्य।



सुनको मोलम्मा लगाइएको ४0 धार्नी तौलको गजूर
('भक्तपुर' २०५४ असारबाट)

सं. ८२२ आषाढ शुल्क १२ तिथिका दिन पनि थापूजा र जागरण कृत्य सम्पन्न भएका थिए।

उपर्युक्त कृत्यहरू समापन हुँदाहुँदै सिद्धाग्नि कोट्याहुति यज्ञ र स्वथान बलि तान्त्रिक कर्मकाण्ड कृत्यहरू पनि समाप्ति चरणमा पुग्दै थिए। कोट्याहुति यज्ञका कृत्यहरू मध्ये यज्ञ मण्डपमा चौरासी पक्वान्न मिष्ठान्न रोटी आहुति दिने कृत्य सं. ८२२ आषढ कृष्ण तृतीया तिथिका दिनमा सम्पन्न भयो। ती चौरासी थरीका १०/१० ओटा रोटीका नाम पत्राङ्क १०२ क, ख मा उल्लिखित छन् दोस्रो भाग पृ.१४८-१५०। ती मिठाई रोटी राजा भूपतीन्द्र मल्लद्वारा यज्ञमा आहुति गरेका थिए। सोही साल आषाढ कृष्ण दशमिका दिन थापूजा र जागरण कृत्यहरूका साथसाथै चौरासी व्यञ्जन परिकार (नाम सूची पत्राङ्क १७८ क, ख) विशेषतः मासुका ८४ परिकार र कोटी आहुति पोका पनि यज्ञमा आहुति गरिए (दोस्रो भाग पृ.२५८)। सं. ८२२ आषाढ ११ वृहस्पतिबारका दिन प्रायश्चित होम कृत्य सम्पन्न गरी त्यसैको भोलिपल्ट अर्थात सं. ८२२ आषाढ कृष्ण १२ शुक्रबारका दिन सिद्धाग्नि कोट्याहुति यज्ञ मण्डपमा पूर्णाहुति गरी सो कोट्याहुति यज्ञ पूर्ण समाप्त गरियो। यजमानलाई सोही दिन अवभृत स्नान पनि गराइयो। आषाढ कृष्ण अमावास्या सोमबारका दिन कोट्याहुति यज्ञ पूर्णको चतुर्थी पूजा कृत्य भएको थियो।

संवत् ८२२ श्रावण शुल्क द्वितीया तिथिका दिन इनाय दाँ पूजा जाने अर्थात् सूर्यविनायकमा पूजा जाने कार्यक्रम पनि सम्पन्न भयो। सो कृत्य पाँचतले मन्दिर निर्माण कार्य र त्यसको प्रतिष्ठा कोट्याहुति यज्ञ निर्विध्न समापन सिद्ध भएकोले सूर्यविनायकमा सभक्ति कृतज्ञता प्रकट गर्ने पूजा कृत्य हो भन्ने बुझिन्छ। त्यस अवसरमा राजपरिवार, कालिगड व्यापारी र अरु सहयोगी जनहरू आमन्त्रित गरेर प्रसाद भोज खाएका ख्वाएका थिए।

कोट्याहुति यज्ञको भश्म ६ महिनापछि भक्तपुरको स्थानीय नदीमा (हनुमन्ते नै भनेर अभिलेख ग्रन्थमा भने नाम उल्लिखित देखिदैन) सेलाउने कार्य पनि विधिवत पूजा आजा गरी सम्पन्न गराएका थिए।

यसरी **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर**को यावत निर्माण कार्यहरू, मन्दिरमा देवी स्थापना, गजूर थापना तथा मन्दिर प्रतिष्ठाका निम्ति कोट्याहुति यज्ञ औ यज्ञको भश्म सेलाउने कृत्यसम्म (सं. ८२२ कार्तिक शुल्क ३ मा जङ्गलमा काठ सङ्कलन गर्न खटाइएको कामदेखि यज्ञको भश्म सेलाइएको दिन सं. ८२२ पौष कृष्ण १२) १४ महिनाजति समयावधि लागेको बुझिन्छ।

## अध्याय ५

## पाँचतले मन्दिर निर्माण प्रतिष्ठामा हर्षबढाइँका कार्यक्रमहरू

**क) बेतालि बोयका** अर्थात् पगरी कपडा फहराएको- **न्यातापोलल देवल** अर्थात् **पाँचतले मन्दिर**को भौतिक निर्माण कार्य चरणै पिच्छे तान्त्रिक कर्मकाण्ड कृत्यसमेत सम्पन्न गराई सं. ८२२ वैशाख शुल्क सप्तमिदेखि वैशाख कृष्ण अष्टमीका तिथि दिनमा सबभन्दा पहिले माथिलो पाँचौं तलादेखि क्रमशः तलतिरका चौथो, तेस्रो, दोस्रो र पहिलो तलाका छानामा झिँगटी छाएपछि निर्माण कार्य पूरा भएको थियो। उक्त मन्दिरको मित सोड़ा अर्थात् जग हाल्नेदेखि आवं चेया अर्थात् छानामा झिँगटी इँटा छाउने काम सिद्धिएको भन्नु नै उक्त मन्दिरको भौतिक निर्माण कार्य समाप्त भएको हो। त्यसैको हर्षबढाइँ र खुशीयालीमा उक्त नव निर्मित पाँचतले मन्दिरलाई पनि बधाई सगुन ज्ञापन गर्नु स्वरूप उक्त मन्दिरमा सं. ८२२ वैशाख वदि अष्टमिका तिथि दिनमा भक्तपुरका स्थानीय मथ (ठं) पति, गोसाइँ, रावल, होडा, लवत, पोडे थरका निवासीहरू लहदेव, दातेम्हा, विदेश्वर आदि प्रमानहरूले बनेपा, पनौति, नाला, साङा, ठिमी, धुलिखेल, चौकोट, नकदेश, खड्पु, बोडेका भण्डारेहरूले, पूजावारीहरू

गुठी पंच समूहहरू, टोल नाइकेहरू, पसले, पुरोहित ब्राम्हणहरू, अत्मल, ददामिहरूले ललितपुरका राजा, चौतारा, भाजुदेव, मानसि, दामोदर नामका व्यक्तिहरूले बेताली अर्थात् पगरी कपडा फहराउन भक्तपुर टौमढी टोल अवस्थित नवनिर्मित पाँचतले मन्दिर स्थानमा उपस्थित भएका थिए, सहभागी भएका थिए ।

ती सबैले ल्याएका बेतालीहरू मध्ये जरी भरिएका बेताली थान १३, सेतो सादा बेताली थान ५९, क्याँ खाडी बेताली थान ६७ थिए । ती बेतालीमा प्रत्येक बेतालीको तत्कालीन प्रचलित मूल्य रकम पनि उल्लिखित भएका छन् । यसरी –

१) त्वा १ जलि बेतारि, चुकुति, मु मो २X (अर्थात चुकुति भन्नेले अढाई मोहर मोल परेको जरी भरेको बेताली पगरी (फहराइयो) ।

२) त्वा १ बेतारि, तोयु, चन्द्रशेखर, मु, शुकि ३ ( अर्थात् चन्द्रशेखरले शुकी ३ मोल पर्ने सेतो बेताली फहरायो) ।

३) था १ क्या खाडि, वासिं दुवा, दं ६० (अर्थात् वासिं दुवालले ६० दाम मोल पर्ने १ थान क्यां खाडी फहरायो) । पत्राङ्क २८ क–२९ ख, दास्रो भाग, पृ.३६–३८)

त्यस किसिमको बेताली बोयका (अर्थात् बेताली पगरी कपडा फहराउने कृत्यले एकातिर पाँचतले मन्दिर निर्माण कार्य सकिने वितिकैको हर्षोल्लास पूर्ण बधाई सगुन दर्शाउँदो होला त अर्कोतिर त्यस कार्यक्रमपछि सम्पन्न हुने कोट्याहुति यज्ञ, मन्दिरमाथि गजूर चढाई, मन्दिरभित्र देवी प्रतिमा स्थापना गर्ने कार्यक्रम उत्सव, कोट्याहुति यज्ञ र स्वथान बलि कृत्यको समापन एवं नृत्यनाटक भजन कीर्तनका निम्ति सुहाउँदो हर्ष उत्सवको पूर्व रङ्को वातावरण सिर्जना गर्दो होला ।

**ख) दान–दक्षिणा, पुरस्कार–उपहार –** पुरोहित होता ब्राम्हण पाठक जापक ब्राम्हणहरूलाई उनीहरूले सम्पन्न गराइदिने कर्मकाण्ड कृत्यकै बेलामा दान दक्षिणा दिनु पर्ने धार्मिक दस्तुर हो । त्यस्तै तान्त्रिक कर्मकाण्ड कृत्य सम्पन्न गराउने आचात कर्माचार्यलाई पनि, निर्माण कार्य थाल्न गरिने वास्तु पूजा कृत्यहरूमा सम्बन्धित कालिगड नाइकेलाई पनि तद् तद् कृत्य समाप्ति हुने बखतमै दक्षिणा दिइन्थे । त्यस्ता दक्षिणा एक प्रकारले आदर सम्मान सूचक दस्तुर हो । पुण्य कार्यमा संकल्प पूजा गरी पुरोहितलाई कुनै वस्तु, वस्त्र, अथवा धन दिइने दान हो । दानका साथ दक्षिणा पनि दिइन्छ । प्रस्तुत अभिलेख ग्रन्थमा यत्रतत्र वैदिक धार्मिक कर्मकाण्ड कृत्यहरू, वास्तु शास्त्र धर्म सम्बन्धी कृत्यहरू र तान्त्रिक कर्मकाण्ड कृत्यहरूका उल्लेख आएका छन् । त्यस्ता कृत्यहरूमा दान दक्षिणा भेटीवापत बेहोरिएका खर्च रकमका अभिलेखमा उल्लिखित देखिन्छन् । प्रस्तुत अभिलेख ग्रन्थका पत्राङ्क ७४ क देखि ७६ क भित्र (दोस्रो भाग पृ.१०७–११२ भित्र) पितृ पूजा यज्ञ मण्डप निर्माण गर्ने कृत्य, यज्ञ मण्डपमा अग्नि स्थापन कृत्य, अधिवासन कृत्य, पूर्णाहुति कृत्य, स्वथान र ङाथान बलि कृत्य आदिमा पुरोहित होता ब्राम्हण र आचात कर्माचार्यहरूलाई यजमानले ती ती कृत्य सम्पन्न गराइदिए वापत सश्रद्धा सम्मान भक्तिपूर्वक दान दक्षिणा भेटी स्वरूप चाँदी र सुनका टुक्रा, सुन र चाँदीका कमल प्रतिमा, सुन चाँदीका पादुका, सुनचाँदीका कुन्द पुष्पका प्रतिमा, नवरत्नादि, परिगा (दोसल्ला), उपकरण वस्तु आदि दिएका थिए । त्यस्ता दान दक्षिणा भेटी यजमानको गच्छेअनुसार यथाश्रद्धा शक्ति भक्तिपूर्वक धर्म चित्तले दिइन्थे । प्रस्तुत अभिलेख ग्रन्थमा त्यस्ता पुण्य कृत्यहरूमा आवश्यक दान दक्षिणा भेटी रकम सूची तथा त्यस्ता कृत्यहरूमा दान दक्षिणा भेटी दिंदा व्यहोरिएको खर्च रकमका टिपोट हुनाले हो कि प्रापक पुरोहित–होता–ब्राम्हण र आचार्य (कर्माचार्यहरूको) व्यक्ति विशेषको नाम उल्लेख देखिंदैन ।

प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क १२७ क मा कोट्याहुति यज्ञ–सिद्धाग्नि यज्ञ गराउँदा यज्ञ मण्डपमा अग्निकुण्ड स्थापना कृत्यका अवसरमा होता ब्राम्हणलाई (नाम उल्लिखित छैन) दान स्वरूप दिएका वस्तु गहना वस्त्र यस प्रकारका थिए–

**नागकुण्डल गहना १ जोर (दुइ तोला सुनको),**
**चलकमाल गहना भन्ने माला १ (एक तोला सुनको),**
**सुनका बाला २ (मोहर ४ मूल्य पर्ने),**
**सुनको मोलम्मा लगाइएको मुकुट १,**
**देवाङ (अचेलको गाउन जस्तो पदीय पोशाक जस्तो) एक प्रकारको वस्त्र,**
**पटुका १,**
**पामलि भन्ने एक प्रकारको वस्त्र १**
**चाँदीका मोलम्मा लगाइएका मुकुट ३ ।**

साथै, कोट्याहुति यज्ञको पूर्णाहुति समापन कृत्य भएको दिनमा होता ब्राम्हणलाई तल लेखिएका अनुसारका अचल चल (जीव) सम्पत्ति पनि दान स्वरूप दिइएका उल्लिखित भएका देखिन्छन् । पत्राङ्क १२७ क मा–

**घर ३ ओटा,**
**खेत जग्गा ३ रोपनी,**
**घोडा, गाई, भैंसी, बाखी, भेडा, हाँस** (कति कति ओटा हुन् सङ्ख्या जनिएका छैनन्) पनि दानमा दिएका थिए ।

त्यस्तै, पत्राङ्क ७८ ख (दोस्रो भाग, पृ.११४) मा राजा, गुरु होता पुरोहित ब्राम्हण, कर्माचार्य आचात र जोशीलाई व्यक्ति नाम किटान साथ उल्लेख गरेर विभिन्न जातका घोडा वाहन (प्रत्येकको तत्कालीन प्रचालित मोलसमेत उल्लेख गरिकन

उपहार स्वरूप दिएका भने हर्षबढाइँ खुशीयालीकै निम्ति हो कि जस्तो लाग्छ–

**म्हं १ सला (घोडा १) श्रीश्री राजालाई मूल्य मोहर ९० पर्ने,**

**म्हं १ सला (घोडा १) श्रीचुकुति भाजुलाई मूल्य मोहर ४० पर्ने,**

**म्हं १ सला (घोडा १) पद्म सिं आचार्यलाई मूल्य मोहर ३५ पर्ने,**

**म्हं १ सला (घोडा १) जयराज आचार्यलाई मूल्य मोहर २९ पर्ने,**

**म्हं १ सला (घोडा १) श्रीचक्रराज भाजुलाई मूल्य मोहर ३५ पर्ने,**

**म्हं १ सला (घोडा १) वंशीधर जोशीलाई मूल्य मोहर ३४ पर्ने,**

**म्हं १ सला (घोडा १) जयसिंह आचार्यलाई मूल्य मोहर २५ पर्ने ।**

उपर्युक्त सूचीमा घोडाका जात तोकिएका छैनन् । घोडाको मूल्य स्तर र प्रापकहरूका सामाजिक स्थान मान अनुसार उच्च मोलका घोडा प्राप्त गरेका तथ्यको आधारमा ती घोडाहरूका विभिन्न जात– उत्तम, मध्यम र तल्लो स्तरका घोडा हुन् कि भन्ने अनुमान गर्न सकिन्छ ।

अब यहाँनेर सुनको मोलम्मा भएको मुकुट १ र चाँदीको मोलम्मा भएका मुकुट ३ का कुरामा केही चर्चा गर्नु प्रासङ्गिक होला भनी ठान्छु । प्रस्तुत अभिलेख ग्रन्थको पत्राङ्क ७२ ख मा मुकुट ३ ओटा (कुन धातुको ? सुन अथवा चाँदी के को हो उल्लिखित छैन) बनाउन लगाएको कुरा आएको छ त पत्राङ्क ७५ ख (दोस्रो भाग, पृ.१११) मा चाँदी २ तोला मुकुटमा जलप लगाएको औ सुन तोल २ मं ९ हनुध्वज, मुकुट र चन्द्रवा मा जलप लगाइएको भन्ने अस्पष्ट एवं मिश्रित हिसाव उल्लेख गरिएको देखिन्छ । ती मुकुट कसलाई–देवतालाई कि मनुष्यलाई भनेर बनाउन दिएको हो सो पनि स्पष्ट छैन । यहाँ भन्न खोजिएको के भने माथि गइसकेको पत्राङ्क १२७ क (ऐ भाग, पृ.१११) मा अग्नि स्थापना कृत्य सम्पन्न गराएको तिथि दिनमा होतालाई दान स्वरूप प्रदान गरिएको सुनको मोलम्मा भएको मुकुट अहिले हामीहरूका संरक्षणमा रहेको छ भन्ने कुनै जानकारी भक्तपुरका ब्राम्हणहरूबाट हुन आएको छैन । हालैमा **रोलम्ब**, ११/४, सन् १९९१, पृ.१६–१८ मा प्रकाशित 'ताम्र मुकुटको अप्रकाशित अभिलेख' शीर्षकको लेखमा पुरुषोत्तम लोचन श्रेष्ठले भक्तपुर सुकुलढोका टोल अवस्थित त्रिपुर विद्यापीठ आगमका वर्तमान थकाली सिद्धिवीर कर्माचार्य र उहाँको भाइ सुरेन्द्रवीर कर्माचार्यबाट 'ने.सं. ८२२' उत्कीर्ण सुनको मोलम्मा लगाइएको मुकुट न्यातपोलल देवल मन्दिर प्रतिष्ठा भए बेलाको सो मुकुट अद्यापि त्रिपुर विद्यापीठ आगममा सुरक्षित रहेको जानकारी मिलेको भनी प्रकाशित गर्नु भएको रहेछ । ने.सं. ८२२ मा न्यातपोलल देवल प्रतिष्ठाका निमित्त कोट्याहुति यज्ञ कृत्यका साथसाथै कर्माचार्यहरूबाट ङाथान बलि ९ दिनसम्म र स्वथान बलि अनुष्ठान कृत्य ४६ दिनसम्म सञ्चालन गरिरहेको तथ्य सिद्धाग्नि कोट्याहुति देवल प्रतिष्ठा अभिलेख ग्रन्थको पत्राङ्क १७८ ख – १८० ख मा लिपिबद्ध भएका देखिन्छन् । त्यसै हुँदा कर्माचार्यहरू मध्येका प्रमुख त्रिपुर विद्यापीठका कर्माचार्यलाई पनि सुनको मोलम्मा भएको मुकुट प्रदान गरिएको थियो कि ! जे होस्, ने.सं. ८२२ मा पाँचतले मन्दिर प्रतिष्ठा अनुष्ठान कृत्यको स्मारक स्वरूपको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक र सांस्कृतिक महत्त्व भएको उक्त मुकुट त्रिपुर विद्यापीठ आगममा सुरक्षित राख्न सक्नु र जानकारी प्रकाशमा ल्याइदिने उहाँहरूको कार्य सराहनीय छ ।




स्वणर मुकुट : अग्रभाग र पार्श्वभाग (पुस्तकबाट)

**न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** बनाउने काममा प्रत्यक्षतः संलग्न भएका त्यस बेलाका कालिगडहरूलाई पनि तिनीहरूको सीप, कार्य कुशलता, लगनशीलता र प्रतिभाका कदर सम्मान गर्ने र तिनीहरूलाई प्रोत्साहन र प्रेरक वातावरण सिर्जना गर्ने हिसावले यथायोग्य पुरस्कार उपहार स्वरूप कसैलाई एकेक तोला सुन, कसैलाई २२ तोला तौल भएको १/१ जोर चाँदीको बाला, कसैलाई ८/८ मासा सुन जनही त्यसबखत दिएका थिए। नाम र पेशागत थर नै किटानसाथ उल्लेख गरेर पुरस्कार पाएकाहरूमा **तुलसी लोहोकमि** (शिलाकार) र **नवमि सिं तावत** (टमोट) ले जनही मोहर १६ मोल पर्ने १/१ तोला सुन तथा मोल मोहर १५ पर्ने २२ तोला तौलको चाँदीको बाला १ जोर पाउने **शंकर अवाले** यस प्रसङ्गमा विशेष उल्लेखनीय छन्। तिनीहरूका सीप प्रतिभा योग्यता सम्बन्धी विशेष टिप्पणी पृ.३२-३४ र ३६ मा लेखिसकेका छन्। शिवमान, जुगिदास, भागिराम आदिले तथा उपरसिं, जगतसिं र वंशीधर खजाञ्जी भण्डारे काम गर्नेहरूलाई पनि तिनीहरूको कामको कदर प्वरूप जनही सुन १/१ तोला (प्रति तोला मोल मोहर १६ आठ आना पर्ने) दिएका थिए (पत्राङ्क ७७ क)।

त्यस्तै, बनेपा, ठिमी, ललितपुर, भक्तपुर, साङा, नाला, पनौति, बोडे, धुलिखेलका पञ्चतार-पास्तार, नृत्य नाटक मण्डलीहरू प्रत्येक समूहलाई मोहर ४/४ दिएका थिए। राजाको (भूपतीन्द्र मल्लले रचेको) **'महाभारत'** नाटकका कलाकार मण्डलीलाई मोहर १४ र भक्तपुर राकोराछ टोलको नाटक मण्डलीलाई (के शीर्षकको नाटक हो उल्लिखित छैन) मोहर ६ भेटी पुरस्कार दिएका थिए (पत्राङ्क ७६ ख)।

**ग) नृत्य-नाटक, पास्तार (पञ्चताल वाद्य), भजनका कार्यक्रमहरू-** पाँचतले मन्दिर बनाई तयार भएपछि सो मन्दिरको प्रतिष्ठा अनुष्ठान कृत्य स्वरूप ने.सं. ८२२ ज्येष्ठ शुल्क ९ तिथि दिनमा सुसम्पन्न भएको अग्नि स्थापन कृत्य, आषाढ शुल्क प्रतिपदा तिथि दिनमा सुसम्पन्न भएका कृत्यहरू पाँचतले मन्दिरमाथि गजूर चढाई स्थापना गर्ने र मन्दिर भित्र स्वेष्ट देवी सिद्धिलक्ष्मीको विशाल र भव्य मूर्ति स्थापना गर्ने पवित्र कृत्य, ने.सं. ८२२ आषाढ कृष्ण द्वादशी शुक्रबार तिथिका दिन सिद्धाग्नि कोट्याहुति यज्ञको पूर्णाहुति तथा अवभृत स्नान जात्रामा उपस्थित राजकीय अतिथि ललितपुरका राजा, भक्तपुर राज्य भित्रका प्रजाजन, पञ्च प्रमान जन, कालिगड र अन्य विविध पेशाका जनहरू, भक्तपुर राज्य इलाका अन्तर्गतका बनेपा, धुलिखेल, पनौति, नाला, खड्पु, चौकोट, ठिमी, बोडे, नगदेश, साङाका प्रजाजन र कालिगड कामदारहरू, पहाड पर्वत भेगका खस पंचहरू अत्मलहरू गोरखा, पाल्पा, भैंस्या, मकवानपुर इत्यादि स्थानबाट उपस्थित भएका निमन्त्रित पाहुनाहरूलाई मनोरञ्जन गराउनलाई एवं देवदेवीको भक्ति स्तुति भजन पास्तार पञ्चताल वाद्य वादनका कार्यक्रमहरू पनि आयोजना गरिएका थिए। त्यस बेला भक्तपुरकै **महाभारत नाटक**को (राजा भूपतीन्द्र मल्लको कृति) अभिनय प्रदर्शन भएको सङ्केत मिल्छ (पत्राङ्क ७६ ख)। सोही बेला भक्तपुरको राकोराछ (लाकोलाछे ?) टोलको एक नाटक पनि अभिनित भएको सङ्केत मिल्छ। ललितपुर, बनेपा, साङा, नाला, धुलिखेल, बुदे, पनौति आदि ठाउँबाट पनि कुम्हर र दैत्य नृत्य, पास्तार पञ्चताल वाद्य मण्डलहरूका कार्यक्रम चलाएका पनि ज्ञात हुन्छ। ती वाद्य, नृत्य र नाटकका कार्यक्रमहरूका वर्णन बेलिविस्तार केही कतै गरिएको प्रस्तुत अभिलेख ग्रन्थमा देखिन्न। **त्यस बेला भजनमा गाइएको एक दाफा भजन भने अद्यापितक भक्तिभावपूर्वक भक्तपुरका स्थानीय दाफा भजन खलकहरूले गाउने गर्दैछन्।** सो गीत स्व.ठाकुरलाल मानन्धरद्वारा सङ्कलित पुस्तक **पुलांगु मे** पुस्तकमा सर्वप्रथम प्रकाशित भइसकेको छ (प्रथम संस्करण, पृ.१९-२०)-

**राग**

*जय भूपतीन्द्र मल्ल धरम मूरती ॥ धु ॥*
*वसन देगोल दाङ देवी प्रीतिन ॥*
*नसे च्याया दथुसं नसे ताङाव ॥*
*दितरा थोकया पादु जुया दिन जाव धरम मूरती ॥*
*व्कथु फले जय प्रताप वया चोसं किसि ॥*
*सिंह शार्दूल अना अति शोभा जुल धरम मूरती ॥*
*देगोलया पेंगु कुने दिगं गणेश तल ॥*
*ताकंताकं फले अना अति शोभा जुल धरम मूरती ॥*
*ङातापोलया चोस छाल लुं गजुल ॥*
*वसन जज्ञयात कोटि आहुति ॥*
*बिल पुरोहितयात मूल लुंमुकुति धरम मूरती ॥*

(भावानुवाद : धर्म-मूर्ति स्वरुप भएका राजा भूपतीन्द्र मल्लको जय होस्। उहाँबाट देवी सिद्धिलक्ष्मीप्रति प्रीति भक्ति चढाउने हिसावले पाँचतले मन्दिर बनाउन लगाउनु भयो, ने.सं. ८२२ आषाढ शुल्क पक्ष प्रतिपदा तिथि दिनमा उक्त मन्दिरमा देवी प्रतिमा र मन्दिरमाथि सुनको गजुर चढाउनु भयो। मन्दिरका फले पेटीका पाँचै तह छन्। त्यसमा स्थापना गरिएका मूर्तिहरू मध्ये सबभन्दा तल्लो पेटीमा जय मल र प्रतापको मूर्ति युगल, त्यसपछि क्रमशः माथि एकजोर हात्ती, एक जोर सिंह शार्दूल, (एक जोर अदभूत जनावर), सिंधिनी व्याधिनी देवी र चारै कुनाका गणेशहरूका मन्दिरहरूका साथमा त्यस मन्दिर शोभायमान् भएका छन्। उहाँले कोटि आहुति यज्ञ गराउनु भयो। मूल पुरोहितलाई सुनको मुकुट उपहार दान दिए। त्यस्ता धर्ममूर्ति राजा भूपतीन्द्र मल्ल धन्य हुन्।)

राजा भूपतीन्द्र मल्लले बनाएको **न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** निर्माण, मूर्तिहरूका स्थापना, गजूर स्थापना, कोटि आहुति यज्ञ आयोजना, मूल पुरोहितलाई सुनको मुकुट उपहार दान प्रदान गरिएको कुराहरू उल्लेख भएको यो गीतको ऐतिहासिक, पुरातात्त्विक र धार्मिक महत्त्व छ ।

**घ) अतिथि सत्कार : भोज र कुथ थने एवं मिठाई वितरणः**

**न्यातपोलल देवल** अर्थात् **पाँचतले मन्दिर** निर्माण कार्य पूर्णतः सकिएपछि उक्त मन्दिर प्रतिष्ठा कृत्यहरू अन्तर्गतको कृत्य अनुष्ठान कोट्याहुति यज्ञको प्रारम्भ अग्निस्थापन कृत्यदेखि मन्दिरमा गजूर चढाउने र अवभृत स्नान जात्रा तथा इनायदो ( अर्थात् सूर्यविनायक) को पूजाको प्रसाद भोजनमा पनि उदारचित्तले अतिथिहरू निमन्त्रित गरिएका थिए । मुख्य भोजको दिन ने.सं. ८२२ आषाढ शुल्क प्रतिपदाको तिथि दिन थियो । त्यस दिनमा मात्रै पनि भक्तपुरका सबै क्षेत्र र पेशाका जनहरू, ललितपुर राज्यका तत्कालीन राजा प्रमुख अतिथि औ तिनका साथ उपस्थित भएका प्रमानहरू, पास्तार र नृत्य मण्डलीहरू, उपत्यका बाहिर गोरखा, पाल्पा, मकवानपुर, भैंसेसम्मका अतिथिहरू, पहाडभेगका खस पञ्चहरू, भक्तपुर राज्य अन्तर्गतकै सात गाउँ बनेपा, धुलिखेल, पनौति, खड्पु, चौकोट, नाला, साङा, ठिमी, बोडे, नगदेशका प्रजाजनहरू, प्रमानहरूका सिपाहींजन समेत गरेर उपस्थित पाहुनाहरू जम्मा ६६०९ (छ हजार छ सय नौजना) थिए (पत्राङ्क २९ ख – ३१ ख, परिशिष्ट ६७ क १–क ४) । ती भोज पनि पुरोहित ब्राम्हणहरूलाई ख्वाइने ब्रम्ह भोजमा प्रायः सात्विक परिकार जस्तो च्यूरा, दही, दूध, मिठाई–रोटी, फल, घ्यू, मुख्य हुन्थे । ब्रम्हभोज उप्रान्त अतिथि ब्राम्हणहरूलाई त्यस बखतको प्रचलित दरअनुसारको दक्षिणा टक्र्याइन्थ्यो (पत्राङ्क ७५ ख,७६ क) । ब्राम्हणहरूलाई र अन्य पुरोहित वर्गलाई दक्षिणा चढाउन आधा मोहर, मोहर, शुकि आदि विभिन्न सिक्का बनाई उपलब्ध गराएका थिए । (पत्राङ्क ७५ ख) ।

अन्य अतिथिजनहरूलाई भोज ख्वाउँदा च्यूरा, मासु परिकार, दही र (पाङा, द्वाल्चा, सुवाल्या, पंला, साधान ता वर्गका परिकारहरू) अतिथि गणका सामाजिक स्तर हेरी भिन्नभिन्नै हुन्थे । उक्त परिकार वर्गमा के के खाद्य हुन्थे **जितामित्र मल्ल कालीन धरपौ अभिलेख ग्रन्थ**को पत्राङ्क ३४१ क, ख मा उल्लिखित भएका देखिन्छन् (हेर्नुस्: चुन्दा बज्राचार्यबाट सङ्कलित सम्पादित **जितामित्र मल्लकालीन धरपौ** पुस्तकको पृ.३३६–३३७ मा) ।

उपर्युक्त भोजको दिनमा आमन्त्रित सबै खाले पाहुनाहरूलाई बाहेक अन्य कृत्यहरू जस्तो अग्नि स्थापन, कोट्याहुति पूर्ण र अवभृत स्नान जात्राका कृत्यहरूमा उपस्थित हुने अतिथि राजा (ललितपुरको राजा) र उनको दलबल, नृत्य नाटक पास्तार पञ्चताल वाद्यमण्डलीहरू, दैत्य नृत्य र कुम्हर नृत्य मण्डलीहरू उपर्युक्त उत्सव अवधिभर भक्तपुरमा रहने गर्दा तिनीहरूका लागि बस्ने ठाउँ, रासन खाद्य वस्तुका भण्डारण 'कुथ थने' को प्रबन्ध मिलाइएको र छुट्टाछुट्टै मण्डलीका हेरविचार रेखदेख गर्ने छुट्टाछुट्टै चिताइदारहरू पनि बन्दोबस्त गरिएका देखिन्छन् (पत्राङ्क ३२ ख – ३६ ख, ३७ क – ४३ ख, ५५ क – ५८, परिशिष्ट नं. ५९ क, ख र ६० क, यसै पुस्तकका पृ.१६५–१६६) ।

कोट्याहुति यज्ञ र स्वथान ङाथान कृत्य अवधिभर ( क्रमशः ४८ दिन, ४६ दिन र ९ दिनसम्म) ती कृत्यमा सङ्लग्न भएका पुरोहित ब्राम्हण, होता ब्राम्हण, कर्माचार्य आचातहरू, कृत्यका घडी पला गणना गर्ने जोशीहरू, टहलुवाहरू, कामदारहरू र सुवालहरूलाई नित्य भोजन गराइएका थिए (पत्राङ्क १२ क) ।

उक्त उत्सव उपलक्ष्यमा कालिगडहरू, कामदारहरू र अन्य पाहुनाहरूलाई मिठाई रोटी पनि वितरण गरिएका थिए (१०४ ख – १०६ ख पत्राङ्कहरू) । तिनीहरूलाई जनही १/१ औटा ऐंठे र १/१ ओटा मठ (मथ) भन्ने रोटी वितरित भएका थिए । राज अतिथि र नृत्य पास्तार मण्डलीलाई कुथ भण्डारका लागि कसि भन्ने माटोको भाँडोमा बन्द गरेर मरि कसि सगं ( कसिमा राखिएको रोटी मिठाईको सगुन) स्वश्रप उपलब्ध गराइएका थिए । निमन्त्रित पाहुनाहरूलाई भोज ख्वाइसकेपछि विदावादी भएर जाने बेलामा (फर्कने बेलामा) उपहार स्वरूप मिठाई दिन्थे । (क्रमशः)

भक्तपुर नगरपालिकाको
रेडियो कार्यक्रम
'ख्वप सः' अर्थात्
'भक्तपुर आवाज'
भक्तपुर एफ.एम १०५.४ मेगाहर्जमा सुन्नुहोस्
बुधबार : बिहान ७:३० देखि ८:३०
शुक्रबार : साँझ ६:३० देखि ७:०० सम्म
सोमबार : बिहान ७:०० देखि ७:३० सम्म

# स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११)

परिच्छेद - ३...

**१३. न्यूनतम दररेट निर्धारण गर्ने :** (१) गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको दररेट प्रत्येक आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै तोकी सक्नु पर्नेछ ।

**१४. समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्ने :**

(१) कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न आवश्यकता अनुसार कुनै सदस्यको संयोजकत्वमा समिति वा उपसमिति गठन गर्न सक्नेछ ।

(२) गाउँपालिका तथा नगरपालिकाले विषय विज्ञता आवश्यक पर्ने क्षेत्रमा कुनै सदस्य वा विषय विज्ञको संयोजकत्वमा कार्यदल गठन गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम गठन हुने समिति, उपसमिति वा कार्यदलको कार्यक्षेत्र, कार्यावधि र अन्य विषय त्यस्तो समिति, उपसमिति वा कार्यदल गठन गर्दाको बखत तोके बमोजिम हुनेछ ।

**१५. परिचालन र समन्वय गर्ने :** गाउँपालिका तथा नगरपालिकाले स्थानीयस्तरमा विकास निर्माण तथा सेवा प्रवाह सम्बन्धी कार्य गर्दा आफ्नो क्षेत्रभित्रका उपभोक्ता, निजी क्षेत्र, सामुदायिक सङ्घ संस्था, सहकारी संस्था तथा गैरसरकारी क्षेत्रको परिचालन र समन्वय प्रवर्द्धनलाई प्रोत्साहन गर्न सक्नेछ ।

**१६. कार्यविभाजन र कार्यसम्पादन :** (१) कार्यपालिकाको कार्यविभाजन र कार्यसम्पादन सम्बन्धी व्यवस्था सम्बन्धित कार्यपालिकाले स्वीकृत गरेको नियमावली बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविभाजन नियमावलीमा अध्यक्ष तथा प्रमुख, उपाध्यक्ष तथा उपप्रमुख, वडा अध्यक्ष र सदस्यको काम, कर्तव्य र अधिकार समेत उल्लेख भएको हुनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यविभाजन तथा कार्य सम्पादन नियमावली स्वीकृत वा संशोधन भएको मितिले पन्ध्र दिनभित्र प्रदेश र नेपाल सरकारमा पठाउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको नियमावलीबाट पदाधिकारीको कार्यविभाजन वा काम, कर्तव्य र अधिकार नतोकिएसम्मको लागि निजको काम, कर्तव्य अधिकार देहाय बमोजिम हुनेछः–

**क. अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार :** अध्यक्ष वा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(२) सभा र कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,

(३) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,

(४) सभाको अधिवेशन आह्वान र अन्त्य गर्ने,

(५) सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(६) कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,

(७) उपाध्यक्ष वा उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,

(८) दफा १२ को खण्ड ङ. बमोजिम वडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानून बमोजिम स्थानीय तहबाट गर्नु पर्ने प्रमाणित वा सिफारिस गर्ने,

(९) गाउँपालिका तथा नगरपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च, हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(१०) गाउँपालिका तथा नगरपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

(११) सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने,

(१२) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्ष वा उपप्रमुखलाई कार्यभार दिने र उपाध्यक्ष वा उपप्रमुख पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने,

(१३) सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

**ख. उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकारः** उपाध्यक्ष वा उपप्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(१) न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

(२) अध्यक्ष वा प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,
(३) गैरसरकारी सङ्घ संस्थाका क्रियाकलापको समन्वय गर्ने,
(४) उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,
(५) योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,
(६) सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,
(७) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,
(८) सभा, कार्यपालिका तथा अध्यक्ष वा प्रमुखले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।

**ग. वडा अध्यक्षको काम, कर्तव्य र अधिकार :** वडा अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–
(१) वडा समितिको अध्यक्ष भई कार्य गर्ने,
(२) वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,
(३) वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने,
(४) वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,
(५) दफा १२ को खण्ड ङ मा उल्लिखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धी कार्य गर्ने,
(६) सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी अध्यक्ष वा प्रमुखलाई दिने,
(७) कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने ।

**घ. कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकार :** कार्यपालिकाको सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–
(१) कार्यपालिकाको बैठकमा भाग लिने,
(२) अध्यक्ष वा प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई तोकिएको कार्य गर्ने,
(३) सात दिनभन्दा बढी समय गाउँपालिका वा नगरपालिकामा अनुपस्थित हुने भएमा अध्यक्ष वा प्रमुखलाई जानकारी गराउने,
(४) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

**१७. बैठक र निर्णय :** (१) कार्यपालिकाको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।
(२) कार्यपालिकाको बैठकमा कार्यपालिकामा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।
(३) कार्यपालिकाको बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ ।
(४) उपदफा (३) बमोजिम सर्वसम्मतिबाट निर्णय हुन नसकेमा कार्यपालिकामा तत्काल कायम रहेको सदस्य सङ्ख्याको बहुमत सदस्यबाट गरेको निर्णय कार्यपालिकाको निर्णय हुनेछ ।
(५) कार्यपालिकाको बैठक तथा निर्णय सम्बन्धी अन्य व्यवस्था संविधानको धारा २१८ बमोजिमको नियमावली अनुसार हुनेछ ।


(**धारा २१८**, गाउँ कार्यपालिका र नगर कार्यपालिकाबाट स्वीकृत नियमावली बमोजिम गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कार्य विभाजन र कार्य सम्पादन हुनेछ ।)

**१८. अधिकार प्रत्यायोजन :** (१) कार्यपालिकाले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष वा प्रमुख, उपाध्यक्ष वा उपप्रमुख, वडा समितिका सदस्य, आफू अन्तर्गतका समिति, उपसमिति वा प्रमुख प्रशासकीय अधिकृत वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(२) अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।
(३) वडा समिति वा वडा अध्यक्षले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार वडा समितिका कुनै सदस्य वा कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । **(क्रमशः)**


**के गर्दै छ**
**भक्तपुर नगरपालिका ?**

थाहा पाउन पढ्नुहोस्, सुन्नुहोस्

- 'भक्तपुर' मासिक
- 'ख्वप पौ'
- http://bhaktapurmun.gov.np
- www.bhaktapurkhabar.com
- www.facebook.com/BhaktapurMunicipality/
- ख्वप सः (भक्तपुर एफएममा) बुधबार बिहान ७:३०–८:३० र शुक्रबार साँझ ६:३०–७:३० सम्म
- अडियो नोटिश फोन नं. १६१८ ०१६६१०००९६



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 53

CHAPTER XXI.

**PEAKS OF THE CHAUNTRIAS.**

Despite his apparently powerful position, Martabar seems to have had misgivings as to its probable durability. On the 26th of February* lie told the Resident that every minister since the days of Prithi Narayan had met with a violent death, "but he hoped that he should escape."

The Chautrias in particular appear to have dreaded his power, and to have been apprehensive lest they should be treated by this all-powerful Minister as the Pandis had been. There is no reason to think that there was any real foundation for their alarm, but under the influence of it, whether well founded or not, Fateh Jang Chautria, who had been appointed Governor of Palpa, suddenly left his province, in company with Kaji Abhiman Rana, and proceeded towards Gaya. Martabar, apprehensive lest these and other malcontents should unite with Pandi exiles at Benares and other parts of the plains, ordered, on the 13th of April, Fateh Jang's house and property to be confiscated, as a punishment for his unauthorised flight from the country.

With a view still further to increase his popularity with the army, and probably doubting the strength of his position, Martabar, in the spring of 1845, raised three new regiments. This appears to have alarmed the King, who felt that he was becoming a mere cipher - that Martabar and the Prince really governed the country, though they paid him the compliment of doing so in his name. The King, urged on by the Queen and her friends, determined .at once to get rid of Martabar, hoping thereby to recover his own authority and position, and little foreseeing that the removal of his courageous though free-spoken Minister would merely transfer all authority in the State to the hands of the Queen and her paramour, Gagan Singh, and leave him in reality as great a cipher as ever.

On the 17th of May 1845 General Martabar Singh was murdered. On the 18th a deputation, With Kaji Jang Bahadur as spokesman, was sent by the King to report to the Resident, "that, on the previous night, Martabar had been put to death by the Rajah, for arrogating to himself the powers of sovereignty; for killing (in December 1844, at Hitowara) sixteen soldiers; for threatening to resume the lands of the Brahmans; for employing the soldiers as labourers; and for proposing to set up the second prince on the throne. That for these and other offences he had been put to death in the Palace, as His Highness feared to execute him publicly, owing to his influence with the soldiery," **

**DEATH OF MARTABAB SINGH.**

Although the King attributed the murder of these sixteen men at Dhupoabasa, without their having made confession, as a crime to Martabar, there is little doubt that the person who really ordered the execution was the Heir-Apparent. On this occasion Jang was as loud on the demerits of his uncle, as a month before he had been on those of the Chautrias.

Whatever faults Martabar had committed, they were chiefly faults of temper and bearing; his public and official acts appear to have been approved of, or at least acquiesced in, by the King and all the chiefs up to the very day of his death. He was treacherously murdered from private motives of party policy; not privately executed, as the King would represent, for offences which he had committed against the State.

* In February 1845 Prince Waldemar and suite paid a visit to Nipal.

* These are the words of the official report by Major Lawrence

(To be continued)

सम्पादकको पृष्ठ

# दुई तिहाइसँग अपेक्षा

देशमा फेरि जघन्य अपराधीलाई मृत्युदण्डको बन्दोवस्त गर्न आवाज उठेको छ। एसिड छ्याप्ने, बलात्कारका अपराधको सन्दर्भमा ज्यान सजायको माग गरिएको समाचार प्रकाशमा आएको छ।

मृत्युदण्डको कानुन नभएको देशका नागरिक हुन पाउनु गर्वको विषय हो। तर विगतका सरकारहरूले गैर कानुनी हत्याका धेरै घटनालाई व्यवहारमा ल्याएका थिए। सरकारले पक्राउ गरेका सयौँ नागरिक अझै 'बेपत्ता' छन्। कानुनी मृत्युदण्ड नहुनु तर अघोषित अर्थात गैरन्यायिक 'मृत्युदण्ड' वा हत्याका घटना हुनुले हाम्रो गर्व केवल देखावटी सावित भएको छ।

देशद्रोही, भ्रष्टाचारी, बलात्कारीलगायतका प्रमाणित अपराधीलाई मृत्युदण्डको बन्दोवस्तको आवाज देशमा धेरै पहिलेदेखि उठिरहेको छ। नेपाल मजदुर किसान पार्टीले सदनदेखि सडकसम्म, संविधान बेलामा पनि यसको माग र आवश्यकता औँल्याउदै आएको हो। तर सत्तामा बस्नेहरूलाई त्यो स्वीकार्य भएको छैन। त्यस्तो बन्दोवस्त गर्न अल्पमत, संयुक्तदेखि दुई तिहाइसम्मको सरकारले आँट गरेको छैन, आवश्यकता देखेको छैन। यसको विपरीत मृत्युदण्ड दिनुपर्ने अपराधीहरूलाईसमेत सत्ताधारीहरूले संरक्षण गर्नुलाई आफ्नो दायित्व र कर्तव्य ठानेको र संरक्षण गरेका घटनाहरू बग्रेल्ती देखिएका छन्। पीडितभन्दा पीडकप्रति न्याय प्रशासनदेखि सत्तासम्म 'विवेकी' भइरहेको यथार्थमा कडा कानुन ल्याउन सत्तामा जाने र बस्नेहरूको अरुचिको कारण 'खुल्ला रहस्य' भएको छ।

निश्चय पनि मृत्युदण्ड कठोर र निर्मम सजाय हो। अपराध पनि कोमल र मधुर हुँदैन। अपराधअनुसार अर्थात जति ठूलो अपराध त्यति ठूलो सजायको बन्दोवस्त गर्नु सरकारको कर्तव्य हो। अपराध नियन्त्रणको उद्देश्यले यस्तो कानुन बनाउनु सुशासनको सबल पक्ष पनि हो। यदि देशमा कठोर सजाय दिनु पर्ने अपराध घट्दैन भने यसलाई व्यवहारमा ल्याउनै पर्छ भन्ने कुनै बाध्यता हुँदैन।

अहिले देशमा दुई तिहाइको बलियो सरकार छ। यो शक्ति असंवैधानिक, अप्रजातान्त्रिक, अनैतिक, अव्यवहारिक काममा दुरूपयोग भइरहेको छ। कम्तिमा देश र जनताविरुद्ध दुरगामी असर पार्ने , देशद्रोह, भ्रष्टाचार, बलात्कारलगायतका जघन्य अपराध नियन्त्रण गर्न मृत्युदण्डको कानुन ल्याउन सरकारले आँट गरोस्, दुई तिहाइ सार्थक बनाओस्, देश र जनताकोलागि एउटा उल्लेखनीय काम पनि देखियोस् यही जनअपेक्षा छ।



भक्तपुर नपाबाट प्रकाशित 'सम्पदा पुनःनिर्माण तथा जीर्णोद्धार' सचित्र पुस्तकको पृष्ठावरण



भक्तपुर नपाबाट ख्वप अस्पतालको निर्माण जारी छ